"सतर्कताको पहरेदारी, सुशासन सबैको जिम्मेवारी ।"

# वार्षिक प्रतिवेदन

(आ.व. २०८२/०८३)

नेपाल सरकार

## राष्ट्रिय सतर्कता केन्द्र

सिंहदरबार, काठमाडौँ

श्रावण, २०८३




प्रकाशक : राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार
संस्करण : २०८३ श्रावण
प्रकाशित थान : १५० थान
सर्वाधिकार : प्रकाशकमा निहित
मुद्रक : एनी टाइम प्रिन्टिङ एण्ड सप्लायर्स

नेपाल सरकार

राष्ट्रिय सतर्कता केन्द्र

सिंहदरबार, काठमाडौं

नेपाल सरकार
# राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरबार, काठमाडौँ

फोन नं. : ४२००३३९, ४२००३४१
४२००३४२, ४२००३४३
४२००३४६, ४२००३४७
४२००३५१, ४२००३५५
४२००४५५, ४२००९४८
हटलाइन : ४२००३४५
इमेल : navic@nvc.gov.np
info@nvc.gov.np
वेबसाइट : www.nvc.gov.np

प.सं. : .........

च.नं. : ....

मिति : २०८३/०४/२७

**विषय: आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन।**

सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौँ ।

राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ ले गरेको व्यवस्था बमोजिम यस केन्द्रबाट सम्पादन गरिएका प्रमुख कार्य र मुख्य मुख्य उपलब्धिहरू समेटिएको आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष सादर प्रस्तुत गरेको छु ।

विश्वबाबु पुडासैनी
सचिव

**प्रधानमन्त्री**

**काठमाडौं, नेपाल**

# शुभकामना



सुशासन, पारदर्शिता, जवाफदेहिता तथा विधिको शासनको सुदृढीकरण लोकतान्त्रिक शासन व्यवस्थाका आधारभूत पक्ष हुन्। भ्रष्टाचार नियन्त्रणका लागि दण्डात्मक तथा उपचारात्मक उपायसँगै प्रवर्द्धनात्मक र निरोधात्मक प्रयासहरूलाई प्रभावकारी रूपमा अघि बढाउनु आजको आवश्यकता हो। यस दिशामा राष्ट्रिय सतर्कता केन्द्रले सार्वजनिक संस्थाको अनुगमन, निगरानी, आयोजना प्राविधिक परीक्षण, जनगुनासो व्यवस्थापन तथा भ्रष्टाचार नियन्त्रणसम्बन्धी विविध गतिविधिमार्फत सुशासन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

विकास निर्माणका कार्यमा गुणस्तर, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्दै सार्वजनिक स्रोत साधनको सदुपयोग गर्न केन्द्रले सञ्चालन गर्दै आएको प्राविधिक परीक्षण तथा निगरानी कार्य उल्लेखनिय रहेको छ। सूचना प्रविधिको प्रभावकारी उपयोग, संस्थागत क्षमता अभिवृद्धि तथा सरोकारवाला निकायहरूसँगको समन्वयमार्फत केन्द्रले आगामी दिनमा अझ प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास लिएको छु।

भ्रष्टाचारमुक्त, पारदर्शी र उत्तरदायी सार्वजनिक प्रशासन निर्माण सरकारको उच्च प्राथमिकतामा रहेको विषय हो। यस अभियानमा राष्ट्रिय सतर्कता केन्द्रले निर्वाह गरिरहेको भूमिकाको उच्च मूल्याङ्कन गर्दै केन्द्रका सम्पूर्ण पदाधिकारी तथा कर्मचारीहरूको निरन्तर तत्परताको अपेक्षा गर्दछु। वार्षिक प्रतिवेदन २०८२/८३ ले सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार नियन्त्रणका प्रयासहरूलाई थप प्रभावकारी बनाउन महत्वपूर्ण मार्गदर्शन प्रदान गर्ने विश्वास व्यक्त गर्दछु।

वालेन्द्र शाह

मुख्य सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

काठमाडौं, नेपाल

मिति २०८३/४/२०



## शुभकामना

स्वच्छ, पारदर्शी तथा उत्तरदायी सार्वजनिक प्रशासन नै सुशासनको आधार हो। सार्वजनिक प्रशासनप्रति नागरिकको विश्वास अभिवृद्धि गर्न इमान्दारिता, सदाचार, विधिको शासन, प्रभावकारी सेवा प्रवाह तथा सार्वजनिक स्रोत-साधनको कुशलतापूर्वक उपयोग सुनिश्चित गर्नु आजको प्रमुख आवश्यकता बनेको छ। यस लक्ष्य प्राप्तिका लागि भ्रष्टाचार नियन्त्रणका दण्डात्मक उपायसँगै निरोधात्मक, प्रवर्द्धनात्मक तथा सुधारमुखी प्रयासहरूलाई थप प्रभावकारी बनाउन आवश्यक छ।

राष्ट्रिय सतर्कता केन्द्रले प्रचलित कानुनले प्रदान गरेको काम, कर्तव्य र अधिकार बमोजिम सरकारी निकाय तथा सार्वजनिक संस्थाहरूमा अनुगमन, निगरानी, आयोजनाको प्राविधिक परीक्षण, जनगुनासो व्यवस्थापन तथा सुशासन प्रवर्द्धनसम्बन्धी विविध कार्यक्रम सञ्चालन गरी सार्वजनिक प्रशासनमा पारदर्शिता, अनुशासन, उत्तरदायित्व तथा कार्यसम्पादनको प्रभावकारिता अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। विकास आयोजनाको गुणस्तर सुनिश्चित गर्न, सार्वजनिक स्रोत-साधनको मितव्ययी तथा प्रभावकारी बनाउन र सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहमा सुधार ल्याउन केन्द्रको भूमिका प्रशंसनीय रहेको छ।

सुशासन प्रवर्द्धनका लागि सूचना प्रविधिको प्रभावकारी उपयोग, जोखिममा आधारित अनुगमन प्रणाली, अन्तरनिकाय समन्वय तथा संस्थागत क्षमता अभिवृद्धिलाई थप सुदृढ गर्दै केन्द्रले आगामी दिनमा अझ प्रभावकारी र नतिजामुखी भूमिका निर्वाह गर्ने विश्वास लिएको छु।

राष्ट्रिय सतर्कता केन्द्रद्वारा प्रकाशित आर्थिक बर्ष २०८२/८३ को वार्षिक प्रतिवेदनले केन्द्रका गतिविधि, उपलब्धि तथा अनुभवलाई समेट्दै सुशासन प्रवर्द्धन, सार्वजनिक प्रशासनमा सुधार तथा भ्रष्टाचार नियन्त्रणको भावि रणनीति तर्जुमा गर्न महत्वपूर्ण सन्दर्भ सामग्री हुने अपेक्षा गरेको छु।

धन्यवाद।

गोविन्द बहादुर कार्की
मुख्य सचिव



# प्रतिवद्धता

भ्रष्टाचारजन्य क्रियाकलापलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न एवम् भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गरी मुलुकमा सुशासन प्रवर्द्धन गर्ने मूल उद्देश्यका साथ सम्माननीय प्रधानमन्त्रीज्यूको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३७ बमोजिम मिति २०५९/०४/२७ मा स्थापित राष्ट्रिय सतर्कता केन्द्रले स्थापनाको २४औं वर्ष पूरा गरी २५औं वर्षमा प्रवेश गरेको छ। यस महत्वपूर्ण अवसरमा भ्रष्टाचार विरुद्धको अभियानमा निरन्तर क्रियाशील रहनु हुने सम्पूर्ण सरोकारवाला निकाय, पदाधिकारी, कर्मचारी, नागरिक समाज तथा आम नागरिक प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

राष्ट्रिय सतर्कता केन्द्रले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ मा उल्लिखित काम, कर्तव्य र अधिकार तथा राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ बमोजिम आफ्नो कार्यसम्पादन गर्दै आएको छ। साथै, भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००३ तथा यसको कार्यान्वियन सम्बन्धी दोश्रो राष्ट्रिय रणनीतिक योजना, २०८३ मा निर्दिष्ट केन्द्रसँग सम्बन्धित कार्यहरूका अतिरिक्त नेपाल सरकारबाट समय समयमा प्राप्त निर्देशन अनुसारका कार्य समेत सम्पादन हुँदै आएका छन्।

यस केन्द्रले आर्थिक वर्ष २०८२/८३ मा सम्पादन गरेका प्रमुख कार्य तथा उपलब्धिहरूलाई समेटी प्रस्तुत वार्षिक प्रतिवेदन तयार गरिएको हो। उक्त अवधिमा केन्द्रमा नयाँ प्राप्त भएका २ हजार १ सय ३७ वटा उजुरी तथा गत आर्थिक वर्ष २०८१/८२ बाट जिम्मेवारी सरी आएका ४ सय २९ समेत गरी जम्मा २ हजार ५ सय ६६ उजुरीमध्ये १ हजार ८ सय ५४ वटा उजुरी फछ्र्यौट भएका छन्। यसबाट उजुरीको छानविन तथा फछ्र्यौट प्रक्रियामा केन्द्रले निरन्तर प्राथमिकता दिँदै आएको छ।

भ्रष्टाचारजन्य क्रियाकलापको रोकथाम तथा नियन्त्रणका लागि जनस्तरमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले जिल्लास्तरमा भ्रष्टाचार विरुद्धका ७ वटा सचेतनामूलक गोष्ठी तथा स्थानीय तहका पदाधिकारी एवं कर्मचारीहरूका लागि सदाचार शिक्षा सम्बन्धी १४ वटा कार्यक्रम सञ्चालन गरिएका छन्। यस्ता कार्यक्रमहरूले सार्वजनिक पदाधिकारी तथा कर्मचारीमा नैतिकता, सदाचार, जवाफदेहिता र भ्रष्टाचार विरुद्धको चेतना अभिवृद्धि गर्दै भ्रष्टाचार रोकथाममा योगदान पुर्‍याउने विश्वास लिएको छु।

साथै प्राविधिक परीक्षणको आवश्यकता र महत्वबारे सम्बन्धित जनशक्तिमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले मोरङ जिल्लाको विराटनगर, धनुषा जिल्लाको जनकपुरधाम, बागमती जिल्लाको धुलिखेल, कास्की जिल्लाको पोखरा, रुपन्देही जिल्लाको भैरहवा, सुर्खेत जिल्लाको वीरेन्द्रनगर र कैलाली जिल्लाको धनगढीमा ८ सय २८ जना इन्जिनियरहरूको सहभागितामा ७ वटा सचेतनामूलक गोष्ठी सम्पन्न भएका छन्। यस्ता कार्यक्रमबाट प्राविधिक परीक्षण सम्बन्धी ज्ञान तथा सचेतना अभिवृद्धि हुनुका साथै उजुरी छानबिन तथा फछ्र्यौट कार्यमा समेत थप प्रभावकारिता आउने अपेक्षा गरिएको छ।

यस अवधिमा राष्ट्रिय गौरवका तथा अन्य महत्वपूर्ण आयोजनातर्फ ६ वटा आयोजनाको प्राविधिक परीक्षण सम्पन्न गरिएको छ। प्राविधिक परीक्षणका क्रममा पहिचान भएका कैफियत तथा अपरिपालनाका विषयहरू सुधारका

लागि सम्वन्धित निकायमा Non-Conformance Report (NCR) सहित लेखी पठाइएको छ। प्राविधिक परीक्षणबाट आयोजना कार्यान्वयनमा रहेका कमी कमजोरी तथा जोखिमहरू पहिचान गरी समयमै सुधार गर्न सहयोग पुग्नुका साथै आयोजना व्यवस्थापनमा पारदर्शिता, गुणस्तर, जवाफदेहिता र प्रभावकारिता अभिवृद्धि हुने विश्वास लिएको छु।

सार्वजनिक जवाफदेहिताको पदमा रहेका व्यक्तिले आफू तथा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको विवरण तोकिएको समयभित्र पेस गर्नुपर्ने कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा समेत केन्द्रले विशेष प्राथमिकता दिँदै आएको छ। आर्थिक वर्ष २०८१/८२ मा सम्पत्ति विवरण पेस गर्नेको सङ्ख्या ७ लाख ६७ हजार ३३ तथा सम्पत्ति विवरण पेस नगर्नेको सङ्ख्या ५ हजार २ सय ६५ रहेको छ। विगतका आर्थिक वर्षहरू तथा चालु आर्थिक वर्षका तथ्यांकेलाई विश्लेषण गर्दा सम्पत्ति विवरण पेस गर्नेको सङ्ख्यामा क्रमिक वृद्धि हुँदै गएको देखिन्छ। सार्वजनिक पदधारण गरेका सबै पदाधिकारी तथा कर्मचारीले तोकिएको समयमा सम्पत्ति विवरण पेस गर्नुपर्ने कानुनी दायित्वका सम्वन्धमा सचेतना अभिवृद्धि गर्दै सम्पत्ति विवरण पेस गर्ने अभियानलाई थप प्रभावकारी वनाउनेतर्फ केन्द्र निरन्तर क्रियाशील रहेको व्यहोरा समेत जानकारी गराउन चाहन्छु।

भ्रष्टाचार नियन्त्रण केवल कुनै एक निकायको प्रयासबाट मात्र सम्भव हुने विषय होइन। भ्रष्टाचार नियन्त्रणका लागि सार्वजनिक निकाय, निजी क्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र तथा आम नागरिकलगायत सबै सरोकारवालावीचको सहकार्य, समन्वय र साझा प्रतिबद्धता आवश्यक हुन्छ। यसका लागि भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको संस्कृतिको विकास, सार्वजनिक सेवामा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि, प्रविधिको प्रभावकारी प्रयोग तथा सदाचार र नैतिक मूल्य मान्यताको प्रवर्द्धनमा केन्द्रले आगामी दिनमा थप ज़ोड दिनेछ।

अन्त्यमा, भ्रष्टाचारविरुद्धको अभियानमा निरन्तर रूपमा क्रियाशील रही मुलुकमा सुशासनमैत्री वातावरण निर्माणमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण सरोकारवाला निकाय, पदाधिकारी, कर्मचारी, नागरिक समाज, सञ्चारकर्मी तथा आम नागरिकप्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै, राष्ट्रिय सतर्कता केन्द्रका सम्पूर्ण कर्तव्यनिष्ठ कर्मचारीहरूले निर्वाह गर्नु भएको जिम्मेवारी तथा योगदानको उच्च प्रशंसा गर्दै आगामी दिनमा अझ प्रभावकारी, पारदर्शी, जवाफदेही र सुशासनमैत्री सार्वजनिक प्रशासन निर्माणमा केन्द्रले थप सक्रियताका साथ भूमिका निर्वाह गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

धन्यवाद।

विश्वबाबु पुडासैनी
सचिव

# कार्यकारी सारांश

भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न तथा भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गरी मुलुकमा सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले सम्माननीय प्रधानमन्त्रीज्यूको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३७ बमोजिम वि.सं. २०५९ साल श्रावण २७ गते राष्ट्रिय सतर्कता केन्द्रको स्थापना भएको हो । सोही ऐनको दफा ३८ मा उल्लिखित काम, कर्तव्य र अधिकारले केन्द्रको कार्यक्षेत्र निर्धारण गरेको छ । केन्द्रले आफ्नो कार्यसम्पादनका क्रममा भ्रष्टाचार निवारण ऐन, २०५९, राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५, राष्ट्रिय सतर्कता प्रहरी नियमावली, २०७१, नेपाल सरकारको भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजना, २०६५ तथा निकायगत कार्ययोजना, २०६७, राष्ट्रिय सतर्कता केन्द्र (कार्य व्यवस्थापन) निर्देशिका, २०६८ लगायत सुशासन सम्बन्धी प्रचलित कानून, नीति तथा कार्यविधिलाई आधारका रूपमा लिँदै आएको छ । केन्द्रले मुख्यतः भ्रष्टाचार नियन्त्रण सम्बन्धी प्रवर्द्धनात्मक, निरोधात्मक तथा अनुगमनात्मक कार्य गर्दै आएको छ । यसअन्तर्गत भ्रष्टाचार सम्बन्धी सूचना सङ्कलन, सतर्कता, अनुगमन, निगरानी, छड्के जाँच तथा अन्वेषण, राष्ट्रसेवकको सम्पत्ति विवरण तथा आयको अनुगमन, विकास आयोजनाको प्राविधिक परीक्षण, सम्बन्धित निकायलाई सुझाव तथा निर्देशन, आवश्यक कारबाहीका लागि लेखी पठाउने, नागरिक बडापत्रको कार्यान्वयनको अनुगमन तथा भ्रष्टाचार नियन्त्रणका लागि नेपाल सरकारलाई नीतिगत सुझाव दिने लगायतका कार्यहरू पर्दछन् । राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ३२ बमोजिम प्रत्येक आर्थिक वर्षमा केन्द्रबाट सम्पादन भएका प्रमुख कार्य तथा मुख्य उपलब्धिहरू समेटी सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष पेश गर्नुपर्ने व्यवस्थाअनुसार आर्थिक वर्ष २०८२/८३ मा सम्पादन भएका कार्य, उपलब्धि, समस्या तथा चुनौती, नीतिगत सुझाव र भावी कार्यदिशा समेत समेटी यो वार्षिक प्रतिवेदन तयार गरिएको हो ।

आर्थिक वर्ष २०८२/८३ मा केन्द्रमा दर्ता भएका २ हजार १ सय ३७ तथा आर्थिक वर्ष २०८१/८२ बाट जिम्मेवारी सरी आएका ४ सय २९ गरी जम्मा २ हजार ५ सय ६६ उजुरीमध्ये छानबिन पश्चात् १ हजार ८ सय ५४ फछ्र्यौट भएका छन् । यसबाट कुल उजुरीको ७२.२५ प्रतिशत फछ्र्यौट भएको देखिन्छ । यसैगरी सातै प्रदेश अन्तर्गत ४२ जिल्लाका १ हजार ५ सय ७७ कार्यालयमा निगरानी, अनुगमन तथा छड्के जाँच लगायतका कार्य गरी तोकिएको समयमा उपस्थित नभएका ९ हजार ६ सय ९७ तथा तोकिएको पोसाक नलगाउने १ हजार ४ सय ४ जना कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही गर्न सम्बन्धित निकायलाई निर्देशन दिइएको छ । साथै १ हजार ४ सय ९२ कार्यालयमा नागरिक बडापत्रको कार्यान्वयन अवस्थाको अनुगमन गरी देखिएका कमजोरी सुधारका लागि सुझाव तथा निर्देशन दिइएको छ । २१ जिल्लाका विभिन्न सार्वजनिक निकायबाट सेवा प्राप्त गरेका १ हजार ५ सय ५० जना सेवाग्राहीसँग सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरी प्राप्त नतिजाको विश्लेषण गरिएकोमा सार्वजनिक सेवाप्रवाहमा अझै सुधारको आवश्यकता रहेको देखिएको छ । यसका अतिरिक्त विभिन्न स्थानमा सूक्ष्म निगरानी, विभिन्न निकायका फाइल ट्र्याकिङ तथा कर्मचारी व्यवस्थापन सम्बन्धी सघन अनुगमन समेत

गरिएको छ ।

विकास आयोजनाको गुणस्तर, पारदर्शिता तथा प्रभावकारिता अभिवृद्धि गर्ने उद्देश्यले आर्थिक वर्ष २०८२/८३ मा विकास निर्माणसँग सम्बन्धित ६ वटा आयोजनाको प्राविधिक परीक्षण सम्पन्न गरी प्राप्त ८ वटा अपरिपालनाका विषयहरू सुधार तथा कार्यान्वयनका लागि सम्बन्धित निकायमा लेखी पठाइएको छ । साथै १८४ वटा विकास आयोजनाको स्थलगत अनुगमन गरी प्राप्त वस्तुस्थितिका आधारमा सम्बन्धित सरोकारवाला निकायलाई आवश्यक सुधार तथा अपरिपालना कार्यान्वयनका लागि निर्देशन दिइएको छ । प्राविधिक परीक्षणका लागि दक्ष जनशक्ति तयार गर्ने उद्देश्यले २५ जना इन्जिनियरलाई ३ दिने प्राविधिक परीक्षक पुनर्ताजगी तालिम प्रदान गरिएको छ भने विभिन्न आयोजनाबाट नमुना सङ्कलन गरी केन्द्रको प्रयोगशालाबाट निर्माण सामग्रीको परीक्षण समेत गरिएको छ । यसबाट विकास आयोजनाको कार्यान्वयनमा रहेका कमी–कमजोरी पहिचान तथा सुधार, निर्माण कार्यको गुणस्तर अभिवृद्धि र सार्वजनिक स्रोतको प्रभावकारी उपयोगमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ५० बमोजिम राष्ट्रसेवकले पेश गर्नुपर्ने सम्पत्ति विवरण सम्बन्धी व्यवस्थाको कार्यान्वयनको अनुगमन गर्दै आर्थिक वर्ष २०८१/८२ मा तोकिएको समयभित्र सम्पत्ति विवरण पेश गर्ने ७ लाख ६७ हजार ३३ जना तथा पेश नगर्ने ५ हजार २ सय ६५ जनाको विवरण सहितको प्रतिवेदन तयार गरी आवश्यक कारबाहीका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पेश गरिएको छ । सम्पत्ति विवरण समयमै पेश गर्ने सम्बन्धमा राष्ट्रसेवक तथा सम्बन्धित निकायमा निरन्तर सचेतना अभिवृद्धि गर्दै यस प्रक्रियालाई थप प्रभावकारी बनाउने कार्यलाई केन्द्रले प्राथमिकतामा राखेको छ ।

भ्रष्टाचार नियन्त्रणलाई साझा जिम्मेवारीको रूपमा लिने उद्देश्यले ७ जिल्लामा "भ्रष्टाचार नियन्त्रण हाम्रो साझा दायित्व" विषयक जिल्लास्तरीय सचेतनामूलक कार्यक्रम, १४ प्रदेश/स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूको सहभागितामा सदाचार शिक्षा सम्बन्धी कार्यक्रम तथा प्राविधिक कर्मचारीहरूका लागि भ्रष्टाचारविरुद्ध अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी भ्रष्टाचारविरुद्धको जनचेतना अभिवृद्धि गरिएको छ । केन्द्रमा कार्यरत कर्मचारीहरूको क्षमता विकासका लागि सम्पूर्ण कर्मचारीको सहभागितामा दुई दिने तालिम सञ्चालन गरिएको तथा तीन जना उपसचिव र दुईजना शाखा अधिकृतलाई वैदेशिक तालिमका लागि चीन पठाइएको छ ।

केन्द्रको स्वीकृत दरबन्दीमध्ये राष्ट्रिय सतर्कता प्रहरीतर्फ २४ दरबन्दीमा ७ पद र निजामती एवम् श्रेणीविहीन गरी १२३ दरबन्दीमा जम्मा ९९ पद पूर्ति रहेको छ । केन्द्रको कार्यक्षेत्र तथा कार्यबोझको तुलनामा पर्याप्त जनशक्ति उपलब्ध नहुनु, विशेषगरी दक्ष प्राविधिक जनशक्तिको पदपूर्ति तथा टिकाइ राख्न चुनौतीपूर्ण रहनु केन्द्रको प्रमुख समस्या रहेको छ ।

आर्थिक वर्ष २०८२/८३ मा केन्द्रको कुल बजेट रु. १३ करोड ८१ लाख ४१ हजार ९ सय ५ विनियोजन भएकोमा रु. १० करोड ३१ लाख १ हजार ७ सय १९ खर्च भई समग्र वित्तीय प्रगति ७४.६ प्रतिशत रहेको छ ।

मुलुकमा भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनका लागि कानूनी तथा नीतिगत आधार, सूचना प्रविधिको बढ्दो प्रयोग, नागरिक सचेतनामा वृद्धि तथा अन्तर निकायगत सहकार्यका अवसरहरू विद्यमान भए तापनि कानूनी तथा प्रक्रियागत अस्पष्टता, पर्याप्त स्रोतसाधनको अभाव, दक्ष तथा प्राविधिक जनशक्तिको कमी, प्राविधिक जनशक्तिको टिकाउ, प्रविधिमैत्री सूचना विश्लेषण प्रणालीको आवश्यकता तथा प्रभावकारी अन्तर निकायगत समन्वयको चुनौती कायम रहेका छन् । आगामी दिनमा केन्द्रले जोखिममा आधारित अनुगमन तथा निगरानी प्रणाली विकास गर्ने, उजुरी व्यवस्थापनलाई प्रविधिमैत्री बनाउने,

प्राविधिक परीक्षणको दायरा विस्तार गर्ने, सम्पत्ति विवरण तथा आय सम्बन्धी सूचनाको विश्लेषण क्षमता सुदृढ गर्ने, सेवाग्राही सन्तुष्टि तथा नागरिक बडापत्रको प्रभावकारी अनुगमन गर्ने, सदाचार प्रवर्द्धन तथा भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गर्ने र आवश्यक दक्ष जनशक्ति तथा पूर्वाधारको विकास गर्ने कार्यलाई प्राथमिकता दिनेछ। विद्यमान अवसरको अधिकतम उपयोग गर्दै समस्या तथा चुनौतीलाई सम्बोधन गरी भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सेवाको गुणस्तर, पारदर्शिता, जवाफदेहिता तथा सुशासन प्रवर्द्धनमा राष्ट्रिय सतर्कता केन्द्रले आगामी दिनमा थप प्रभावकारी भूमिका निर्वाह गर्ने लक्ष्य लिइएको छ।

# विषयसूची

परिच्छेद - १

परिचय


१.१ पृष्ठभूमि १

१.२ केन्द्रको दीर्घकालीन सोच, ध्येय, लक्ष्य र उद्देश्य २

१.३ केन्द्रसँग सम्बन्धित नीतिगत र कानूनी प्रावधान ३

  १.३.१ संवैधानिक व्यवस्था ३

  १.३.२ अन्य नीतिगत व्यवस्था ३

  १.३.३ कानूनी व्यवस्था ५

१.४ केन्द्रको कार्यसम्पादनका सिद्धान्त, मूल्य र मान्यता ५

  १.४.१ केन्द्रले अवलम्बन गरेका कार्यसम्पादनका सिद्धान्त ५

  १.४.२ केन्द्रको कार्य सम्पादनका मूल्य मान्यताहरू ७

१.५ केन्द्रको कार्यक्षेत्र र संगठन संरचना ८

  १.५.१ केन्द्रको कार्यक्षेत्र ८

  १.५.२ केन्द्रको संगठन संरचना र जनशक्ति ११

  १.५.३ केन्द्रका महाशाखाहरूको कार्य जिम्मेवारी १३

  १.५.४ केन्द्रबाट सम्पादन गरिने मुख्य मुख्य कार्य र कार्य सञ्चालन प्रकृया १८


परिच्छेद - २

केन्द्रबाट सम्पादन भएका प्रमुख कार्यहरू र मुख्य मुख्य उपलब्धिहरू


२.१ सूचना तथा उजुरी संकलन, छानबिन र कारबाही २०

  २.१.१ सूचना तथा उजुरी संकलन एवं फछर्यौटको विवरण २०

  २.१.२ केन्द्रबाट छानबिन तथा कारबाही भएका उजुरीको विवरण २०

२.२ उजुरी दर्ता भएका क्षेत्र र विषयहरू ८५

२.३ निगरानी, छड्के, अनुगमन ८६

२.४ भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि ८८

  २.४.१ प्रदेश/स्थानीय तहमा सचेतनामूलक (गोष्ठी/अन्तरक्रिया) कार्यक्रम ८८

  २.४.२ विश्वविद्यालय/विद्यालयस्तरीय सदाचार शिक्षा कार्यक्रम ८९

  २.४.३ भ्रष्टाचारविरुद्ध/प्राविधिक परीक्षण अन्तर निकाय समन्वय गोष्ठी ८९

  २.४.४ सेवाग्राही सर्वेक्षण एवम् विश्लेषण ९२

२.५ नागरिक बडापत्र, उजुरी पेटिका लगायतका अन्य कार्य ९४

  २.५.१ नागरिक बडापत्र ९४

  २.५.२ उजुरी पेटिका (गुनासो/सुझाव पेटिका) ९६

  २.५.३ अन्य कार्य ९६

२.६ सुझाव एवम् निर्देशन कार्यान्वयनको अवस्था ९९

२.७ मुख्य मुख्य उपलब्धिहरू १००
२.८ सम्पत्ति विवरण १०१
२.९ प्राविधिक परीक्षण १०७
२.९.१ आ.व. २०८२/८३ को प्राविधिक परीक्षण १०९
२.९.२ प्राविधिक परीक्षक तालिम ११०
२.९.३ प्राविधिक परीक्षण प्रयोगशाला १११
२.९.४ प्राविधिक परीक्षण भएका आयोजनाहरूको अपरिपालना सम्बन्धी प्रतिवेदन ११४
२.९.५ केन्द्रबाट विभिन्न निकायहरूलाई उपलब्ध गराइएको प्राविधिक परीक्षण सम्बन्धी सुझाव/निर्देशनहरू ११४

परिच्छेद - ३

आर्थिक, प्रशासनिक तथा व्यवस्थापकीय कार्य

३.१ बजेट तथा खर्च विवरण ११५
३.२ प्रशासनिक एवम् व्यवस्थापकीय कार्य ११५
३.२.१ अन्तरनिकाय समन्वय तथा सहकार्य ११६
३.२.२ संस्थागत क्षमता विकास ११७
३.२.३ नवप्रवर्तनात्मक कार्य ११७

परिच्छेद - ४

केन्द्रको अवसर, समस्या तथा चुनौती

४.१ अवसर ११९
४.२ समस्या तथा चुनौती १२०

परिच्छेद - ५

सुधारका लागि सुझाव तथा भावी कार्यदिशा

५.१ सुधारका लागि सुझाव १२२
५.२ भावी कार्यदिशा १२३
५.३ उपसंहार १२४

अनुसूचीहरू

अनुसूची-१ :केन्द्रको सङ्गठन संरचना १२५
अनुसूची-२ : आ.व. २०८२/०८३ मा केन्द्रमा कार्यरत कर्मचारीहरूको विवरण १२६
अनुसूची-३ : केन्द्रको स्थापना देखि हालसम्मका प्रमुख अधिकृत/सचिवहरूको नामावली १३१
अनुसूची ४ : आ.व.२०८२/८३ मा अन्तर्राष्ट्रिय तालिममा सहभागी भएका कर्मचारीहरूको विवरण १३३
अनुसूची ५ : आ.व. २०८२/८३ मा समय पालना र तोकिएको पोसाक सम्बन्धी भएको अनुगमन विवरण १३४
अनुसूची ६ : अपरिपालना सम्बन्धी विवरण १९४
अनुसूची-७ : सम्पत्ति विवरण बुझाउन तोकिएका निकायहरूको विवरणः १९९
अनुसूची-८ : वार्षिक विकास कार्यक्रम २०२
अनुसूची-९ : वार्षिक कार्ययोजना २०८
अनुसूची-१० : राष्ट्रिय सतर्कता केन्द्रबाट सम्पादित केही कार्यहरूः तस्विरमा २०९

# परिचय

## १.१ पृष्ठभूमि

सुशासन, सामाजिक न्याय र दिगो विकासको आधारका रूपमा भ्रष्टाचार नियन्त्रणलाई विश्वव्यापी रूपमा स्वीकार गरिएको छ । भ्रष्टाचारका कारण सार्वजनिक स्रोत–साधनको दुरूपयोग, सेवा प्रवाहमा अक्षमता, आर्थिक, सामाजिक असमानता, कानूनी शासनप्रतिको अविश्वास तथा दण्डहीनताको प्रवृत्ति बढ्ने भएकाले यसले समग्र राज्य प्रणाली विकास प्रक्रिया र सुशासनमा नकारात्मक प्रभाव पार्दछ । त्यसैले भ्रष्टाचारको रोकथाम, पारदर्शिता, जवाफदेहिता र नैतिक आचरणको प्रवर्द्धन गर्न विभिन्न मुलुकहरूले कानूनी, संस्थागत र नीतिगत संयन्त्रहरू विकास गरेका छन् । यस्ता संयन्त्रमध्ये नेपालले राष्ट्रिय सतर्कता केन्द्र (National Vigilance Centre) स्थापना गरी प्रवर्द्धनात्मक तथा निरोधात्मक कार्य मार्फत सार्वजनिक प्रशासनमा भ्रष्टाचार नियन्त्रण तथा सुशासन कायम गर्दै आइरहेको छ ।

नेपालमा राष्ट्रिय सतर्कता केन्द्रको स्थापना भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३७ बमोजिम वि.सं. २०५९ साल साउन २७ गते भएको हो । सम्माननीय प्रधानमन्त्रीज्यूको प्रत्यक्ष रेखदेख तथा नियन्त्रणमा रहने यस केन्द्रले सार्वजनिक निकायहरूमा हुने अनियमितता, ढिलासुस्ती तथा भ्रष्टाचारजन्य गतिविधिहरूको रोकथामका लागि छड्के, निगरानी, अनुगमन, निरीक्षण तथा अन्वेषण जस्ता कार्यहरू सञ्चालन गर्दै आएको छ । सार्वजनिक प्रशासनमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व र सदाचारिता अभिवृद्धि गर्नुका साथै सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, गुणस्तरीय र नागरिकमैत्री बनाउने दिशामा केन्द्रले निरन्तर योगदान पुऱ्याउँदै आएको छ ।

केन्द्रले विभिन्न स्रोतबाट प्राप्त सूचना तथा उजुरीहरूको संकलन गर्ने, छानबिन तथा विश्लेषण गर्ने र आवश्यकताअनुसार सम्बन्धित निकाय वा अख्तियारवाला समक्ष कारबाहीका लागि सिफारिस गर्ने गर्दछ । त्यस्तै सार्वजनिक निकायहरूको नियमित तथा आकस्मिक अनुगमन गर्ने, विकास आयोजना तथा पूर्वाधार निर्माणको प्राविधिक परीक्षण (Technical Audit) गर्ने, कर्मचारी तथा सार्वजनिक पदाधिकारीहरूको सम्पत्ति विवरण अनुगमन गर्ने तथा सार्वजनिक प्रशासनमा देखिएका जोखिम, कमजोरी र अनियमितताहरूको पहिचान गरी सुधारका लागि सम्बन्धित निकायलाई निर्देशन तथा सतर्क गराउने कार्य गर्दै आएको छ । साथै भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि, सदाचार प्रवर्द्धन तथा सुशासन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरी सार्वजनिक प्रशासनमा इमान्दारिता र उत्तरदायित्वको संस्कृति विकास गर्न केन्द्रले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।

यद्यपि विगत दुई दशकभन्दा बढी अवधिमा केन्द्रले भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याएको भए पनि सार्वजनिक प्रशासनको बदलिँदो स्वरूप, सूचना तथा सञ्चार प्रविधिको तीव्र विकास, नागरिकको बढ्दो अपेक्षा तथा भ्रष्टाचारका नयाँ–नयाँ प्रवृत्तिहरूका कारण केन्द्रको संस्थागत क्षमता, कार्यप्रणाली र सेवा प्रणालीलाई समयानुकूल

परिमार्जन तथा सुदृढीकरण गर्नु आवश्यक देखिएको छ। यसका लागि केन्द्रको कानूनी आधार र कार्यक्षेत्रलाई समसामयिक आवश्यकता अनुरूप स्पष्ट र प्रभावकारी बनाउने, दक्ष जनशक्ति, पर्याप्त बजेट तथा आधुनिक प्रविधिमा आधारित पूर्वाधारको व्यवस्था गर्ने, जोखिममा आधारित अनुगमन प्रणाली विकास गर्ने, कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence), डिजिटल सूचना प्रणाली तथा डेटा विश्लेषणको प्रयोगलाई संस्थागत गर्ने, अन्तरनिकाय समन्वयलाई प्रभावकारी बनाउने तथा कार्यसम्पादनलाई नतिजामुखी र प्रविधिमैत्री बनाउने आवश्यकता रहेको छ।

यस सन्दर्भमा राष्ट्रिय सतर्कता केन्द्रको वर्तमान संगठनात्मक संरचना, कार्यक्षेत्र, कार्यप्रवाह, जनशक्ति व्यवस्थापन, प्रविधि उपयोग तथा कार्यसम्पादन प्रणालीको समग्र समीक्षा गरी विद्यमान समस्या, चुनौती र सुधारका सम्भावनाहरूको विश्लेषण गर्दै संगठन तथा व्यवस्थापन सुधारका लागि आवश्यक सुझाव प्रस्तुत गर्नु यस वार्षिक प्रतिवेदनको प्रमुख उद्देश्य रहेको छ। प्रस्तुत प्रतिवेदनले केन्द्रको संस्थागत क्षमता अभिवृद्धि, कार्यसम्पादन प्रभावकारिता वृद्धि, भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनमा थप योगदान पुग्ने अपेक्षा गरिएको छ।

## १.२ केन्द्रको दीर्घकालीन सोच, ध्येय, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच (Vision)**

सुशासनयुक्त र भ्रष्टाचारमुक्त सार्वजनिक क्षेत्र

**ध्येय (Mission)**

सार्वजनिक प्रशासनमा सदाचार, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्दै भ्रष्टाचार न्यूनीकरण तथा सुशासन प्रवर्द्धन गर्ने।

**लक्ष्यहरू (Goals)**

- सार्वजनिक सेवामा सदाचार, नैतिकता र जवाफदेहिता प्रवर्द्धन गर्ने।
- अनियमितता र भ्रष्टाचारको रोकथाम तथा नियन्त्रणका लागि छड्के, निगरानी, अनुगमन एवम् सतर्कता प्रणालीको सुदृढीकरण गर्ने।
- सबै तहका सार्वजनिक संस्थाहरूमा सुशासन कायम गर्न सहयोग गर्ने।
- सेवा प्रवाह र विकास निर्माण कार्यमा पारदर्शिता, प्रभावकारिता र गुणस्तर सुनिश्चित गर्ने।

**उद्देश्यहरू (Objectives)**

- सार्वजनिक संस्थाहरूबाट सम्पादन हुने कार्यहरू नियमित रूपमा भए नभएको विषयमा सूचना संकलन गर्ने।
- सार्वजनिक संस्थाहरूबाट नियमित रूपमा हुनु पर्ने कार्य भएको नपाईएमा त्यस्ता निकायलाई सतर्क गराउने।
- सार्वजनिक संस्थाहरूमा हुने अनियमितता एवम् भ्रष्टाचारजन्य कार्यको रोकथामका लागि आवश्यक छानबिन, अनुगमन, निगरानी, छड्के जाँच र अन्वेषण गर्ने।
- सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले पेश गरेको सम्पत्ति विवरण र आयको अनुगमन गर्ने।
- सार्वजनिक सेवा प्रवाहमा हुने ढिलासुस्ती, अनियमितता एवम् भ्रष्टाचार नियन्त्रण गर्न आवश्यक सुझाव तथा निर्देशन दिने।

- सार्वजनिक विकास निर्माणका आयोजनाहरूको प्राविधिक परीक्षण गरी गुणस्तर कायम गर्न सहयोग गर्ने ।
- भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गर्ने ।
- भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनका लागि नीतिगत, कानूनी र प्रक्रियागत सुधारका लागि नेपाल सरकार समक्ष सुझाव पेश गर्ने ।

## १.३ केन्द्रसँग सम्बन्धित नीतिगत र कानूनी प्रावधान

### १.३.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा ५१ मा रहेका राज्यका नीतिहरू अन्तर्गत राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीतिमा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने सम्बन्धमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने उल्लेख गरिएको छ । त्यसैगरी, न्याय र दण्ड व्यवस्था सम्बन्धी नीतिमा राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिक लगायत सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने उल्लेख गरिएको छ ।

### १.३.२ अन्य नीतिगत व्यवस्था

#### १.३.२.१ सोह्रौं योजना (२०८१/८२-२०८५/८६) मा सुशासन सम्बन्धी नीति, कार्यक्रम र परिमाणात्मक लक्ष्यहरू

चालु सोह्रौं आवधिक योजनाको परिच्छेद १२ मा शासकीय सुधार तथा सुशासन प्रवर्द्धन सम्बन्धी व्यवस्था छ । यस अन्तर्गत केन्द्रसँग सम्बन्धित देहायका रूपान्तरणकारी रणनीति, प्रमुख कार्यक्रम र परिमाणात्मक लक्ष्यहरू सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणसँग प्रत्यक्ष सम्बन्धित रहेका छन्:-

**रूपान्तरणकारी रणनीतिहरू:**

- सार्वजनिक सेवा प्रवाहमा सुधार गर्ने ।
- कानूनी शासनको प्रत्याभूति गर्ने ।
- वित्तीय तथा प्रशासनिक सुशासन प्रवर्द्धन गर्ने ।
- नैतिकता र सदाचारिता प्रवर्द्धन गर्ने ।
- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने ।
- नियमनको गुणस्तरमा अभिवृद्धि गर्ने ।
- विद्युतीय सुशासन मार्फत शासकीय रूपान्तरण गर्ने ।

**प्रमुख कार्यक्रमः**

- सार्वजनिक सेवा प्रवाहको गुणस्तर अभिवृद्धि कार्यक्रम ।
- कानूनी शासनको प्रत्याभूति कार्यक्रम ।

- वित्तीय एवम् प्रशासनिक सुशासन प्रवर्द्धन कार्यक्रम।
- नैतिकता तथा सदाचारिताको प्रवर्द्धन कार्यक्रम।
- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास कार्यक्रम।
- प्रभावकारी नियमन कार्यक्रम।
- सार्वजनिक सेवा प्रवाहमा सेवाग्राहीमैत्री प्रणालीको विकास र कार्यान्वयन।

**परिमाणात्मक लक्ष्यः**

| क्र.सं | सूचक | एकाई | आ.व २०७९/८० को अवस्था | आ.व २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | विधिको शासन | सूचकाङ्क | ०.५२ | ०.६० |
| २ | सरकारको प्रभावकारिता | सूचकाङ्क | -०.८७ | -०.३० |
| ३ | भ्रष्टाचार नियन्त्रण(-२.५देखि+२०५) | सूचकाङ्क | -०.५३ | ०.४० |
| ४ | भ्रष्टाचार न्यूनीकरण अनुभूति | सूचकाङ्क | ३५ | ४३ |
| ५ | आवाज र उत्तरदायित्व | सूचकाङ्क | ०.४२ | ०.६८ |
| ६ | नियमनको गुणस्तर | सूचकाङ्क | -०.६२ | ०.५ |
| ७ | खुला सरकार | सूचकाङ्क | ०.५६ | ०.६३ |
| ८ | हेलो सरकारमा प्राप्त उजुरी फछ्र्यौट (उजुरीकर्ताको पृष्ठपोषणसहित) | प्रतिशत | ४३.२९ | ९० |
| ९ | व्यवस्थापन परीक्षण (स्वः मूल्याङ्कनसहित) | सङ्ख्या | ७४० | ७५३ |

*(स्रोतः साह्रौं योजना, पुस्तिका रा.यो.आ.)*

### १.३.२.२ राष्ट्रिय सदाचार नीति, २०८३ मा भएको व्यवस्था

राष्ट्रिय सदाचार नीति, २०८३ मा उल्लिखित तपसिल बमोजिमका मार्गदर्शक सिद्धान्त तथा आधारहरूले सबै सार्वजनिक निकायहरूमा सुशासन कायम गर्न गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। साथै राष्ट्रिय सतर्कता केन्द्रले यस नीति अनुरूप प्रचलित कानून, मापदण्ड वा आचार संहिता कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरी सुझाव प्रदान गर्ने महत्वपूर्ण जिम्मेवारी समेत प्राप्त गरेको छ।

- संविधान, कानून र पेशागत मूल्य मान्यताको पालना।
- "सेवा नै धर्म हो" भन्ने मूल मन्त्रको अवलम्वन र कर्तव्य परायणता।
- स्वजागरण, स्वनियम, स्वमूल्याङ्कन तथा राष्ट्रिय हित र स्वार्थलाई सर्वोपरि महत्व।
- पारदर्शिता तथा जवाफदेहिताका साथ समयमा निर्णय र कार्यसम्पादन।
- सार्वजनिक सेवामा पहुँच, गुणस्तरियता र समन्यायिकता
- जीवन पद्धतिमा मानवीय मूल्यको आत्मसात्

#### १.३.२.३ नेपाल सरकारको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा भएको व्यवस्था

**नीति तथा कार्यक्रम**

सार्वजनिक सेवा प्रवाहलाई सरल र सहज बनाउँदै नागरिकको पहुँच सुनिश्चित गर्न निरन्तर शुक्ष्म निगरानी गरिनेछ। हेलो सरकार मार्फत प्राप्त गुनासाहरूको शीघ्र सम्बोधनका लागि रेपिड रेस्पोन्स टिम परिचालन गरीनेछ।

भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति लिइनेछ। सरकारी निकायहरूमा पारदर्शिता र जवाफदेहिता वृद्धि गर्न भ्रष्टाचार विरुद्धको दोस्रो राष्ट्रिय रणनीति र कार्ययोजना कार्यान्वयन गरिनेछ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहतका निकायहरूको काम कारबाही पारदर्शी व्यवस्थित र प्रविधिमैत्री बनाइनेछ। तस्करी भ्रष्टाचार र राज्यको सम्पत्ति दुरूपयोग नियन्त्रणमा यी निकायहरूको भूमिका थप सुदृढ बनाइने छ।

**बजेट वक्तव्यः**

सार्वजनिक निकायको कार्यसम्पादनमा पारदर्शिता, उत्तरदायित्व र सदाचार कायम राखिनेछ। सेवा प्रदायक सार्वजनिक निकायमा निरन्तर निगरानी र अनुगमन गरिनेछ। भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाइनेछ।

### १.३.३ कानूनी व्यवस्था

केन्द्रको कार्यसम्पादनलाई मार्गदर्शन तथा सहजीकरण गर्न भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित), सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५, राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५, राष्ट्रिय सतर्कता केन्द्र (कार्य व्यवस्थापन) निर्देशिका, २०६८, राष्ट्रिय सतर्कता प्रहरी नियमावली, २०७१ लगायतका विषयगत कानूनहरूको व्यवस्था अनुरूप कार्य सम्पादन गर्दै आइरहेको छ।

## १.४ केन्द्रको कार्यसम्पादनका सिद्धान्त, मूल्य र मान्यता

### १.४.१ केन्द्रले अवलम्बन गरेका कार्यसम्पादनका सिद्धान्त

राष्ट्रिय सतर्कता केन्द्रले आफ्नो संवैधानिक तथा कानूनी जिम्मेवारी प्रभावकारी, निष्पक्ष र विश्वसनीय रूपमा सम्पादन गर्न निश्चित कार्यसम्पादन सिद्धान्तहरू अवलम्बन गर्दै आएको छ। यी सिद्धान्तहरूले केन्द्रका सम्पूर्ण नीति, निर्णय, कार्यप्रक्रिया तथा सेवाप्रवाहलाई मार्गदर्शन गर्नुका साथै सुशासन, पारदर्शिता र सदाचार प्रवर्द्धनमा सहयोग पुऱ्याउने आधार प्रदान गर्दछन्। केन्द्रले अवलम्बन गरेका प्रमुख कार्यसम्पादनका सिद्धान्तहरू निम्नानुसार रहेका छन्।

**क. गोपनीयताको सिद्धान्त (Principle of Confidentiality)**

भ्रष्टाचारजन्य गतिविधि सम्बन्धी सूचना सङ्कलन, निगरानी, छड्के निरीक्षण, छानबिन तथा विश्लेषणका क्रममा प्राप्त सूचना, कागजात र स्रोतको गोपनीयता कानूनबमोजिम संरक्षण गरिन्छ। कार्यसम्पादनको क्रममा प्राप्त संवेदनशील सूचना अनधिकृत रूपमा सार्वजनिक नगरी आवश्यक सुरक्षा र गोपनीयता कायम राख्नु यस सिद्धान्तको मूल उद्देश्य हो।

**ख. निष्पक्षताको सिद्धान्त (Principle of Impartiality)**

केन्द्रले आफ्नो सम्पूर्ण कार्यसम्पादन, निर्णय तथा सिफारिस कुनै व्यक्ति, संस्था, पद, राजनीतिक आस्था वा अन्य कुनै पूर्वाग्रहबाट प्रभावित नभई तथ्य, प्रमाण र कानूनका आधारमा निष्पक्ष रूपमा गर्दछ । सबै सरोकारवालाप्रति समान व्यवहार सुनिश्चित गर्नु यस सिद्धान्तको आधारभूत मान्यता हो ।

**ग. स्वच्छताको सिद्धान्त (Principle of Fairness)**

केन्द्रका सम्पूर्ण कामकारबाही इमान्दारिता, उत्तरदायित्व, विश्वसनीयता तथा नैतिक आचरणमा आधारित हुन्छन् । निर्णय तथा कार्यप्रक्रियालाई वस्तुनिष्ठ, न्यायपूर्ण र पूर्वनिर्धारित कानूनी व्यवस्था, मापदण्ड तथा कार्यविधिअनुरूप सञ्चालन गरी संस्थागत स्वच्छता कायम राखिन्छ ।

**घ. गुणस्तरीय कार्यसम्पादनको सिद्धान्त (Principle of Quality)**

केन्द्रले आफ्ना सम्पूर्ण कार्यहरू कानून, मापदण्ड तथा स्थापित कार्यविधिका आधारमा गुणस्तरीय, तथ्यपरक र नतिजामुखी रूपमा सम्पादन गर्दछ । साथै विकास आयोजना तथा सार्वजनिक निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न आवश्यकताअनुसार प्राविधिक परीक्षण (Technical Audit) तथा आधुनिक प्रविधिको प्रयोगलाई प्राथमिकता दिइन्छ ।

**ङ. द्विअन्धताको सिद्धान्त (Principle of Double Blind)**

भ्रष्टाचारजन्य गतिविधि सम्बन्धी सूचना सङ्कलन, छानबिन, विश्लेषण, निर्णय तथा सिफारिसका विभिन्न चरणहरूमा एउटै कर्मचारीको निरन्तर संलग्नताले पूर्वाग्रह वा प्रभाव पर्न सक्ने सम्भावनालाई न्यून गर्न कार्य विभाजनको व्यवस्था गरिन्छ । यस सिद्धान्तअनुसार विभिन्न चरणमा फरक–फरक कर्मचारी वा कार्यएकाइको संलग्नता सुनिश्चित गरी निर्णय प्रक्रियाको निष्पक्षता र विश्वसनीयता कायम राखिन्छ ।

**च. परिचय शून्यताको सिद्धान्त (Principle of Identity Masking)**

भ्रष्टाचार सम्बन्धी सूचना दिने व्यक्ति, अनुसन्धानमा सहयोग गर्ने स्रोत तथा कार्यसम्पादनमा संलग्न कर्मचारीको परिचय आवश्यकताअनुसार गोप्य राखी उनीहरूको सुरक्षा, स्वतन्त्रता तथा निष्पक्ष कार्यसम्पादन सुनिश्चित गरिन्छ । साथै कुनै पनि उजुरी वा कारबाहीको सिलसिलामा हुने छानबिनमा संलग्न कर्मचारीले प्रचलित कानून, कार्यविधि र मापदण्डका आधारमा निष्पक्ष र वस्तुनिष्ठ रूपमा कार्य गर्ने र कुनै पद प्रतिष्ठाका आधारमा छानबिन र कारबाही प्रभावित नहुने व्यवस्था सुनिश्चित गरिएको छ । साथै यस केन्द्रमा कार्यरत कर्मचारी भएकै कारणले अन्य निकायका कामकारबाहीमा पनि प्रत्यक्ष वा परोक्ष प्रभाव पर्न नहुने तर्फ केन्द्र तथा केन्द्रमा कार्यरत कर्मचारीले सचेतता अपनाउने गरिएको छ ।

**छ. असंलग्नताको सिद्धान्त (Principle of Non-Involvement)**

कार्यसम्पादनमा संलग्न कर्मचारी, पदाधिकारी वा विज्ञको व्यक्तिगत, पारिवारिक, आर्थिक वा अन्य कुनै प्रकारको स्वार्थ वा हितको द्वन्द (Conflict of Interest) रहेको अवस्थामा त्यस्ता व्यक्तिलाई सम्बन्धित कार्यप्रक्रियाबाट अलग राखी निष्पक्षता, पारदर्शिता र विश्वसनीयता सुनिश्चित गरिन्छ ।

उल्लेखित सिद्धान्तहरूको प्रभावकारी कार्यान्वयनबाट केन्द्रको कार्यसम्पादनलाई वस्तुनिष्ठ, पारदर्शी, विश्वसनीय तथा नतिजामुखी बनाउन सहयोग पुग्नुका साथै सार्वजनिक प्रशासनमा सुशासन, सदाचार र नागरिक विश्वास अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

### १.४.२ केन्द्रको कार्य सम्पादनका मूल्य मान्यताहरू

राष्ट्रिय सतर्कता केन्द्रले आफ्नो कार्यसम्पादनलाई कानूनी शासन, मानव अधिकार, सुशासन तथा सार्वजनिक प्रशासनका अन्तर्राष्ट्रिय असल अभ्याससँग अनुरूप बनाउन निश्चित मूल्य र मान्यताहरू अवलम्बन गरेको छ। भ्रष्टाचारजन्य गतिविधि सम्बन्धी सूचना सङ्कलन, निगरानी, छानबिन, अनुसन्धान तथा कारबाहीका लागि गरिने सिफारिसजस्ता कार्यहरू व्यक्तिको वैयक्तिक स्वतन्त्रता, गोपनीयता, प्रतिष्ठा तथा सम्मानसँग प्रत्यक्ष रूपमा सम्बन्धित हुने भएकाले त्यस्ता कार्यहरू कानून, निष्पक्षता र नैतिकताको आधारमा सम्पादन गर्नु अत्यावश्यक हुन्छ।

यस केन्द्रले आफ्नो सम्पूर्ण कार्यप्रक्रियामा संविधान तथा प्रचलित कानूनद्वारा प्रत्याभूत नागरिक अधिकारको सम्मान गर्दै व्यक्तिको गोपनीयता, मान–मर्यादा तथा मानव अधिकारको संरक्षणलाई उच्च प्राथमिकता दिएको छ। साथै अनावश्यक हैरानी, पूर्वाग्रहपूर्ण व्यवहार वा आधारहीन अनुसन्धानबाट सार्वजनिक सेवामा निर्णयहीनता तथा निरुत्साह सिर्जना हुन नदिन वस्तुनिष्ठ, प्रमाणमा आधारित तथा उत्तरदायी कार्यसंस्कृतिको विकासमा जोड दिएको छ। यस उद्देश्यका लागि केन्द्रमा कार्यरत सबै पदाधिकारी तथा कर्मचारीहरूले निम्न मूल्य र मान्यताहरूको अनुशरण, संरक्षण तथा प्रवर्द्धन गर्नु आवश्यक मानिएको छ।

**क. पेशागत पवित्रता र नैतिकता (Professional Integrity and Ethics)**

केन्द्रका सम्पूर्ण कार्यहरू उच्च नैतिक आचरण, इमान्दारिता, निष्पक्षता तथा कानूनी आधारमा सञ्चालन गरिन्छ। कार्यसम्पादनलाई पारदर्शी, वस्तुनिष्ठ, पूर्वानुमानयोग्य तथा उत्तरदायी बनाउन आवश्यक कानूनी व्यवस्था, कार्यविधि तथा मापदण्डहरूको पालना गरिन्छ। साथै प्रत्येक कर्मचारीले आफ्नो पेशागत मर्यादा, गोपनीयता तथा नैतिक उत्तरदायित्वलाई आत्मसात् गर्दै कार्यसम्पादन गर्ने अपेक्षा गरिन्छ।

**ख. पेशागत जिम्मेवारीप्रतिको आत्मपरक समीक्षा (Reflection on Professional Responsibility)**

केन्द्रले आफ्ना कर्मचारीहरूको ज्ञान, सीप तथा व्यावसायिक दक्षताको निरन्तर विकासलाई संस्थागत संस्कृतिको रूपमा अंगीकार गरेको छ। कार्यसम्पादनबाट प्राप्त अनुभव, सहकर्मी तथा सरोकारवालाबाट प्राप्त पृष्ठपोषण र असल अभ्यासका आधारमा निरन्तर आत्ममूल्याङ्कन, सुधार तथा नवप्रवर्तनलाई प्रोत्साहन गरिन्छ। यसका लागि नियमित क्षमता विकास, संस्थागत सिकाइ तथा ज्ञान व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन गरिन्छ।

**ग. अरूप्रतिको सम्मान (Respect for Others)**

केन्द्रले आफ्नो कार्यसम्पादनका प्रत्येक चरणमा मानव मर्यादा, समानता तथा सम्मानको सिद्धान्तलाई आत्मसात् गर्दछ। सूचना सङ्कलन, सोधपुछ, बयान, छानबिन तथा अनुसन्धानका क्रममा सम्बद्ध सबै व्यक्ति तथा संस्थासँग शिष्ट, मर्यादित, निष्पक्ष र सम्मानजनक व्यवहार गरिन्छ। साथै सहकर्मी, सेवाग्राही तथा अन्य सरोकारवालासँग पारस्परिक सम्मान, सहयोग र समन्वयमा आधारित कार्यसम्बन्ध कायम राख्न जोड दिइन्छ।

**घ. पेशाधर्मिता (Professionalism)**

केन्द्रका कर्मचारी तथा पदाधिकारीहरूले आफ्नो जिम्मेवारी उच्च पेशागत दक्षता, निष्पक्षता, गोपनीयता, अनुशासन र उत्तरदायित्वका साथ सम्पादन गर्दछन्। कार्यसम्पादनका क्रममा व्यक्तिगत स्वार्थ, बाह्य प्रभाव वा कुनै प्रकारको विभेदलाई स्थान नदिई कानून, प्रमाण र व्यावसायिक मापदण्डका आधारमा निर्णय गर्ने कार्यसंस्कृति अवलम्बन गरिन्छ।

**ङ. समाजप्रतिको उत्तरदायित्व (Responsibility towards Society)**

केन्द्रले भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्द्धन तथा सार्वजनिक प्रशासनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी संविधानको मर्मअनुरूप स्वच्छ, सक्षम र उत्तरदायी शासन प्रणाली निर्माणमा योगदान पुऱ्याउने उद्देश्य राख्दछ। सार्वजनिक स्रोत–साधनको सदुपयोग, नागरिकको राज्यप्रतिको विश्वास अभिवृद्धि तथा न्यायपूर्ण, समृद्ध र सुशासित समाज निर्माणमा आफ्नो संस्थागत उत्तरदायित्व प्रभावकारी रूपमा निर्वाह गर्न केन्द्र प्रतिबद्ध रहेको छ।

उल्लिखित मूल्य र मान्यताहरू केन्द्रको संगठनात्मक संस्कृतिका आधारस्तम्भ हुन् । यी मूल्यहरूको प्रभावकारी कार्यान्वयनबाट केन्द्रको विश्वसनीयता, संस्थागत क्षमता, कार्यसम्पादनको गुणस्तर तथा सार्वजनिक विश्वास अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

## १.५ केन्द्रको कार्यक्षेत्र र संगठन संरचना

### १.५.१ केन्द्रको कार्यक्षेत्र

राष्ट्रिय सतर्कता केन्द्रको कार्यक्षेत्र सार्वजनिक प्रशासनमा सुशासन प्रवर्द्धन, भ्रष्टाचारको रोकथाम तथा सार्वजनिक सेवा प्रवाह र विकास निर्माण कार्यको गुणस्तर अभिवृद्धिसँग सम्बन्धित रहेको छ। केन्द्रले सार्वजनिक निकायहरूमा हुने अनियमितता, ढिलासुस्ती, भ्रष्टाचारजन्य गतिविधि तथा सार्वजनिक स्रोत–साधनको दुरूपयोगलाई न्यूनीकरण गर्दै पारदर्शिता, जवाफदेहिता, सदाचार र कार्यकुशलता अभिवृद्धि गर्ने उद्देश्यका साथ निरोधात्मक (Preventive) तथा प्रवर्द्धनात्मक (Promotional) प्रकृतिका कार्यहरू सम्पादन गर्दै आएको छ।

केन्द्रको कार्यसम्पादन मुख्यतः भ्रष्टाचार निवारण ऐन, २०५९, राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५, राष्ट्रिय सतर्कता केन्द्र (कार्य व्यवस्थापन) निर्देशिका, २०६८, प्राविधिक परीक्षकको आचारसंहिता, २०६७, भ्रष्टाचारविरुद्धको रणनीति तथा कार्ययोजना, भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि (United Nations Convention against Corruption–UNCAC), २००३ तथा नेपाल सरकारले समय–समयमा जारी गरेका नीति, रणनीति, कार्ययोजना, निर्देशिका तथा निर्णयहरूबाट निर्देशित रहेको छ।

उल्लिखित संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्था अनुसार केन्द्रले सार्वजनिक निकायहरूको छड्के, अनुगमन, निरीक्षण, निगरानी, सूचना सङ्कलन तथा विश्लेषण, प्राविधिक परीक्षण (Technical Audit), कर्मचारी तथा सार्वजनिक पदाधिकारीहरूको सम्पत्ति विवरण अनुगमन, भ्रष्टाचार जोखिमको पहिचान, सुशासन प्रवर्द्धन, जनचेतना अभिवृद्धि तथा सम्बन्धित निकायहरूलाई आवश्यक सुझाव सिफारिस तथा निर्देशन प्रदान गर्ने लगायतका कार्यहरू सम्पादन गर्दै आएको छ। यसका अतिरिक्त नेपाल सरकारबाट समय–समयमा तोकिएका अन्य जिम्मेवारीहरू समेत केन्द्रले प्रचलित कानूनबमोजिम निर्वाह गर्दै आएको छ।

उपर्युक्त कानूनी तथा नीतिगत व्यवस्था अनुसार राष्ट्रिय सतर्कता केन्द्रका प्रमुख कार्यक्षेत्रहरू निम्नानुसार रहेका छन्:

#### १.५.१.१ भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित)

सर्वसाधारण जनताको सुख, शान्ति तथा आर्थिक हितको संरक्षण गर्दै समाजमा आर्थिक अनुशासन, नैतिकता, सदाचार र सुशासनको प्रवर्द्धन तथा भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले जारी गरिएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ मा

राष्ट्रिय सतर्कता केन्द्रको कार्यक्षेत्र निर्धारण गरिएको छ। उक्त कानूनी व्यवस्था अनुसार केन्द्रले सम्पादन गर्ने प्रमुख कार्यहरू देहायबमोजिम रहेका छन्:

- सार्वजनिक संस्थाबाट सम्पादन हुनु पर्ने कार्यहरू नियमित रूपमा भए नभएको विषयमा सूचना सङ्कलन गर्ने,
- सार्वजनिक संस्थाबाट नियमित रूपमा हुनुपर्ने कार्य भएको नपाइएमा त्यस्ता निकायलाई सो विषयमा सतर्क गराउने,
- कुनै राष्ट्रसेवकले यस ऐन वा प्रचलित कानूनबमोजिम पेश गरेको सम्पत्ति विवरण र आयको अनुगमन गर्ने,
- भ्रष्टाचार हुन सक्ने स्थान वा काममा नियमित निगरानी राख्ने, छड्के जाँच र अन्वेषण गर्न आवश्यक व्यवस्था मिलाउने,
- भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अपनाउनु पर्ने नीति, रणनीति र तत् सम्बन्धी कानूनमा कुनै सुधार गर्नु पर्ने देखिएमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,
- सार्वजनिक संस्थामा उजुरी पेटिका राख्ने व्यवस्था मिलाउने,
- भ्रष्टाचार रोकथाम गर्ने उद्देश्यले आवश्यकता अनुसार सम्बन्धित निकायलाई कुनै सुझाव वा निर्देशन दिने,
- भ्रष्टाचार सम्बन्धी कसुरमा अनुसन्धान गर्ने निकाय वा पदाधिकारीबाट भ्रष्टाचार सम्बन्धी आवश्यक विवरण वा सूचना प्राप्त गरी अद्यावधिक गराई राख्ने,
- भ्रष्टाचार सम्बन्धी प्राप्त जानकारी सम्बन्धित निकायमा लेखी पठाउने,
- सार्वजनिक संस्थाबाट निर्माण वा सञ्चालन भएका आयोजनाको आवश्यकता अनुसार प्राविधिक परीक्षण गर्ने,
- भ्रष्टाचार नियन्त्रण सम्बन्धमा आइपर्ने अन्य कार्य गर्ने, गराउने,
- नेपाल सरकारले तोकेको अन्य कार्य गर्ने, गराउने।

### १.५.१.२ सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ ले सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले सबैले सहज रूपमा देख्न सक्ने स्थानमा तोकिएबमोजिम नागरिक बडापत्र राख्नुपर्ने कानूनी व्यवस्था गरेको छ। नागरिक बडापत्रले सेवाग्राहीलाई उपलब्ध हुने सेवा, सेवा प्राप्त गर्ने प्रक्रिया, आवश्यक कागजात, सेवा शुल्क, सेवा प्रदान गर्ने समय, जिम्मेवार पदाधिकारी तथा गुनासो सुन्ने अधिकारी सम्बन्धी स्पष्ट जानकारी उपलब्ध गराई सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र सेवामुखी प्रशासनको प्रवर्द्धन गर्ने उद्देश्य राखेको हुन्छ।

यस कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न भ्रष्टाचारविरुद्धको रणनीति तथा कार्ययोजना, २०६५ अन्तर्गतको निकायगत कार्ययोजना, २०६७ ले राष्ट्रिय सतर्कता केन्द्रलाई सरकारी कार्यालयहरूमा नागरिक बडापत्र राखे/नराखेको, बडापत्र अद्यावधिक भए/नभएको तथा बडापत्रमा उल्लेख भएबमोजिम सेवा प्रवाह भए/नभएको विषयमा नियमित अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ।

यसै जिम्मेवारीअनुसार राष्ट्रिय सतर्कता केन्द्रले विभिन्न सरकारी निकायमा स्थलगत अनुगमन गरी नागरिक बडापत्रको अवस्था, सेवाप्रवाहको गुणस्तर, समयको पालना, सेवाग्राहीमैत्री वातावरण तथा कानूनी व्यवस्थाको कार्यान्वयनको अवस्थाको मूल्याङ्कन गर्दै आवश्यक सुधारका लागि सम्बन्धित निकायलाई सुझाव तथा निर्देशन प्रदान गर्दै आएको छ। यस प्रकारको अनुगमनले सार्वजनिक सेवामा पारदर्शिता, सुशासन, उत्तरदायित्व र नागरिक सन्तुष्टि अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

### १.५.१.३ राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ६४ बमोजिम नेपाल सरकारले जारी गरेको राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ ले केन्द्रको कार्यक्षेत्र निम्नानुसार निर्धारण गरेको छ।

| क्र.सं. | कार्यक्षेत्र | प्रमुख कार्यहरू |
|---|---|---|
| १ | सूचना सङ्कलन तथा प्रारम्भिक छानबिन | सरकारी कार्यालय वा सार्वजनिक संस्थामा हुने अनियमितता तथा भ्रष्टाचार सम्बन्धी सूचना, उजुरी र निवेदन सङ्कलन गर्ने, प्रारम्भिक छानबिन गर्ने तथा आवश्यक जानकारी उजुरीकर्तालाई उपलब्ध गराउने। |
| २ | अनुगमन तथा सुझाव/ निर्देशन | आर्थिक, प्रशासनिक तथा प्राविधिक कार्य, सेवा प्रवाह, नागरिक बडापत्र, सुशासन तथा भ्रष्टाचारविरुद्धका नीति, रणनीति र कार्यक्रमहरूको कार्यान्वयनको अनुगमन गरी आवश्यक सुझाव वा निर्देशन दिने। |
| ३ | सतर्क गराउने तथा कारबाहीका लागि सिफारिस गर्ने | अनियमितता, ढिलासुस्ती वा निर्देशनको पालना नभएको अवस्थामा सम्बन्धित निकाय वा कर्मचारीलाई लिखित रूपमा सतर्क गराउने तथा आवश्यक विभागीय वा कानूनी कारबाहीका लागि सम्बन्धित निकाय वा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा लेखी पठाउने। |
| ४ | सम्पत्ति विवरण अनुगमन | सार्वजनिक पद धारण गरेका व्यक्तिले सम्पत्ति विवरण पेश गरे/नगरेको तथा सम्बन्धित निकायले अभिलेख व्यवस्थित राखे/नराखेको अनुगमन गर्ने र कानूनबमोजिम आवश्यक कारबाहीका लागि सिफारिस गर्ने। |
| ५ | निगरानी, छड्के जाँच तथा अन्वेषण | भ्रष्टाचारको सम्भावना रहेका निकायमा निगरानी, छड्के जाँच तथा आवश्यक परेमा अन्वेषण गर्ने, आवश्यक कागजात तथा विवरण माग गर्ने। |
| ६ | प्राविधिक परीक्षण (Technical Audit) | विकास आयोजना तथा सार्वजनिक निर्माण कार्यको लागत, समय, गुणस्तर, परिमाण, प्रभावकारिता, दिगोपना तथा उपलब्धिको प्राविधिक परीक्षण गरी सुधारात्मक निर्देशन दिने। |
| ७ | प्राविधिक परीक्षक तालिम | विकास निर्माणका आयोजनाहरूको प्राविधिक परीक्षकका लागि प्राविधिक परीक्षक तालिम सञ्चालन गर्ने। |
| ८ | जनचेतना अभिवृद्धि | भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनका लागि तालिम, गोष्ठी, कार्यशाला, अन्तरक्रिया, सचेतनामूलक कार्यक्रम तथा प्रचार–प्रसार सञ्चालन गर्ने। |
| ९ | अन्तरनिकाय समन्वय तथा सहकार्य | भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्द्धन तथा सार्वजनिक प्रशासन सुधारका लागि सम्बन्धित मन्त्रालय, विभाग, संवैधानिक निकाय तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्ने। |

उपर्युक्त कार्यक्षेत्रका आधारमा राष्ट्रिय सतर्कता केन्द्रले भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनका क्षेत्रमा निरोधात्मक (Preventive), अनुगमनात्मक (Monitoring), प्राविधिक परीक्षण (Technical Audit), सुधारात्मक (Corrective) तथा समन्वयात्मक (Coordinative) भूमिका निर्वाह गर्दै सार्वजनिक निकायहरूमा पारदर्शिता, जवाफदेहिता, कार्यकुशलता र सेवामुखी प्रशासन सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ।

#### १.५.१.४ भ्रष्टाचारविरुद्धको रणनीति तथा कार्ययोजना, २०६५ अन्तर्गतको निकायगत कार्ययोजना, २०६७

भ्रष्टाचारविरुद्धको रणनीति तथा कार्ययोजना, २०६५ अन्तर्गतको निकायगत कार्ययोजना, २०६७ ले सार्वजनिक निकायहरूमा नागरिक बडापत्रको कार्यान्वयनको अनुगमन गर्ने जिम्मेवारी राष्ट्रिय सतर्कता केन्द्रलाई प्रदान गरेको छ। सो व्यवस्थाअनुसार केन्द्रले सार्वजनिक संस्थाहरूमा नागरिक बडापत्र राखिएको अवस्था, बडापत्रमा उल्लिखित सेवा तथा सुविधाको प्रभावकारी कार्यान्वयन, सेवा प्रवाहको गुणस्तर तथा सेवाग्राहीप्रति सार्वजनिक निकायको जवाफदेहिता सम्बन्धी विषयमा नियमित अनुगमन गर्दै आएको छ। यसबाट सार्वजनिक सेवा प्रवाहलाई थप पारदर्शी, उत्तरदायी तथा सेवामुखी बनाउन सहयोग पुगेको छ।

#### १.५.१.५ राष्ट्रिय सतर्कता केन्द्र (कार्य व्यवस्थापन) निर्देशिका, २०६८

सरकारी तथा सार्वजनिक निकायहरूमा हुने भ्रष्टाचार तथा अनियमिततासँग सम्बन्धित सूचना सङ्कलन, उजुरी दर्ता तथा व्यवस्थापन, अनुगमन, निरीक्षण, प्राविधिक परीक्षण, प्रतिवेदन तयारी तथा अन्य निगरानी सम्बन्धी कार्यलाई व्यवस्थित, एकरूप र प्रभावकारी रूपमा सञ्चालन गर्न राष्ट्रिय सतर्कता केन्द्र (कार्य व्यवस्थापन) निर्देशिका, २०६८ जारी गरिएको हो। उक्त निर्देशिकाले केन्द्रसँग सम्बन्धित ऐन, नियमावली तथा प्रचलित कानूनी व्यवस्थाहरूको कार्यान्वयनका लागि आवश्यक कार्यविधि, प्रक्रिया तथा जिम्मेवारी स्पष्ट रूपमा निर्धारण गरेको छ। निर्देशिकाको कार्यान्वयनबाट केन्द्रको कार्यसम्पादनमा एकरूपता, पारदर्शिता, जवाफदेहिता तथा कार्यकुशलता अभिवृद्धि भएको छ।

#### १.५.१.६ राष्ट्रिय सतर्कता प्रहरी नियमावली, २०७१

सरकारी तथा सार्वजनिक निकायहरूमा हुने भ्रष्टाचार तथा अनियमितताको प्रभावकारी नियन्त्रण तथा अनुसन्धानात्मक कार्यमा सहयोग पुर्‍याउने उद्देश्यले प्रहरी ऐन, २०१२ को दफा ३९ बमोजिम राष्ट्रिय सतर्कता प्रहरी नियमावली, २०७१ जारी गरिएको हो। उक्त नियमावलीमा केन्द्रमा कार्यरत प्रहरी कर्मचारीको संगठनात्मक संरचना, सेवाको गठन, परिचालन, जिम्मेवारी तथा सेवा शर्त सम्बन्धी व्यवस्था गरिएको छ। यस नियमावलीले केन्द्रका अनुगमन, निरीक्षण, अनुसन्धान तथा निगरानी सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक संस्थागत तथा कानूनी आधार प्रदान गरेको छ।

### १.५.२ केन्द्रको संगठन संरचना र जनशक्ति

#### १.५.२.१ संगठन संरचना

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/०२/०६ को निर्णयानुसार स्वीकृत संगठन संरचनाबमोजिम राष्ट्रिय सतर्कता केन्द्रको नेतृत्व राजपत्राङ्कित विशिष्ट श्रेणीको प्रमुख अधिकृत (सचिव) ले गर्ने व्यवस्था रहेको छ। केन्द्रको संगठनात्मक संरचनामा प्रशासन तथा अनुगमन महाशाखा, प्राविधिक परीक्षण तथा अनुगमन महाशाखा, नीति निर्माण तथा कानूनी राय–परामर्श महाशाखा तथा प्रहरी व्यवस्थापन, सूचना सङ्कलन, निगरानी तथा अनुगमन महाशाखा गरी चारवटा महाशाखा रहेका छन्।

प्रशासन तथा अनुगमन महाशाखाअन्तर्गत उजुरी व्यवस्थापन, अन्वेषण तथा अनुगमन शाखा, सूचना सङ्कलन, अन्वेषण तथा अनुगमन शाखा, आर्थिक प्रशासन शाखा तथा प्रशासन तथा योजना शाखा रहेका छन्।

प्राविधिक परीक्षण तथा अनुगमन महाशाखाअन्तर्गत प्राविधिक परीक्षण तथा अनुगमन शाखा नं. १, २, ३ र ४ तथा प्रयोगशाला परीक्षण शाखा रहेका छन्।

त्यसैगरी, नीति निर्माण तथा कानूनी राय–परामर्श महाशाखाअन्तर्गत सम्पत्ति विवरण तथा अनुगमन शाखा, नीति निर्माण तथा अनुगमन शाखा, कानूनी राय तथा परामर्श शाखा तथा छानबिन, अन्वेषण तथा अनुगमन शाखा रहेका छन्।

प्रहरी व्यवस्थापन, सूचना सङ्कलन, निगरानी तथा अनुगमन महाशाखाअन्तर्गत प्रहरी व्यवस्थापन, सूचना सङ्कलन, निगरानी तथा अनुगमन उपमहाशाखा, सूचना सङ्कलन तथा अन्वेषण शाखा, निगरानी तथा अनुगमन शाखा, प्रहरी व्यवस्थापन तथा अनुगमन शाखा तथा अन्वेषण तथा अनुगमन शाखा रहेका छन्।

केन्द्रको स्वीकृत संगठन संरचना अनुसूची–१ मा समावेश गरिएको छ।

### १.५.२.२ जनशक्ति

स्वीकृत सङ्गठन संरचना र दरबन्दी तेरिज अनुसार हाल केन्द्रमा देहाय बमोजिमका निजामती र राष्ट्रिय सतर्कता प्रहरी कर्मचारीहरूको दरबन्दी रहेको छ।

**निजामती तर्फ**

| सि.नं. | सेवा | श्रेणी | पदनाम | दरबन्दी सङ्ख्या |
|---|---|---|---|---|
| १ | नेपाल इन्जिनियरिङ्ग | विशिष्ट | सचिव | १ |
| २ | नेपाल प्रशासन | रा.प. प्रथम | सह सचिव | २ |
| ३ | नेपाल इन्जिनियरिङ्ग | रा.प. प्रथम | सह सचिव (प्रा.) | १ |
| ४ | नेपाल प्रशासन | रा.प. द्वितीय | उप सचिव | ५ |
| ५ | नेपाल प्रशासन | रा.प. द्वितीय | उप सचिव (लेखा) | २ |
| ६ | नेपाल न्याय | रा.प. द्वितीय | उप सचिव (कानून) | १ |
| ७ | नेपाल इन्जिनियरिङ्ग | रा.प. द्वितीय | सि.डि.ई. | ५ |
| ८ | नेपाल प्रशासन | रा.प. तृतीय | शाखा अधिकृत | २१ |
| ९ | नेपाल प्रशासन | रा.प. तृतीय | लेखा अधिकृत | २ |
| १० | नेपाल न्याय | रा.प. तृतीय | कानून अधिकृत | २ |
| ११ | नेपाल इन्जिनियरिङ्ग | रा.प. तृतीय | इन्जिनियर | १२ |
| १२ | नेपाल विविध | रा.प. तृतीय | कम्प्युटर अधिकृत | २ |
| १३ | नेपाल विविध | रा.प. तृतीय | वातावरणविद् | १ |
| १४ | नेपाल विविध | रा.प. तृतीय | समाजशास्त्री | १ |
| १५ | नेपाल विविध | रा.प. तृतीय | कम्प्यूटर इन्जिनियर | १ |
| १६ | नेपाल प्रशासन | रा.प. अनं. प्रथम | नायब सुव्वा | १५ |
| १७ | नेपाल प्रशासन | रा.प. अनं. प्रथम | लेखापाल | २ |
| १८ | नेपाल इन्जिनियरिङ्ग | रा.प. अनं. प्रथम | सव इन्जिनियर | ८ |

| सि.नं. | सेवा | श्रेणी | पदनाम | दरबन्दी सङ्ख्या |
|---|---|---|---|---|
| १९ | नेपाल इन्जिनियरिङ्ग | रा.प. अनं. प्रथम | ल्याब असिस्टेन्ट | २ |
| २० | नेपाल विविध | रा.प. अनं. प्रथम | कम्प्युटर अपरेटर | ६ |
| २१ | नेपाल इन्जिनियरिङ्ग | रा.प. अनं. द्वितीय | ल्याब ब्वाई | ४ |
| २२ | नेपाल इन्जिनियरिङ्ग | श्रेणीविहीन | हलुका सवारी चालक | १० |
| २३ | नेपाल प्रशासन | श्रेणीविहीन | कार्यालय सहयोगी | १७ |
| जम्मा | | | | १२३ |

**राष्ट्रिय सतर्कता प्रहरीतर्फ**

| सि.नं. | सेवा | श्रेणी | पदनाम | दरबन्दी सङ्ख्या |
|---|---|---|---|---|
| १ | प्रहरी | रा.प.प्रथम सरह | प्रहरी नायब महानिरीक्षक | १ |
| २ | प्रहरी | रा.प.प्रथम सरह | प्रहरी बरिष्ठ उपरीक्षक | १ |
| ३ | प्रहरी | रा.प.द्वितीय सरह | प्रहरी उपरीक्षक | ५ |
| ४ | प्रहरी | रा.प.द्वितीय सरह | प्रहरी नायब उपरीक्षक | ८ |
| ५ | प्रहरी | रा.प.तृतीय सरह | प्रहरी निरीक्षक | ९ |
| जम्मा | | | | २४ |

आर्थिक वर्ष २०८२/८३ मा केन्द्रमा कार्यरत रहेका कर्मचारीहरूको विवरण अनुसूची-२ मा समावेश गरिएको छ।

### १.५.३ केन्द्रका महाशाखाहरूको कार्य जिम्मेवारी

#### १.५.३.१ प्रशासन तथा अनुगमन महाशाखा

- कर्मचारीहरूको नियुक्ति, सरुवा, बढुवा, अवकाश, कार्य सम्पादन मूल्याङ्कन, बिदा, दण्ड र पुरस्कार एवम् वृत्ति विकास सम्बन्धी काम कारबाही प्रचलित कानून बमोजिम गर्ने गराउने।
- केन्द्रलाई आवश्यक पर्ने भौतिक सम्पत्ति तथा साधन श्रोतको समुचित व्यवस्थाका साथै सुरक्षा व्यवस्था समेत मिलाउने।
- केन्द्रलाई आवश्यक पर्ने विशेषज्ञ सेवा काजमा वा करारमा लिने सम्बन्धी काम कारबाही गर्ने।
- सूचना संकलन, अध्ययन र अन्वेषणको क्रममा आवश्यक पर्ने जनशक्ति तथा सेवा सम्बन्धित निकायबाट माग गर्ने।
- केन्द्रका लागि आवश्यक पर्ने मानव संशाधन विकास कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने तथा कर्मचारीहरूलाई प्राप्त छात्रवृत्ति एवम् तालिम कार्यक्रमहरूमा मनोनयन गर्ने।
- शाखाहरूबाट स्थलगत जाँच, प्रारम्भिक छानबिन, परीक्षण एवम् अनुसन्धानका लागि आवश्यक पर्ने उपकरण, प्राविधिक जनशक्ति तथा अन्य सेवा सुविधा उपलब्ध गराउने।
- केन्द्रबाट तयार गरिएका तथा अन्यत्रबाट प्राप्त हुन आएका महत्वपूर्ण प्रतिवेदन, मिसिल एवम् कागजातहरूको अभिलेख व्यवस्थापन गर्ने।

- केन्द्रको कुनै काम कारबाहीमा आवश्यकता अनुसार आन्तरिक एवम् अन्तर निकाय समन्वय सम्बन्धी काम गर्ने र अनुगमनको व्यवस्था मिलाउने।
- केन्द्रलाई आवश्यक पर्ने वार्षिक बजेट निर्माण, स्वीकृति, निकासा, खर्च, लेखापरीक्षण र बेरुजु फछ्यौंट लगायतका कार्यहरू गर्ने।
- वैदेशिक सहयोग परिचालन सम्बन्धी कार्य गर्ने।
- केन्द्रको संगठन विकास तथा सुदृढीकरणका लागि योजना तर्जुमा, कार्यशाला एवम् गोष्ठीहरूको आयोजना गरी जनशक्ति विकास र जनचेतना अभिवृद्धि सम्बन्धी कार्य गर्ने।
- केन्द्रले गरेका कामका सम्बन्धमा वार्षिक प्रतिवेदन तयार गर्ने गराउने।
- भ्रष्टाचार सम्बन्धी कानून एवम् नजीरहरू अद्यावधिक गर्ने।
- भ्रष्टाचारजन्य क्रियाकलापहरू हुन नदिन विभिन्न किसिमका जनचेतनामूलक कार्यक्रमहरूको तर्जुमा गरी केन्द्र आफैले वा अन्य सरकारी निकाय, संगठित संस्था, गैर सरकारी संस्था वा नागरिक समाजसँग सहकार्य एवम् समन्वय गरी सञ्चालन गर्नुका साथै विभिन्न माध्यमबाट भ्रष्टाचार विरोधी अभियानको प्रचार प्रसार गर्ने।
- केन्द्रमा प्राप्त उजुरी निवेदन, गोप्य सूचना, निरीक्षण/निगरानी समेतबाट प्राप्त सूचनाको आधारमा केन्द्रले गरेको अन्वेषणबाट कुनै सार्वजनिक संस्था वा पदाधिकारीले आर्थिक वा प्रशासनिक अनियमितता गरेको देखिन आएमा त्यस्ता निकाय वा पदाधिकारीहरूलाई सतर्क गराउने व्यवस्था मिलाउने।
- सार्वजनिक संस्थाबाट सम्पादन हुनुपर्ने कार्य र जनतालाई पुर्‍याउनु पर्ने सेवा सुविधा नियमितरूपमा पुर्‍याइएका छन् छैनन् र त्यस्ता कार्यमा आर्थिक, प्रशासनिक, प्राविधिक आदि अनिमितता र ढिलासुस्ती भएको छ छैन भन्ने सम्बन्धमा नियमितरूपमा निगरानी राख्ने, छड्के जाँच वा अन्वेषण गर्ने जस्ता अनुगमनका प्रभावकारी उपायहरू अवलम्बन गर्ने।
- सार्वजनिक संस्था लगायत जनतालाई सेवा सुविधा प्रदान गर्ने उद्देश्यले स्थापना भएका सबै कार्यालयहरूमा उजुरी पेटिका राख्न लगाई प्राप्त उजुरीहरूको विषयमा भएका कारबाहीको अनुगमन गर्ने।
- सार्वजनिक संस्थाहरूबाट नियमित रूपमा सम्पादन हुनुपर्ने कार्यहरू नभएको र भ्रष्टाचार भएको विषयमा कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाएकोमा कारबाही भएको छ/छैन अनुगमन गर्ने।
- महाशाखालाई तोकिएका अरु काम सम्पादन गराउने।

### १.५.३.२ प्राविधिक परीक्षण तथा अनुगमन महाशाखा

- सार्वजनिक निर्माण तथा अन्य पूर्वाधार विकास कार्यको प्राविधिक परीक्षण (Technical Audit) गर्न प्रभावकारी परीक्षणको व्यवस्था गर्ने।
- वार्षिक बजेट तथा कार्यक्रम प्रस्तावना तयार गरी स्वीकृतिको लागि प्रमुख अधिकृत समक्ष पेश गर्ने।
- वार्षिक कार्यतालिका बमोजिमको प्राविधिक परीक्षण गर्न आवश्यक पर्ने प्राविधिक परीक्षकहरूको अन्तिम छनौट गरी स्वीकृतिको लागि प्रमुख अधिकृत समक्ष पेश गर्ने।

- प्राविधिक परीक्षकहरूको नियुक्तिको लागि प्रमुख अधिकृत समक्ष पेश गर्ने ।
- प्राविधिक परीक्षकको अन्तिम सूची स्वीकृत भएपछि आफ्नो मातहतमा गरिने प्राविधिक परीक्षणहरूको कार्यशर्त र पारिश्रमिक तथा सेवा शुल्कको लागत अनुमान स्वीकृत गर्ने ।
- प्राविधिक परीक्षण कार्य वार्षिक कार्यक्रम अनुरूप भइरहेको छ/छैन अनुगमन गर्ने र प्रगति कम देखिएमा आवश्यक सुधारात्मक कदमहरू अपनाउने ।
- प्राविधिक परीक्षकहरूको कामको समन्वय, सुपरिवेक्षण र निजहरू अन्तर्गत भइरहेका र भएका प्राविधिक परीक्षणहरूको मूल्याङ्कन गर्ने ।
- प्राविधिक बेरुजु विवरणमा उल्लेखित 'तात्कालिन सुधारात्मक काम र 'दोहोरिन नदिने उपायहरूको कार्यान्वयन बारे विभागीय तहमा ताकेता गर्ने र मन्त्रालय स्तरबाट गरिनु पर्ने काम बारे प्रमुख अधिकृत समक्ष पेश गर्ने ।
- प्राविधिक परीक्षकहरूको कामको मूल्याङ्कन गर्ने ।
- अन्तर्गतका 'प्राविधिक बेरुजु विवरण' र 'प्राविधिक परीक्षण प्रतिवेदन' संकलन र सम्पादन गरी आवश्यक सिफारिस तथा सुझावहरू सहितको 'मस्यौदा वार्षिक प्राविधिक परीक्षण प्रतिवेदन तयार गरी प्रमुख अधिकृत समक्ष पेश गर्ने ।
- प्राविधिक परीक्षण परामर्श समितिको बैठकको आयोजना गर्ने ।
- प्राविधिक परीक्षण सम्बन्धी तालिम सञ्चालन गर्ने ।
- महाशाखालाई तोकिएका अन्य कार्य गर्ने ।

**१.५.३.३ नीति निर्माण तथा कानूनी राय परामर्श महाशाखा**

- केन्द्रको संगठनात्मक सुदृढीकरण एवम् विकासका लागि आवश्यक कार्यक्रम, कार्ययोजना तयार गरी पेश गर्ने ।
- नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग, कार्यालय एवम् सार्वजनिक संस्थाहरूबाट भईरहेका कार्यहरूको मूल्याङ्कनका आधारमा भ्रष्टाचार तथा अनियमितता नियन्त्रका लागि अल्पकालीन एवम् दीर्घकालीन योजना र कार्यक्रम तयार गर्ने ।
- सम्पत्ति विवरण पेश गर्नुपर्ने दायित्व भएका व्यक्तिहरूले तोकिए बमोजिम पेश गरेको सम्पत्ति विवरण सम्बन्धी आवश्यक कार्य गर्ने ।
- सार्वजनिक संस्था तथा पदाधिकारीलाई भ्रष्टाचारको रोकथाम सम्बन्धी नीति, रणनीति निर्माण गर्ने र कानून सुधार सम्बन्धी आवश्यक सुझाव वा निर्देशन दिने सम्बन्धी काम गर्ने ।
- महाशाखालाई आवश्यक पर्ने वार्षिक बजेट अनुमान तयार गरी प्रमुख अधिकृत समक्ष पेश गर्ने ।
- महाशाखाको कार्य प्रगतिको बारेमा मासिक रूपमा प्रमुख अधिकृत समक्ष पेश गर्ने ।
- अनियमितता र भ्रष्टाचार नियन्त्रण गर्ने सम्बन्धमा क्रियाशील सरकारी एवम् गैर सरकारी निकाय र नागरिक समाज बीच समन्वय कायम गरी सञ्चालन गरिने वार्षिक कार्यक्रम र कार्ययोजना तयार गर्ने ।
- नेपाल सरकारका विभिन्न निकायहरू र सार्वजनिक संस्थाहरूबाट नियमित रूपमा कार्य सम्पादन भए नभएको विषयमा सूचना तथा उजुरी संकलन गर्ने ।

- नेपाल सरकारका विभिन्न निकायहरू र सार्वजनिक संस्थाहरूमा भ्रष्टाचार तथा आर्थिक अपराध हुनसक्ने सम्भाव्य क्षेत्रहरूको पहिचान गरी नियमित निगरानी गर्ने।
- संकलित सूचना सामग्रीको अभिलेख अद्यावधिक गर्ने।
- संकलित सूचनाको अध्ययन तथा प्रशोधन गरी तथ्य पत्ता लगाई विभिन्न महाशाखा, शाखाहरूमा सम्बन्धित सूचनाहरू पठाउने तथा त्यसको अभिलेख राख्ने।
- नेपाल सरकारको मन्त्रालय, विभाग, कार्यालय, कुनै सरकारी निकाय वा सार्वजनिक संस्थाबाट कानूनी राय माग भई आएमा राय उपलब्ध गराउने व्यवस्था गर्ने।
- भ्रष्टाचार सम्बन्धी कानून एवम् नजीरहरू अद्यावधिक गर्ने।
- केन्द्रमा प्राप्त उजुरी निवेदन, गोप्य सूचना, निरीक्षण र निगरानी समेतबाट प्राप्त सूचनाको आधारमा केन्द्रले गरेको अन्वेषणबाट कुनै सरकारी निकाय, सार्वजनिक संस्था वा पदाधिकारीले आर्थिक वा प्रशासनिक अनियमितता गरेको देखिन आएमा त्यस्ता निकाय वा पदाधिकारीहरूलाई सतर्क गराउने।
- सार्वजनिक संस्थाबाट सम्पादन हुनुपर्ने कार्य र जनतालाई पुऱ्याउनुपर्ने सेवा सुविधाहरू नियमित रूपमा पुऱ्याइएका छन् छैनन् र त्यस्ता कार्यमा आर्थिक, प्रशासनिक, प्राविधिक आदि अनियमितता र ढिलासुस्ती भएको छ छैन भन्ने सम्बन्धमा नियमित रूपमा निगरानी, छड्के जाँच वा अन्वेषण गर्ने।
- सरकारी वा सार्वजनिक संस्थाहरूबाट नियमित रूपमा सम्पादन हुनुपर्ने कार्यहरू र भ्रष्टाचार भएको विषयमा कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाएकोमा कारबाही भएको छ/छैन अनुगमन गर्ने।
- मातहतका शाखाहरूलाई आवश्यक निर्देशन दिने।
- महाशाखालाई तोकिएका अन्य कार्य गर्ने।

### १.५.३.४ प्रहरी व्यवस्थापन, सूचना संकलन, निगरानी तथा अनुगमन महाशाखा

- केन्द्रबाट महाशाखामा प्राप्त हुन आएका उजुरी/निवेदन, सूचना तथा पत्रका सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०५९, राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ तथा राष्ट्रिय सतर्कता केन्द्र (कार्य व्यवस्थापन) निर्देशिका, २०६८ तथा सुशासन सम्बन्धी अन्य प्रचलित ऐन, नियममा निर्दिष्ट भएबमोजिम छानबिन एवम् अन्वेषण गरी राय सहित प्रमुख अधिकृत समक्ष पेश गर्ने।
- केन्द्रको काम कारबाहीमा आवश्यकतानुसार आन्तरिक एवम् अन्तर निकाय समन्वय सम्बन्धी काम गर्ने र अनुगमनको व्यवस्था मिलाउने।
- प्रमुख अधिकृतले दिएको निर्देशन मातहतका कर्मचारीबाट पालना भए नभएको अनुगमन गरी समय समयमा शाखाहरूको बैठक बोलाई आवश्यक निर्देशन दिने।
- भ्रष्टाचार विरुद्धको अभियानमा महत्वपूर्ण योगदान पुऱ्याउने तथा भ्रष्टाचारसँग सम्बन्धित महत्वपूर्ण सूचना दिने व्यक्तिलाई मनासिब पुरस्कारको लागि सिफारिस गर्ने।

- केन्द्रमा प्राप्त उजुरी निवेदन, गोप्य सूचना, निरीक्षण अनुगमन तथा निगरानीबाट प्राप्त सूचनाको आधारमा केन्द्रले गरेको अन्वेषणबाट कुनै सरकारी निकाय, सार्वजनिक संस्था वा पदाधिकारीलई सतर्क गराउनको लागि प्रमुख अधिकृत समक्ष राय पेश गर्ने ।
- सरकारी वा सार्वजनिक संस्थाहरूबाट नियमित रूपमा सम्पादन हुनुपर्ने कार्य र भ्रष्टाचार भएको विषयमा कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाएकोमा कारबाही भएको छ, छैन अनुगमन गर्ने/गराउने ।
- नेपाल सरकारका विभिन्न निकायहरू र सार्वजनिक संस्थाहरूमा भ्रष्टाचार तथा आर्थिक अपराध हुनसक्ने सम्भाव्य क्षेत्रहरूको पहिचान गरी नियमित निगरानी गर्ने, शंकास्पद स्थान तथा कामको आकस्मिक छड्के जाँच गर्ने, अनुगमन र अन्वेषण गर्न आवश्यक व्यवस्था मिलाउने ।
- सेवा सुविधा आपूर्ति सम्बन्धी र प्रशासनिक काम कारबाही उपर निगरानी राख्ने, सूचना संकलन तथा अन्वेषण गर्ने ।
- सार्वजनिक पदधारण गर्ने व्यक्तिहरूको शंकास्पद क्रियाकलापमाथि निगरानी राखी अभिलेख अद्यावधिक गर्दै जाने ।
- भ्रष्टाचारजन्य कार्य हुन लागेको वा हुने सम्भावना देखिएको सरकारी एवम् सार्वजनिक संस्था/निकायलाई सजग गराउने र त्यस्तो कार्य भइसकेको देखिएमा सम्बन्धित निकायमा कानूनी कारबाहीको लागि लेखी पठाउने ।
- संकलित सूचनाको प्रशोधन तथा आवश्यक अन्वेषण गराई तथ्य पत्ता लगाउने ।
- संकलित सूचनाको अन्वेषण र अनुसन्धानबाट दोषी देखिन आएको पक्षलाई सतर्क गराउने सम्बन्धमा प्रमुख अधिकृत समक्ष राय पेश गर्ने ।
- सार्वजनिक संस्थाबाट नियमित रूपमा कार्य सम्पादन भए नभएको विषयमा सूचना संकलन गर्ने ।
- विभिन्न माध्यमहरूबाट भ्रष्टाचार सम्बन्धी सूचना तथा उजुरीहरू संकलन गर्ने ।
- संकलित सूचना सामग्रीको अध्ययन गरी अभिलेख अद्यावधिक गर्ने ।
- आफ्नो महाशाखाको कार्य प्रगतिको बारेमा मासिक प्रतिवेदन प्रमुख अधिकृत समक्ष पेश गर्ने ।
- आफु मातहतका कर्मचारीहरूलाई कामप्रति वफादार, अनुशासित तथा केन्द्रको काम प्रति उत्तरदायित्व वहन गर्ने क्षमता अभिवृद्धि गर्न समय समयमा कामको अनुगमन गरी आवश्यक निर्देशन दिने ।
- केन्द्रको कार्य सम्पादनमा थप प्रभावकारिता ल्याउन सम्बन्धित महाशाखा/उपमहाशाखा तथा शाखाहरूलई आवश्यक सहयोग गर्ने ।
- केन्द्रमा कार्यरत प्रहरी कर्मचारीहरूको प्रभावकारी व्यवस्थापनका लागि उपमहाशाखा तथा शाखाहरूको अनुगमन र सुपरिवेक्षण गरी रायसहित प्रमुख अधिकृत समक्ष पेश गर्ने ।
- राष्ट्रिय सतर्कता प्रहरी समूहका प्रहरी कर्मचारीको कामको सुपरीवेक्षण गर्ने, कार्यमूल्याङ्कनका आधारमा पुरस्कार तथा कारबाहीका लागि सिफारिस गर्ने ।
- महाशाखालाई तोकिएका अन्य कार्य गर्ने ।

## १.५.४ केन्द्रबाट सम्पादन गरिने मुख्य मुख्य कार्य र कार्य सञ्चालन प्रकृया

राष्ट्रिय सतर्कता केन्द्रले आफ्नो लक्ष्य र उद्देश्य प्राप्तिका लागि निम्न बमोजिमका कार्य सम्पादन गर्दछ । यी कार्यमार्फत सुशासनको प्रत्याभूति गर्दै अनियमितता र भ्रष्टाचार न्यूनीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

### १.५.४.१ केन्द्रबाट सम्पादन गरिने मुख्य मुख्य कार्यहरू

**क. सूचना सङ्कलन, उजुरी तथा निवेदन उपर छानबिन तथा कारबाहीः**

सार्वजनिक संस्थामा हुने अनियमितता, ढिलासुस्ती, र भ्रष्टाचारजन्य कार्य सम्बन्धी केन्द्रमा प्राप्त उजुरी, गुनासो र सूचनाहरूको अध्ययन तथा छानबिन गरी सम्बन्धित निकाय तथा पदाधिकारीलाई ध्यानाकर्षण तथा सतर्क गराउने, सुझाव तथा निर्देशन दिने ।

**ख. सार्वजनिक सेवा प्रवाहको अनुगमनः**

सार्वजनिक संस्थाबाट प्रवाह गरिने सेवाहरू तोकिएको समयमा पारदर्शी र झन्झटमुक्त ढंगले भइरहेको छ वा छैन भनी अनुगमन गर्ने ।

**ग. निगरानी, छड्के जाँच र अन्वेषणः**

भ्रष्टाचार हुनसक्ने स्थान वा कामको नियमित निगरानी,छड्के जाँच र अन्वेषण गर्ने ।

**घ. नागरिक बडापत्र कार्यान्वयनको अनुगमनः**

विभिन्न सार्वजनिक संस्थाहरूमा राखिएका नागरिक बडापत्रमा उल्लेखित सेवाहरू तोकिए बमोजिम प्रदान भइरहेको छ वा छैन भनी अनुगमन गर्ने ।

**ङ. विकास आयोजनाहरूको प्राविधिक परीक्षणः**

सार्वजनिक संस्थाहरूबाट निर्माण भएका सडक, भवन, पुल, सिँचाइ, खानेपानी लगायतका विकास निर्माणका आयोजनाहरूको भौतिक प्रगति, गुणस्तर, लागत अनुमान र प्राविधिक स्पेशिफिकेसनको पालनाबारे स्थलगत परीक्षण तथा मूल्याङ्कन गर्ने गर्दछ । जस अन्तर्गत केन्द्रले खटाएका प्राविधिक परीक्षकबाट सम्बन्धित आयोजना निरीक्षण, आयोजनासँग सम्बन्धित पदाधिकारीसँग छलफल एवम् राय/सुझाव समेत संलग्न गरी अन्तिम प्राविधिक परीक्षण प्रतिवेदन (Final Technical Audit Report) तयार गरिन्छ । प्रतिवेदनमा उल्लेख भएको अपरिपालना (Non-Conformance) सच्याउन केन्द्रले सम्बन्धित निकायमा लेखी पठाउँछ । त्यसरी पठाएका अपरिपालनाहरू सच्याए/नसच्याएको सम्बन्धमा केन्द्रले नियमित अनुगमन गरी आवश्यकता अनुसार कारबाही गर्दछ ।

**च. सार्वजनिक पद धारण गरेका व्यक्तिको सम्पत्ति विवरण र आयको अनुगमनः**

सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले सम्पत्ति विवरण बुझाए/नबुझाएको सम्बन्धमा केन्द्रले अनुगमन गरी नबुझाउनेहरूको प्रतिवेदन तयार गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाउँदछ ।

**छ. सुशासन प्रवर्द्धनका लागि नीतिगत सुझावः**

सार्वजनिक प्रशासनमा सदाचार, नैतिकता, र जवाफदेहिता अभिवृद्धि गर्नका लागि आवश्यक नीतिगत, कानूनी र प्रक्रियागत सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव पेश गर्दछ ।

**ज. भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धिः**

भ्रष्टाचारका नकारात्मक असर र प्रभाव बारे आम जनतालाई सचेत गराउन र भ्रष्टाचारविरुद्धको अभियानमा नागरिक समाजलाई सहभागी गराउँदै भ्रष्टाचार नियन्त्रण गरी सुशासन अभिवृद्धि गर्न केन्द्रले विभिन्न प्रदेश, जिल्ला तथा स्थानीय तहमा राजनीतिक दल, कार्यालय प्रमुख तथा कर्मचारीहरू, नागरिक समाज, पत्रकार तथा अन्य बुद्धिजीवी वर्गको सहभागितामा भ्रष्टाचारविरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दछ।

**झ. अन्तरनिकाय समन्वयः**

केन्द्रमा प्राप्त उजुरी एवम् सूचनाको प्रकृति अनुसार भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा संलग्न अख्तियार दुरूपयोग अनुसन्धान आयोग लगायतका निकायसँग आवश्यक समन्वय, सहकार्य र सहयोगको आदान प्रदान गर्दछ।

### १.५.४.२ केन्द्रको कार्य सञ्चालन प्रकृया

भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३७ बमोजिम भ्रष्टाचारजन्य कार्य प्रभावकारी रूपमा नियन्त्रण गर्न तथा भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले स्थापना भएको यस केन्द्रले ऐनको दफा ३८ ले प्रदान गरेका काम, कर्तव्य र अधिकार बमोजिम कार्य सञ्चालन गर्दै आएको छ। केन्द्रलाई प्राप्त जिम्मेवारी वहन गर्न नियमावली, निर्देशिका र कार्यविधि तर्जुमा गरी कार्य सञ्चालनलाई सहजीकरण गरिएको छ। यस अन्तर्गत सार्वजनिक संस्थामा हुन सक्ने अनियमितता र भ्रष्टाचार सम्बन्धी सूचना संकलन गर्ने, विभिन्न माध्यमबाट प्राप्त उजुरी दर्ता गर्ने, केन्द्रका प्रमुख अधिकृतको संयोजकत्वमा रहेको उजुरी व्यवस्थापन समितिको निर्णय बमोजिम कारबाही प्रकृया अगाडि बढाउने गर्दछ। केन्द्रले उजुरीका सम्बन्धमा राय/प्रतिकृया एवम् सम्वद्ध कागजात माग गर्ने, स्थलगत अनुगमन, निगरानी, छड्के जाँच र अन्वेषणका लागि आवश्यकता अनुसार छानबिन टोली गठन गरी खटाउने गर्दछ। साथै, उजुरीसँग सम्बन्धित निकायका पदाधिकारीहरूसँग छलफल एवम् अन्तरक्रिया गर्दछ। उजुरी छानबिनबाट प्राप्त निष्कर्षका आधारमा सम्बन्धित निकायलाई सतर्क गर्ने, सुझाव/ निर्देशन दिने वा प्रचलित कानून बमोजिम कारबाहीका लागि सम्बन्धित अख्तियारवाला समक्ष लेखी पठाउने गर्दछ।

भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अपनाउनु पर्ने नीति, रणनीति र तत् सम्बन्धी कानूनमा कुनै सुधार गर्नु पर्ने देखिएमा वार्षिक प्रतिवेदन मार्फत र आवश्यकता अनुसार नेपाल सरकार समक्ष सुझाव प्रस्तुत गर्दछ। भ्रष्टाचार हुनसक्ने काम वा स्थानको पहिचान गरी नियन्त्रणका लागि केन्द्रका कर्मचारी मार्फत सघन रूपमा निगरानी गर्दछ। भ्रष्टाचार निवारण ऐन (संशोधन सहित), २०५९ को दफा ५० बमोजिम सार्वजनिक पद धारण गरेका व्यक्तिले प्रचलित कानून बमोजिम पेश गरेको सम्पत्ति विवरण र आयको अनुगमन गरी सम्पत्ति विवरण पेश नगर्ने व्यक्तिको विवरण समेटिएको प्रतिवेदन आवश्यक कारबाहीका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोग समक्ष पेश गर्दछ।

केन्द्रले विकास निर्माणसँग सम्बन्धित आयोजनाको सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्र (कार्य व्यवस्थापन) निर्देशिका, २०६८ को परिच्छेद ८ बमोजिमको प्रकृया पूरा गरी सार्वजनिक संस्थाहरूबाट सञ्चालित आयोजनाहरूको प्राविधिक परीक्षण गर्दछ। प्रदेश, जिल्ला र स्थानीय तहसम्म भ्रष्टाचारविरुद्ध सचेतनामूलक तथा सदाचार शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्दछ। यी कार्यहरू स्वीकृत वार्षिक नीति, कार्यक्रम र बजेट बमोजिम वार्षिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्दछ।

परिच्छेद - २

# केन्द्रबाट सम्पादन भएका प्रमुख कार्यहरू र मुख्य मुख्य उपलब्धिहरू

## २.१ सूचना तथा उजुरी संकलन, छानबिन र कारबाही

राष्ट्रिय सतर्कता केन्द्रले सार्वजनिक निकायबाट सम्पादन हुने कार्यमा हुन सक्ने अनियमितता, ढिलासुस्ती तथा भ्रष्टाचारजन्य गतिविधि सम्बन्धी सूचना विभिन्न माध्यमबाट सङ्कलन गर्ने, प्राप्त उजुरी तथा निवेदन दर्ता गरी आवश्यक छानबिन गर्ने तथा कानूनबमोजिम आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा पठाउने कार्य निरन्तर रूपमा गर्दै आएको छ।

आर्थिक वर्ष २०८२/८३ मा दर्ता भएका उजुरी तथा अघिल्लो आर्थिक वर्ष २०८१/८२ बाट जिम्मेवारी सरी आएका उजुरीहरूमाथि तथ्य, प्रमाण तथा कानूनी आधारका आधारमा छानबिन सम्पन्न गरिएको छ। छानबिनको नतिजाअनुसार सम्बन्धित निकाय तथा पदाधिकारीलाई आवश्यक सुझाव, निर्देशन तथा सतर्कता प्रदान गरिएको, आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको तथा भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कारबाही गर्नुपर्ने देखिएका उजुरीहरू अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाइएको छ। त्यसैगरी, छानबिनका क्रममा आरोप पुष्टि हुने पर्याप्त आधार वा प्रमाण प्राप्त नभएका उजुरीहरू भविष्यमा थप प्रमाण प्राप्त भएमा कानूनबमोजिम आवश्यक कारबाही गर्न सकिने गरी फाइल तामेलीमा राख्ने व्यवस्था गरिएको छ।

### २.१.१ सूचना तथा उजुरी संकलन एवं फछ्र्यौटको विवरण

सार्वजनिक निकायबाट सम्पादन हुने कार्यमा देखिएका अनियमितता सम्बन्धी सूचना तथा उजुरीहरू विभिन्न माध्यमबाट प्राप्त भई यस केन्द्रमा दर्ता हुने गरेका छन्। आर्थिक वर्ष २०८२/८३ मा कुल २,१३७ वटा नयाँ उजुरी दर्ता भएका थिए भने अघिल्लो आर्थिक वर्ष २०८१/८२ बाट ४२९ वटा उजुरी जिम्मेवारी सरी आएका थिए। यसरी समीक्षा अवधिमा छानबिनका लागि जम्मा २,५६६ वटा उजुरी उपलब्ध रहेका थिए।

उपलब्ध उजुरीहरूमध्ये १,८५४ वटा उजुरी फछ्र्यौट गरिएको छ, जुन कुल उजुरीको ७२.२५ प्रतिशत हो। बाँकी उजुरीहरू आवश्यक छानबिन, प्रमाण सङ्कलन तथा सम्बन्धित निकायबाट विवरण प्राप्त गर्ने प्रक्रियामा रहेका छन्।

### २.१.२ केन्द्रबाट छानबिन तथा कारबाही भएका उजुरीको विवरण

केन्द्रले प्राप्त उजुरीहरूको प्रकृति, गम्भीरता तथा उपलब्ध तथ्य–प्रमाणका आधारमा छानबिन गरी कानूनबमोजिम आवश्यक निर्णय तथा कारबाहीको प्रक्रिया अघि बढाएको छ। छानबिनबाट प्राप्त निष्कर्षअनुसार सम्बन्धित निकायलाई सुझाव, निर्देशन तथा सतर्क गराइएको, आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको तथा भ्रष्टाचार सम्बन्धी विषयमा अधिकारप्राप्त निकायमा सिफारिस गरिएको छ।

### (क) केन्द्रबाट सम्बन्धित निकायलाई दिइएका सुझाव, निर्देशन तथा सतर्क गराइएका विवरण

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ को खण्ड (छ) तथा राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (३) बमोजिम केन्द्रले सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह अन्तर्गतका विभिन्न सार्वजनिक निकायसँग सम्बन्धित उजुरीहरूको छानबिन गरी आवश्यक सुझाव, निर्देशन तथा सतर्कता प्रदान गरेको छ। यसरी दिइएका सुझाव, निर्देशन तथा सतर्क गराइएका विवरणहरू तहगत रूपमा देहायबमोजिम प्रस्तुत गरिएको छ।

### सङ्घीय सरकार अन्तर्गतका निकायहरू

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | विरुद्ध | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| **अर्थ मन्त्रालय** | | | | |
| १ | उजुरीकर्तालाई त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा सेवा प्रदान गर्दा कर्मचारीहरूले दुर्व्यवहार गरेको, सेवाको प्रकृयाको वारेमा स्पष्ट जानकारी नगराएको, सेवाप्रदायक कर्मचारीहरूले आफ्नो पहिचान लुकाएको, सामान जफत गरेको र धम्की समेत दिएको लगायतका गुनासो हेलो सरकारमार्फत प्राप्त भएको। | त्रिभुवन विमानस्थल भन्सार कार्यालय। | प्रस्तुत उजुरीको सम्बन्धमा त्रिभुवन विमानस्थल भन्सार कार्यालयलाई नागरिक वडापत्रको पूर्ण कार्यान्वयन गर्न, सेवाको प्रकृयाको वारेमा सेवाग्राहीलाई सहज रूपमा जानकारी प्राप्त हुनेगरी व्यवस्था मिलाउन, कर्मचारीको व्यबहार सेवाग्राहीमैत्री बनाउनको लागी अभिमुखिकरण गर्न र गुनासकोको समयमानै सम्बोधन गर्न निर्देशन दिइएको। | |
| २ | देशका ७५३ वटै स्थानीय तहबाट सामाजिक सुरक्षा भत्ता प्रदान गर्दा बैंकहरूले सम्बन्धित स्थानीय तहको निस्साको आधारमा प्रदान गर्नुपर्नेमा सेवाग्राहीबाट अनावश्यक कागजात मागी सास्ती दिने गरेकोले त्यसको समाधान गरीपाउँ भनी परेको उजुरी। | सामाजिक सुरक्षा भत्ता दिने बैंकहरू | उजुरीलाई राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागसँग सम्बन्धित भएकोले उजुरीलाई राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा सेवाग्राहीलाई परेको समस्या समाधान गरी यस केन्द्रलाई जानकारी गराउन निर्देशन दिइएको। | |
| ३ | राष्ट्रिय वाणिज्य बैंकको कर्मचारी सेवा विनियमावलीको कानूनी आचरण सम्बन्धी व्याख्याको विपरीत गई अधिकृतस्तर तह - ८ वा सो भन्दा माथिका कर्मचारीहरूले ट्रेड युनियनमा आवद्ध भै बैंक व्यवस्थापनसँग साँठगाँठ गरेको लगायतका विषय राखी परेको उजुरी। | राष्ट्रिय वाणिज्य बैंकका ट्रेड युनियनका पदाधिकारी | श्रम कार्यालयबाट माग गरिएको ट्रेड युनियनमा आबद्ध कर्मचारीहरूको विवरण संलग्न गरी विनियमावली विपरीत आबद्ध कर्मचारीहरूलाई कारबाही गरी यस केन्द्रमा जानकारी गराउनको लागी राष्ट्रिय वाणिज्य बैंकलाई निर्देशन दिइएको। | |
| ४ | प्राप्त उजुरीमा सप्तरी जिल्ला सदरमुकाम राजविराजमा अवस्थित राष्ट्रिय वाणिज्य बैंकको कर्जा फाँट (कोठा नं. १९) मा लामो समय (करिव १ महिना) देखी कर्मचारी अनुपस्थित हुँदा सेवाग्राहिलाई सास्ती भएको भन्ने व्यहोराको उजुरी | राष्ट्रिय वाणिज्य बैक | प्रस्तुत उजुरीको सम्बन्धमा आवश्यक व्यवस्था मिलाई यस केन्द्रमा जानकारी गराउनको लागि राष्ट्रिय वाणिज्य बैंकलाई निर्देशन दिइएको। | |
| **परराष्ट्र मन्त्रालय** | | | | |
| ५ | म राहदानी विभागमा सेवा लिने क्रममा सेवाग्राहीलाई प्रहरी बोलाउने जस्ता धम्कीपूर्ण अभिव्यक्ति दिएकोले आवश्यक कारबाही गर्नुहुन अनुरोध गर्छु भन्ने वेहोराको उजुरी | राहदानी विभाग | सेवाग्राही समक्ष उचित र मर्यादित व्यवहार गर्न राहदानी विभागलाई निर्देशन दिइएको। | |

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | विरुद्ध | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| **संचार तथा सूचना प्रविधि मन्त्रालय** | | | | |
| ६ | WORLD LINK ले उपभोक्तासँग गैरकानूनी तवरले रकम असूल उपर गरेको लगायत | नेपाल टेलिकम | नेपाल दुरसञ्चार ऐन, २०५३ तथा नियमावली २०५४ विपरीत वल्डलिंक लगायत अन्य ईन्टरनेट सेवा प्रदायकहरूले मनोमानी रूपमा प्याकेज बनाएर बिक्री गरिरहेको पाइएकोले भविष्यमा इन्टरनेट सेवा उपभोग गर्नेहरूबाट आउन सक्ने गुनासोहरूलाई सम्बोधन गर्न ऐन/नियमको पालना गर्न गराउन, त्यस्ता प्याकेजको स्वीकृती कार्यान्वय र अनुगमन प्रणालीलाई थप सुधार गर्न साथै ग्राहकबाट असूल गर्ने दस्तुर नेपाल दूरसञ्चार प्राधिकरणबाट पूर्वस्वीकृत भए पश्चात मात्र लागू गर्नुपर्ने र सो स्वीकृत दस्तुर अनुसार मात्र दुरसञ्चार सेवा प्रदायकहरूले ग्राहकहरूबाट शुल्क लिनुपर्ने कानूनी व्यवस्था रहेकोमा सो व्यवहारमा प्रभावकारी रूपमा पालना भएको नदेखिएको, दूरसञ्चार नियमावली २०५४ को नियम १५ को संशोधित कानून बमोजिम इन्टरनेट सेवा प्रदायकले जारी गर्ने बिलको स्वरूपमा पनि परिवर्तन गरी सोको स्वीकृती समेत तहाँ प्राधिकरणले गर्नुपर्नेमा सो समेत नगरेको देखिएकोले सबै सेवा प्रदायकहरूको दस्तुर बिलिङ प्रणाली ताथ सेवाग्राहीबाट लिने शुल्कको निरन्तर नियमित र प्रभावकारी अनुगमन नियमन तथा व्यवस्थापन गर्न गराउन भनी नेपाल दूरसञ्चार प्राधिकरण काठमाडौँलाई निर्देशन दिईएको। | |
| ७ | विविध क्षेत्रमा काम गरीरहेको वर्ल्ड भिजन ईन्टरनेशनल नामको INGO र सामुदायिक रेडियो प्रशारण संघ ललितपुर समेतको मिलेमतोमा क्रिश्चियन धर्म प्रचार गर्दै विकासको नाममा धर्म परिवर्तन गर्न नेपाली जनतालाई प्रलोभन र दबाब दिइरहेको, यस्ता गैहकानूनी कार्यको लागि सामुदायिक रेडियो प्रशारण संघले संरक्षण गरिरहेको, साथै उक्त प्रशारण संघले एफएम रेडियोहरूको आम्दानीलाई लुकाएर कर छली गरेको, धेरै सामुदायिक रेडियोहरू गैरकानूनी तवरले चलेका र जिल्ला प्रशासन कार्यालयलाई दवाव दिएर गैरकानूनी रूपमा नविकरण गर्न लगाएको ACORAB का पदाधिकारीले गैरकानूनी त.भ. लिने, नक्कली वील/भरपाई भुक्तानी गर्ने, देश विदेशको भ्रमण सुविधा लिने, अपत्यारिलो स्रोतको वैंक रकम आवतजावत हुने, घरजग्गा, व्यापारमा लगानी गरेको भन्ने लगायतका कार्यहरू गरिरहेकाले यस्ता गैह्रकानूनी र भ्रष्टाचारजन्य कार्य उपर छानबिन तथा कारबाही गरी पाउँ भन्ने व्यहोरा | वर्ल्ड भिजन ईन्टरनेशनल नामको INGO र सामुदायिक रेडियो प्रशारण संघ ललितपुर समेत | प्राप्त उजुरी/निवेदन उपर केन्द्रबाट भएको प्रारम्भिक छानबिनबाट समाजकल्याण ऐनमा भएको व्यवस्था अनुसार सामुदायिक रेडियो प्रशारण संघ नेपाल वीचको रेडियो कार्यक्रमहरू समाज कल्याण परिषदसंग भएको परियोजना संझौता अन्तर्गत नभएको र उल्लेखित कार्यहरू संचालन गर्न समाज कल्याण परिषदबाट पूर्व स्वीकृती नलिएको, वर्ड भिजन इन्टरनेशलले सामुदायिक रेडियो प्रशारण संघ नेपाल सँग सन् २०२२ देखी हालसम्म गरेको सहकार्य अन्तर्गत समझदारीपत्र अनुसार उक्त अगैससबाट समेत वजेट विनियोजन भएको देखिएको, वर्ल्ड भिजन इन्टरनेशनल अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको World Vision International Nepal, framework for Governance and Operations, (Dec. 2020) को Section 3 मा As an Organization motivated by the Christian faith and values तथा WVI Nepal's identity is based on this historical background and our Christian Values लगायतका वाक्यांश Framework मा देखिएकोले उक्त कार्य कुनै खास धर्मको आस्था वा सिद्धान्तबाट प्रेरित भएको देखिएको, | |

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | विरुद्ध | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| | | | उल्लेखित दुई संस्था वीच भएको Memorandum of Agreement (MOA) लाई व्यवसायिक सेवा करार भनेर अगैससबाट स्पष्टीकरण आएको देखिएतापनि उक्त MOA हरूमा दुवै संस्थाहरू समाज कल्याण परिषदको स्विकृती वेगर आर्थिक सहयोगबाट परियोजनाको रूप दिई कार्यक्रम संचालन भएको देखिएकोले उक्त कार्यलाई व्यवसायिक सेवा करार भन्न नमिल्ने साथै उक्त कार्य समाज कल्याण ऐन, २०४९ विपरीत भएको, समुदायिक रेडियो प्रशारक संघ नेपाल, ललितपुर, समाज कल्याण परिषदमा मिति २०६३/९/७ मा आवद्धता भएको तर हालसम्म नविकरण नगरेको तथा गैससहरूले समाज कल्याण ऐन तथा नियमावलीमा उल्लेखित शर्तहरू पालना गरेको नदेखिएको, पदाधिकारी/कर्मचारीहरूको तलव, भत्ता, सुविधाका सम्बन्धमा कागजात उपलब्ध नगराएको र टोलीले पटक-पटक प्रयास र ताकेता गर्दा पनि सामुदायिक रेडियो प्रसारक संघ नेपाल संस्थाबाट आवश्यक विवरण, आरोपलाई खण्डन गर्ने प्रमाण, आर्थिक विवरण, ठोस एवं वस्तुनिष्ठ राय प्रतिकृया प्राप्त गर्न नसकिएकाले खास गरी पदाधिकारी/कर्मचारीहरूको तलव, भत्ता, सुविधा, एफ.एम. रेडियोहरूको आम्दानीलाई लुकाएर करछली गरेको, विदेश भ्रमणको नक्कली बील भरपाई बनाइ भुक्तानी गर्ने गरेको, अपत्यारिलो श्रोतको बैंक रकम आवातजावात हुने गरेको, घरजग्गा लगानी र व्यापार गरी गैरकानूनी कार्य गर्ने गरेको भन्ने लगायतका विषयमा विशेषज्ञ टोलीबाट विस्तृत छानबिन गर्न मनासिब हुने भनि सुझाव दिएको देखिएकोले उल्लेखित विषयहरूमा तहाँ परिषदबाट विज्ञ सहितको टोली वनाई आवश्यक छानबिन तथा कारबाही गर्न निर्देशन दिने साथै वर्ल्ड भिजन इन्टरनेशनलको कार्यक्रम तथा गतिविधिहरू प्रचलित कानून, संस्थागत उद्देश्य र स्वीकृत कार्यक्षेत्र भित्र सीमित रहे/नरहेको सम्बन्धमा तहाँ परिषदले आवश्यकतानुसार निरन्तर अनुगमन तथा निगरानी गरी कुनै पनि किसिमको कानून विपरीत गतिविधि फेला परेमा प्रचलित कानूनबमोजिम आवश्यक कारबाही गरी १ महिना भित्र यस केन्द्रलाई समेत जानकारी गराउन भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ (१) (छ) बमोजिम समाज कल्याण परिषद्, हरिहरभवन र जिल्ला प्रशासन कार्यालय ललितपुरलाई निर्देशन दिईएको। | |

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | विरुद्ध | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ८ | नेपाल टेलिभिजन संस्थानको कर्मचारी सेवा शर्त विनियमावली, २०५५ (आठौं संशोधन, २०७६) को विनियम ४० बमोजिम करार सेवामा कर्मचारी भर्ना गर्दा संचालक समितिबाट स्वीकृति नलिई कार्यकारी अध्यक्षले दवाव दिएर नियम विपरीत करार सेवामा कर्मचारी भर्ना गर्न सूचना प्रकाशित गरेकोले उक्त सूचना रद्ध गर्न र मेकअफको काम गर्न भनी अनावश्यक व्यक्तिहरू कार्यकारी अध्यक्षको वुहारी शोभा विष्ट राउत र अन्य २ जनालाई नियम विपरीत भर्ना गरेको भन्ने लगायतका व्यहोराको उजुरी। | नेपाल टेलिभिजन | उल्लेखित उजुरी उपर केन्द्रबाट भएको प्रारम्भिक छानबिनबाट नेपाल टेलिभिजन संस्थान कर्मचारी सेवा शर्त विनियमावली, २०५५ (आठौं संशोधन, २०७६) को विनियम ४० बमोजिम सेवा करारमा कर्मचारी नियुक्त गर्दा सम्बन्धित निकायबाट दरवन्दी स्वीकृत गराई प्रचलित कानून बमोजिम नियुक्ति गर्ने व्यवस्था गर्न/गराउन भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ (छ) बमोजिम सार्वजनिक सेवा प्रसारण नेपाललाई निर्देशन दिईएको | |
| ९ | नेपाल टेलिभिजनमा अध्यक्षको रूपमा महेन्द्र विष्ट आए पश्चात भ्रष्टाचार मौलाउँदै गएको साथै यस्तो कार्यमा मन्त्रालय समेतले कुनै चासो नदिएको विषय लगायत। | नेपाल टेलिभिजनमा अध्यक्षको रूपमा महेन्द्र विष्ट | नेपाल टेलिभिजन कर्मचारी सेवा सर्त विनियमावलीको विनियम, ४४ मा उल्लेख भएको विभागिय प्रमुख वा कार्यालय प्रमुखको पदमा मात्र निमित्त भई काम गर्न जिम्मेवारी दिन सक्ने व्यवस्था भएको तर नायब महाप्रबन्धक पदको हकमा निमित्तको जिम्मेवारी दिने सक्ने नरहेकोले उक्त विनिमावली बमोजिम गर्न गराउन श्री सार्वजनिक सेवा प्रसारण नेपाल सिंहदरबारलाई निर्देशन दिईएको। | |
| १० | नेपाल टेलिभिजनमा कार्यरत कर्मचारीहरूको पदस्थापन तथा सरुवामा कर्मचारी विनियमावली विपरीत सरुवा तथा पदस्थापन गरेको विषय लगायत। | नेपाल टेलिभिजन | नेपाल टेलिभिजनमा कार्यरत कर्मचारीहरूको पदस्थापन तथा सरुवामा कर्मचारी विनियमावली बमोजिम कानूनको परिधिमा रहि सरुवा तथा पदस्थापन गर्ने व्यवस्था मिलाउनुहुन श्री नेपाल टेलिकम भद्रकालीलाई निर्देशन दिईएको। | |

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | विरुद्ध | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| **सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय** | | | | |
| ११ | निजामती कर्मचारी अस्पताल, मिनभवनका कार्यकारी निर्देशक प्रा.डा. विद्यानिधिले गैरकानूनी रूपमा डायलासिस र एमआरआई मेसिन वजारमूल्यभन्दा वढी मूल्यमा खरीद गरेको, अस्पतालको लागि आवश्यक उपर्युक्त मेसिन नराखेको र अस्पतालमा काम नगरी विनायक अस्पताल तथा प्रसुती गृहमा निरन्तर रूपमा काम गरी निजामती अस्पतालका विरामीहरूलाई कमिशनको प्रलोभनमा विनायक अस्पताल तथा प्रसुति गृहमा जान उत्प्रेरित गर्ने, अस्पालको आन्तरीक सरुवामा आर्थिक लाभ लिई गर्ने, अस्पताल क्यान्टीन संचालकसंग मिलेमतो गरी मापदण्ड विपरीत गुणस्तरहिन खानेकुरा महंगो मूल्यमा असूल गर्ने, ५० वेडको इमर्जेन्सी वार्ड निर्माण गर्ने गरी वनाईएको भवनमा सो नगरी अन्य स्थानमा संचालन गरी एउटै कार्यमा दुई परियोजना देखाई रकम निकासा गरेको र उक्त भवन नक्सापास समेत नगरी गुणस्तरहिन र मापदण्ड विपरीत रहेको, अस्पतालमा रहेका सुरक्षा गार्डलाई आफ्नो निजी प्रयोजनको लागि घरमा प्रयोग गरेको र सुरक्षा गार्ड तथा सरसफाईकर्मीहरूको टेण्डर प्रकृयामा समेत मिलेमतो गरेको, अस्पतालमा विभिन्न ल्याव मेसिन तथा रिएजेण्टहरू कर्मचारी तथा ल्याव इन्चार्ज, ल्याव HOD तथा अन्य प्रशासनका कर्मचारीहरूले व्यक्तिगत स्वार्थका कारण चलखेल गरी उक्त मेसिनहरू संचालनमा नगरी नेपाल सरकारको सम्पति दुरूपयोग तथा हिनामिना गरेकोले सेवाग्राही सेवा लिन वञ्चित भएका, अस्पतालको लागि Procurement of clothes Items Contract No.CDH/NCB/IR/10/080/81 को खरीद कार्यको लागि भएको टेण्डरमा सबैभन्दा कम मूल्यमा कवोल गरेको फर्मलाई स्वीकृत नगरी मिलेमतोमा न्यू पशुपति सप्लायर्सको नमुना जाँच गर्ने वाहाना वनाई एकै प्रकारको कपडालाई विभिन्न आरोप लगाई उक्त फर्मको टेण्डर न्यून रेटमा भएमा नदिई न्यू पशुपति सप्लायर्सलाई कार्य गर्न दिएको भन्ने लगायत व्यहोराको ५ थान उजुरी। | प्रा.डा. विद्यानिधि पौडेल | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निम्नानुसार निर्देशन दिइएको :<br>१. अस्पतालमा कार्यरत विकास समिति तर्फका कर्मचारीको सरुवा/पदस्थापन सम्बन्धी आवश्यक कार्यविधि बनाई आन्तरिक सरुवा गर्ने व्यवस्था मिलाउने।<br>२. सुरक्षाकर्मीहरू सप्लाई गर्न नवदुर्गा सेक्युरीटी गार्ड सप्लाई सर्भिस प्रा.लि.संग जम्मा ५७ जना सुरक्षा गार्ड उपलब्ध गराउने भनी संझौता भएपनी जम्मा ४३ जना कार्यरत रहेको तर संझौता बमोजिमको रकम तथा चाडवाड खर्च समेत ५७ जनाकै भुक्तानी भएको पाईएकोले यस सम्बन्धमा संलग्नलाई आवश्यक कारबाही गर्न र गैरकानूनी भुक्तानी भएको रकम जिम्मेवार पदाधिकारीबाट असूल उपर गर्ने।<br>३. श्री देव सरसफाई सेवा प्रा.लि.संग भएको संझौता बमोजिमका सरसफाईकर्मी छानबिनको क्रममा कार्यरत रहेको नपाईएको तर संझौता बमोजिम १२५ जना सरसफाईकर्मीकै तलवभत्ता तथा चाडवाड खर्च समेत भुक्तानी भएको पाईएको, यसमा अस्पताल प्रशासनले के/कति संख्यामा सरसफाईकर्मी उपस्थित छन, नियमित रहे नरहेको सम्बन्धमा नियमित अनुगमन गरी कारबाही प्रकृया अगाडी वढाउनु पर्नेमा सो नगरी कार्यरत नरहेका सरसफाईकर्मीको समेत त.भ. तथा चाडवाड खर्च समेत भुक्तानी गरेको पाईएकोले यसमा नियमसंगत कार्य भयो भन्न सक्ने अवस्था देखिएन तसर्थ यसमा नियम विपरीत भुक्तानी कार्यमा संलग्नलाई कारबाही गरी संझौता विपरीत भुक्तानी भएको रकम असूल उपर गर्ने।<br>४. निजामती कर्मचारी अस्पताल मिनभवन, काठमाण्डौमा विभिन्न ल्याव मेसिन तथा रिएजेन्टहरू अस्पतालका कर्मचारीहरूले व्यक्तिगत स्वार्थका कारण मेसिनहरू संचालन नगरी दुरूपयोग गरेको भन्ने विषयमा प्याथोलोजी विभागमा संचालनमा नरहेका उपकरणहरूको मर्मत सम्हार गरी संचालनमा आउने भए संचालनमा ल्याउन र मर्मतनै नहुने भए लिलामी प्रकृया अगाडि बढाउने। | |

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | विरुद्ध | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| १२ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा कार्यरत कर्मचारीहरूले सरकारी सवारी साधनको दुरूपयोग गरी चैतन्य, नेम, भाईब्रेन्ट जस्ता लोक सेवा पढाउने कार्य गरी अनुशासनहिन कार्य गरेकोले कारबाही गर्नुहुन भन्ने लगायत व्यहोराको प्र.म. तथा म.प. कार्यालय मार्फत केन्द्रमा प्राप्त उजुरी। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | उल्लेखित विषयमा केन्द्रबाट खटी गएको छानबिन समितिले दिएको प्रतिवेदनका आधारमा सरकारी सवारी साधन दुरूपयोग गरी विभिन्न ट्युसन सेन्टरमा देखिएका निकायहरू सवारी साधान प्रयोग गर्ने निकायहरू श्री फैसला कार्यान्यन निर्देशनालय, ववरमहल, श्री तरकारी वाली विकास केन्द्र, खुमलटार, श्री हलेशी तुवाचुङ नगरपालिका, खोटाङ, श्री नेपाल आयल निगम, टेकु, श्री भेटेनरी गुणस्तर तथा औषधि नियमन प्रयोगशाला, वुढानिलकण्ड, श्री सङ्घीय संसद सचिवालय, सिंहदरवार, श्री अधिकार सम्पन्न वागमती सभ्यता उकिकृत विकास समिति, गुहेश्वरी, श्री औषधि व्यवस्था विभाग ववरमहल, श्री हुलाक सेवा विभाग, ववरमहल, श्री श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, ववरमहल, श्री राजश्व अनुसन्धान विभाग, हरिहरभवन, श्री राजश्व न्याधिकरण, काठमाण्डौ, श्री महिला वालवालिका तथा जेष्ठ नागरीक मन्त्रालय, श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र श्री गृह मन्त्रालयमा कार्यरत रही सवारी साधन प्रयोगकर्तालाई कानून बमोजिम कारबाही गर्न उल्लेखित निकायहरूलाई निर्देशन दिईएको। | |
| १३ | अधिकांश स्थानीय तहका प्रमुख, उपप्रमुख अध्यक्ष उपाध्यक्षले सरकारी सवारी साधन आफ्ना व्यक्तिगत काममा (विवाह/व्रतवन्ध/मलामी/घुमफिर लगायत) प्रयोग गरी सरकारी सम्पतिको दुरूपयोग गरेको भन्ने। | स्थानीय तहका पदाधिकारी | सवारी साधनको दुरूपयोग रोक्ने व्यवस्था मिलाउन सबै स्थानीय तहलाई परिपत्र गरीदिन भनी श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिईएको। | |
| १४ | स्थानीय तह सञ्चालन ऐन,२०७४ को दफा ८४(३) र ४ विपरीत हुने गरी सङ्घीय तहका कर्मचारी हुँदाहुँदै स्वास्थ्य सेवाका कर्मचारीलाई ज्येष्ठता कायम हुने गरी निमित्त प्रमुख प्रशासकीय अधिकृतको रूपमा आर्थिक र प्रशासनिक अधिकारसहित गैरकानूनी रूपमा खटनपटन गरिएकोले सो व्यवस्था खारेज गर्नुहुन लगायत। | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | स्थानीय तहमा कानूनले तोकिए बमोजिमका कर्मचारीलाई प्रमुख प्रशासकिय अधिकृतको रूपमा खटाउँदा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ (४ ) तथा निजामती सेवा ऐन,२०४९ को दफा ३ तथा नियमावली २०५० को नियम ४६ मा उल्लेखित प्रावधान अनुसार निजामती सेवाका कर्मचारीलाई मात्र खटाउने व्यवस्था मिलाई सोको जानकारी दिन भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिइएको। | |
| १५ | सङ्घीय संसदका उपसचिवहरूलाई सवारी साधन साथै तेल उपलब्ध गराउँदै आएकोमा भदौ २३ र २४ को आन्दोलन पश्चात पनि सवारी साधन सबैलाई उपलब्ध नगराएकोमा तर मर्मत र ईन्धनको विल भरपाई पेश गरी भुक्तानी लिएको भन्ने लगायत। | संसद सचिवालय | सचिवालय मातहत रहेका सवारी साधन प्रयोग कानून बमोजिम गर्न गराउन र सवारी साधन दुरूपयोग हुन नदिने व्यवस्था मिलाउन भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ (१)(छ) बमोजिम संसद सचिवालयलाई निर्देशन दिईएको। | |

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | विरुद्ध | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| **युवा तथा खेलकुद मन्त्रालय** | | | | |
| १६ | नेपाल स्काउटका प्रधान कार्यालयमा कार्यरत प्रशासकिय अधिकृत श्री सन्तोष चौहानले नियम विपरीतको कार्य र उदण्ड कार्यशैलीका कारण स्काउटमा बेथिति बढेकोले निजमाथि छानबिन तथा कारबाही गरियोस भन्ने लगायत। | नेपाल स्काउटका प्रशासकीय अधिकृत सन्तोष चौहान | उजुरीका सम्बन्धमा प्रचलित नियम कानून र तथ्य प्रमाणका आधारमा कारबाही गर्न युवा तथा खेलकूद मन्त्रालयलाई निर्देशन दिइएको। | |
| १७ | तत्कालीन युवा तथा खेलकुद मन्त्री बब्लु गुप्ताले राष्ट्रिय खेलकुद परिषद्का सदस्यको नियुक्ति कानूनी प्रक्रिया, स्थापित परम्परा र संस्थागत व्यवस्था विपरीत गरेकोले नियुक्ति बदर गरी छानबिन तथा कारबाही गरियोस भन्ने लगायत। | राष्ट्रिय खेलकुद परिषद (युवा तथा खेलकुद मन्त्रालय) | तर्कसंगत मापदण्ड निर्धारण गरी पदाधिकारीको नियुक्ति तथा मनोनयन गर्न युवा तथा खेलकुद मन्त्रालयलाई निर्देशन दिइएको। | |
| **भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय** | | | | |
| १८ | कैलाली जिल्लाको टीकापुर न.पा.-७ को हुलाकी राजमार्गको बाटो निर्माण कार्यको जिम्मा पाएको जोशीविल्डर्सले ५ महिना पहिलेनै निर्माण कार्य सुरु गरेतापनि हालसम्म काम सम्पन्न नगरेकाले स्थानीयवासीहरू धुवाँ, धुलोबाट सास्ती भोग्न बाध्य भएकाले निर्माण कार्य छिटो सम्पन्न गर्न आवश्यक पहल गरिपाउँ। | जोशी विल्डर्स | यस सम्बन्धमा हुलाकी राजमार्ग आयोजना कार्यालय, धनगढीलाई उक्त आयोजनाको नियमित अनुगमन गरी सुरक्षित, व्यवस्थित र सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न गर्न गराउन निर्देशन दिईएको। | |
| **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय** | | | | |
| १९ | समाज कल्याण परिषद्मा नियम विपरीत कार्यहरू गरी अनुचित आर्थिक लाभ लिने गरेकोले सो कार्य रोकी कारबाही गरियोस भन्ने लगायत। | समाज कल्याण परिषद् | उजुरीका सम्बन्धमा आवश्यक छानबिन तथा कारबाही गर्नका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई निर्देशन दिईएको। | |
| २० | समाज कल्याण परिषद्लाई बचाउन कानून बमोजिम काम गर्ने बातावरण बनाइदिनुका साथै भ्रष्ट कर्मचारी माथि निगरानी बढाई, सत्य तथ्य बुझी दोषीलाई कारबाही गरियोस भन्ने लगायत। | समाज कल्याण परिषद् | उजुरीका सम्बन्धमा आवश्यक छानबिन तथा कारबाही गर्नका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई निर्देशन दिईएको। | |
| **कृषि तथा पशुपन्छि विकास मन्त्रालय** | | | | |
| २१ | दुग्ध विकास आयोजना, बालाजुका कर्मचारीहरूले तोकिएको पोशाक नलगाई कार्यालयमा उपस्थित हुने गरेको। | आयोजनाका कर्मचारी | दुग्ध विकास आयोजना, बालाजुका कर्मचारीलाई नियमित रूपमा तोकिएको पोशाक लगाई कार्यालयमा उपस्थित हुन निर्देशन दिइएको। | |

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | विरुद्ध | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| २२ | खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडा अन्तर्गत कार्यरत कर्मचारी सागर दाहालले खाद्य सम्बन्धी कार्यक्रम संचालन गर्न पेश्की लिई कार्यक्रममा खर्च नगरी झुट्टा विलहरू पेश गरी पेश्की फछ्र्यौट गरेको। | | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग बबरमहल काठमाण्डौलाई आफ्नो विभाग र मातहतका निकायमा हुने यस्ता कार्यक्रम सञ्चालनमा हुनसक्ने अनियमितता नियन्त्रणका लागि प्रभावकारी अनुगमन संयन्त्र निर्माण गरी नियमित अनुगमन गर्न/गराउन निर्देशन दिइएको। | |
| **भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय** | | | | |
| २३ | नापी विभागबाट दिने ३ महिने काज समाप्त भएको १२ महिना भइसक्दा समेत आफ्ना मान्छेलाई उपत्यका भित्रका कार्यालयबाट काज फिर्ता नगरेको सम्बन्धमा। | | नापी विभाग, काठमाडौँलाई प्रचलित कानूनबमोजिम गर्न गराउन निर्देशन दिइएको। | |
| **ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय** | | | | |
| २४ | नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालयका धेरैजसो कर्मचारीहरूले कार्यालय समयमा तोकिएको पोशाक लगाएको नपाइएकोले आवश्यक कारबाही गरी पाउँ। | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय। | कानूनले तोके बमोजिम आचारसंहिता पालना गर्न नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालयलाई निर्देशन दिइएको। | |
| **संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय** | | | | |
| २५ | नेपाल प्रज्ञा प्रतिष्ठानमा २०८० भदौ महिनामा बसेको ४० औ प्रज्ञा शभाले विद्यमान नेपाल प्रज्ञा प्रतिष्ठान कलाकार तथा कर्मचरी नियमावलीको नियम २८, जेष्ठताको मूल्याकन र नियम ३६, बढुवा सम्बन्धी बिशेष व्यवस्थालाई संशोधन गर्ने निर्णय गरेकै आधारमा एउटै क्षेणीमा १५ वर्ष सेवा गरेमा एक श्रेणी माथिको बढुवा गर्ने बिद्यमान व्यवस्थालाई १२ बर्षमा झारेर १६ जना कर्मचारीलाई १२ वर्ष सेवा गरेकै आधारमा विशेष बढुवा गरेकोले कारबाही गरी पाउँ। | नेपाल प्रज्ञा प्रतिष्ठान | नेपाल प्रज्ञा प्रतिष्ठान कलाकार तथा कर्मचारी सेवासम्बन्धी(पाँचौ संशोधन) नियमावली-२०७७ को दफा ३६ को उपदफा ३ बमोजिम प्रतिष्ठानको आर्थिक कार्यभार थपिने साथै तह बढुवाको विषयमा नियमावली संशोधन गर्दा लोक सेवा आयोगको परामर्श लिनु पर्ने व्यवस्था रहेकोमा सो बमोजिम गरेको नदेखिएकोले लोक सेवा आयोगको परामर्श लिई प्राप्त परामर्श बमोजिम गर्न गराउन निर्देशन दिईएको। | |
| २६ | लुम्बिनी विकास कोषको कार्यालयबाट मिति २०८०/१०/०९ मा आव्हान भएको ठेक्का नं ८०/८१ लुम्बिनी गुरुयोजनाको केन्द्रीय नहरका अनिवार्य रूपमा कम ध्वनी एवं धुवा रहित डुंगा संचालन गर्न भनि रभलल्यान्ड प्रा.लि भरतपुर चितवनको बोलपत्र स्वीकृति भएपनि सो अनुसार नगरेको। | लुम्बिनी विकास कोष | लुम्बिनी विकास कोषलाई रंगमहल रिभरल्यान्ड प्रा. लि. र लुम्बिनी विकास कोषबिच भएको करार सम्झौता बमोजिम कार्य भएको नदेखिएकोले उक्त करार सम्झौता बमोजिम कारबाही गर्न निर्देशन दिईएको। | |

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | विरुद्ध | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| २७ | नेपाल पर्यटन बोर्डका कार्यकारी निर्देशकले जोग्राफीको अनुसन्धान गर्ने भनी आफु पढेको कलेजका अनि जापानका प्रोफेसरलाई नेपाल बोलाउने, नेपालको डाटा दिने उनीहरूको टुर ट्रेकिङ मिलाउने उनीहरूबाट पैसा लिन, नेपाल पर्यटन बोर्डको कार्यक्षेत्र भित्र नपर्ने विषयमा ५ करोड खर्च गराएर भौगोलिक सुचना डाटा तयार पारेका छन्। पर्यटन बोर्डको बजेट नै पास नभई नेपाल पर्यटन बोर्डको साइटमा पोखरामा नेपाल पर्यटन बोर्डको भौगोलिक कनपरेन्स गर्ने गरेको त्यसको लागि भाग लिनेले डलरमा पैसा तिर्नुपर्ने भनी सुचना निकालेको लगायतका अनियमितताहरको छानबिन गरी पाउँ। | नेपाल पर्यटन बोर्ड | नेपाल पर्यटन बोर्डलाई कार्यक्रम संचालनको विषयमा परेको उजुरीको गुनासो समबोधन हुने गरी आगामी कार्यक्रमहरू पारदर्शी र जवाफदेही हुने गरी संचालन गर्न निर्देशन दिईएको। | |
| २८ | नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भुपाल राईको नियुक्ति र गैर कानूनी कामको थालनी गरेको, प्रज्ञा प्रतिष्ठानको आन्तरिक आम्दानीबाट आर्जित सम्पत्तिको खर्चको विवरण हालसम्म वर्तमान समितिले पाउन नसकेको, पूर्व प्राज्ञ परिषद्ले तत्कालिन अवस्थामा रहेको निर्वित्तिभरण कोषको करीव ४ करोड रकम गैरकानूनी रूपमा खर्च गरेको छापाखाना प्राइभेट कम्पनीलाई भाडामा चलाउन दिएको, प्रतिष्ठानको नियमावलीको पाँचद संशोधन अनुसार तहबिहिन पदहरू करारमा लिँदा प्रतिष्पर्धा गराएर मात्रै लिनुपर्नेमा नियम विपरीत कुनै प्रतिष्पर्धा नगराई भर्ना गरेको लगायतका अनियमितताहरूको छानबिन गरी पाउँ। | नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी | उजुरीका सम्बन्धमा नेपाल प्रज्ञा प्रतिष्ठानलाई तपसिल बमोजिम निर्देशन दिइएको।<br>१. निवृत्तिभरण कोषको रकम पूर्ण रूपमा शोधभर्ना गर्ने तथा भविष्यमा यस्ता कोष प्रयोजन विपरीत प्रयोग नगर्ने।<br>२. वित्तीय अनुशासन, आन्तरिक नियन्त्रण तथा सार्वजनिक सम्पत्ति व्यवस्थापनलाई थप सुदृढ गर्ने।<br>३. करार कर्मचारी व्यवस्थापनलाई संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा व्यवस्थित गरी आवश्यक स्थायी पदपूर्तिको प्रक्रिया अबिलम्ब अघि बढाउने। | |
| २९ | TFMDL Services (Transit Turnaround Aircraft Cabin Cleaning TACC, Air-ATCC, Supply of Cleaning/Helper Manpower-SCHM,Disinfection/Disinfection Services- ACDD, Aircraft Cabin/ Cockpit Laundry Services-ACCL) Contact Identification No: TFTMDL/ GRSD 2081/82013NC13 को टेण्डर प्रकृयामा सहभागी हुनका लागि निर्धारण गरेका मापदण्ड केवल एक मात्र कम्पनी योग्य हुने गरी तयार पारिएको र अरु प्रतिष्पर्धी कम्पनीहरूलाई योजनाबद्ध रूपमा उक्त टेण्डरबाट बञ्चित गरिएको विषयमा छानबिन गरी पाउँ। | नेपाल वायुसेवा निगम | नेपाल वायुसेवा निगमलाई उजुरीको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालय तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएका निर्देशन, निर्णय तथा रायलाई प्रचलित कानून बमोजिम प्रभावकारी रूपमा कार्यान्वयन गर्न/गराउन निर्देशन दिईएको। | |

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | विरुद्ध | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ३० | जहाज ग्राउन्डेड हुँदा दैनिक १ अर्ब ३६ करोड राज्यलाई भएको घाटा समेतको बिषय छानबिन गरी पाउँ। | नेपाल वायुसेवा निगम | नेपाल वायुसेवा निगमको जहाज मर्मतसम्भार, स्पेयर पाट्र्स व्यवस्थापन, जहाज ग्राउन्डेड अवस्थाको न्यूनिकरण, संचालन व्यवस्थापन, वित्तीय अनुशासन तथा सार्वजनिक सम्पत्ति संरक्षण सम्बन्धी कार्यको प्रचलित कानून, स्वीकृति कार्यविधि तथा नियामकीय मापदण्ड बमोजिम नियमित अनुगमन, सुपरिवेक्षण एवं मूल्यांकन गरी संस्थागत सुधार तथा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्ने, नियमित अनुगमन प्रणालीको स्थापना गर्ने र अनुगमनका क्रममा कानून विपरीत कार्य, लापरवाही, अनियमितता, सार्वजनिक हानिनोक्सानी वा वित्तीय अपवयय भएको देखिएमा सम्बन्धित पदाधिकारी उपर प्रचलित कानूनबमोजिम तत्काल आवश्यक विभागीय तथा कानूनी कारबाहीको प्रक्रिया अघि बढाई सोको जानकारी यस केन्द्रलाई उपलब्ध गराउन निर्देशन दिईएको। | |
| ३१ | नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदिप अधिकारी र उहाँको टिमले गरेको भ्रष्टाचारको छानबिन गरी पाउँ। | नागरिक उड्डयन प्राधिकरण | आगामी दिनमा कार्यालयको कार्यसम्पादन गर्दा पारदर्शी र जवाफदेही रूपमा गर्न गराउन नागरिक उड्डयन प्राधिकरणलाई निर्देशन दिइएको। | |
| ३२ | नेपाल पर्यटन बोर्डले पर्यटन प्रवद्धन गर्नको लगि नेपाल सरकारको ऐन नियमबाट खडा भएको र सरकाराको स्वामित्व भएको संस्थाले निजी क्षेत्रको संघ संस्थाहरूलाई आर्थिक लाभ हुने गरी आफ्नो बजेट खर्च गरेर कार्यक्रम गरिदिने गरी सार्वजनिक स्स्थालाई नोक्सानी पुर्याउने कार्यक्रम गरिरहेको, नेपाल पर्यटन बोर्डको सम्पूर्ण खर्च लगानीमा जापानको टोकियो र ओशाकामा NBBN कार्यक्रम संचालन गर्ने र सोको लागि निजी संस्था पाटा नेपाल च्याप्टरलाई कार्यक्रममा जाने पर्यटन व्यवसायीहरू छनौट गर्ने र यस्ता कार्यक्रममा जाने कम्पनीसँग सहभागिता वापतको शुल्क उठाउने जिम्मेवारी पनि त्यही संस्थालाई दिउको, यो बाहेक विदेशमा बोर्डले गर्ने प्रवद्धनको कार्यक्रममा आफैले सहभागी कम्पनी छान्ने, शुल्क आफैले लिने गरेको पाटा नेपालले उठाउने शुल्क रकम बोर्डमा दाखिला नहुने र यो रकम त्यही निजी संस्थाको आम्दानी हुने भएकोले सरकारी रकमको दुरूपयोग लगायतका अनियमितताहरूको छानबिन गरी पाउँ। | नेपाल पर्यटन बोर्ड | नेपाल पर्यटन बोर्डलाई उक्त उजुरीको सम्बन्धमा निम्न बमोजिम निर्देशन दिईएकोः-<br>१. पर्यटन प्रवर्द्धन तथा यस्तै प्रकृतिका कार्यक्रमहरूमा निजी क्षेत्रसँग गरिने साझेदारी, सम्झौता, सहभागी छनोट, शुल्क व्यवस्थापन, वित्तीय कारोबार तथा खर्च प्रणालीलाई नेपाल पर्यटन बोर्ड ऐन, २०५३, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, प्रचलित आर्थिक/प्रशासनिक कानून तथा सुशासनका सिद्धान्तसँग पूर्णतः अनुरूप हुने गरी सञ्चालन गर्नु/गराउनु।<br>२. सार्वजनिक निकायको नाम, लोगो वा आधिकारिक सूचना प्रयोग गरी कुनै निजी संस्था वा तेस्रो पक्षलाई सहभागिता शुल्क संकलन, सहभागी व्यवस्थापन वा अन्य आर्थिक अधिकार प्रदान गरिने भए सोको स्पष्ट कानूनी आधार, सम्झौतागत व्यवस्था, वित्तीय उत्तरदायित्व, लेखा परीक्षण तथा जवाफदेहिता सुनिश्चित गरी मात्र कार्यान्वयन गर्नु तथा अन्यथा त्यस्तो कार्य नगर्नु/नगराउनु।<br>३. सार्वजनिक सूचना, सम्झौता, निर्णय तथा वास्तविक कार्यान्वयन प्रक्रियाबीच पूर्ण एकरूपता कायम गर्ने, भ्रम सिर्जना हुने, स्वार्थको द्वन्द्व उत्पन्न हुने वा सार्वजनिक उत्तरदायित्वमा प्रतिकूल असर पर्ने कुनै पनि अवस्था आउन नदिने गरी सम्पूर्ण प्रक्रिया पारदर्शी, अभिलेखीकरणयोग्य तथा परीक्षणयोग्य बनाउनु। | |

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | विरुद्ध | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| | | | ४. यस्ता साझेदारी कार्यक्रमहरूको पूर्वस्वीकृति, जोखिम मूल्यांकन, आन्तरिक नियन्त्रण, वित्तीय अनुगमन, अभिलेख व्यवस्थापन तथा पश्चात् समीक्षा प्रणालीलाई संस्थागत रूपमा थप सुदृढ गरी सार्वजनिक स्रोतको संरक्षण, वित्तीय अनुशासन तथा सुशासन कायम हुनेगरी गर्नु/गराउनु ।<br>५. यस्ता कार्यक्रम सञ्चालनका क्रममा सार्वजनिक स्रोत वा सम्पत्तिको दुरूपयोग, आर्थिक अनियमितता, स्वार्थको द्वन्द्व, अधिकारको दुरूपयोग वा अन्य कानूनविपरीत कार्य भएको प्रमाण प्राप्त भएमा सम्बन्धित पदाधिकारी तथा जिम्मेवार व्यक्तिउपर प्रचलित कानूनबमोजिम आवश्यक अनुसन्धान तथा कारबाही प्रक्रिया अघि बढाइ सोको जानकारी यस केन्द्रलाई उपलब्ध गराउनु । | |
| ३३ | पशुपति क्षेत्र विकास कोषमा स्थायी आधिकारिक र योग्य कर्मचारी हुँदाहुँदै सदस्य सचिवको निजी स्वार्थका कारण मन्दिर हेर्ने संस्कृति संरक्षण महाशाखा प्रमुखको संवेदनशील पदमा करारमा नियुक्त गरिएको उक्त उम्मेदवारको कारण पशुपतिनाथ मन्दिर क्षेत्रमा व्यापक बिकृति अनियमितता र दर्शनार्थीहरू ठगिने गरेको लगायतका अनियमितताहरूको छानबिन गरी पाउँ । | पशुपति क्षेत्र विकास कोष | पशुपति क्षेत्र विकास कोषलाई उक्त उजुरीको सन्दर्भमा निम्न बमोजिम निर्देशन दिईएको:-<br>१. कर्मचारीको पद, सेवा शर्त, कार्यविवरण (TOR), अधिकार, कर्तव्य तथा जिम्मेवारी प्रचलित कानून, स्वीकृत संगठन संरचना र संस्थागत निर्णयबमोजिम मात्र निर्धारण, हेरफेर तथा कार्यान्वयन गर्नु/गराउनु । विशेषतः पशुपति मन्दिरजस्तो राष्ट्रिय धार्मिक तथा सांस्कृतिक महत्वको संवेदनशील क्षेत्रमा कर्मचारीको जिम्मेवारी तोक्दा कानूनी वैधता, प्रशासनिक औचित्य, संस्थागत पारदर्शिता, निष्पक्षता तथा जवाफदेहिताको सिद्धान्तको पूर्ण परिपालना सुनिश्चित गर्नु/गराउनु ।<br>२. **पशुपति क्षेत्र विकास कोष मन्दिर तथा पूजा व्यवस्था नियमावली, २०६८**, प्रचलित कानून, स्थापित धार्मिक परम्परा तथा स्वीकृत मापदण्डको अक्षरशः पालना हुने गरी मन्दिर व्यवस्थापन, नित्य पूजा, दर्शनार्थी सेवा, भेटी व्यवस्थापन, सरसफाइ, धार्मिक अनुष्ठान तथा समग्र सेवा प्रवाहलाई प्रभावकारी, मर्यादित, पारदर्शी र उत्तरदायी बनाउने व्यवस्था अविलम्ब कार्यान्वयन गर्नु/गराउनु । | |

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | विरुद्ध | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| | | | ३. मन्दिर परिसरभित्र हुने बिचौलियापन, दर्शनार्थी तथा भक्तजनमाथि हुने ठगी, अनधिकृत व्यक्तिको प्रवेश वा संलग्नता, अनुचित आर्थिक कारोबार तथा मन्दिरको गरिमा र सार्वजनिक विश्वासमा प्रतिकूल असर पर्ने कुनै पनि प्रकारका विकृति, विसङ्गति वा अनियमिततालाई नियन्त्रण गर्न प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, नियमित अनुगमन, निगरानी तथा गुनासो व्यवस्थापन संयन्त्रलाई सुदृढ गरी दोषी देखिएमा प्रचलित कानूनबमोजिम आवश्यक विभागीय तथा कानूनी कारबाही गर्नु/गराउनु ।<br>४. मन्दिरमा कार्यरत पुजारी, ब्राह्मण तथा अन्य कर्मचारीबाट धार्मिक आचार, जुठो–सुतक, आशौच तथा सेवा सम्बन्धी प्रचलित नियम, धार्मिक परम्परा र आचारसंहिताको पूर्ण पालना सुनिश्चित गर्नु/गराउनु । उल्लङ्घन भएको तथ्य प्रमाणित भएमा निष्पक्ष, वस्तुनिष्ठ र प्रमाणमा आधारित छानबिन सम्पन्न गरी प्रचलित कानूनबमोजिम आवश्यक विभागीय तथा कानूनी कारबाही अविलम्ब गर्नु/गराउनु ।<br>५. पशुपति क्षेत्रको पवित्रता, मौलिक धार्मिक परम्परा, सांस्कृतिक गरिमा, सार्वजनिक विश्वास तथा संस्थागत साखलाई अक्षुण्ण राख्ने गरी सुशासन, पारदर्शिता, उत्तरदायित्व, नैतिक आचरण तथा प्रभावकारी संस्थागत नियन्त्रण प्रणालीलाई थप सुदृढ गर्नु/गराउनु । साथै यस्ता प्रकृतिका गुनासा पुनरावृत्ति हुन नदिन जोखिमको नियमित मूल्याङ्कन, संस्थागत सुधार, सेवा प्रवाहको निरन्तर अनुगमन तथा सुधारात्मक एवं रोकथाममूलक उपायहरू प्रभावकारी रूपमा अवलम्बन गर्नु/गराउनु । | |
| **शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय** | | | | |
| ३४ | त्रिभुवन विश्वविद्यालय, चिकित्सा शास्त्र अध्ययन संस्थान, जनस्वास्थ्य केन्द्रीय विभागमा PhD डिफेन्सका लागि योग्यता नपुगेका विद्यार्थीलाई पदीय जिम्मेवारी र अख्तियारको दुरूपयोग गरी आर्थिक मिलेमतोमा PhD डिफेन्सका लागि डीनको कार्यालयमा सिफारिस गर्ने तत्कालिन जनस्वास्थ्य केन्द्रीय विभाग प्रमुख तथा हाल सोही विभागमा कार्यरत सह-प्रा.डा. विष्णु प्रसाद चौलागाई छानबिन गरी कारबाही गरियोस । | सह-प्रा.डा. विष्णु प्रसाद चौलागाई | छानबिनबाट सह-प्रा.डा. विष्णु प्रसाद चौलागाईले उक्त कार्य त्रि.वि.शिक्षक कर्मचारी सेवा सम्बन्धी नियमको परिच्छेद १० को नियम ८२ (ख) बमोजिम समेत सजाय हुने गरी नियम ८४(१)(क)र(घ) को, नियम ८२(ख) बमोजिम समेत सजाय हुने गरि नियम ८४(१)(क) र (घ) बमोजिमको सजायका लागि कानून बमोजिम कारबाही गर्न श्री त्रिभुवन विश्वविद्यालय किर्तिपुरलाई निर्देशन दिइएको । | |

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | विरुद्ध | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ३५ | रुकुम (पश्चिम) जिल्लाको मुसिकोट न.पा.-१ स्थित त्रिभुवन जनता मा.वि.का प्र.अ. गोपिराम के.सी.ले काठमाडौं विश्विद्यालयबाट एम.एड. अध्ययन गर्दा विश्वविद्यालयमा विदा स्वीकृति नलिएको, उक्त अविधमा विद्यालयबाट पुरै तलब लिएको तर KU मा ७५% भौतिक उपस्थिति भई अध्ययन गरेको। निजले B.Ed वा एक बर्षे B.Ed नगरी M.Ed गरेको र विद्यालयमा नियम विपरीत रोशन खड्कालाई माध्यमिक द्वितीय श्रेणीको सुविधा दिने गरि नियुक्ति दिएको। विद्यालयका शिक्षक र कर्मचारीलाई बिना कारण स्पष्टीकरण सोध्ने लगायतका काम गरी त्रसित बनाएको, विद्यालयको नामको ६ थान कम्प्युटर र २६ थान ल्यापटप बिना प्रक्रिया बिक्री गरेको र अन्य जिन्सी सामानको अभिलेख राख्ने नगरेको। साथै निजले वि.व्यस.स. को निर्णय बिना चन्द्र बहादुर खड्कालाई सहायक प्र.अ. बनाएको, खड्काको शैक्षिक योग्यताका प्रमाणपत्र नक्कली भएको। निज प्र.अ. ले विद्यार्थीबाट कानून विपरीत मासिक रूपमा शुल्क उठाई वि.व्य.स का पदाधिकारीलाई भ्रमण खर्च दिइ कानून विपरीत आफूले थप भत्ता र सुविधा लिई विद्यालयको रकम अनियमितता गरेकोले छानबिन गरी कारबाही गरि पाउँ। | प्र.अ.गोपिराम के.सी | छानबिनबाट उक्त विद्यालयका बर्तमान प्र.अ. गोपिराम के.सी.ले २०६८ भाद्र देखी २०७० साउनसम्म एम.एड. अध्ययन गर्दा विदा स्वीकृती गराएको नदेखिएको साथै उक्त अवधिको तलब भत्ता कट्टी गरेको नदेखिएको, कक्षा ११ र १२ का विद्यार्थीहरूबाट बार्षिक शुल्क बापत क्रमश: रु. ११ हजार र १२ हजार लिएको देखिएको, यसमा संचालक समितिको निर्णय नभएको साथै सामुदायिक विद्यालयहरूले यस्ता प्रकृतिका शुल्कहरू लिन नपाउनेमा उक्त विद्यालयले लिएको शुल्क विधिसम्मत भएको नदखिएको। विद्यालयका कम्प्यूटर -६ थान र २६ थान ल्यापटप हराएको/बेचेको भन्ने सम्बन्धमा विद्यालयबाट हस्तान्तरण फाराम भरी दिएको प्रमाण भेटिएको। विद्यालयमा रहेको जिन्सी सामानहरूको विवरण तथा प्रयोग र संरक्षणको अवस्था ज्यादै नाजुक रही सरकारी सम्पतिको दुरूपयोग भएको देखिएको साथै माध्यमिक द्वितीयको सेवा सुविधा पाउने गरी ठाडै रोशन खड्कालाई नियुक्ति गरेको भन्ने सन्दर्भमा निज शिक्षकलाई विद्यालयमा सङ्घीय अनुदानको रिक्त शिक्षा विषयको शिक्षक दरवन्दीलाई कार्यालय संचालन र लेखा विषयमा परिवर्तन गरी उक्त विषयको सङ्घीय अनुदानतर्फको शिक्षक पदपूर्तीको विज्ञापन भएको र उक्त विज्ञापनमा आवेदन दिएका रोशन खड्काले दिएको आवेदनको आधारमा मिति २०८०/१०/०५ बाट लागू हुने गरी मा.वि द्वितीय श्रेणीको सेवा सुविधा दिने गरी कार्यालय संचालन तथा लेखा विषयको लागि करार शिक्षकको रूपमा मिति २०८०/०२/१२ को संचालक समितिको निर्णय बमोजिम नियुक्ति गरेको देखिएकोले उल्लेखित विषयहरू नियमसंगत कार्य भयो भन्न सक्ने अवस्था नदेखिएकोले उक्त विषयहरूमा छानबिन तथा कारबाही गर्न श्री मुसिकोट नगरपालिका, रुकुमपश्चिमलाई निर्देशन दिइएको। | |

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | विरुद्ध | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ३६ | राष्ट्रिय परीक्षा बोर्डका पदाधिकारीहरूले पदस्थापन नगरी लामो समय महाशाखा प्रमुख विहिन बनाई राखेको, गाडी सर्भिसिङ्ग गर्दा मोविलमा अनयमितता गरेको, ठूला बसका सवारी चालकलाई अतिरिक्त भत्ता उपलब्ध गराएको, सवारी साधन इन्धन तथा मर्मतमा अत्याधिक खर्च गरेको, पुनर्योग सम्बन्धमा र पुस्तिका छपाईमा भ्रष्टाचार गरेकोले कारबाही गरी पाउँ। | राष्ट्रिय परीक्षा बोर्डका पदाधिकारीहरू | छानबिनबाट मर्मतका लागि तोकिएको समय सिमा समेत उल्लंघन भएको देखिएकोले अव उप्रान्त आवश्यकता, औचित्यतता एवम दैनिक संचालनमा रहेको सवारी साधनहरूको चुस्तताका लागि मर्मत गर्नु पर्ने नै भए अनिवार्यरूपमा प्रविधिकबाट चेक जाँच गराई उक्त सिफारिसको आधारमा मात्र सवारी साधनको मर्मत सम्बन्धी कार्य गर्न गराउन श्री राष्ट्रिय परीक्षा बोर्ड, भक्तपुरलाई निर्देशन दिइएको। | |
| ३७ | मध्यपश्चिम विश्वविद्यालय, परीक्षा नियन्त्रक कार्यालय सुर्खेतमा मिति २०८२/१२/२० मा मैले निवेदन पेश गरेको (बिहान १०:५० बजे) पहिला काम हुन्छ भनिएको र पछि कर्मचारी छैनन् भनी व्यक्तिगत पूर्वाग्रह राखी अर्को निकायमा जानु भनी ( १:४० बजे) अपमान गरी पठाईएको हुँदा सेवा पाउनको लागि र सो कार्यालयको प्रमुखलाई नियमानुसार कानूनी कारबाहीका लागि आवशयक पहल गरीपाँउ। | मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत | त्यस कार्यालयका कर्मचारीहरू ढिलो आउने, आफ्नो कार्य कक्षमा नबस्ने, सेवा प्रवाहको बैकल्पिक ब्यवस्थापन नगरी एकैपटक खाना/खाजाको लागि बाहिर जाने, सेवाग्राहीको गुनासो नसुनिदिने, सेवाग्राहीसँग सरल/शिष्ट ब्यवहार नगर्ने जस्ता गुनासोहरू पटक-पटक केन्द्रमा प्राप्त हुने गरेकोले सेवा प्रवाह नियमित रूपमा संचालन हुने गरी कर्मचारीको उचित व्यवस्थापन गर्न, सेवाग्राहिसँग शिष्ट ब्यवहार गर्न र यथार्थ गुनासो संबोधन गरि कार्यसम्पादन गर्ने व्यवस्था मिलाउन श्री मध्यपश्चिम विश्वविद्यालय, रजिष्ट्रारको कार्यालय, सुर्खेतलाई निर्देशन दिइएको। | |
| ३८ | त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खुमा बिगत १५ दिनदेखि ट्रान्सक्रिप्ट लिन जाँदा ट्रान्सक्रिप्ट उपलब्ध हुन नसकेको र आज बिहान ११:३० देखि २:४५ सम्म पनि ट्रान्सक्रिप्ट शाखाका कर्मचारी खाजा। खान गएको भन्ने जवाफ प्राप्त भयो, खाजा खाने समय कति बजेदेखि कतिबजेसम्म हो ? र हामी सेवाग्राहीहरू कति दिनसम्म एउटै कामको लागि धाउने हो ? शाखामा नबसी काममा ढिला सुस्ति गर्ने कर्मचारीलाई कारबाही गरी पाउँ। | मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत | त्यस कार्यालमा कर्मचारीहरू ढीलो आउने, आफ्नो कार्य कक्षमा नबस्ने, सेवा प्रवाहको बैकल्पिक ब्यवस्थापन नगरी एकैपटक खाना/खाजाको लागि बाहिर जाने, सेवा प्रवाहको क्रममा सेवाग्राहीको गुनासो नसुनिदिने, सेवाग्राहीसंग सरल/शिष्ट ब्यवहार नगर्ने जस्ता गुनासोहरू पटक-पटक केन्द्रमा प्राप्त हुने गरेकोले सेवा प्रवाह नियमित रूपमा संचालन हुने गरी कर्मचारीको उचित व्यवस्थापन गर्न, सेवाग्राहीसँग शिष्ट ब्यवहार गर्न र उपर्युक्त गुनासो संबोधन गरि कार्यसम्पादन गर्ने व्यवस्था मिलाउन श्री त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खुलाई निर्देशन दिइएको। | |
| ३९ | परीक्षा नियन्त्रण कार्यालय, बल्खुमा आवश्यकता भन्दा बढी कर्मचारी रहेका तथापि सेवा प्रवाहमा ढिलासुस्ती हुने गरेको । त्रि.वि. अन्तर्गतका विभिन्न निकाय, विभागहरूमा अधिकांश सूचना अधिकारीको व्यवस्था नै नभएको र तोकिएका सूचना अधिकारीले समेत जानकारी नदिने जस्ता चरम बेथिति उपर छानबिन गरीपाँउ र स्वत: सूचना प्रकाशन गर्ने कानूनी व्यवस्था समेत पालना गराउने कारबाहि होस। | परीक्षा नियन्त्रण कार्यालय, बल्खुमा | त्यस कार्यालको सेवा प्रवाहका सम्बन्धमा पटक पटक गुनासो आउने गरेकोले कर्मचारीहरूको समय पालना, कार्य संपादन, सेवा प्रवाहको बैकल्पिक ब्यवस्था, गुनासो सुन्ने अधिकारी, सूचना अधिकारी, स्वत: सूचना प्रकाशन गर्ने ब्यवस्था मिलाउन र यथार्थ गुनासोलाई संबोधन गरि कार्यसम्पादन गर्ने व्यवस्था गर्न/गराउन श्री त्रिभुवन विश्वविद्यालय, रजिष्ट्रारको कार्यालय, किर्तिपुरलाई निर्देशन दिइएको। | |

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | विरुद्ध | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ४० | सामुदायिक बिद्यालयहरूमा कल्याण कोषका नाउँमा दर्ता बिनाका कोषहरू निर्माण गर्ने र त्यस्ता कोषहरू निकै ठूलो आकारका बनी सकेको परिबेशमा त्यस्ता कोषबाट रकम लाने र जम्मा गर्नेहरूले कुनै अनियमितता गरे त्यसको कानूनी लडाईं समेत गर्न कानूनले नै बिना दर्ताका कोष नचिन्ने परिश्थितिमा सबै सामुदायिक बिद्यालयमा त्यस्ता गैरकानूनी कोष खडा नगर्न कडा निर्देशन सहितको सुचना प्रकाशन गरिदिनुहुन । | देशैभरका विद्यालयहरू | उजुरीको विषयमा देशैभरका विद्यालयहरूमा आवश्यक निर्देशन दिन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देशन दिइएको । | |
| ४१ | त्रि.वि. बाट सम्बन्धन प्राप्त काठमाडौ पकनाजोलस्थित पिपल्स क्याम्पसका क्याम्पस प्रमुख मनोज बहादुर कुँवरले एस.एल. सि.को शैक्षिक योग्यताको प्रमाणपत्रको आधारमा प्रमाणपत्र तहको शैक्षिक योग्यताको प्रमाणपत्रमा पनि जन्म मिति २०१८/०७/०५ राखेका तर मिति २०८१/०५/०२ मा निजले किर्ते गरी ल्याएको BBS लेखिएको B.Com. को शैक्षिक योग्यताको प्रमाणपत्रमा जन्म मिति २०२०/०३/१४ उल्लेख भएको देखिएकाले प्रमाणपत्र तह र स्नातक तह अध्ययन गरेका जनकपुर स्थित रामस्वरूप रामसागर बहुमुखि क्याम्पसले दिएको २ तहको शैक्षिक योग्यताको प्रमाणपत्रमा फरक फरक जन्ममिति कायम हुन गएकाले उक्त गैरकानूनी कार्य गर्ने क्याम्पस प्रमुख मनोज बहादुर कुँवर र शैक्षिक योग्यताको प्रमाणपत्रमा जन्ममिति सच्याउन मुख्य भूमिका खेल्ने रामस्वरूप रामसागर बहुमुखि क्याम्पसका पदाधिकारी एवम् कर्मचारीलाई कारबाही गरिपाउँ । साथै त्रि.वि. का स्थायी कर्मचारीको अवकाश उमेर हद ६३ वर्ष मात्र भएको तर पिपल्स क्याम्पसको विधान २०८१ मा क्याम्पस प्रमुखको अवकाश उमेरहद ६३ वर्षबाट बढाएर ६५ वर्ष कायम गरिएकाले उमेर हद घटाएर ६३ नै कायम गरियोस । | क्याम्पस प्रमुख, मनोज बहादुर कुँवर, पिपल्स क्याम्पस पकनाजोल काठमाडौं | छानबिनबाट त्रि. वि. शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम, २०५० र सो क्याम्पसको प्रध्यापन तथा प्रशासन सेवा शर्त नियमावली, २०६६(दोस्रो संशोधन २०८०) को प्रतिकूल रहने गरि विधानमा संशोधन गरेर कानूनत: जन्म मितिका आधारमा २०८१ सालमा नै अवकास भई सक्नु पर्ने व्यक्ति निरन्तर क्याम्पस प्रमुखको हैसियतमा रहेको देखिएकोले त्रि.वि. को ऐन/नियम/ कानूनसँग पिपल्स क्याम्पसको विधान बाझिन गएको हुँदा सो विषयमा प्रचलित कानून बमोजिम आवश्यक कार्बाही गर्न श्री त्रि.वि. उप कुलपतिको कार्यालय, किर्तिपुरलाई निर्देशन दिइएको । | |

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | विरुद्ध | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| **खानेपानी मन्त्रालय** | | | | |
| ४२ | खानेपानी मन्त्रालय अन्तर्गत खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरूमा २०८१/१२/११ मा नेपाल सरकार मन्त्रिपरिषदबाट अस्थाई रूपमा रहेका सङ्घीय संरचना र दरबन्दी तेरिजलाई ओ एण्ड एम गर्दा दरबन्दी हटाई शुन्य पारी २८ जना इन्जिनियरलाई फाजिलमा राखेको लगायतका अनियमितताहरूको छानबिन गरी पाउँ। | खानेपानी तथा ढल व्यवस्थापन विभाग | रिक्त दरबन्दीहरूको स्थायी पदपूर्ति प्रकृया पठाउने भनी खानेपानी तथा ढल व्यवस्थापन विभागलाई निर्देशन दिईएको। | |
| ४३ | नेपाल खानेपानी संस्थान त्रिपुरेश्वर अन्तर्गतका शाखा कार्यालयहरूमा करारमा कर्मचारी नराख्ने भनी पत्राचार भएपनि संस्थानमा स्थायी कर्मचारी ल्याउन बन्देज गरी माथिल्लो निकायमा कर्मचारीका आफन्तहरूलाई करारमा नियुक्ति दिएको, करार कर्मचरीलाई संवेदनशील ठाउँमा काम लगाउन नपाउने भनी पटक पटक राष्ट्रिय सतर्कता केन्द्रबाट निर्देशन भए पनि सोको पालना नभएको लगायतका अनियमितताहरूको छानबिन गरी पाउँ। | नेपाल खानेपानी संस्थान, त्रिपुरेश्वर | नेपाल खानेपानी संस्थान लिमिटेड त्रिपुरेश्वर, काठमाडौँलाई कार्यालयमा आवश्यक कर्मचारीहरूको स्थायी पदपूर्तिको प्रकृया अविलम्ब अगाडी बढाई सोको जानकारी यस केन्द्रमा पठाउन निर्देशन दिईएको। | |
| ४४ | सङ्घीय खानेपानी कार्यालय/प्रदेश खानेपानी कार्यालय धनकुटामा संघ र प्रदेश सरकारबाट करोडौ बजेट बिनियोजन गरी बिभिन्न खानेपानी योजना र ढल निकास योजनाको ठेक्का पनि लागेको तर पेश्की लिएर काम अधुरो छाडेर ठेकेदार फरार भई योजनाहरू अलपत्र पारेको लगायतका अनियमितताहरूको छानबिन गरी पाउँ। | सङ्घीय खानेपानी कार्यालय/ प्रदेश खानेपानी कार्यालय धनकुटा | प्रचलित कानूनको पूर्ण पालना गर्दै, सम्झौता अनुसारको समय, लागत, गुणस्तर तथा अपेक्षित परिणाम सुनिश्चित गरी कार्य गर्नु/गराउनु हुन निर्देशन दिईएको। | |

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | विरुद्ध | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ४५ | हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड, हेटौंडा मकवानपुरमा कार्यरत केही जिम्मेवार पदाधिकारीहरूले आफ्नो पद तथा अधिकारको दुरूपयोग गर्दै सार्वजनिक खरिद प्रक्रियामा गम्भीर अनियमितता, कार्यलयको रकम दुरूपयोग तथा व्यक्तिगत लाभका लागि भ्रष्टाचारजन्य कार्यहरू गरेको बिषयमा छानबिन गरी पाउँ। | हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड, हेटौंडा मकवानपुर | उजुरिको सम्बन्धमा सार्वजनिक खरिद, आर्थिक प्रशासन, जिन्सी व्यवस्थापन, सम्पत्ति संरक्षण तथा सुशासन सम्बन्धी सम्पूर्ण कार्यहरू प्रचलित कानून, वित्तीय अनुशासन र सार्वजनिक उत्तरदायित्वका मान्य सिद्धान्त बमोजिम पारदर्शी, प्रतिष्पर्धी, मितव्ययी र परीक्षणयोगुय ढंगले सम्पादन गर्न, खरिद प्रक्रियामा कृतिम खण्डिकरण तथा स्वार्थबाझिने प्रकृतिका कार्यहरू हुन नदिन, तथा भविष्यमा यस्ता प्रकृतिका गुनासो उत्पन्न हुन नदिने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न/गराउन निर्देशन दिईएको। | |
| **उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय** | | | | |
| ४६ | नेपाल आयल निगम भैरहवाले हवाई इन्धनमा डिजल मिसावट गरी अनियमितता गरेको भन्ने लगायतको व्यहोरा। | नेपाल आयल निमग | उल्लेखित उजुरीको सम्बन्धमा केन्द्रबाट प्रारम्भिक छानबिन गर्दा तहाँ निगमको आन्तरिक नियन्त्रण तथा अनुगमन विभागका निर्देशक ई. सुरज साहको संयोजकत्वमा गठित छानबिन समितिले पेश गरेको राय सुझावमा उल्लेखित बुँदाहरू निगमबाट कार्यान्वयन तथा पालना गर्न गराउनुहुन भनी नेपाल आयल निगमलाई निर्देशन दिईएको। | |
| ४७ | साल्ट ट्रेडिङ कोर्पोरेशन कार्यालय मोरङमा विविध विषयमा अनियमितता | साल्ट ट्रेडीङ कोर्पोरेशन कार्यालय मोरङ | केन्द्रबाट गरिएको प्रारम्भिक छानबिनबाट साल्ट ट्रेडिङ कोर्पोरेशन कार्यालय विराटनगरका कार्यालय प्रमुख व्यवस्थापक राधेश्याम चौधरी र लेखापाल वसन्त यादवले स्पिङ नुन बिक्रीमा अनियमितता गरेको फर्जी बिल बनाई विभिन्न विषयमा गरेको अनियमितता भन्ने व्यहोराको सम्बन्धमा देखिएको कैफियत सुधार गर्नुहुन भनी साल्ट ट्रेडिङ लि.कालिमाटी काठमाडौँलाई निर्देशन दिईएको। | |
| ४८ | नेपाल आयल निगम लि.मा नियम विपरीत कर्मचारी सरुवा तथा भर्ना भन्ने लगायतका विषय। | नेपाल आयल निगम | केन्द्रको प्रारम्भिक छानबिनबाट उक्त निगममा नियम विपरीत स्वकीकृत संगठन संरचनाभन्दा फरक दरबन्दी सेवा समूह तह र पद विपरीतका कर्मचारीलाई खटनपटन गर्ने नियम विपरीत फरक सेवा समूह नमिल्ने कर्मचारीलाई निमित्तको जिम्मेवारी दिने जिम्मेवार पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी कर्मचारी व्यवस्थापन गर्नुहुन भनी नेपाल आयल निगमलाई निर्देशन दिइएको। | |

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | विरुद्ध | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ४९ | बाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा कुनै पनि शाखामा हालसम्म पनि कर्मचारीहरू उपस्थित नभएको र सो कार्यालयमा कार्यरत कर्मचारीले चारपाङ्गे सवारी साधनको दुरूपयोग गरेको। | विभागका सम्बन्धित कर्मचारीहरू | केन्द्रबाट भएको प्रारम्भिक छानबिन तथा अनुसन्धानबाट तहाँ विभागको च.न. २२१८ मिति २०८३/०२/२६ को पत्रबाट कर्मचारीहरूको उपस्थिति हेर्दा तोकिएको कार्यालय समयभन्दा कर्मचारीहरू ढिला उपस्थित भएको देखिएकोले उक्त कर्मचारीहरूलाई प्रचलित कानून बमोजिम कारबाही गरी सो को जानकारी केन्द्रमा पठाउनु हुन र अधिकारप्राप्त कर्मचारी/पदाधिकारी बाहेकका कर्मचारीलाई सवारी साधन उपलब्ध गराइएको भए अब उपरान्त यस्ता किसिमका कर्मचारीहरूलाई घर तथा कार्यालय आउन जानको लागि भनी कार्यलायका सवारी साधन उपलब्ध नगराउने व्यवस्था मिलाउनुहुन भनी बाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग बबरमहललाई निर्देशन दिइएको। | |
| **गृह मन्त्रालय** | | | | |
| ५० | सशस्त्र प्रशरी बल नेपाल मुख्यालय हलचोक काठमाडौं अन्तर्गत निर्माणाधिन बहुउद्देश्यीय प्रशासनिक भवनमा प्रयोग भइरहेको सामग्रीको गुणस्तर तथा प्राविधिक मापदण्ड सम्बन्धमा छानबिन गरीदिनु हुन। | सशस्त्र प्रशरी बल नेपाल मुख्यालय हलचोक काठमाडौं | सशस्त्र प्रशरी बल नेपाल मुख्यालय हलचोक काठमाडौं अन्तर्गत निर्माणाधिन बहुउद्देश्यीय प्रशासनिक भवनमा जडान गरिने सम्पूर्ण Mechanical, Electrical र Plumbing (MEP) सम्बन्धी सामाग्रीहरू स्वीकृत बोलपत्र र खरिद सम्झौताको Technical Specification बमोजिम नै हुने गरी जडान कार्य गर्न/गराउन सशस्त्र प्रहरी बल नेपाल मुख्यालयलाई निर्देशन दिईएको। | |
| **स्वास्थ्य तथा जनसंख्या मन्त्रालय** | | | | |
| ५१ | विराटनगरमा अवस्थित Gurans Herbaceuticals Pvt. Ltd. ले GMP माग गरे अनुरूप मिति २०८२/११/२५ गते औषधी व्यवस्था विभागका राजेश श्रेष्ठको नेतृत्वमा निरिक्षण टोली उद्योगमा गइ निरिक्षण कार्य २६ गते सम्पन्न भएको थियो। समान्यतया निरिक्षण सम्पन्न भएपछि सोही दिन उद्योगलाई Non Compliances उपलब्ध गराइन्छ तर राजेश श्रेष्ठले हालसम्म पनि आलटाल गरि उद्योगले प्रतिवेदन पाउन सकेको छैन। विभिन्न बाहना र माग राखि गरेको आलटाल गरि प्रतिवेदन नदिने दोषिमाथि आवश्यक कारबाही गरिपाउँ। | राजेश श्रेष्ठ, निरीक्षक, औषधि व्यवस्था विभाग | भविष्यमा यस्ता घटना दोहोरिन नदिन स्पष्ट समयसिमा निर्धारण गर्ने व्यवस्थालाई कार्यान्वयन गरि सो को जानकारी केन्द्रमा गराउन औषधी व्यवस्था विभागलाई निर्देशन दिइएको। | |

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | विरुद्ध | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ५२ | स्वास्थ्य बिमा बोर्ड, सम्पर्क शाखा कार्यालय कास्कीका दर्ता अधिकारीले रकम दुरूपयोग गरेको लिखित स्वीकारोक्ति हुँदाहुँदै पनि प्रदेश संयोजक तथा केन्द्रका प्रशासनको मिलेमतोमा आवश्यक कारबाही गर्नुको साटो उनलाई नजिकैको जिल्लामा सरुवा गरेर विषयलाई ढाकछोप गरिएको। | दर्ता अधिकारी खेम नारायण चौधरी | बीमा रकम तोकिएको समयमा बोर्डको खातामा जम्मा नहुने, रकम खातामा जम्मा नभइ बीमा कार्ड लागु हुने हालको व्यवस्था अनुसार पुनः भविष्यमा यस्ता गतिविधि दोहोरिन सक्ने सम्भावना रहने देखिएकोले अब उप्रान्त देहाय बमोजिम गर्न स्वास्थ्य बीमा बोर्डलाई निर्देशन दिईएको, सो को बोधार्थ जानकारी श्री स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयलाई समेत दिइएको,<br>**<u>देहायः</u>**<br>१) प्रत्येक परिवारको बीमित वापतको प्रिमियम रकम बोर्डको खातामा जम्मा भएको एकिन भएपछिमात्र उक्त परिवारको बीमा कार्ड सुचारू हुने व्यवस्था गर्ने,<br>२) बीमित परिवारले अनलाइन माध्यमबाट बीमा सेवामा दर्ता गर्न सक्ने र नविकरण गर्न सक्ने व्यवस्था तत्काल गर्ने,<br>३) प्रति परिवारबाट प्राप्त हुने रकमको हिसाब किताब बीमा व्यवस्थापन सूचना प्रणाली (IMIS) र बोर्डको बैंक खातामा भिडान हुने गरि व्यवस्था तत्काल मिलाउने। | |
| ५३ | कान्ति बाल अस्पताल महाराजगञ्जमा प्रयोगशालाको सेवा खरिद गर्ने भनि सेरो डाइग्नोष्टिक ट्रेडर्स नेपाल प्रा.लिका प्रबन्ध निर्देशक बद्री भनिने भक्त बहादुर बस्नेत, कान्ति बाल अस्पतालका निर्देशक पंकज राय, विकास समितिको अध्यक्ष श्रीराम सुवेदी, ल्याब विभाग प्रमुख मोनी सुवेदी मिलेर सेटिङमा टेण्डर पारेको। ल्याबमा प्रयोग हुने मेशिनमा ३ वटा System भएको हुनुपर्नेमा २ वटा मात्र System भएको, तोकिएको समयावधि र संख्यामा उपकरण नल्याएको, मेशिनले तोकिएको सबै टेष्ट गर्न नसक्ने, मेशिनकै कारण ढिलो रिपोर्ट आउने लगायत व्होराको उजुरी। | बद्री भनिने भक्त बहादुर बस्नेत प्रबन्ध निर्देशक रहेको सेरो डाइग्नोष्टिक ट्रेडर्स नेपाल प्रा. लि., कान्ति बाल अस्पतालका निर्देशक पंकज राय, विकास समितिको अध्यक्ष श्रीराम सुवेदी, ल्याब विभाग प्रमुख मोनी सुवेदी | स्वीकृत बोलपत्र तथा सम्झौताको सर्त बमोजिम सबै तोकिएका परीक्षणहरू पूर्णरूपमा सञ्चालन हुने सुनिश्चित गरी जडान हुन बाँकी रहेको एक(१) थान प्रयोगशाला उपकरण सम्बन्धित आपूर्तिकर्ताबाट यथाशिघ्र जडान एवं प्राविधिक रूपमा सञ्चालनमा ल्याइ आम नागरिक/बालबालिकाको स्वास्थ्य सेवाको निरन्तरता, प्रभावकारिता तथा प्रयोगशालाको स्थापित मापदण्ड अनुसारको नियमित गुणस्तर नियन्त्रण सुनिश्चित गर्न कान्ति बाल अस्पताललाई निर्देशन दिईएको। | |

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | विरुद्ध | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ५४ | वीर अस्पताल डेन्टल पोरोस्थोमा करोडको दाँत बनाउने मिलिङ मेसिनको आवश्यकता जुन सर्वसाधारणको लागि बन्ने झिक्ने राख्ने दाँत र सेरामिक /मेटल दाँतको सेवा बन्द हुँदै गर्दा कमिसनको लागि नयाँ मेसिन किन? डेन्टलमा ८औं तहमा उपसचिवका छोरी ज्वाइँ देखि उच्च तहका कर्मचारीको सन्तति भर्ना भनसुनका भरमा हुने गरेको। | वीर अस्पताल | छानबिन समितिको प्रतिवेदन अनुसार तपसिल बमोजिम चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताललाई निर्देशन दिईएको :-<br>१. अस्पतालमा कार्यरत अस्थायी, करार र ज्यालादारी प्रकृतिका कर्मचारीलाई चाडपर्व खर्च, महंगी भत्ता, जोखिम भत्ता र सेवा विस्तारका सम्बन्धमा प्रचलित कानून एवं कार्यकारी परिषदको निर्णय बमोजिम गर्नु गराउनुहुन।<br>२. अस्पतालको CT Scan, MRI लगायतका उपकरण मर्मत तथा ल्याब रिएजेन्ट लगायतका समाग्री अभावका कारण बिरामीलाई अन्यत्र परिक्षण एवं उपचारका लागि जानुपर्ने अवस्था आउन नदिन उपयुक्त र प्रभावकारी व्यवस्था गर्नुहुन।<br>३. दिउँसो ३ बजे पछि USG सेवा उपलब्ध नहुने व्यवस्था अन्त्य गर्ने आवश्यक व्यवस्था मिलाउनुहुन।<br>४. डेन्टल विभागको मिलिङ्ग मेशिन सञ्चालनमा ल्याइ बिरामीलाई सेवा प्रदान गर्नका लागि जनशक्ति व्यवस्थापन लगायत जे जो गर्नु पर्ने हो, आवश्यक व्यवस्था गरी मेशिन सञ्चालनमा ल्याउनुहुन।<br>५. आकस्मिक कक्षमा ड्यूटी अनुसार चिकित्सकको उपस्थिति सुनिश्चित गर्नुहुन।<br>६. अस्पतालको दरबन्दी र कार्यविवरण अनुसार जनशक्ति व्यवस्थापन गर्नु गराउनुहुन। | |
| ५५ | कान्तिबाल अस्पतालको सर्जिकल ओ.पि.डि र ओ.टी. सेवा बन्द भएको छ। लामो समय पालो कुरि बल्ल बल्ल आएको पालोमा सेवा लिन जाँदा सूचना नै नदिइ आफ्नो मनपरी ढङ्गले अपरेशन सेवा नै बन्द गराइ हामी सेवाग्राही अहिले बिचल्ली अवस्थामा पुगेकाले यथाशिघ्र छानबिन गरिदिनु हुन अनुरोध छ। | कान्ति वाल अस्पताल | बालबालिकाको उपचार गर्ने केन्द्रीय अस्पताल कान्तिबाल अस्पतालमा बेला बेलामा आउने यस्ता समस्याहरूको स्थायीरूपमा समाधान गर्न श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिईएको। | |
| ५६ | राष्ट्रिय ट्रमा सेन्टरको मुटुको उपचार गर्ने क्याथल्याब मेशिन १२ वर्षदेखि प्रयोगमा नआएको विषयको प्रकाशित समाचार। | राष्ट्रिय ट्रमा सेन्टर | श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग पहल गरी आवश्यक जनशक्ति एवं मेशिन जडान गरि सञ्चालनमा ल्याउनु हुन निर्देशन दिइएको। | |

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | विरुद्ध | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ५७ | उपरोक्त सम्बन्धमा यस केन्द्रको दर्ता नं.६४४५, मिति २०८३/०३/०८ बमोजिम दर्ता हुन आएको स्वास्थ्य व्यवसायी परिषदको वेबसाइटमा उपलब्ध सम्पर्क नम्बरहरूमा पटक पटक फोन सम्पर्क गर्दा पनि नउठ्ने गरेको, सूचना अधिकारीको सम्पर्क नम्बरमा समेत सम्पर्क हुन नसकेको, सेवाग्राहीले आवश्यक सूचना तथा सेवा प्राप्त गर्नु पर्ने अवस्थामा यस प्रकारको सम्पर्क बिहिन अवस्थाले समस्या उत्पन्न भएको लगायत व्यहोराको उजुरी। | स्वास्थ्य व्यवसायी परिषद | सूचना अधिकारी र कार्यालयको सम्पर्क नम्बरहरूको सञ्चार व्यवस्थापनलाई चुस्त, दुरूस्त बनाउन स्वास्थ्य व्यवसायी परिषदलाई निर्देशन दिइएको। | |
| ५८ | स्वास्थ्य बीमा बोर्ड वि.सं. २०७२ साल देखि सामाजिक सुरक्षा विकास समितिबाट कार्य प्रारम्भ गरी स्वास्थ्य बीमा ऐन, २०७४ र नियमावली, २०७५ बमोजिम सञ्चालन भइरहेको छ। स्वास्थ्य बीमा बोर्डको स्थायी पद तथा दरबन्दी हालसम्म पनि स्वीकृत भएको छैन। यस्तो अवस्थामा निजामती सेवा ऐन, २०४९ तथा नेपाल सरकारले विभिन्न समयमा जारि गरेका निर्देशिका, कार्यविधिहरूको आधारमा करार सेवामा दरबन्दी सिर्जना र जनशक्ती व्यवस्थापन निर्देशिका, २०६४ बमोजिम प्रत्येक आ.व.मा बोर्डले अस्थायी दरबन्दी सिफारिस गरी नेपाल सरकारबाट स्वीकृत गराइ स्वीकृत पद तथा दरबन्दी बमोजिम नियमानुसार पाठ्यक्रम स्वीकृत गराइ विज्ञापन खोली प्रर्याप्त प्रतिष्पर्धामा करार सेवामा नियुक्ती गर्नु पर्ने थियो । तर, स्वास्थ्य बीमा बोर्डमा हचुवाको भरमा कसैलाई प्रकृया बिना नै सिधै नवौं तहसम्म भर्ना गरेको पाइएको छ भने फार्मेसी अधिकृत आठौं तहमा नियम विपरीत भर्ना गरिएको छ। यसरी नियम विपरीत भर्ना गरिएका व्यक्तीहरूलाई तुरून्त वर्खास्त गरी नियमानुसार गर्न/गराउनका लागि सत्यतथ्य खोजी कारबाही गरि पाउँ। | स्वास्थ्य बीमा बोर्ड | प्रस्तुत विषयको सम्बन्धमा तहाँ बोर्डबाट दरबन्दी नै स्वीकृत नगराइ मिति २०७४।०१।०३ को निर्णयानुसार IT Consultant पदमा श्री सुरेश सिंह तिंकरीसँग करार सम्झौता गरी नियुक्ती गर्नुका साथै निजलाई नेपाल स्वास्थ्य सेवाका नवौं तह वा सो सरहको तलब भत्ता र अन्य सेवा सुविधा पाउने गरी सोही पदको नवौं तहमा म्याद थप समेत गरेको र पछि नेपाल सरकारबाट स्वीकृत भएको वरिष्ठ सूचना प्रविधि अधिकृत नवौं तहको पदमा करार नियुक्तीको नयाँ प्रकृया अवलम्बन नगरी सोही पदमा निज सुरेश सिंह तिंकरीको करार सम्झौतामा म्याद थप गरेको देखिएको, त्यसैगरी सातौं तहको स्वीकृत दरबन्दीमा फार्मेसी अधिकृत आठौं तहको तलब भत्ता र सेवा सुविधा उपलब्ध गराएको विषय समेत प्रचलित कानून बमोजिम नभएको नदेखिँदा सूचना प्रविधि अधिकृत नवौं तह र फार्मेसी अधिकृत(आठौं) तह बीच भएको करार सम्झौता रद्द गरी १५(पन्ध्र) दिन भित्र यस केन्द्रमा जानकारी गराउनु हुन र स्वीकृत दरबन्दीमा प्रचलित कानून बमोजिम नियुक्तीको प्रकृया अगाडी बढाउनु हुन भ्रष्टाचार निवारण (पहिलो संशोधन) ऐन, २०८२ को ३८(१)(छ) बमोजिम निर्देशन दिइएको। | |

## प्रदेश

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| **कोशी प्रदेश** | | | | |
| ५९ | RFP No. IDD/Koshi/RFP-PMBIS/2082-083/01 को प्राविधिक मूल्याङ्कनमा छनौट भएका परामर्श दातालाई आर्थिक प्रस्ताव खोल्ने सम्बन्धमा मिति २०८३/०२/२५ गते ११:०० बजे बैठक बोलाइएको तर उक्त बैठकमा प्राविधिक मूल्याङ्कनको अङ्क नखुलाइएको। | पूर्वाधार विकास निर्देशनालय, कोशी प्रदेश, इटहरी | पूर्वाधार विकास निर्देशनालय, कोशी प्रदेशलाई देहाय बमोजिम निर्देशन दिइएको:<br>• RFP को बुँदा नं. २१.१ (i) र (ii) अन्तर्गत परामर्शदाताको अनुभव मूल्याङ्कन गर्दा केवल पुलको सङ्ख्यालाई मात्र नभई पुलको स्पान, लम्बाइ र प्राविधिक जटिलतालाई समेत मुख्य आधार बनाउन।<br>• बुँदा नं. २१.१ (iii) मा कोशी प्रदेशमा मात्र सीमित नभई देशका अन्य समान भौगोलिक बनोटमा हासिल गरिएको अनुभवलाई समेत स्वच्छ प्रतिस्पर्धाका लागि मान्यता दिन।<br>• पारदर्शी मूल्याङ्कनका लागि RFP को २१.१ मा न्यूनतम सम्पन्न गर्नुपर्ने कार्य (Sub-Criteria) स्पष्ट खुलाएर मात्र अङ्क प्रदान गर्न।<br>• आर्थिक प्रस्ताव खोल्दा उपस्थित प्रतिनिधिहरूकै सामुन्ने प्राविधिक प्राप्ताङ्क (Technical Score) सार्वजनिक गरी मुचुल्कामा अनिवार्य समावेश गर्न। | |
| ६० | मिरिङदेन गा. पा. वडा नं. ५, ताप्लेजुङ स्थित त्रिभुवन मा. वि. का शिक्षकले निर्देशन बमोजिमको मासिक तलब नपाएको। | मिरिङदेन गा. पा. ताप्लेजुङ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च. नं. १३८ मिति २०८१/०८/१७ को पत्र मार्फत शिक्षा ऐन, नियमावली तथा प्रचलित कानूनले कुनै शिक्षकको मासिक तलव भत्ता रोक्का राख्ने व्यवस्था गरेको अवस्थामा बाहेक शिक्षकले काम गरेवापत पकाएको तलब भत्ता मासिक भुक्तानी गर्ने व्यवस्थाका लागि सबै स्थानीय तहमा परिपत्र पठाउने भनी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१/०८/२० को पत्रबाट सबै पालिका निर्देशन दिएको हुँदा IEMIS प्रणालीमा शिक्षक, कर्मचारी र विद्यार्थीहरू लगायतको तथ्याङ्कहरू प्रणाली बमोजिम अद्यावधिक गरी मासिक तलब भत्ताको व्यवस्था गर्न निर्देशन दिइएको। | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| **मधेश प्रदेश** | | | | |
| ६१ | धनगढीमाई नगरपालिका, सिराहाले बजेटमा अनियमितता गर्ने उद्देश्यले योजना टुक्र्याउने, आफू अनुकूलका व्यक्तिहरू राखेर उपभोक्ता समिति गठन गर्ने र उपभोक्ताबाट रकम असुल्ने, आ.व. २०८०/०८१ मा नगरस्तरीय योजनामा मात्र एक करोड तीस लाख रूपैयाँ बोरिङ्ग तथा मोटर जडानको लागि छुट्याएको र विनियोजित रकम हिनामिना गर्नकै लागि जनप्रतिनिधि र कर्मचारीको मिलेमतोमा योजना टुक्र्याई नामका लागि मात्र उपभोक्ता समिति बनाएर ठेकेदारमार्फत् काम गराएको र सबैभन्दा बढी ५५ लाखको योजना बोरिङ्ग र मोटर जडान वडा नं. ११, १२ र १३ मा उपभोक्ता समितिका अध्यक्ष रहेका लक्ष्मी यादव वडा कार्यालयका कर्मचारीसमेत रहेको | धनगढीमाई नगरपालिका, सिराहा | धनगढीमाई नगरपालिका, सिराहालाई सुशासन कायम गर्न निर्देशन दिइएको । | |
| ६२ | नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतले उप-प्रमुखलाई सुविधाको लागि दिएको प्र.२-०१-००१ झ ०००७ नम्बरको जिप मिति २०८१/१२/१५ गतेबाट फिर्ता मागी विभिन्न पत्रकार र आफ्ना नेपाली काँग्रेसका कार्यकर्तालाई उपलब्ध गराई इन्धन र मर्मतमा २५ लाख भन्दा बढी खर्च देखाई भ्रष्टाचार गरेको । | लहान नगरपालिका | नगर उपप्रमुखलाई नगरपालिकामा उपलब्ध सवारी साधन पदीय मर्यादाक्रमबमोजिम उपलब्ध गराउन लहान नगरपालिकालाई निर्देशन दिइएको । | |
| ६३ | आ. व. २०८०/०८१ मा नियम विपरीत सेवा करारका कर्मचारीहरू नियुक्त गरेको । | राजपुर नगरपालका | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम नगरपालिकाको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टताको आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सोही आधारमा नगरपालिकाको कार्यालय र अन्तर्गतको कार्यालयको सङ्गठन संरचना र दरबन्दी तेरिज गाउँसभाबाट स्वीकृत गरी दरबन्दीबमोजिम कर्मचारी नियुक्ति गर्न/गराउन नगरपालिकालाई निर्देशन दिइएको । | |
| ६४ | लहान नगरपलिकाका छैटौँ तहका इन्जिनियर अनिक कुमार यादव र जनकपुरधाम उपमहानगरपालिकाका छैटौँ तहमा कार्यरत इन्जिनियर ऋषिकेश साहलाई आर्थिक चलखेलमा सातौँ तहमा स्तरवृद्धि गरेको । | लहान नगरपालिका | तह मिलान सम्बन्धधमा प्रदेश लोकसेवा आयोग, मधेश प्रदेशसँग राय/परापर्श लिई कार्य अघि बढाउन लहान नगरपालिकालाई निर्देशन दिइएको । | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ६५ | जनकपुर उमनपा-११ वरपरका सार्वजनिक सम्पत्ति, धार्मिक स्थलहरूबाट अतिक्रमण भएको। | जनकपुरधाम उपमहानगरपालिका | सर्वजनिक सम्पत्तिको अतिक्रमण सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद १३ को दफा ९७ बमोजिम गाउँपालिका तथा नगरपालिकाक्षेत्र भित्रको सम्पत्तिको संरक्षण तथा रेखदेख गर्ने दायित्व सम्बन्धित स्थानीय तहको हुने हुँदा उप-महानगरपालिका भित्रको सार्वजनिक सम्पत्तिको संरक्षण तथा रेखदेख गर्न जनकपुरधाम उप-महानगरपालिकालाई निर्देशन दिइएको। | |
| ६६ | रौतहट जिल्लाको वृन्दावन नगरपालिकाले कृषि अनुदानमा र मलमा अनियमितता गरेको। | वृन्दावन नगरपालिका | वृन्दावन नगरपालिका, रौतहटलाई पारदर्शीरूपमा र सुशासन कायम गर्ने गरी कार्यसञ्चालन गर्न निर्देशन दिइएको। | |
| ६७ | सप्तकोशी नगरपालिकाका नगर प्रमुख कृष्ण प्रसाद ढकाल र हाकिमले आ.व. ०८१/०८२ को पालिकाको भवनको माथिल्लो दुई तलाको ठेक्कामा इन्जिनियर लोकेश पैकरालाई दबाब दिएर सम्झौता विपरीत डिजाइन चेन्ज गरी काम गर्न बाध्य पारेको, गत आ.व. मा पालिकाले लगाएको पार्किङ ठेक्का वापतको राजश्व ठेक्दारबाट असुलउपर नगरेको लगायतका विषयमा। | नगर प्रमुख/ प्र.प्र.अ | सप्तकोशी नगरपालिका, सप्तरीलाई ठेक्का सम्झौताको पूर्ण रूपमा परिपालना गर्न निर्देशन दिइएको। | |
| ६८ | मधेश प्रदेश अन्तर्गत रहेको स्वास्थ्य निर्देशनालय सपही, धनुषामा संघ तथा प्रदेश सरकारबाट विनियोजन गरी पठाएको ४ आ.व. देखिको पोषण कार्यक्रमको बजेट निर्देशनालयमा कार्यरत पोषण फोकल पर्सन विनोद यादवको संलग्नतामा अनियमितता भएको, दरबन्दी नरहेका कनिष्ट कर्मचारीहरूलाई नियम विपरीत कामकाजमा राखेको, ज.स्वा. नी. विनोद कुमार यादव, मे. ल्या. टे. नी. युगल किशोर यादव, सि. अ. हे. व. दिपेश कुमार मिश्र समेतले आ.व. २०८१/०८२ मा पेष्की लिएर कार्यक्रम नै नगरी नक्कली बिल भर्पाइ तयार गरी पेष्की फछ्यौंट गरेको लगायतका विषयमा। | स्वास्थ्य निर्देशनालय, सपही, धनुषा। | खरिद गरिएको पोषण झोला सम्बन्धित स्थानीय तह/स्वास्थ्य कार्यालयमा ELMIS तथा PAMS मार्फत सम्बन्धित निकायमा स्वीकृत म.ले.प. फारम मार्फत सो निकायहरूले नै सम्बन्धित लाभग्राहीहरूलाई वितरण गर्ने गरी हस्तान्तरण गरिएको देखिएको हुँदा सम्बन्धित स्थानीय तहहरूले प्राप्त सामाग्रीको जिन्सी दाखिला गरेको प्रमाण र सामाग्री वितरण गरेको भर्पाई निर्देशनालयमा पेश गरेको नदेखिएको हुँदा हस्तान्तरित सामाग्री लाभग्राहीले प्राप्त गरेको सुनिश्चित गर्नको लागि स्वास्थ्य निर्देशनालय सपही धनुषालाई निर्देशन दिइएको। | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ६९ | अग्नीसाइर कृष्णासवरन गाउँपालिका, सप्तरी को वडा नं. ३ र ४ अन्तर्गत पर्ने विशाल चोकदेखि राजविराजसम्मको सडक निर्माणमा लाखौँ रकमको अनियमितता गरेको । | प्रमुख प्रशासकीय अधिकृत | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममुलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । यस्ता जटिल प्रविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण/संभार कार्य उपभोक्ता समिति मार्फत् गराएको देखिँदा यस्ता कार्य व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने हुँदा सार्वजनिक खरिद नियमावलीको व्यवस्था बमोजिम कार्य गर्न गराउन अग्नीसाइर कृष्णासवरन गाउँपालिका, सप्तरीलाई निर्देशन दिइएको । | |
| ७० | प्रादेशिक अस्पताल, मलंगवा, सर्लाहीका तत्कालिन प्रमुख डा.संजिव कुमार सिंहले अवकाशपूर्व विभिन्न सप्लायर्स मार्फत खरिद गरिएका लाखौँ मूल्यका सरकारी सामग्रीहरू र केही व्यापारीहरूसँगको मिलेमतोमा मगाइएका पलङ, दराज, डस्ना, पङ्खा, कुलर लगायतका सामान अस्पतालको गाडीमार्फत आफ्नो निजी निवासमा पठाएको । | डा.संजिव कुमार सिंह | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेशलाई निम्न बमोजिम गर्नुहुन निर्देशन दिइएको ।<br>१. प्रादेशिक अस्पताल, मलंगवा, सर्लाहीलाई आफ्नो आन्तरिक नियन्त्रण प्रणाली प्रचलित कानूनले तोके बमोजिम प्रभावकारी र नतिजामूलक बनाई स्रोत र साधनको मितव्ययी प्रयोगमार्फत सुशासन कायम गर्नुहुन ।<br>२. जिल्ला प्रशासन कार्यालय, सर्लाहीका प्रशासकीय अधिकृत जय किशोर साहको संयोजकत्वमा गठित छानबिन समितिले उजुरीको सम्बन्धमा छानबिन गरी जिल्ला प्रशासन कार्यालय, सर्लाहीमा पेश गरेको प्रतिवेदनमा उल्लेख भए बमोजिम उजुरीसँग सम्बन्धित पक्षहरूलाई प्रचलित कानून बमोजिम कारबाही गर्नुहुन । | |
| ७१ | मधेश प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पछिल्लो समयमा (माघ २ गते का.मु. सचिव कमलप्रसाद भट्टराई जनकपुरमा नभएको दिन) चलखेल गरी एकैपटक ४० जना कर्मचारीको सरुवा गरेको । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश निजामती सेवा नियमावली,२०७९ को नियम ३७ को उपनियम १(क) मा प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा २५ अनुसार सरुवा गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रत्येक वर्षको भदौ एक गतेदेखि भदौ मसान्तभित्र गर्नुपर्ने व्यवस्था बमोजिम सरुवा व्यवस्थापन गर्न गराउनुहुन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेशलाई निर्देशन दिइएको । | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ७२ | नारायणी अस्पताल वीरगंजमा मुटुको डाक्टरलाई देखाउन १० बजेदेखि पालो कुरेर बसेको थिए, १ बजेसम्म पनि पालो आएन, १ बजे डाक्टर उठेर जानुभयो। हामी बिरामीलाई निकै मर्का पर्यो। | नारायणी अस्पताल वीरगंज | सेवाग्राहीलाई सहज हुने गरी प्रभावकारी रूपमा सेवा प्रवाहको व्यवस्था मिलाउन नारायणी अस्पताल वीरगंजलाई निर्देशन दिइएको। | |
| ७३ | जिल्ला सर्लाही, चन्द्रनगर गा.पा. का अध्यक्ष राजकुमार महतोले आ.व. २०८०/०८१ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धी ऐन,२०७७ को प्रावधान विपरीत तोकिएको परिणाम भन्दा बढी इन्धन खर्च लिई अनियमितता गरेको। | गा.पा. अध्यक्ष राजकुमार महतो | चन्द्रनगर गा.पा., सर्लाहीलाई स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को पूर्ण पालना गरी इन्धन खर्च व्यवस्थापन गर्न/गराउन निर्देशन दिइएको। | |
| ७४ | बरहथवा नगरपालिका सर्लाहीले आ.व. ०८२/०८३ मा स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा प्राय जसो हरेक कार्यक्रममा आफु खुसी बजेट बाँडफाट गरी अनिवार्य गर्नुपर्ने क्रियाकलाप नगरी अनुगमन सुपरभिजन र प्रतिवेदनको नाममा धैरै रकम खर्च गर्ने गरेको। | बरहथवा न.पा., सर्लाही | बरहथवा नगरपालिका, सर्लाहीलाई प्रचलित कानून, कार्यविधिको पालना गरी कार्यक्रम सञ्चालन गर्न/गराउन निर्देशन दिइएको। | |
| ७५ | औरही नगरपालिका, महोत्तरीका प्रमुख प्रशासकीय अधिकृत कार्यालयमा अनुपस्थित रहने, कर्मचारी भर्ना तथा नविकरणमा अपारदर्शिता लगायतको विषय। | प्रमुख प्रशासकीय अधिकृत | औरही नगरपालिका, महोत्तरीलाई सेवाग्राहीको गुनासो नआउने गरी प्रभावकारी रूपमा कार्यसम्पादन गर्न/गराउन निर्देशन दिइएको। | |
| ७६ | मिथिला नगरपालिका-५, श्रीपुरस्थित वडा कार्यालयले चैत्र १० गते सूचना जारी गर्दै जनप्रतिनिधि र कर्मचारी धार्मिक तथा पर्यटकीय भ्रमणमा जाने भएकाले पाँच दिनका लागि कार्यालय बन्द रहने भनी जनताको काम छोडेर जनप्रतिनिधि र कर्मचारीले आफ्ना आफन्त घुमाउन वडाको बजेट दुरूपयोग गरेको र वडाको नियमित सेवा ठप्प पारेको | मिथिला नगरपालिका-५ | मिथिला नगरपालिकालाई आगामी दिनहरूमा कुनै पनि बहानामा सेवा प्रवाहको काम नरोकिने सुनिश्चित गरी कार्यक्रम कार्यान्वयन गर्न निर्देशन दिइएको। | |
| ७७ | हँसपुर नगरपालिकाका मेयर प्रदिप यादव, उपमेयर दुर्गा मण्डल, प्रमुख प्रशासकीय अधिकृत सुबोध ठाकुरले नगरपालिकाको वडा भित्रै जाँदा वा कार्यक्रम गर्दा भ्रमण भत्ता/काज खाने गरेको र अनावश्यक मिटिङ राखी भत्ता खाने तथा १ दिनमा हुनेमा ४ दिनको मिटिङ देखाई भत्ता खाने गरेको | हंसपुर नगरपालिका, धनुषा | विभिन्न मितिमा काज देखाई भ्रमण भत्ता खाएकोमा उक्त कागजातसाथ भ्रमण प्रतिवेदन संलग्न नरहेको तर भुक्तानी भने लिएको रकमको उल्लिखित पदाधिकारीहरूबाट भ्रमण प्रतिवेदन लिई सरकारी कोषबाट भएको खर्चलाई नियमित गराउन र आगामी दिनमा पारदर्शी ढङ्गले अभिलेख व्यवस्थित गर्न हँसपुर नगरपालिकालाई निर्देशन दिइएको। | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ७८ | पोखरीया नगरपालिका, पर्सा अन्तर्गत रहेका आधारभुत स्वास्थ्य केन्द्रमा कार्यरत करार सेवाका १२ जना अ.हे.व./अ.न.मी. कर्मचारीहरूले विगत ११ महिनादेखि तलब सुविधा नपाएको, नगरपालिकाका नगर प्रमुख र प्रशासकीय प्रमुख समक्ष जानकारी गराउँदा समेत आर्थिक स्रोत र साधन नभएको भनी गैरजिम्मेवार अभिव्यक्ति दिएको साथै मेयर प्रदुमन प्रसाद चौहान, प्रमुख प्रशासकीय अधिकृत कौशल कुमार झा र लेखा प्रमुख लगायतले विगत ६ वर्षदेखि कार्यरत करिब ३०० जना कर्मचारीहरूलाई २०८१ चैत्र महिनादेखि तलब भुक्तानी नगरेको, निवेदन दिई सुनुवाई गरीपाउँ भन्ने आग्रहलाई समेत एकअर्काको जिम्मेवारी हो भनि आफू पन्छिने गरेको | पोखरीया नगरपालिका, पर्सा | प्रचलित कानून बमोजिम नियुक्ति र कार्यरत भई दायित्व सिर्जना भएका कर्मचारीहरूको समस्यालाई प्रचलित कानून बमोजिम समाधान गर्न/गराउन पोखरीया नगरपालिका, पर्सालाई निर्देशन दिइएको। | |
| ७९ | कृषि ज्ञान केन्द्र, गौर, रौतहट आ.व. २०८०/०८१ मा कृषि सडक निर्माण गर्नका लागि नियम विपरीत राजदेवी नगरपालिकामा कार्यरत इन्जिनियर संजय कुमार पाण्डेलाई तोकेको र निज संजय कुमार पाण्डेले नियम विपरीत रौतहट जिल्लाभरी आफ्नो आसेपासेलाई मात्र योजना बिक्री गरी भ्रष्टाचार गरेको। | कृषि ज्ञान केन्द्र, रौतहट | कृषि ज्ञान केन्द्र, रौतहटलाई सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको पूर्ण पालना गरी खरिदको कार्य गर्न गराउन निर्देशन दिइएको। | |
| ८० | खडक नगरपालिका, सप्तरीका नगर प्रमुख जय प्रकाश चौधरीले कानून विपरीत नगरपालिकाको डिजेल, पेट्रोल आफ्नै सिफारिसमा मनलाग्दी खर्च गरेको। | खडक नगरपालकिा, सप्तरी | प्रदेश कानूनमा नगरपालिकाको प्रमुख र उपप्रमुखले १२५लि. र वडा अध्यक्षहरूले ३०लि. इन्धन सुविधा पाउने व्यवस्था रहेको तर तँहा नगरपालिकाले कार्य सञ्चालन निर्देशिका बनाई सेवा सुविधामा बढोत्तरी गरेको देखिन आएको हुँदा प्रदेश कानूनसँग बाझिने गरी स्थानीय तहका पदाधिकारीहरूलाई सेवा सुविधा उपलब्ध नगराउन खडक नगरपालिका, सप्तरीलाई निर्देशन दिइएको। | |
| ८१ | पूर्वाधार विकास कार्यालय, गौर, रौतहटमा कार्यरत कम्प्युटर अपरेटर(करार) सुनिल कुमार सहनीले सेवाग्राहीलाई दुःख दिएको, सरकारी मालसामान निजी प्रयोग गरेको र कार्यालय समय अगावै सेवा बन्द गरी हिड्ने गरेको। | पूर्वाधार विकास कार्यालय, रौतहट | प्रचलित कानून बमोजिम राष्ट्रसेवक कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता तथा आचरणको पूर्ण परिपालना गर्दै जनस्तरबाट गुनासो नआउने गरी सेवा प्रवाह गर्न/गराउन पूर्वाधार विकास कार्यालय, रौतहटलाई निर्देशन दिइएको। | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ८२ | शम्भुनाथ नगरपालिका वडा नं. ७ स्थित श्री बुद्धिलाल विद्या मुनर नमुना माध्यमिक विद्यालय भगतपुर बडहरी मा कार्यरत स्थायी शिक्षकहरूको २०८२ साल बैशाख देखि नै शिक्षक संचय कोष, ना.ल.कोष जस्ता रकमबाट विद्यालयका प्र.अ. गजेन्द्र नारायण दास तथा लेखापाल सुगन्धी साहले आफ्ना व्यक्तिगत कामहरू गरेको । | शम्भुनाथ नगरपालिका, सप्तरी | शिक्षकहरूको तलब भुक्तानी गर्दाको बखत नै संचय कोष र नागरिक लगानी कोष वापतको रकम शिक्षकहरूको संचय कोष र नागरिक लगानी कोष खातामा जम्मा हुने व्यवस्था मिलाई सो को जानकारी यस केन्द्रमा पठाउन शम्भुनाथ नगरपालिकालाई निर्देशन दिइएको । | |
| ८३ | नगरपालिकाबाट तलबको ५०% स्थानीय भत्ता (विदाको दिन र काज भ्रमणको दिन समेत) खाई राज्यकोषको दुरूपयोग गरेको । | शम्भुनाथ नगरपालिका, सप्तरी | नगरपालिकाको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७८ को दफा ११(१) बमोजिम कुनै प्रकारको प्रोत्साहन तथा विशेष भत्ता र तराइको पालिकामा स्थानीय भत्ता प्रदान गर्ने व्यवस्था नभएको तर पालिकाले ६ कर्मचारीलाई तलबको ५० प्रतिशत स्थानीय भत्ता दिँदा मापदण्डको पालना नगरेको सन्दर्भमा प्रोत्साहन भत्ता दिँदा इ-हाजिरीका आधारमा र स्थानीय भत्ता पाउने कानून, कार्यविधि बनाई सूचक निर्धारण गरेर मात्र दिने व्यवस्था मिलाउन लेखिएकोले सो सुझावको वस्तुनिष्ठ कार्यान्वयन गर्न शम्भुनाथ नगरपालिकालाई निर्देशन दिइएको । | |
| ८४ | प्रमुख प्रशासकिय अधिकृत शेर बहादुर भण्डारी, प्रशासन शाखा प्रमुख प्रधुमन प्रसाद पोखरेल र आर्थिक प्रशासन शाखा प्रमुख सृष्टी राउत समेतको मिलोमतोमा करार कर्मचारीसँग आर्थिक लेनदेन गरी कानून विपरीत आ.व. ०८२/८३ को लागि २०८२ साल असोज मसान्तमा करार कर्मचारीहरूको म्याद थप गरेको | शम्भुनाथ नगरपालिका, सप्तरी | करार कर्मचारीको म्याद थप गर्दा वस्तुगत कार्यसम्पादन मूल्याङ्कन फाराम र हाजिरी अभिलेखलाई मुख्य आधार बनाउन तथा प्राविधिक, अमिन, दमकल चालक र कम्प्युटर अपरेटर जस्ता नियमित प्रकृतिका सेवाहरूमा वर्षौंसम्म करारमा मात्र कर्मचारी नराखी नगरपालिकाको O&M Survey गरी आवश्यक स्थायी दरबन्दी सिर्जना गर्न र लोक सेवा आयोगमार्फत पदपूर्ति प्रक्रिया अघि बढाउन शम्भुनाथ नगरपालिकालाई निर्देशन दिइएको । | |
| ८५ | गाउँपालिका अन्तर्गत श्री बुधेश्वरी आधारभूत विद्यालय हरिरावामा कार्यरत स्थायी शिक्षक (प्रा.वि.तृतिय) रामपुकार साहलाई ऐन, नियम तथा प्रचलित कानूनी व्यवस्था विपरीत निजको सहमतिविना रूपनी गाउँपालिका सप्तरीले श्री बुधेश्वरी आ.वि. हरिरावाबाट श्री जेसीस आ.वि. पौवामा सरुवा गरेको | रूपनी गाउँपालिका, सप्तरी | प्रचलित कानून बमोजिम आवश्यक कारबाही गरी सो को जानकारी केन्द्रलाई पठाउन रूपनी गाउँपालिका, सप्तरीलाई निर्देशन दिइएको । | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ८६ | नगरपालिका अन्तर्गत वडा नं ३ मा वडा कार्यालय भवनको छत ढलानमा अनियमितता भएको | सिम्रौनगढ नगरपालिका,वारा | प्रचलित कानून बमोजिम साथै प्राविधिक इस्टिमेट अनुसार गुणस्तरीय रूपमा कार्य सम्पन्न गरी सोको जानकारी यस केन्द्रमा गराउन सिम्रौनगढ नगरपालिका,वारालाई निर्देशन दिइएको। | |
| ८७ | गाउँपालिकाको योजना शाखाका अधिकृत गुलाब मेहेता, लेखा कर्मचारी बजरंगी जैशवाल र प्र.प्र.अ. सुनिल केशरीले हरेक काम कमिशन लिएर गर्ने गरेको | विश्रामपुर गाउँपालिका, वारा | सेवा प्रवाहलाई थप पारदर्शी, जवाफदेही बनाई सेवाग्राहीको गुनासो नआउने गरी काम गर्न/गराउन विश्रामपुर गाउँपालिका, वारालाई निर्देशन दिइएको। | |
| **बागमती प्रदेश** | | | | |
| ८८ | काठमाडौं महानगरपालिका वडा नं १६ बोहोराटार (सम्मानित राष्ट्रपति श्री रामचन्द्र पौडेल ज्यू) को एरियामा करिब १५०० मिटर सडक बिना टेण्डर निर्माण गरिएकोमा सो सडक गुणस्तरहिन भएको। | १६ नं वडा कार्यालय, काठमाडौं महानगरपालिका समेत | उपभोक्ता समितिबाट भविष्यमा निर्माण कार्य गराउन आवश्यक र उपयुक्त कार्यविधि स्वीकृत गरी तत्काल कार्यान्वयनमा ल्याउन काठमाडौं महानगरपालिकालाई निर्देशन दिइएको। | |
| ८९ | नेपाल इन्जिनियरिङ परिषदमा काम गर्ने कर्मचारीहरूले नेपाल सरकारले तोकेको खाजा खाने समयको पालना नगर्दा काममा अनावश्यक ढिला सुस्ती भएकोले अनुगमन गरी पाउँ। | नेपाल इन्जिनिरयरिङ परिषद | नेपाल इन्जिनयरिङ परिषदलाई २९ जनाको दरबन्दीमा १४ जना मात्रै रहेको हुँदा सेवा प्रवाहमा ढिलासुस्ती हुन सक्ने हुँदा अविलम्ब दरबन्दी बमोजिमको कर्मचारी पदपूर्ति गर्ने र पोशाकको व्यवस्थापन गर्न निर्देशन दिईएको। | |
| ९० | दोलखा जिल्ला भीमेश्वर न.पा. भित्र रहेका १२ वटा माध्यमिक बिद्यालयहरू मध्ये सम्बन्धित तहको प्रधानाध्यापक ९ जना र माध्यमिक तह भन्दा तल्लो प्र.अ. ३ जना रहेकोमा शिक्षा नियमावली अनुसार१ जना पनि नियुक्ति नभएको लगायतका अनियमितता छानबिन गरी पाउँ। | भीमेश्वर नगरपालिका माध्यमिक विद्यालय, दोलखा | भीमेश्वर न.पा. लाई शिक्षा नियमावली, २०५९ को परिच्छेद १७ नियम ९३ को प्रावधान बमोजिम सार्वजनिक माध्यमिक विद्यायहरूमा अनिवार्य रूपमा सम्बन्धित विद्यालयको माध्यमिक तहमा कार्यरत स्थायी शिक्षकहरू मध्येबाट प्रधानाध्यापक नियुक्त गरी शैक्षिक गुणस्तर अभिबृद्दि गराउन निर्देशन दिईएको। | |
| ९१ | नेपाल ड्राइभिङ सेन्टर, गोकर्णेश्वर काडमाडौँमा ट्रायल परीक्षा लिदा भएको अनियमितता सम्बन्धमा छानबिन तथा कारबाही गरी पाउँ। | यातायात व्यवस्था कार्यालय, चाबहिल | यातायात व्यवस्था कार्यालय, चाबहिललाई देहाय बमोजिम निर्देशन दिइयो।<br>१. यातायात व्यवस्था कार्यालयले ट्रायल परीक्षा लिँदा प्रयोग भएका प्रत्येक सवारी साधनहरूबाट पास भएका र फेल भएका सेवाग्राहीको संख्यात्मक विवरण समेत राख्ने गरेको नदेखिएकाले अव उप्रान्त प्रत्येक दिनको परीक्षाको प्रत्येक सवारी साधनबाट पास र फेल भएको संख्यात्मक विवरण कम्तीमा पनि ६ महिनासम्म राख्ने व्यवस्था गर्न/गराउनु। | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| | | | २. परीक्षा प्रयोजनको लागि प्रयोग गरिने सवारी साधन र ड्राइभिङ सेन्टरले आफुले ड्राइभिङ सिकाउन प्रयोग गर्ने सवारी साधन छुट्टाछुट्टै गर्ने/गराउने ।<br>३. जनगुनासो नआउने गरी ट्रायल सेन्टरमा सवारी साधनको व्यवस्था गरी सेवा प्रवाहको व्यवस्था गर्ने । | |
| ९२ | कागेश्वरी मनोहरा न.पा. थली काठमाडौँको संस्था दर्ता शाखामा कार्यरत शाखा प्रमुख लगायतका कर्मचारीहरूले समयमै काम नगरी अनावश्यक दुःख दिने गरेकोले आवश्यक कारबाही गरि न.पा. को समेत अनुगमन निरीक्षण गरी दिनुहन । | कागेश्वरी मनोहरा नगरपालिका | कुनै पनि किसिमको गुनासो नआउने गरी सार्वजनिक सेवा प्रवाह गर्नु गराउनुहुन निर्देशन दिइएको । | |
| ९३ | का.म.न.पा. का मेयर बालेन साहको कार्यकाल पछि त्यहाँ भ्रष्ट कर्मचारी निर्देशक महेश काफ्लेको समूहले प्रभुत्व जनाउन थालेका छन् र प्रमुख प्रशासकिय अधिकृतले उनलाई नै साथ दिईरहेको लगायतका अनियमितताहरूको छानबिन गरी पाउँ । | का.म.न.पा | गुनासोको उचित व्यवस्थापन गरी सेवा प्रवाह गर्नु गराउनुहुन का.म.न.पा. लाई निर्देशन दिईएको । | |
| ९४ | गोकर्णेश्वर नगरपालिकाका प्रमुख प्रशासकीय प्रमुख प्रशासकीय अधिकृत याम नारायण गौलीले कमिसन लिने गरेको, कर्मचारीलाई जथाभावी भत्ता वितरण गरेको, लेखा शाखाका कर्मचारी रामजी रायमाझी र शान्ति खड्काले नियमित संचयकोष समेत दाखिला नगरेको लगायतका अनियमितताहरूको छानबिन गरी पाउँ । | गोकर्णेश्वर नगरपालिका | कार्यालयबाट हुने सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी तथा गुणस्तरीय बनाउन र प्रचलित कानून, कार्यविधि र प्रशासकीय मापदण्डको पूर्ण परिपलना गर्न/गराउन निर्देशन दिइएको । | |
| ९५ | काठमाडौँ महानगरपालिका वडा नं २८ स्थित बागबजारमा रहेको टुकुचा खोलामा पुल निर्माण कार्य २०८२ चैत्र मसान्तभित्र निर्माण सम्पन्न हुनुपर्नेमा हालको मितिसम्म पनि सम्पन्न नभएको बागबजारको व्यस्त सहरमा समेत तोकिएको समयमा नभएको लगायतका अनियमितताहरू । | काठमाडौं महानगरपालिका | सरोकारवालाहरूलाई पर्ने मर्का समेतलाई मध्यनजर गरी तोकिएको समयमै निर्माण कार्य सम्पन्न गर्न, गराउन का.म.न.पा. लाई निर्देशन दिईएको । | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ९६ | सहरी विकास तथा भवन कार्यालय, सिन्धुलीमाढी, बामगती प्रदेशका कार्यरत कर्मचारीहरू बिच कामको जिम्मेवारी न्यायोचित र सन्तुलित रूपमा नभएको, आवश्यक योग्यता र क्षमता भएका अन्य कर्मचारीहरूलाई पाखा लगाएर निश्चित एकजनालाई दैनिक रूपमा महत्वपूर्ण जिम्मेवारी दिएको, यस्तो पक्षपाती व्यवहारले गर्दा कार्यालयमा पारदर्शिता र समानता नभएको लगायतका अनियमितताहरूको छानबिन गरी पाउँ। | सहरी विकास तथा भवन कार्यालय, सिन्धुलीमाढी, बागमती प्रदेश | प्रचलित कानून र प्रशासकीय मापदण्डको पूर्ण परिपालना गरी गुणस्तरीय सेवा प्रवाहको प्रत्याभूति गर्ने गरी प्रबन्ध मिलाउन निर्देशन दिईएको। | |
| ९७ | सिद्धलेक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत, पशु चिकित्सक, शिक्षा अधिकृत लगायत अन्य कर्मचारी समेत कार्यकक्षमा नभेटिएको भन्ने बेहोराको उजुरी लगायतका अनियमितताहरूको छानबिन गरी पाउँ। | सिद्धलेक गाउँपालिका | कार्यालय संचालन तथा सेवा प्रवाहमा असर नपर्ने गरी मात्र कर्मचारीको बिदा, काज तथा फिल्ड परिचालन व्यवस्थापन गर्न, कार्यालय प्रमुख लगायत जिम्मेवार कर्मचारीहरूको नियमित उपस्थिति सुनिश्चित गर्न, उजुरीमा उल्लेखित गरिएको गुनासो तत्काल सम्बोधन गर्न तथा सेवाग्राहीमेत्री ढंगबाट सेवा प्रवाह गर्न निर्देशन दिइएको। | |
| ९८ | गोदावरी नगरपालिका, ललितपुर अन्तर्गत धापाखेल-झरुवाबासी-डाँडागाउँ-न्यौपानेगाउँ वडा नं १३, १० को एउटा शीर्षकमा दुइ बर्षदेखी बजेट विनियोजन भइराखेको र फेरी अर्को झरुवाबासी-डाँडागाउँ-न्यौपानेगाउँ, वडा १३,१० को शीर्षकमा पनि दुई बर्षदेखी बजेट बिनियोजन भइराखेको भएपनि काम नभएको। | गोदावरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, ललितपुर, बागमती प्रदेश | गोदावरी न.पा. लाई निम्नअनुसार निर्देशन दिईएको:-<br>१. धापाखेल-झरवाबासी-डाँडागाउँ-न्यौपानेगाउँ सडक खण्डसँग सम्बन्धित वडा नं १०,११ र १३ अन्तर्गतका सबै योजना/कार्यको शीर्षक, कार्यक्षेत्र लागत ठेक्का समझौता भौतिक तथा वित्तीय प्रगती भुक्तानी बिवरण कार्यसम्पन्नता तथा स्थलगत अवस्थाको एकीकृत अभिलेख व्यवस्थित गरी राख्नु।<br>२. एउटै वा मिल्दोजुल्दो शीर्षकमा योजनामा दोहोरोपन, भ्रम, क्षेत्रगत अस्पष्टता वा अनुगमन कठिनाइ उत्पन्न नहुने गरी योजना संरचना र अभिलेखीकरण व्यवस्था मिलाउनु।<br>३. योजनाको स्थलगत अनुगमन, नापजाँच, कार्यसम्पन्न प्रतिवेदन र भुक्तानी प्रक्रिया थप पारदर्शी, प्रमाणित, नतिजामुखी र उत्तरदायी ढंगले संचालन गर्नु/गराउनु। | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| | | | ४. योजनाको ओभरल्याप हुने वा अन्तरसम्बन्धित पूर्वाधार योजनाको हकमा योजना स्वीकृति देखि कार्यसम्पादन्नता सम्म एकीकृत प्राविधिक अभिलेख, नक्सा/ चेनएज, प्रगती विवरण र अनुगमन प्रतिवेदन अनिवार्य रूपमा अद्यावधिक राख्ने व्यवस्था गर्नु तथा सार्वजनिक सरोकारका योजना सम्बन्धी तथ्य/ प्रगती विवरण नियमानुसार सार्वजनिक जानकारीमा ल्याइ पारदर्शिता र जवाफदेहीता अभिबृद्धि गर्नेसम्बन्धमा समेत सचेत रही कार्य गर्नु गराउनुहुन । | |
| ९९ | ललितपुर महानगरपालिका वडा नं ४ को वडा अध्यक्ष र उक्त वडामा काम गर्ने सरकारी कर्मचारीले ललितपुर महानगरपालिका वडा नं ४ को ज्यापु समाज, बागडोल जाने बाटो, राष्ट्रपति मार्गबाट मलपोखरी जोड्ने बाटो तथा लालध्वज राईको घरतर्फ जाने बाटो निर्माण कार्यमा बागडोल सडक स्तरोन्नती गर्ने कार्य योजना अन्तर्गतको मापदण्ड बमोजिम रकम लिई कमसल सामानप्रयोग भन्दा कमको निर्माण सामाग्री प्रयोग गरेको बारे । | ललितपुर महानगरपालिका वडा नं ४ | ललितपुर म.न.पा.लाई निम्नानुसार निर्देशन दिईएको:-<br>१. सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा सम्बन्धित कार्यविधि बमोजिम स्वीकृत लागत अनुमान, डिजाइन निर्माण कार्यको गुणस्तर, परिणाम र मापदण्डको पूर्ण पालला गर्नु/गराउनु ।<br>२. उपभोक्ता समितिमार्फत संचालन भएका योजनामा प्राविधिक परीक्षण, अनुगमन सार्वजनिक सुनुवाई सामाजिक परीक्षण, नापजाँच, जाँचपास, अभिलेखीकरण र फरफारक प्रकृया वस्तुगत तथा प्रमाणमा आधारित पारदर्शी र नतिजामुलक बनाउनु ।<br>३. आयोजना व्यवस्थापन प्रणालीमा प्रणालीगत सुधार एवं सुशासन कायम राखी भविष्यमा यस्ता गुनारसा दोहोरिन नदिने वुयवस्थाको प्रत्याभुती गर्नु/गराउनु ।<br>४. आयोजनाको कार्यान्वयनमा संलग्न प्राविधिक र प्रशासनिक पदाधिकारीको जिम्मेवारी, जवाफदेहिता र आन्तरिक नियन्त्रण प्रणालीलाई सुढृण गरी गुणस्तर नियन्त्रण, नियमित अनुगमन तथा सुपरिवेक्षण गर्नु/गराउनु । | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| १०० | Contructionof the Administrative Building Of Gokarneshwor Municipality (Bid Nom: GOMUN/NCB/W 081/82-19 सम्बन्धी प्राविधिक मूल्यांकनको नतिजा २०८१/२/११ गते प्रकाशित गरिएको सूचना अनुसार जम्मा ६ वटा बोलपत्रमध्ये १४ वटा बोलपत्रलाई प्राविधिक रूपमा उत्तिण (Substantially responsive) घोषित गरिएकोमा मूल्यांकनको क्रममा प्राविधिक प्रस्तावमा मूल्य सम्बन्धी जानकारी समावेश गरिएको, पावर अफ एटर्नी र संयुक्त उपक्रम सम्झौतामा हस्ताक्षर गर्नेहरूको पक्षमा शेयर होल्डर विवरण नदिएको, पावर अफ एटर्नीमा बोलपत्र विवरण | गोकर्णेश्वर नगरपालिका | उक्त उजुरीको सम्बन्धमा गोकर्णेश्वर न.पा. लाई देहायबमोजिम निर्देशन दिईएको:-<br>१. सार्वजनिक खरिद सम्बन्धी सम्पूर्ण प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, PPMO का प्रचलित मापदण्ड, निर्देशिका तथा सुशासनका सिद्धान्त अनुरूप पूर्ण पारदर्शी, निष्पक्ष, प्रतिस्पर्धात्मक र उत्तरदायी ढङ्गबाट सञ्चालन गर्नु/गराउनु।<br>२. प्राविधिक तथा आर्थिक मूल्याङ्कनका प्रत्येक निर्णयको आधार, कारण र निष्कर्ष स्पष्ट रूपमा अभिलेखीकरण गरी परीक्षणयोग्य (Auditable) बनाउने तथा मूल्याङ्कन समितिको जवाफदेहिता सुनिश्चित गर्नु/गराउनु।<br>३. बोलपत्र मूल्याङ्कनका क्रममा कुनै बोलपत्रलाई अनुचित लाभ वा हानि पुग्ने अवस्था सिर्जना हुन नदिने तथा मूल्याङ्कन प्रक्रियामा देखिन सक्ने त्रुटि, कमजोरी वा विवादका कारण पुनः यस्ता प्रकृतिका गुनासा उत्पन्न हुन नदिने गरी आवश्यक संस्थागत सुधार, आन्तरिक नियन्त्रण तथा निगरानी व्यवस्था प्रभावकारी बनाउनु।<br>४. सार्वजनिक खरिद प्रक्रियामा संलग्न पदाधिकारी तथा कर्मचारीलाई प्रचलित कानून, मापदण्ड र खरिद सम्बन्धी व्यावसायिक आचरणको पूर्ण पालना गराई आगामी दिनमा यस्ता प्रकृतिका उजुरी दोहोरिन नदिने गरी आवश्यक व्यवस्थापकीय, प्रशासनिक तथा अनुशासनात्मक उपाय अवलम्बन गर्नु/ गराउनु। | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| १०१ | कागेश्वरी मनोहरा नगर अस्पताल, काठमाडौँका प्रमुख राम प्रसाद पौडेल, अस्पताल व्यवस्थापक सन्तोष तिमिल्सिना, लेखा प्रमुख निम कुमार डाँगी र स्टोर प्रमुख लक्ष्मी प्रसाद देवकोटाले अस्पतालमा व्यापक अनियमितता गरेको, डाक्टर र एम.आरहरूको मिलेमतोमा बिरामीलाई अस्पताल बाहिरको मेडिकलमा औषधि किन्न बाध्य बनाउने गरेको, हाल कार्यरत २४८ कर्मचारीहरूमध्ये ३५ जना स्थायी र अन्य २१३ जना करारका कर्मचारी रहेकोमा स्थायी कर्मचारीले तल्लो कर्मचारीलाई तल्लो स्तरको व्यवहार गर्ने गरेको लगायतका अनियमितताहरूको छानबिन गरी पाउँ। | कागेश्वरी मनोहरा नगर अस्पताल | कागेश्वरी मनोहरा नगर अस्पताललाई निम्न बमोजिम निर्देशन दिईएको:-<br>१. अस्पतालको आर्थिक प्रशासन, औषधि खरिद तथा वितरण, जिन्सी व्यवस्थापन, सेवा प्रवाह र कर्मचारी प्रशासन सम्बन्धी सम्पूर्ण कार्य प्रचलित कानून, स्वीकृत मापदण्ड तथा सुशासनका सिद्धान्तबमोजिम पूर्ण पारदर्शिता, निष्पक्षता र जवाफदेहितासहित सञ्चालन गर्ने व्यवस्था सुनिश्चित गर्नु/गराउनु।<br>२. चिकित्सक, कर्मचारी वा अन्य कुनै व्यक्तिबाट सेवाग्राहीलाई अस्पताल बाहिरबाट औषधि वा स्वास्थ्य सामग्री खरिद गर्न बाध्य बनाउने, निजी स्वार्थ प्रवर्द्धन गर्ने वा पद तथा प्रभावको दुरूपयोग गर्ने कार्य हुन नदिनु तथा त्यस्तो कार्य भएको पाइएमा तत्काल छानबिन गरी कानूनबमोजिम आवश्यक कारबाही गरी सोको जानकारी यस केन्द्रमा पठाउनु।<br>३. कर्मचारीबीच समान व्यवहार, पेशागत मर्यादा, कार्यअनुशासन तथा कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणाली अबलम्बन गरी कुनै पनि प्रकारको विभेद, पक्षपात वा कार्यस्थलमा अनुचित व्यवहार हुन नदिने व्यवस्था मिलाउनु।<br>४. सेवाग्राही गुनासो व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी, सहज, गोपनीय तथा परिणाममुखी बनाई प्राप्त प्रत्येक गुनासोको समयमै निष्पक्ष सुनुवाइ, अभिलेखीकरण, अनुगमन तथा आवश्यक सुधारात्मक कार्य सुनिश्चित गर्नु/गराउनु।<br>५. अस्पताल व्यवस्थापन समिति तथा सम्बन्धित निकायबाट आन्तरिक नियन्त्रण, नियमित अनुगमन, सामाजिक तथा व्यवस्थापकीय उत्तरदायित्व र सेवा गुणस्तर मूल्याङ्कनलाई प्रभावकारी बनाई सार्वजनिक स्वास्थ्य सेवाप्रति नागरिकको विश्वास अभिवृद्धि हुने गरी संस्थागत/प्रणालीगत/व्यवहारजन्य सुधारका उपायहरू निरन्तर कार्यान्वयन गर्नु/गराउनु। | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| १०२ | सवारी चालक अनुमतिपत्रको ट्रायल परीक्षामा आफ्नो सवारी साधन लगेर ट्रायल दिन नपाइने नियमले सेवाग्राहीलाई अत्याधिक मार परेको, कुनै अमुक कम्पनी/ड्राइभिङ्ग सेन्टरसँग सम्झौता गरी एकाधिकार जमाई ठूलो चलखेल हुने गरेको। | यातायात व्यवस्था कार्यालयहरू | सो सम्बन्धमा यस केन्द्रको मिति २०८०/१०/०७ को निर्देशन प्रभावकारी रूपमा कार्यान्वयन गरी ट्रायल परीक्षामा परीक्षार्थीलाई आवश्यक प्राविधिक तथा सुरक्षा मापदण्ड पूरा नभएको अवस्थामा स्वेच्छाले आफ्नै सवारी साधन प्रयोग गर्न दिने व्यवस्था मिलाउन निर्देशन दिईएको। | |
| १०३ | सरकारी सवारी साधनको दुरूपयोग सम्बन्धमा। | सबै सरकारी / सार्वजनिक संस्थाहरू | उक्त उजुरीको सन्दर्भमा सबै सार्वजनिक निकायलाई लागु हुनेगरी निम्न बमोजिम निर्देशन सहित सार्वजनिक सूचना जारी गरिएको<br>१) सरकारी सवारी साधनलाई स्वीकृत सरकारी कार्य तथा कार्यालयीय प्रयोजन बाहेक अन्य कुनै व्यक्तिगत वा अनधिकृत प्रयोजनमा प्रयोग गर्न नदिने व्यवस्था सुनिश्चित गर्ने।<br>२) सवारी साधन सञ्चालन गर्दा सम्बन्धित निकायबाट स्वीकृत सवारी आदेश (Vehicle Movement Order) जारी गर्ने तथा सोको अभिलेख व्यवस्थित रूपमा राख्ने।<br>३) प्रत्येक सवारी साधनको लगबुक (Log Book) नियमित रूपमा अद्यावधिक गरी यात्रा विवरण, इन्धन खपत, दूरी तथा प्रयोजन स्पष्ट रूपमा अभिलेखीकरण गर्ने।<br>४) सार्वजनिक बिदा, कार्यालय समयपश्चात् तथा विशेष परिस्थिति बाहेक सवारी साधनको प्रयोग गर्दा सम्बन्धित अधिकारीबाट पूर्वस्वीकृति लिने व्यवस्था मिलाउने।<br>५) सवारी साधनको प्रयोग, मर्मत, इन्धन तथा अन्य खर्चको नियमित आन्तरिक अनुगमन तथा परीक्षण गरी अनियमितता देखिएमा तत्काल आवश्यक कारबाही प्रक्रिया अघि बढाउने।<br>६) कार्यालय प्रमुखले सार्वजनिक सवारी साधनको उपयोग सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन भए/नभएको विषयमा नियमित रूपमा समीक्षा गर्ने। | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| | | | ७) सार्वजनिक सम्पत्तिको दुरूपयोग वा प्रचलित कानूनी व्यवस्था विपरीत सवारी साधन प्रयोग भएको पाइएमा प्रचलित कानून बमोजिम जिम्मेवार पदाधिकारी वा कर्मचारीलाई उत्तरदायी बनाई आवश्यक विभागीय तथा कानूनी कारबाही गर्ने ।<br>८) सरकारी सवारी साधनको उपयोग सम्बन्धी पारदर्शिता, जवाफदेहिता तथा मितव्ययिता अभिवृद्धि गर्न आवश्यक आन्तरिक निर्देशिका, कार्यविधि वा मापदण्ड अद्यावधिक गरी कार्यान्वयनमा ल्याउने । | |
| १०४ | शिवपुरी गाउँपालिका, गाउँपालिकाको कार्यालय शेरावगर, नुवाकोट, बागमती प्रदेश वडा नं ५ स्थित तहाँ कार्यालयबाट करिब ८०० मिटरको दुरीमा एक क्रसर उद्योग अवैध रूपमा संचालन भएको, सो क्रसर उद्योग अवैध रहेको, पहुँचको भरमा प्रशासनको उच्च तहबाट संरक्षण रहेको पालिकाबाट कुनैपनि लिखित सहमति तथा नविकरण नदिएको, अवैध उत्खननले नदी धमिलो हुने, जलचरहरूको जीवनमा प्रत्यक्ष असर पर्ने गरेको लगायतका अनियमितताहरूको छानबिन गरी पाउँ । | शिवपुरी गाउँपालिका | शिवपुरी गा.पा. लाई निम्नबमोजिम निर्देशन दिईएकोः-<br>१. ढुङ्गा, गिट्टी, बालुवा लगायत प्राकृतिक स्रोत-साधनको उत्खनन, संकलन, प्रशोधन, ढुवानी, बिक्री-वितरण तथा क्रसर उद्योग सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य प्रचलित कानून, स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (IEE/EIA), तोकिएका मापदण्ड, अनुमति, कार्यादेश, स्वीकृत क्षेत्र, परिमाण, अवधि तथा शर्तहरूको पूर्ण पालना हुने गरी मात्र सञ्चालन गर्नु/ गराउनु ।<br>२. अनुमति वा दर्ता विना कुनै पनि क्रसर उद्योग, उत्खनन वा नदीजन्य पदार्थ सम्बन्धी गतिविधि सञ्चालन हुन नदिनु । उत्खनन् तथा निकासीको कार्य स्वीकृत क्षेत्र, परिमाण, अवधि र वातावरणीय शर्तभन्दा बाहिर हुन नदिन कडाइका साथ नियन्त्रण गर्नु/गराउनु । साथै, स्वीकृत मापदण्ड विपरीत उत्खनन्, अनधिकृत संकलन, अवैध ढुवानी, ओभर-एक्स्ट्र्याक्सन, राजस्व चुहावट, मिलेमतो वा पदको दुरूपयोग भएको पाइएमा तत्काल रोक लगाई, क्षति मूल्याङ्कन गरी, जिम्मेवार पदाधिकारी/व्यक्ति पहिचान गरी, प्रचलित कानून बमोजिम कारबाही प्रक्रिया अविलम्ब अघि बढाउनु । | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| | | | ३. प्राकृतिक स्रोत-साधनको उपयोग, ठेक्का व्यवस्थापन, राजस्व संकलन तथा अनुमति प्रक्रियामा खुला प्रतिस्पर्धा, पारदर्शिता, मितव्ययिता, अभिलेखीकरण तथा संस्थागत जवाफदेहिता सुनिश्चित गर्नु/गराउनु ।<br>४. उत्खनन, संकलन, ढुवानी, बिक्री-वितरण तथा राजस्व संकलन सम्बन्धी कार्यमा संलग्न जनशक्तिको जिम्मेवारी, उत्तरदायित्व, कार्यक्षेत्र, प्रतिवेदन प्रणाली तथा वित्तीय नियन्त्रण स्पष्ट निर्धारण गरी रसिद प्रणाली, बैंक दाखिला, राजस्व मिलान, नगद नियन्त्रण तथा लेखापरीक्षण योग्य अभिलेखको नियमित परीक्षण र प्रमाणीकरण सुनिश्चित गर्नु/गराउनु ।<br>५. प्राकृतिक स्रोत-साधनको उत्खनन् तथा बिक्री–वितरण सम्बन्धी कार्य गर्दा वातावरणीय प्रभाव न्यूनीकरण, स्थानीय समुदायको हित संरक्षण, भौतिक संरचनाको सुरक्षा, नदीजन्य/खानीजन्य पदार्थको वैज्ञानिक र दिगो उपयोग तथा सार्वजनिक हितको संरक्षणहुने गरी मात्र कार्य सञ्चालन गर्नु/गराउनु ।<br>६. प्राकृतिक स्रोत-साधनको व्यवस्थापन, राजस्व संकलन तथा क्रसर उद्योग सञ्चालन सम्बन्धी कार्यमा नियमित स्थलगत अनुगमन, छड्के निरीक्षण, जोखिम मूल्याङ्कन, प्राविधिक परीक्षण, अभिलेख परीक्षण तथा आवधिक व्यवस्थापकीय समीक्षा गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु/गराउनु तथा सम्बन्धित निकायबीच आवश्यक समन्वय कायम गर्नु/गराउनु ।<br>७. भविष्यमा यस्ता प्रकृतिका गुनासा पुनः नदोहोरिने गरी स्पष्ट कार्यविधि, मापदण्ड, गुनासो सुनुवाइ संयन्त्र, जिम्मेवारी विभाजन, उत्तरदायित्व निर्धारण, अनुगमन तथा नियन्त्रण प्रणालीलाई संस्थागत रूपमा सुदृढ गरी प्रभावकारी कार्यान्वयन गर्नु/गराउनु । | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| १०५ | चाँगुनारायण नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा नगर प्रमुखका स्वकीयहरूले निर्माण व्यवसायीहरूसँग ठेक्काको मोटो रकम कमिसनका रूपमा मागेको, गोकर्ण पुरीले अबैध बालुवा उत्खनन् गर्नेहरूलाई संरक्षण दिएर नगर प्रहरी र ठेकेदार मार्फत लाखौ रूपैया कमिसन मागेको लगायतका अनियमितताहरूको छानबिन गरी पाउँ। | चाँगुनारायण नगरपालिका, नगर कार्यपालिकाको कार्यालय | चाँगुनारायण न.पा. लाई निम्नअनुसार निर्देशन दिईएको:-<br>१. सार्वजनिक गुनासा तथा हेलो सरकारमार्फत प्राप्त उजुरीहरू प्रचलित कानून, तोकिएको समयसीमा र सुशासनका मान्यता अनुरूप समयमै फछर्यौट गरी अनाव्शयक ढिलासुस्ती दोहोरिन नदिनु।<br>२. निर्माण कार्य, सार्वजनिक खरिद, नदीजन्य पदार्थको उत्खनन्, राजस्व संकलन तथा सेवा प्रवाहमा सम्बन्धित सम्पूर्ण कार्यमा पाददर्शिता, निष्पक्षता आन्तरिक नियन्त्रण र अभिलेख व्यवस्थापनलाई थप प्रभावकारी बनाई कुनै पनि व्यक्ति वा समूहले पद, पहुँच वा प्रभावको दुरूपयोग गरी आर्थिक लाभ लिने दिलाउने कार्य हुन नदिन आवश्यक निगरानी तथा नियन्त्रणका उपाय अवलम्बन गर्नु/गराउनु।<br>३. नगर प्रमुखको स्वकीय हुँ भनी परिचय दिई वा सार्वजनिक पदाधिकारीको नाम तथा प्रभावको दुरूपयोग गरी कसैले गैरकानूनी गतिविधि गरेको वा गरिरहेको तथ्य फेला परेमा त्यस्ता व्यक्ति उपर प्रचलित कानून बमोजिम तत्काल अनुसन्धान, विभागीय तथा कानूनी कारबाहीको प्रकृया अवलम्बन गरी सोको जानकारी यस केन्द्रलाई समेत उपलब्ध गराउनु। | |
| १०६ | महालक्ष्मी नगरपालिका, ललितपुरको स्वास्थ्य शाखामा शाखा प्रमुख, सह प्रमुख, मेयर तथा सङ्घीय संसदको रजगज चलेको, स्वास्थ्य शाखामा करारका कर्मचारीहरू नियुक्ति गर्दा आफन्त र नातागोतालाई राख्ने गरेको, करारमा जागिर गरिरहेका बिमा महर्जन, मेलिना ज्ञवाली, राजकुमार बोहोरा र रोजी महर्जनको नियुक्ति प्रक्रियामा अनियमितता भएको लगायत। | महालक्ष्मी नगरपालिका | महालक्ष्मी न.पा. लाई देहायबमोजिम निर्देशन दिईएको:-<br>१. कर्मचारीको करार, अस्थायी, दैनिक ज्यालादारी वा अन्य कुनै पनि प्रकृतिको नियुक्ति, कार्य व्यवस्थापन तथा सेवा निरन्तरता सम्बन्धी सम्पूर्ण कार्य प्रचलित कानून, स्वीकृत संगठन संरचना, मापदण्ड तथा प्रतिस्पर्धात्मक, पारदर्शी र वस्तुनिष्ठ प्रक्रियाअनुरूप मात्र गर्नु/गराउनु।<br>२. अत्यावश्यक सेवाका नाममा गरिने अस्थायी वा दैनिक ज्यालादारी व्यवस्थापनलाई स्थायी अभ्यास बन्न नदिई प्रत्येक निर्णयको कानूनी आधार, आवश्यकताको औचित्य, निर्णय प्रक्रिया तथा स्वीकृत अभिलेख व्यवस्थित रूपमा सुरक्षित राख्नु/गराउनु। | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| | | | ३. सार्वजनिक पदमा पहुँच, नातावाद, कृपावाद, पक्षपात, स्वार्थको द्वन्द्व वा अनुचित प्रभाव पर्न सक्ने कुनै पनि कार्यलाई पूर्ण रूपमा निरुत्साहित गरी निर्णय प्रक्रियामा निष्पक्षता, समान अवसर र पारदर्शिता सुनिश्चित गर्नु/गराउनु ।<br>४. कर्मचारी व्यवस्थापन सम्बन्धी निर्णय, कार्यादेश, हाजिरी, पारिश्रमिक भुक्तानी तथा सम्बन्धित सम्पूर्ण अभिलेख नियमित परीक्षणयोग्य र उत्तरदायी हुने गरी व्यवस्थित राख्नु/गराउनु ।<br>५. कर्मचारी व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यविधि, मापदण्ड तथा अनुगमन संयन्त्रलाई प्रभावकारी बनाई भविष्यमा यस्ता प्रकृतिका उजुरी उत्पन्न हुन नदिने गरी संस्थागत सुधारका आवश्यक व्यवस्था तत्काल अवलम्बन गर्नु/गराउनु ।<br>६. सुशासन, पारदर्शिता, उत्तरदायित्व तथा सार्वजनिक सेवामा जनविश्वास अभिवृद्धि हुने गरी सम्पूर्ण प्रशासनिक कार्यसम्पादन सञ्चालन गर्नु/गराउनु तथा यस केन्द्रबाट दिइएको निर्देशनको कार्यान्वयन सम्बन्धमा आवश्यक अभिलेख सुरक्षित राख्नु/गराउनु । | |
| १०७ | ललितपुर महानगरपालिका वडा नं २४ मा दर्ता भई संचालनमा आएको शुभ एकता वस्तीमा परापूर्वकालदेखी नै रहँदै आएको कुवा संरक्षणको लगि पहल गर्दै आएको, ललितपुर महानगरपालिकाबाट १० लाख रूपैया कुवाको संरक्षणको लागि विनियोजन भएको तर स्थानीय बासिन्दालाई थाहा नै नदिई कुवाको चारैतिर पर्खाल लगाई कुवा माथि ट्याङकी बनाइ भविष्यमा कुवा पूर्ण रूपमा मासिने तथा सुक्ने हुँदा कुवाको सही संरक्षण गरियोस र अपारदर्शी कार्यमाथि आवश्यक कारबाही गरी पाउँ । | ललितपुर महानगरपालिका | ललितपुर महानगरपालिकालाई देहायबमोजिम निर्देशन दिईएकोः-<br>१. सम्बन्धित ऐतिहासिक तथा सार्वजनिक कुवाको मौलिक स्वरूप, सार्वजनिक पहुँच, वातावरणीय सन्तुलन तथा दीर्घकालीन उपयोगिता कायम रहने गरी प्रचलित कानून, स्वीकृत प्राविधिक/वातावरणीय/सामाजिकमापदण्ड तथा विशेषज्ञको सिफारिसबमोजिम संरक्षण, सञ्चालन र नियमित मर्मतसम्भारको प्रभावकारी व्यवस्थागर्नु/गराउनु । | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| | | | २. सार्वजनिक सम्पदा संरक्षण सम्बन्धी योजना कार्यान्वयन गर्दा स्थानीय उपभोक्ता, सरोकारवाला, समुदाय तथा जनप्रतिनिधिसँग पर्याप्त परामर्श, सार्वजनिक सूचना प्रकाशन, अभिलेखीकरण तथा पारदर्शी निर्णय प्रक्रियाको अनिवार्य पालनागर्नु/गराउनु ।<br>३. सार्वजनिक सम्पत्तिमा विनियोजित बजेट, निर्माण कार्य, उपभोक्ता समिति, भुक्तानी, प्राविधिक परीक्षण तथा कार्यसम्पादन सम्बन्धी सम्पूर्ण प्रक्रिया प्रचलित कानूनबमोजिम पारदर्शी, उत्तरदायी र परीक्षणयोग्य रहने गरी अभिलेख व्यवस्थापन गर्नु/गराउनु ।<br>४. सार्वजनिक सम्पदा संरक्षणका नाममा भविष्यमा कुनै संरचना, निर्माण वा कार्यबाट सम्पदाको मौलिक अस्तित्व, सार्वजनिक उपयोग वा वातावरणीय अवस्था प्रभावित नहुने गरी नियमित प्राविधिक अनुगमन, निरीक्षण तथा आवश्यक सुधारात्मक उपाय अवलम्बनगर्नु/गराउनु ।<br>५. यस प्रकारका सार्वजनिक सम्पदा संरक्षण सम्बन्धी आयोजनामा भविष्यमा नागरिक गुनासा उत्पन्न हुन नदिन सुशासन, पारदर्शिता, जनसहभागिता, सामाजिक उत्तरदायित्व तथा सार्वजनिक सुनुवाइ समेतका प्रभावकारी संयन्त्र संस्थागत रूपमा कार्यान्वयन गर्नु/गराउनु ।<br>६. प्रस्तुत विषयसँग सम्बन्धित थप तथ्य, प्रमाण वा कानून विपरीत कार्य भएको पुष्टि हुने सामग्री भविष्यमा प्राप्त भएमा प्रचलित कानून बमोजिम आवश्यक छानबिन, जिम्मेवारी निर्धारण तथा कारबाही प्रक्रिया अविलम्ब अघि बढाई सोको जानकारी यस केन्द्रलाई उपलब्ध गराउनु । | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| १०८ | बुढानिलकण्ठ नगरपालिकामा मिति २०७६/४/२० मा नयाँ पत्रिका दैनिकमा प्रकाशित बिज्ञापन कर संकलन सम्बन्धी बोलपत्र आह्वान सूचना बमोजिम पेश भएका बोलपत्रहरू मध्ये Arna Hunters Pvt. Ltd. Kathmandu, Nepal ले पेश गरेको बोलपत्र ५नोट भएकोमा कार्यालयले सम्झौता नगरेको र धरौटी रकम समेत फिर्ता नदिएको बारे। | बुढानिलकण्ठ नगरपालिका | बुढानिलकण्ठ न.पा. लाई देहायबमोजिम निर्देशन दिईएको:-<br>१. सार्वजनिक खरिद तथा ठेक्का व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ लगायत प्रचलित कानून, स्वीकृत बोलपत्र कागजात तथा निर्धारित प्रक्रिया अनुरूप मात्र सञ्चालन गर्नु/गराउनु।<br>२. बोलपत्र स्वीकृत भइसकेपछि सम्झौता सम्पन्न गर्ने, सम्झौता रद्ध गर्ने वा अन्य कुनै निर्णय गर्नुपर्ने अवस्था आएमा सोको स्पष्ट कानूनी आधार, कारणयुक्त निर्णय, समयसीमा तथा अभिलेखीकरण सुनिश्चित गरी सम्बन्धित पक्षलाई विधिसम्मत रूपमा जानकारी गराउने व्यवस्था मिलाउनु।<br>३. सार्वजनिक निकायमा दाखिला भएको धरौटी, राजस्व तथा अन्य रकमको व्यवस्थापन, फिर्ता वा समायोजन सम्बन्धी कार्य प्रचलित कानून तथा वित्तीय अनुशासनअनुरूप समयमै टुङ्ग्याउने तथा अनावश्यक विवाद उत्पन्न हुन नदिनु।<br>४. खरिद प्रक्रिया सञ्चालन गर्ने पदाधिकारी तथा कर्मचारीहरूको जिम्मेवारी स्पष्ट गरी निर्णय प्रक्रियामा ढिलाइ, अस्पष्टता, प्रक्रियागत त्रुटि तथा प्रशासनिक लापरवाही हुन नदिन प्रभावकारी आन्तरिक नियन्त्रण तथा नियमित अनुगमनको व्यवस्था गर्नु/गराउनु।<br>५. सार्वजनिक खरिद तथा राजस्व संकलन सम्बन्धी सम्पूर्ण अभिलेख, निर्णय, पत्राचार तथा वित्तीय विवरण व्यवस्थित रूपमा सुरक्षित राख्ने तथा आवश्यकता पर्दा परीक्षणयोग्य (Auditable) अवस्थामै उपलब्ध हुने गरी अभिलेख व्यवस्थापन प्रणाली सुदृढ गर्नु/गराउनु। | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| | | | ५. प्रस्तुत ठेक्का सम्झौता सम्पन्न हुन नसकेको कारण, दाखिला भएको धरौटी, राजस्व तथा मूल्य अभिवृद्धि कर सम्बन्धी कानूनी हैसियत, सम्बन्धित रकम सरकारी राजस्वमा समायोजन भएको वा नभएको अवस्था तथा प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८तथा अन्य प्रचलित राजस्व कानून बमोजिम फिर्ता, समायोजन वा अन्य उपयुक्त कानूनी उपचार उपलब्ध गराउन सकिने विषयमा कानूनी परीक्षण गरी कानूनले अनुमति दिएको हदसम्म व्यवसायीको मर्का यथाशीघ्र सम्बोधन गर्ने व्यवस्था मिलाउनु ।<br>६. यदि दाखिला भएको रकममध्ये कुनै रकम प्रचलित कानून बमोजिम फिर्ता गर्न नमिल्ने अवस्था भएमा त्यसको स्पष्ट कानूनी आधार, निर्णयको कारण तथा उपलब्ध वैकल्पिक कानूनी उपचारसमेत उल्लेख गरी कारणयुक्त निर्णय सम्बन्धित पक्षलाई उपलब्ध गराउनु तथा भविष्यमा यस्ता प्रकृतिका विवाद उत्पन्न हुन नदिन ठेक्का सम्झौता, राजस्व संकलन तथा रकम दाखिला सम्बन्धी कार्यलाई कानूनसम्मत, समयबद्ध र पारदर्शी रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउनु ।<br>७. भविष्यमा यस्ता प्रकृतिका उजुरी दोहोरिन नदिन खरिद व्यवस्थापन सम्बन्धी कार्यहरूको आन्तरिक समीक्षा, जोखिम विश्लेषण, क्षमता अभिवृद्धि तथा नियमित सुपरिवेक्षण गरी सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु/गराउनु । | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| १०९ | कागेश्वरी मनोहरा नगरपालिका, वडा नं ५ मा कार्यरत इन्जिनियर अनिल ढुंगानाले घर नक्सा पास गर्ने क्रममा उहाँले आफ्नै अफिसबाट गर्नुपर्ने, बाहिरबाट गरे ढीला हुने भनेर वडा अध्यक्षको भाग दिनुपर्छ भन्दै रु ५००० । – मागेको र Cash मा कारोवार गर्ने भनी अनावश्यक दुख दिएको लगायतका अनियमितताहरूको छानबिन गरी पाउँ। | कागेश्वरी मनोहरा नगरपालिका | कागेश्वरी न.पा. लाई दायबमोजिम निर्देशन दिईएकोः-<br>१. घर नक्सा पास, कित्ताकाट सिफारिस लगायत सम्पूर्ण सार्वजनिक सेवा प्रवाहलाई पूर्णतः कानूनसम्मत, पारदर्शी, समयबद्ध तथा सेवाग्राहीमैत्री बनाउँदै कुनै पनि कर्मचारी वा जनप्रतिनिधिबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अतिरिक्त रकम माग्ने, नगद कारोबार गर्न लगाउने वा अनधिकृत आर्थिक लाभ लिने–दिने कार्य कुनै पनि अवस्थामा हुन नदिने व्यवस्था गर्नु/गराउनु ।<br>२. सेवा शुल्क, दस्तुर तथा राजस्व सम्बन्धी सम्पूर्ण कारोबार प्रचलित कानून तथा स्थानीय आर्थिक ऐन बमोजिम सरकारी राजस्व खातामार्फत मात्र हुने व्यवस्था कडाइका साथ कार्यान्वयन गरी नगद वा व्यक्तिगत खातामार्फत कुनै पनि आर्थिक कारोबार नगर्नु/नगराउनु तथा सोको नियमित अनुगमन गर्नु/गराउनु ।<br>३. वडा कार्यालयबाट प्रवाह हुने सेवामा नागरिक वडापत्र, सेवा प्रक्रिया, आवश्यक कागजात, सेवा शुल्क तथा सेवा अवधि स्पष्ट रूपमा सार्वजनिक गरी सेवाग्राहीसँग हुने प्रत्यक्ष सम्पर्कमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नु/गराउनु ।<br>४. कर्मचारी तथा जनप्रतिनिधिको आचरण, सेवा अनुशासन, भ्रष्टाचार नियन्त्रण तथा सुशासन सम्बन्धी विषयमा नियमित आन्तरिक अनुगमन, सुपरिवेक्षण र अभिमुखीकरण सञ्चालन गरी गुनासो उत्पन्न हुने अवस्थालाई प्रणालीगत रूपमा न्यूनीकरण गर्नु/गराउनु ।<br>५. भविष्यमा यस्तै प्रकृतिका उजुरी प्राप्त भएमा तथ्यपरक आन्तरिक छानबिन गरी कानून विपरीत कार्यमा संलग्न देखिने पदाधिकारी वा कर्मचारी उपर प्रचलित कानून बमोजिम तत्काल आवश्यक विभागीय तथा कानूनी कारबाही सुनिश्चित गर्नु/गराउनु । | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ११० | बागमती प्रदेश, जनस्वास्थ्य प्रयोगशाला, बागमती प्रदेशबाट IFB NO.PPHL/G/ NCB-३/०८२/८३ अन्तर्गत Extraction Kit, RT-PCR Kit तथा VTM with Swap सहित आवश्यक उपभोग्य सामग्रीहरूको खरिदका लागि टेण्डर प्रकाशित भएको तर टेण्डर कागजात अध्ययन गर्दा स्पेशिफिकेशन की सीमित कम्पनीहरूलाई मात्र मिल्ने गरी स्पेशिफिकेसन केही सीमित कम्पनीहरूलाई मात्र मिल्ने गरी तयार गरिएको देखिएको हुँदा यसले निष्पक्ष प्रतिस्पर्धालाई सीमित गर्नुका साथै अन्य योग्य आपूर्तिकर्ताहरूलाई सहभागिताबाट बञ्चित गरिएको लगायतका अनियमितताहरूको छानबिन गरी पाउँ। | बागमती प्रदेश, जनस्वास्थ्य प्रयोगशाला | बागमती प्रदेश जनस्वास्थ्य कार्यालयलाई देहायबमोजिम निर्देशन दिईएको:-<br>१. सार्वजनिक खरिद सम्बन्धी सम्पूर्ण प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, PPMO का प्रचलित मापदण्ड, निर्देशिका तथा सुशासनका सिद्धान्त अनुरूप पूर्ण पारदर्शी, निष्पक्ष, प्रतिस्पर्धात्मक र उत्तरदायी ढङ्गबाट सञ्चालन गर्नु/गराउनु।<br>२. प्राविधिक तथा आर्थिक मूल्याङ्कनका प्रत्येक निर्णयको आधार, कारण र निष्कर्ष स्पष्ट रूपमा अभिलेखीकरण गरी परीक्षणयोग्य (Auditable) बनाउने तथा मूल्याङ्कन समितिको जवाफदेहिता सुनिश्चितगर्नु/गराउनु।<br>३. बोलपत्र मूल्याङ्कनका क्रममा कुनै बोलपत्रलाई अनुचित लाभ वा हानि पुग्ने अवस्था सिर्जना हुन नदिने तथा मूल्याङ्कन प्रक्रियामा देखिन सक्ने त्रुटि, कमजोरी वा विवादका कारण पुनः यस्ता प्रकृतिका गुनासा उत्पन्न हुन नदिने गरी आवश्यक संस्थागत सुधार, आन्तरिक नियन्त्रण तथा निगरानी व्यवस्था प्रभावकारी बनाउनु।<br>४. प्राविधिक अनुकूलताको आवश्यकता देखिएमा त्यसको पर्याप्त प्राविधिक आधार, निर्णय, विशेषज्ञको राय तथा अभिलेख स्पष्ट रूपमा सुरक्षित राखी कुनै पनि आपूर्तिकर्तालाई प्रत्यक्ष वा अप्रत्यक्ष लाभ पुग्ने आशङ्का उत्पन्न नहुने व्यवस्था मिलाउनु।<br>५. खरिद प्रक्रियाका सम्पूर्ण चरणमा पारदर्शिता, समान अवसर, निष्पक्षता, प्रतिस्पर्धा तथा सार्वजनिक उत्तरदायित्वका सिद्धान्तको अक्षरशः पालना गरी भविष्यमा यस्तै प्रकृतिका उजुरी उत्पन्न हुन नदिने गरी प्रभावकारी आन्तरिक नियन्त्रण तथा अनुगमन प्रणाली सुदृढ गर्नु/गराउनु। | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| | | | ६. प्राविधिक स्पेशिफिकेशन तयार गर्ने तथा स्वीकृत गर्ने पदाधिकारीहरूको जिम्मेवारी स्पष्ट गरी आवश्यक परे प्राविधिक परीक्षण (Peer Review) वा विशेषज्ञ परीक्षणको व्यवस्था अवलम्बन गर्नु/ गराउनु ।<br>७. खरिद प्रक्रियामा कुनै पनि प्रकारको प्रतिस्पर्धा सीमित हुने, निश्चित ब्राण्ड वा आपूर्तिकर्तालाई लक्षित गरिएको भन्ने गुनासो आउन नदिने गरी कानूनसम्मत, पारदर्शी र प्रमाणमा आधारित खरिद अभ्यास अवलम्बन गर्नु/गराउनु । | |
| १११ | महालक्ष्मी नगरपालिका, ललितपुरमा कर्मचारीहरूको लापरवाही भएको, प्रमुख प्रशासकीय अधिकृतले आफ्नो पदीय जिम्मेवारी पुरा नगरेको, लेखा शाखा प्रमुखले बिदामा बसेको भनेर घरमा बस्ने तर बिहान बेलुका कार्यालयमा आई काम गर्ने गरेको हुँदा अनियमितताको आशंका गरिएको, स्वास्थ्य शाखाका प्रमुख र मातहतका कर्मचारीहरूले कार्यालयमा नबसी नगरपालिकाको कार्यक्रम भनी जनताको आवश्यकता भन्दा व्यक्तिगत लाभको लागि कार्यक्रम संचालन गर्ने गरेको साथै प्रमुख प्रशासकीय अधिकृतलाई लेखा शाखा प्रमुखले आफूले भने अनुसार काम गर्न लगाउने गरेकोले अनुगमन गरी पाउँ | महालक्ष्मी नगरपालिका | महानलक्ष्मी न.पा. लाई देहाय बमोजिम निर्देशन दिईएकोः-<br>१. कर्मचारीको हाजिरी, बिदा स्वीकृति, काज, फिल्ड भ्रमण तथा कार्यक्रम सहभागिता सम्बन्धी अभिलेख अद्यावधिक, प्रमाणयोग्य र पारदर्शी रूपमा व्यवस्थापन गरी पदीय जिम्मेवारी तथा जवाफदेहिता सुनिश्चित गर्नु/गराउनु ।<br>२. प्रमुख प्रशासकीय अधिकृतसहित सम्पूर्ण कर्मचारीबाट प्रचलित कानून, स्वीकृत कार्यविवरण तथा आचारसंहिता बमोजिम नियमित रूपमा कार्यालय सञ्चालन, सेवा प्रवाह र कार्यक्रम कार्यान्वयन हुने व्यवस्था मिलाई प्रभावकारी आन्तरिक अनुगमन गर्नु/ गराउनु ।<br>३. सार्वजनिक सेवा प्रवाह, आर्थिक प्रशासन तथा स्वास्थ्य लगायतका शाखाको कार्यसम्पादनलाई थप पारदर्शी, उत्तरदायी र परिणाममुखी बनाई व्यक्तिगत लाभ वा अनियमितता सम्बन्धी गुनासा उत्पन्न हुन नदिने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली तथा सुधारात्मक उपाय अवलम्बन गर्नु/गराउनु ।<br>४. भविष्यमा यस्ता प्रकृतिका गुनासा पुनरावृत्ति हुन नदिन जोखिमको नियमित मूल्याङ्कन, संस्थागत सुधार, सेवा प्रवाहको निरन्तर अनुगमन तथा सुधारात्मक एवम् रोकथाममूलक उपायहरू प्रभावकारी रूपमा अवलम्बन गर्नु/गराउनु । | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ११२ | काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाद्वारा मिति २०८२/१२/२४ गते प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्र को वास्तविक मूल्यांकन नगरी का.म.न.पा. कार्यालयबाट प्रकाशित आशय-पत्रको सूचना गोरखापत्र दैनिकमा प्रकाशित हुँदा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। सो सम्बन्धमा उक्त ठेक्का नं. १९-२९-०८२-०८३-NCBW-PWD-KMC को सम्पूर्ण फाईल अधिनमा लिई बोलपत्र सम्बन्धी सम्पूर्ण कार्य/प्रकृया रोक्का राखी अबिलम्ब छानबिन गरी दोषी माथि कडा भन्दा कडा कारबाही गरी पाउँ | काठमाडौं महानगरपालिका | का.म.न.पा. लाई देहायबमोजिम निर्देशन दिईयोः-<br>१. सार्वजनिक खरिद सम्बन्धी सबै कार्य सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, सार्वजनिक खरिद अनुगमन कार्यालयद्वारा जारी मानक बोलपत्र कागजात (Standard Bidding Document) तथा प्रचलित कानूनी व्यवस्थाको पूर्ण पालना हुने गरी निष्पक्ष, पारदर्शी, प्रतिस्पर्धात्मक र कारणयुक्त (Reasoned) निर्णयका आधारमा सञ्चालन गर्नु/गराउनु तथा प्रत्येक निर्णयको पर्याप्त अभिलेखीकरण सुनिश्चित गर्नु/गराउनु।<br>२. बोलपत्र मूल्याङ्कन तथा स्वीकृति सम्बन्धी सम्पूर्ण प्रक्रिया निष्पक्ष, वस्तुनिष्ठ र उत्तरदायी ढङ्गबाट सम्पन्न गरी बोलपत्र अस्वीकृत वा स्वीकृत गर्नुको कानूनी तथा तथ्यगत आधार स्पष्ट रूपमा अभिलेखमा उल्लेख गर्नु/गराउनु, मूल्याङ्कन समितिको निर्णयलाई परीक्षणयोग्य (Auditable) बनाउनु तथा भविष्यमा यस्ता प्रकृतिका उजुरी दोहोरिन नदिने गरी आन्तरिक नियन्त्रण तथा सुपरिवेक्षण प्रणाली थप प्रभावकारी बनाउनु।<br>३. सार्वजनिक खरिद प्रक्रियामा संलग्न पदाधिकारी तथा कर्मचारीहरूलाई सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून, मापदण्ड तथा नैतिक आचरणको प्रभावकारी पालना गराई सुशासन, पारदर्शिता, जवाफदेहिता र सार्वजनिक विश्वास अभिवृद्धि हुने गरी आवश्यक संस्थागत सुधारात्मक उपाय अवलम्बन गर्नु/गराउनु। | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| | | | ४. उजुरीकर्तालेे उठाएका विषयवस्तुलाई सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा बोलपत्र सम्बन्धी कागजातको आधारमा पुनः अभिलेखीय परीक्षण (Record Verification) गरी निजको बोलपत्र अस्वीकृत हुनुको कानूनी तथा तथ्यगत आधार स्पष्ट हुने गरी आवश्यक जानकारी उपलब्ध गराउने व्यवस्था मिलाउनु। साथै, उजुरीकर्ताले आफूलाई अन्याय भएको ठानेमा सार्वजनिक खरिद ऐन, २०६३ ले प्रदान गरेको पुनरावलोकन तथा अन्य कानूनी उपचारका अधिकारको सम्मान गर्दै प्रचलित कानूनबमोजिम आवश्यक सहजीकरण एवं सूचना उपलब्ध गराउनु र भविष्यमा यस्ता प्रकृतिका विवाद उत्पन्न हुन नदिन बोलपत्र मूल्याङ्कनका क्रममा अस्वीकृत भएका बोलपत्रदातालाई अस्वीकृतिको आधार र कारण स्पष्ट रूपमा अभिलेखसहित सरोकारवाला लाई जानकारी गर्नु/गराउनु ।<br>५. यस विषयमा भविष्यमा नयाँ तथ्य, प्रमाण वा सार्वजनिक खरिद कानून विपरीत कार्य, मिलेमतो, अनियमितता वा भ्रष्टाचारजन्य क्रियाकलाप भएको पाईएमा प्रचलित कानूनबमोजिम तत्काल आवश्यक अनुसन्धान, कारबाही तथा कारबाही अगाडि बढाई सोको जानकारी राष्ट्रिय सतर्कता केन्द्रलाई समेत उपलब्ध गराउनु। | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ११३ | काठमाडौँ महानगरपालिका वडा नं. २७ मा ५ वर्ष अगाडि पसल दर्ता गर्न जाँदा त्यहाँका महिला कर्मचारीले पसल दर्ता गरिदिए बापत रु. १०,००० । - माग गरेको र निवेदकले बाध्य भएर उक्त रकम बुझाएपछि मात्र काम भएको विषयमा कारबाही गरी पाउँ | काठमाडा महानगरपालिका, वडा नं २७ | का.म.न.पा. २७ लाई देहाय बमोजिमको निर्देशन दिईएकोः-<br>१. सेवाग्राहीलाई प्रदान गरिने व्यवसाय दर्ता लगायतका सम्पूर्ण सेवाहरू प्रचलित कानून, तोकिएको कार्यविधि, नागरिक वडापत्र तथा सुशासनका सिद्धान्त अनुरूप निष्पक्ष, पारदर्शी, समयबद्ध र सेवाग्राहीमैत्री ढङ्गबाट प्रवाह गर्ने तथा कुनै पनि कर्मचारी वा पदाधिकारीबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अनधिकृत रकम, सुविधा वा अन्य कुनै प्रकारको अनुचित लाभ माग्ने वा लिनेजस्ता कार्य हुन नदिने गरी प्रभावकारी आन्तरिक नियन्त्रण, अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था सुदृढ गर्नु/गराउनु ।<br>२. सेवा प्रवाहसँग सम्बन्धित आवश्यक कागजात, प्रक्रिया, शुल्क, समयसीमा तथा जिम्मेवार कर्मचारीको विवरण नागरिक वडापत्र, सूचना पाटी तथा विद्युतीय माध्यमबाट स्पष्ट रूपमा सार्वजनिक गरी सेवाग्राहीलाई सहज जानकारी उपलब्ध गराउने व्यवस्था गर्नु तथा कुनै पनि अतिरिक्त वा अनधिकृत माग हुन नदिने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वियन गर्नु/गराउनु ।<br>३. सेवाग्राहीबाट प्राप्त हुने गुनासो, उजुरी तथा सूचनाको तत्काल सुनुवाइ हुने गरी गुनासो व्यवस्थापन संयन्त्रलाई थप प्रभावकारी बनाउनु, प्राप्त गुनासाको निष्पक्ष परीक्षण गरी आवश्यकतानुसार कानूनबमोजिम कारबाहीको प्रक्रिया अवलम्बन गर्ने तथा गुनासो व्यवस्थापनको अभिलेख व्यवस्थित रूपमा राख्नु/गराउनु ।<br>४. कार्यालयमा भ्रष्टाचार निवारण, सदाचार प्रवर्द्धन, नैतिक आचरण, जवाफदेहिता तथा सेवा प्रवाहमा शून्य सहनशीलता (Zero Tolerance) सम्बन्धी सचेतना, अभिमुखीकरण र नियमित निगरानीको व्यवस्था गरी भविष्यमा यस्ता प्रकृतिका गुनासा दोहोरिन नदिने गरी आवश्यक संस्थागत तथा प्रणालीगत सुधारलाई निरन्तर कार्यान्वयन गर्नु/गराउनु । | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ११४ | पुरातात्विक महत्व भएको ठाउँ कीर्तिपुरको आराध्ययदेव श्री बाघभैरव मन्दिर परिसर बाहिर केही गर्न नपर्ने सिद्धि पटक पटक बिगारी अनावश्यक रूपमा नगरको बजेट सकाउने काम भइरहेको, त्यस ठाउँमा केही व्यक्तिहरूको निजी स्वार्थलाई हुने गरी कीर्तिपुर नगरपालिकाले केही मान्छे वा आफ्ना कार्यकर्ताहरूको व्यक्तिगत प्रयोजनको लागि बाटो बनाउन उक्त कार्य सुरु गरेको, स्थानीय जनताको विरोध पछि सो कार्य बन्द भएको र हाल पुरातात्विक महत्व भएको ठाउँ श्री बाघ भैरब मन्दिर परिसर बाहिर त्यहीँ विवादित ठाउँमा पुनः बाटो नै बन्द गरी रिटेनिङ्ग वाल बनाएकोले आवश्यक छानबिन गरी कारबाही गरी पाउँ | किर्तिपुर नगरपालिका | किर्तिपुर न.पा. लाई देहाय बमोजिमको निर्देशन दिईएको:-<br>१. बाघभैरव मन्दिर लगायत ऐतिहासिक, पुरातात्विक एवं सांस्कृतिक सम्पदासँग सम्बन्धित निर्माण तथा संरक्षणका कार्यहरू प्रचलित कानून, स्वीकृत मापदण्ड, मौलिक सांस्कृतिक/पुरातात्विक मूल्य र सम्बन्धित सरोकारवालासँग आवश्यक समन्वय, सहकार्य गरी सञ्चालन गर्नु/गराउनु।<br>२. यस्ता कार्यमा स्थानीय सरोकारवालासँग आवश्यक परामर्श, निर्णय प्रक्रिया, प्राविधिक अभिलेख तथा निर्माण सम्बन्धी कागजात व्यवस्थित राखी पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नु/ गराउनु।<br>३. सम्पदाको मौलिक स्वरूप, सांस्कृतिक महत्व तथा सार्वजनिक उपयोगितामा कुनै प्रतिकूल असर नपर्ने गरी नियमित अनुगमन, संरक्षण तथा आवश्यक सुधारात्मक व्यवस्था अवलम्बन गर्नु/ गराउनु।<br>४. भविष्यमा यस्ता प्रकृतिका गुनासा दोहोरिन नदिने गरी योजना छनोट, कार्यान्वयन तथा सार्वजनिक सूचना प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र सहभागितामूलक बनाउने व्यवस्था मिलाउनु/गराउनु। | |
| ११५ | प्रशासकीय प्रमुखले सातौ तहको लेखा अधिकृत हुँदाहुँदै छैठौंलाई ४ महिनादेखि जिम्मेवारी दिएको, छैठौंले जिम्मेवारी लिन नचाहेको, कार्यालय प्रमुख र लेखा प्रमुखको स्वार्थको द्वन्द बाझिएको, महिनौ बिदामा बस्ने गरेको तर रजिष्टरमा मिलाएको, गाउँपालिकामा डिजिटल हाजिर बन्द गरिएको, मनोमानी गरिएको | तामाकोशी गाउँपालिका | तामाकोशी गा.पा. लाई देहायबमोजिको निर्देशन दिईएको:-<br>१. कर्मचारीको जिम्मेवारी तोक्दा, कायम मुकायम वा निमित्त जिम्मेवारी प्रदान गर्दा प्रचलित कानून, सेवा सम्बन्धी शर्त र मापदण्ड तथा अधिकार प्राप्त निकायको स्वीकृति/समन्वयको पूर्ण पालना गरी निर्णय प्रक्रिया पारदर्शी, अभिलेखीकरणयुक्त र औचित्यपूर्ण बनाउनु। | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| | | | २. कर्मचारीको बिदा स्वीकृति, हाजिरी, जिम्मेवारी हस्तान्तरण तथा कार्यालय सञ्चालनसँग सम्बन्धित सम्पूर्ण अभिलेख अद्यावधिक, प्रमाणयोग्य र परीक्षण योग्य अवस्थामा राखी कुनै पनि प्रकारको अभिलेख हेरफेर वा अनियमितता हुन नदिने व्यवस्था सुनिश्चित गर्नु ।<br>३. डिजिटल हाजिरी प्रणाली लामो समयदेखि सञ्चालनमा नरहेको अवस्थालाई दृष्टिगत गरी प्रणाली यथाशीघ्र सञ्चालनमा ल्याई कर्मचारी हाजिरी व्यवस्थापनलाई सूचना प्रविधिमा आधारित, पारदर्शी, विश्वसनीय र उत्तरदायी बनाउनु ।<br>४. कार्यालयको सेवा प्रवाहमा प्रतिकूल असर नपर्ने गरी कर्मचारी व्यवस्थापन, कार्यविभाजन तथा आर्थिक प्रशासन सञ्चालनमा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्दै स्वार्थको द्वन्द्व उत्पन्न हुन सक्ने अवस्था निराकरण गर्न आवश्यक संस्थागत व्यवस्था अबिलम्ब अवलम्बन गर्नु ।<br>५. भविष्यमा यस्तै प्रकृतिका गुनासा दोहोरिन नदिन सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित वित्तीय अनुशासन सम्बन्धी कानूनी व्यवस्थाको पूर्ण पालना गरी प्रशासनिक कार्यसम्पादनलाई थप पारदर्शी, जवाफदेही र परिणाममुखी बनाउनु । | |
| ११६ | गाउँपालिकामा चुङ्गीकर ठेक्का, गाउँपालिकाको प्रशासनिक भवन निर्माण ठेक्कापट्टा आदिमा धेरै अनियमितता भएको, तहाँ पालिका भित्र ७ वटा क्रसरहरू संचालनमा रहेको, चुङ्गीकरको टेण्डर निकाल्दा एकदम धेरै मूल्यको निकाल्ने र आफैले रसिद काटेर देखाएको रकमको १००:१० भन्दा कम देखिएको, गाउँपालिकाको प्रशासनिक भवन निर्माणमा अनियमितता गरेको, गाउँपालिकाको अध्यक्ष NGO पृष्ठभूमिको भएको हुँदा महिनाको १-२ पटक अनेक तालिम, गोष्ठी सञ्चालन गरि रहने र विल भर्पाई मिलाएर बजेट दुरूपयोग गरेको | रोशी गाउँपालिका, अमलटार काभ्रेपलान्चोक | रोशी गा.पा.लाई देहायबमोजिमको निर्देशन दिईएको:-<br>१. नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन, ढुवानी, बिक्री तथा राजस्व संकलन सम्बन्धी सम्पूर्ण कार्य स्वीकृत वातावरणीय अध्ययन, कार्ययोजना, प्रदेश कानून तथा प्रचलित मापदण्ड बमोजिम मात्र सञ्चालन गर्ने तथा संकलित राजस्व, उत्खनन परिमाण र वास्तविक अवस्था बीच नियमित मिलान (Reconciliation) गरी अभिलेख अद्यावधिक राख्ने व्यवस्था मिलाउनु । | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| | | | २. सार्वजनिक खरिद, निर्माण कार्य, परामर्श सेवा खरिद, लागत अनुमान, सम्झौता, भुक्तानी, कार्यसम्पन्न प्रतिवेदन तथा गुणस्तर परीक्षण सम्बन्धी सम्पूर्ण प्रक्रिया सार्वजनिक खरिद कानून बमोजिम पूर्ण पारदर्शी, प्रतिस्पर्धात्मक र परीक्षणयोग्य बनाउनु तथा सम्पूर्ण कागजात व्यवस्थित रूपमा अभिलेखीकरण गर्नु/गराउनु।<br>३. तालिम, गोष्ठी, सेमिनार तथा परामर्श सेवामा हुने खर्च स्वीकृत नीति, कार्यक्रम, बजेट, कार्यविधि तथा मापदण्डको अधीनमा मात्र सञ्चालन गरी प्रत्येक कार्यक्रमको आवश्यकता, उपलब्धि, खर्चको औचित्य र प्रतिफल स्पष्ट देखिने गरी अभिलेख तथा प्रमाण सुरक्षित राख्नु।<br>४. आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक लेखापरीक्षण, सार्वजनिक सम्पत्तिको संरक्षण, राजस्व व्यवस्थापन तथा वित्तीय अनुशासनलाई प्रभावकारी बनाउँदै सम्भावित अनियमितता रोकथामका लागि जोखिममा आधारित नियमित अनुगमन तथा स्व-मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्नु/गराउनु।<br>५. सार्वजनिक सरोकारका विषयमा प्राप्त हुने गुनासा वा उजुरीलाई गम्भीरतापूर्वक सम्बोधन गरी समयमै तथ्यपरक छानबिन, आवश्यक सुधारात्मक कार्य तथा कानूनी कारबाहीको प्रक्रिया अवलम्बन गर्ने संस्थागत संयन्त्र सुदृढ गर्नु/गराउनु।<br>६. भविष्यमा यस प्रकृतिका गुनासा उत्पन्न हुन नदिन सार्वजनिक स्रोत, प्राकृतिक सम्पदा तथा सार्वजनिक कोषको उपयोग सम्बन्धी निर्णय प्रक्रियामा पारदर्शिता, अभिलेख व्यवस्थापन, सार्वजनिक जवाफदेहिता तथा कानूनी उत्तरदायित्व सुनिश्चित हुने गरी संस्थागत सुधारका आवश्यक व्यवस्था अविलम्ब कार्यान्वयन गर्नु/गराउनु। | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ११७ | बलेफी गाउँपालिका वडा नं ७ खाडीचौर स्थित अरनिको लोकमार्ग ७८ किलो सडक खण्डमा रहेको बालशिक्षा माध्यमिक बिद्यालय खाडीचौरको २०२२ सालमा प्राधिमिक तहमा स्थापना भई हाल मा.वि संचालनमा रहेको उक्त बिद्यालयको नाममा रहेको कित्ता नं १३१७, १५२३ र १५२५ को जग्गा बिद्यालयको नाममा कायम भएको, कित्ता नं १४८३, १५२३, १५२५ को जग्गामा विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले स्थानीय अनाधिकृत व्यक्तीहरूसँग मिली विद्यालयको जग्गामा पक्की घर टहरा बनाउन दिएको लगायतका अनियमितताहरको छानबिन गरी पाउँ। | बलेफी गाउँपालिका, सिन्धुपाल्चोक | बलेफी गा.पा.लाई देहायबमोजिमको निर्देशन दिईएकोः-<br>१. विद्यालयको नाममा दर्ता रहेको सार्वजनिक जग्गाको यथार्थ अवस्था, क्षेत्रफल, सीमाना, अतिक्रमणको प्रकृति तथा वर्तमान उपयोगको अविलम्ब स्थलगत नापजाँच, सीमाङ्कन तथा अभिलेखीकरण गरी सार्वजनिक सम्पत्तिको संरक्षण तत्काल सुनिश्चित गर्नु/गराउनु।<br>२. विद्यालयको स्वामित्वमा रहेको जग्गामा अनधिकृत रूपमा निर्माण भएका घर, टहरा वा अन्य संरचनाको यथार्थ छानबिन गरी सार्वजनिक सम्पत्तिमा भएको अतिक्रमण तत्काल रोक्न, हटाउन तथा जग्गाको कानूनसम्मत संरक्षण र विद्यालयको भोगाधिकार कायम गर्न प्रचलित कानून बमोजिम आवश्यक प्रशासनिक तथा कानूनी प्रक्रिया अविलम्ब अघि बढाउनु र सो को जानकारी यस केन्द्रलाई उपलब्ध गराउनु।<br>३. विद्यालयको जग्गा वा अन्य सार्वजनिक सम्पत्ति कुनै पनि व्यक्ति वा संस्थाले अनधिकृत रूपमा उपयोग, कब्जा, किनबेच, भोगचलन वा अन्य कुनै प्रयोजनमा प्रयोग गर्न नपाउने व्यवस्था कडाइकासाथ कार्यान्वयन गरी यस्ता कार्यमा संलग्न व्यक्ति वा पदाधिकारीको जिम्मेवारी यकिन गरी प्रचलित कानून बमोजिम आवश्यक कारबाहीको प्रक्रिया अबिलम्ब अघि बढाउनु।<br>४. विद्यालयको कुनै पनि चल वा अचल सम्पत्तिको उपयोग, हस्तान्तरण, अस्थायी प्रयोग वा अन्य प्रयोजनका लागि उपलब्ध गराउँदा सम्बन्धित कानून, स्वीकृत निर्णय तथा अभिलेखीकरणको प्रक्रिया पूर्ण रूपमा पालना गरी कुनैपनि कार्य अनौपचारिक वा कानून विपरीत हुन नदिने व्यवस्था मिलाउनु। | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| | | | ५. विद्यालयको सम्पत्ति, आय-व्यय, सहयोग रकम तथा सार्वजनिक स्रोतको व्यवस्थापनमा पारदर्शिता, नियमित लेखापरीक्षण, आन्तरिक नियन्त्रण तथा अभिलेख व्यवस्थापनलाई थप सुदृढ गरी सार्वजनिक उत्तरदायित्व सुनिश्चित गर्नु/गराउनु ।<br>६. विद्यालय तथा स्थानीय तहको समन्वयमा सार्वजनिक सम्पत्तिको संरक्षण, नियमित अनुगमन तथा जोखिम व्यवस्थापनको प्रभावकारी संयन्त्र स्थापना गरी भविष्यमा यस्ता प्रकृतिका उजुरी दोहोरिन नदिने गरी जिम्मेवार पदाधिकारीहरूको जवाफदेहिता सुनिश्चित गर्नु/गराउनु ।<br>७. भविष्यमा सार्वजनिक सम्पत्तिको अतिक्रमण, गैरकानूनी उपयोग, संरक्षणमा लापरबाही वा पदको दुरूपयोग भएको पुष्टि भएमा सम्बन्धित जिम्मेवार पदाधिकारी वा व्यक्ति उपर प्रचलित कानून बमोजिम विभागीय तथा कानूनी कारबाही गर्नु र सो को जानकारी यस केन्द्रलाई उपलब्ध गराउनु | |
| ११८ | हेटौंडा उपमहानगरपालिकाका मेयर मिना लामाले नगरपालिकाको कुनैपनि ठेक्का दिँदा ठेकेदारसँग गोप्य वार्ता गरी पर्सेन्टकमा कुरा मिलेपछि मात्र ठेक्का खोल्ने र नगरपालिकाको रकमबाट ४ करोडको गाडी किनेपछी आफै चड्ने गरेको र त्यो गाडीको नम्बर निजी नम्बर प्लेट टासेर हिड्ने गरेको, जनताबाट बिबाद भएपछी सरकारी नम्बर प्लेट टाँस गरेको लगायतका अनियमितताहरूको छानबिन गरी पाउँ । | हेटौंडा उपमहनगरपालिका, मकवानपुर | हेटौंडा उपमहानगरपालिकालाई देहायबमोजिमको निर्देशन दिईएको:-<br>१. सार्वजनिक खरिद सम्बन्धी सम्पूर्ण कार्य सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित मापदण्ड बमोजिम पूर्ण प्रतिस्पर्धा, पारदर्शिता, निष्पक्षता र उत्तरदायित्व कायम हुने गरी सञ्चालन गर्नु/गराउनु तथा कुनै पनि सार्वजनिक पदाधिकारी वा अन्य व्यक्तिको अनुचित प्रभाव, हस्तक्षेप वा स्वार्थको द्वन्द्व हुन नदिने प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नु/गराउनु । | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| | | | २. सार्वजनिक स्रोत, साधन तथा सवारी साधनको खरिद, प्रयोग, अभिलेखीकरण र सञ्चालन प्रचलित कानून तथा सरकारी मापदण्ड बमोजिम मात्र गर्नु/गराउनु । सार्वजनिक सम्पत्तिको प्रयोगमा पारदर्शिता, मितव्ययिता र सार्वजनिक उत्तरदायित्व सुनिश्चित गर्नु/गराउनु ।<br>३. करार, ज्यालादारी वा अन्य कुनै प्रकारको जनशक्ति व्यवस्थापन गर्दा आवश्यकताको वस्तुगत मूल्याङ्कन, कानूनी आधार, योग्यता, प्रतिस्पर्धा, समान अवसर तथा पारदर्शी छनोट प्रक्रियाको पूर्ण पालना गर्नु/ गराउनु र कुनैपनि प्रकारको पक्षपात वा स्वेच्छाचारिता हुन नदिने व्यवस्था मिलाउनु ।<br>४. विकास निर्माण, सार्वजनिक खरिद, कर्मचारी व्यवस्थापन तथा आर्थिक प्रशासनसँग सम्बन्धित निर्णय, अभिलेख र कागजात व्यवस्थित रूपमा अद्यावधिक राख्नू । साथै, आवश्यक पर्दा परीक्षण र अनुगमन गर्न सकिने गरी अभिलेख व्यवस्थापन प्रणाली सुदृढ गर्नु/गराउनु ।<br>५. सुशासन, पारदर्शिता, जवाफदेहिता, नैतिक आचरण तथा भ्रष्टाचार निवारण सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउँदै सार्वजनिक गुनासोको समयमै सम्बोधन गर्ने, जोखिमयुक्त क्षेत्रको नियमित समीक्षा गर्ने तथा यस्ता प्रकृतिका उजुरी पुनरावृत्ति हुन नदिने गरी आवश्यक संस्थागत सुधारका उपायहरू अविलम्ब अवलम्बन गर्नु/गराउनु ।<br>६. भविष्यमा यस उजुरीमा उल्लेखित आरोप वा सोसँग सम्बन्धित कुनैपनि अनियमितता, भ्रष्टाचारजन्य कार्य, कानून विपरीत निर्णय, सार्वजनिक सम्पत्तिको दुरूपयोग वा सार्वजनिक पदको दुरूपयोग भएको तथ्य विश्वसनीय प्रमाणबाट पुष्टि हुन आएमा संलग्न जिम्मेवार पदाधिकारी, कर्मचारी वा अन्य सम्बन्धित व्यक्ति उपर प्रचलित कानून बमोजिम आवश्यक छानबिन, विभागीय कारबाही तथा कानूनी कारबाहीको प्रक्रिया अविलम्ब अगाडि बढाउनु/गराउनु । साथै त्यस्तो कारबाहीको निर्णय, प्रगति तथा अन्तिम नतिजा सहितको विवरण यस केन्द्रलाई अनिवार्य रूपमा जानकारी गराउनु । | |
| **गण्डकी प्रदेश** | | | | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ११९ | गण्डकी प्रदेश वन तथा वातावरण मन्त्रालय अन्तर्गतका अध्ययनको सिलसिलामा विदेश गएका तर हालसम्म कार्यालयमा हाजिर नभई दरबन्दी यथावत राखी तलब भत्ता निकासा भैरहेको। | वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश | स्वीकृत बिदा समाप्ति पछि पनि हाजिर नभएका कर्मचारीलाई कानून बमोजिम कारबाही गरि केन्द्रलाई जानकारी गराउन गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिइएको। | |
| १२० | मोदी गाउँपालिका पर्बतमा विगत ३ वर्षदेखि १ वटा दरबन्दी भएको शिक्षा अधिकृत पदमा २ जना शिक्षा अधिकृत राखिएको, कनिष्ठ शिक्षा अधिकृत गाउँपालिका प्रमुखको भतिज भएको हुँदा यसो गरिएको हो र सो कार्यले राज्यको स्रोतको दोहन भएकोले रोकीपाउँ। | मोदी गाउँपालिका पर्बत | दरबन्दि तथा संगठन संरचना बमोजिम कर्मचारीको व्यवस्थापन मिलाउन मोदी गाउँपालिकामा निर्देशन दिइएको। | |
| १२१ | गलकोट नगरपालिकामा अवैध उत्खनन् तथा खानी सञ्चालन, करोडौँको राजश्व चुहावट, कर्मचारी र जनप्रतिनिधिको मिलेमतो तथा वातावरणीय विनाश र जोखिम लगायतका विषयमा अनियमितता भएको। | गलकोट नगरपालिका, बाग्लुङ | क्रसर उद्योग तथा नदीजन्य पदार्थको अनुमति, दर्ता,नियमन सम्बन्धमा अध्ययन गरी उपयुक्त व्यवस्था गर्न उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयलाई सुझाव दिईएको। | |
| **लुम्बिनी प्रदेश** | | | | |
| १२२ | अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिकाका कार्यपालिका सदस्यको श्रीमती पञ्जिकरण सहायक पदमा, वडा नं.३ का अध्यक्षका छोरा सुवास चौहान राजस्व सहायक र शिक्षा शाखा प्रमुख रमेश पन्थीको श्रीमती सहायक पदमा करारमा नियुक्त गरेकोले छानबिन गरी कारबाही गरी पाउँ। | सुवास चौहान समेत | मालारानी गाउँपालिकाले करारमा कर्मचारीहरू भर्ना गर्दा प्रचलित विधि अपनाइ गरेको देखिएतापनि निजहरूको दरबन्दी गाउँसभाबाट मात्र स्वीकृत भएको देखिएको तर प्रदेश सभाबाट स्वीकृति लिएको नदेखिएको। यसरी करारमा कर्मचारी नियुक्ति गरिएकोमा आ.व. २०८१/०८२ को महालेखा परीक्षकको प्रतिवेदनले समेत उक्त विषयमा अनियमित (बेरुजु) कायम गरेको देखिएकोले उक्त गाउँपालिकालाई महालेखा परीक्षकको प्रतिवेदन २०८१/०८२ ले औल्याएको अनियमित (बेरुजु) का सम्बन्धमा नियमानुसार फरफारक गर्न निर्देशन दिइएको। | |
| १२३ | रूपन्देही जिल्लाको कोटहीमाई गा.पा.मा दरबन्दी भन्दा बढि कर्मचारी रहेका र महालेखा परीक्षकले पनि बेरूजु कायम गरेकोले संलग्नलाई कारबाही गरि पाउँ। | कोटहीमाई गा.पा., रूपन्देही | छानबिनबाट उजुरीका आरोप पुष्टि हुने गरि स्वीकृत दरबन्दी भन्दा बढी हुने गरी विभिन्न पदहरूमा करार कर्मचारी नियुक्ति गरेको देखिएको र आ.व. २०८१/०८२ को महालेखा परीक्षकको प्रतिवेदनले समेत यस विषयमा अनियमित (बेरुजु) कायम गरेको देखिएकोले कोटहीमाई गाउँपालिका, रूपन्देहीलाई आ.व. २०८१/८२ को महालेखा परीक्षकको प्रतिवेदनले औल्याएका अनियमित (बेरुजु) नियमानुसार फरफारक गर्न निर्देशन दिइएको। | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| १२४ | मायादेवी गाउँपालिका, रूपन्देहीमा दरबन्दी तेरिज विपरीत अत्यधिक मात्रामा करार र ज्यालादारी कर्मचारीहरू राखिएको, जस्तै स्थायी कर्मचारी आए पनि करार नहटाइएको, दरबन्दी बिना नै गाउँपालिकाका हरेक वडामा कम्प्युटर अपरेटरमा कर्मचारी र जनप्रतिनिधिहरूले आफ्ना मान्छेहरूलाई राखेको, प्रधानमन्त्री रोजगार शाखामा 'संयोजक' बाहेक अन्य कर्मचारी नराख्ने स्पष्ट कानूनी निर्देशन विपरीत तीर्थराज पन्थीलाई नियुक्ति दिएको। | मायादेवी गाउँपालिका | छानबिनबाट स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी करारमा बिभिन्न पदमा नियुक्ति गरेको देखिएको र आ.व. २०८१/०८२ को महालेखा परीक्षकको प्रतिवेदनले समेत सो विषयमा वेरुजु (अनियमित) कायम गरेको देखिएकोले मायादेवी गाउँपालिका, रूपन्देहीलाई आ.व. २०८१/८२ को महालेखा परीक्षकको प्रतिवेदनले औल्याएका बेरुजु (अनियमित) नियमानुसार फरफारक गर्न निर्देशन दिईएको। | |
| १२५ | दंगिशरण गाउँपालिका, दाङका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतले कार्यालयमा कर्मचारीको जिम्मेवारी खटनपटनमा पक्षपात गरेर आफ्नो नजिकको कर्मचारी र नातेदारलाई नमिल्ने पद र जिम्मेवारी दिएर आर्थिक लेनदेन गरेको, गाडी भाडामा लिएर दुरूपयोग गरेको र नदीनालाको गिट्टी बालुवा तस्करलाई दिइएको, जस्तै १. जन स्वास्थ्य अधिकृत टेक बहादुर खत्रीलाई सूचना अधिकारी र भूमि शाखाको जिम्मेवारि दिएको, २. स्वास्थ्यको सातौं तहको ३ जना कर्मचारी हुँदा हुँदै छैठौं तहको जुनियर प्रदिप कुमार योगीलाई स्वास्थ्य शाखा प्रमुख बनाएको ३. कम्प्यूटर अपरेटर मस्ताराम चौधरीलाई स्टोर शाखाको जिम्मेवारि दिएको ४. सातौँ तहको कर्मचारीलाई प्रशासनको जिम्मेवारी नदिएर फाजिलमा राखेको ५.दरबन्दि नभएको पदमा आफ्ना मान्छेलाई करारमा कर्मचारी भर्ना गरेको, सरकारी गाडि हुँदाहुँदै गाडी भाडा लिएर यातायात सुविधा, गाडि सुविधा र टि.ए.डि.ए. लिएको लगायतका कार्य उपर छानबिन गरीयोस। | दंगिशरण गाउँपालिकाका | छानबिनबाट उजुरीका अन्य आरोपहरू जस्तै नजिकको कर्मचारीलाई जिम्मेवारी दिने गरेको, सरकारी र सार्वजनिक सम्पत्ति दुरूपयोगमा सत्यता नरहेको देखिएको। तर करार कर्मचारी नियुक्तिको हकमा प्रदेश सभाबाट स्वीकृति नलिई नियुक्ति गरिएको देखिएको र आ.व. २०८१/८२ को महालेखा परीक्षकको प्रतिवेदनले समेत सो विषयमा अनियमित (बेरुजु) उल्लेख गरेको देखिएकोले महालेखा परीक्षकको प्रतिवेदनले औल्याएको अनियमित (बेरुजु) नियमानुसार फरफारक गर्न श्री दंगिशरण गाउँपालिका, दाङलाई निर्देशन दिइएको। | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| **कर्णाली प्रदेश** | | | | |
| १२६ | नारायण न.पा. दैलेखमा दरबन्दी विकासे स्थायी नियुक्ति पाई सब इन्जिनियर राजन कुमार तिवारीलाई गरेको बढुवा कानून विपरीत भएको भन्ने लगायत। | राजन कुमार तिवारी | केन्द्रबाट भएको प्रारम्भिक छानबिनबाट कर्णाली प्रदेश सरकारबाट जारी स्थानीय सेवाको गठन, सञ्चालन तथा सेवा सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८१ को दफा ४१ अनुसार स्थानी तहले गरेको बढुवा/स्तरवृद्धि खारेज गरेको अवस्थामा तहाँ नगरपालिकामा कार्यरत सब इन्जिनियर राजन कुमार तिवारीले बढुवा भई खाईपाई आएको बढी तलब भत्ता रु.२४६६/- राजस्व खातामा जम्म गरेको तर बढुवा भएको पदबाट तल्लो पद कायम गरेको तथा बढी रकम असुल गर्ने सम्बन्धमा कुनै कानूनी कारबाही नगरी मनोमानी ढंगबाट कार्य गरेको देखिँदा नियमानुसार प्रकृया पुरी गरी पद तह मिलान गर्ने प्रबन्ध मिलाउनुहुन श्री विरेन्द्रनगर नगरपालिकालाई निर्देशन दिएको। | |
| १२७ | डिभिजन वन कार्यालय रुकुम पश्चिमबाट सञ्चालन भएका खारा जनयुद्ध संग्राहालय निर्माणको लागि योजना स्वीकृत भई निर्माण कार्य अगाडी बढाइएकोमा तोकिएको समयावधीमा २४.३५% मात्र काम भएको तर भुक्तानी ५०% भई समयमै निर्माण सम्पन्न नभएकोले कारबाही गर्नुहुन भन्ने। | डिभिजन वन कार्यालय रुकुम पश्चिम | केन्द्रबाट भएको प्रारम्भिक छानबिनबाट उक्त आयोजनाको भौतिक प्रगति ६०% र वितिय प्रगति ४२.३८% भएको र उक्त आयोजनाको मिति २०८२/०३/३० गते म्याद सकिएकोले म्याद थपको लागि मन्त्रालयमा पठाएको र हाल कार्य सुचारु भइरहेको भन्ने व्यहोरा खुल्न आएकोले उक्त आयोजनाको म्यादभित्रै कार्य सम्पन्न गरी कार्य सम्पन्न प्रतिवेदन पठाउनुहुन श्री डिभिजन वन कार्यालय रुकुम पश्चिमलाई निर्देशन दिईएको। | |
| १२८ | डिभिजन वन कार्यालय सुर्खेतबाट काक्रेविहार क्षेत्रको कम्पाउण्ड वाल निर्माण कार्य लामो समयसम्म पनि सम्पन्न नभएको भन्ने लगायत। | डिभिजन वन कार्यालय सुर्खेत | उक्त आयोजनाको निर्माण व्यवसायीले म्याद थप कार्यको लागि निवेदन पेश भई सम्झौताको म्याद थप कार्यको लागि तयारी भइरहेको भन्ने खुल्न आएकोले निर्माण कार्य सम्पन्न भएपश्चात कार्य सम्पन्न प्रतिवेदन पठाउनुहुन डिभिजन वन कार्यालय सुर्खेतलाई निर्देशन दिईएको। | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| १२९ | सरस्वती मा.वि. वराहताल-९, सुर्खेतका प्र.अ. उषा कुमारी चन्दले विद्यालय व्यवस्थापन समितिलाई अटेर गर्ने, वैठक नवोलाउने, वैठकमा बहुमतले गरेको निर्णय नलेख्ने, विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई मुख मैथुन र यौनजन्य हिंसा गरेको भनी आरोप लगाई मुद्दामालिला गर्ने, ने.क.पा एमालेको कार्यकर्ता भई कार्यक्रममा भाग लिन हिड्ने, विद्यालयको खाताबाट चुनावी गतिविधि संचालन गर्न रकम सापटी दिने, आफ्नो पार्टी भन्दा वाहिरका शिक्षकहरूलाई का.स.मु. मा कम नम्वर दिने, विभिन्न वैठकहरूमा आफू अनुकुलका मान्छे राखी समिति वनाउने भन्ने लगायत व्यहोराको उजुरी । | कर्णाली प्रदेश तथा सो प्रदेशस्थित स्थानीय निकायहरू | उल्लेखित विषयमा केन्द्रबाट भएको प्रारम्भिक छानबिनबाट विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई विभिन्न आरोप लगाई मुद्दामामिला गरी विद्यालयको शैक्षिक गतिविधिमा नकारत्मक प्रभाव पारेको, वडाअध्यक्ष र निज स्यंले नियम विपरीत प्रयोजन नखुलाई पेश्की लिएको देखिएको, हाजिरी रजिष्टर च्याती शिक्षकले पालना गर्नुपर्ने आचरणको पालना नगरेको, राजनैतिक कृयाकलापमा संलग्न भएको, नियम विरीत आफूखुसी अनुमती नलिई काजमा जाने तथा शिक्षण सिकाई कृयाकलापमा संलग्न नभई अन्य गतिविधिमा (कार्यक्रममा सहभागी भएको भनी काज जनाएको) संलग्न भई नियम विपरीत काज जनाउने गरेको, काज खटाउने अधिकारीलाई जानकारी नगराउने गरेको, शै.स. ०८० र ८१ विरामी विदा प्रमाणित नभएको / अख्तियारवालाको स्वीकृती नभएको, विद्यालयको वजेट वनाई स्वीकृती नगराएको, कोषमा जम्मा भएको रकम विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम खर्च नगरी मनोमानी आफूखुसी ढंगले खर्च गरेको, विद्यालयको कोषको रकम खर्च गर्दा शिक्षा नियमावली, २०४९ को नियम १६९(३) मा भएको प्रावधान विपरीत पूर्व वि.व्य.स. का अध्ययक्ष तथा निज स्यंम संलग्न भई कोषको दुरूपयोग गरेको, विद्यालयको ले.प. प्रतिवेदन शिक्षा नियमावली बमोजिम अभिभावक भेला गराई सार्वजिक गर्नुपर्नेमा सो नगरेको साथै पालिका तथा शिक्षा विकास तथा समन्वय ईकाईमा समेत नपठाई नियम विपरीत कार्य गरेको देखिएकोले उल्लेखित विषयमा कानून बमोजिम कारबाही गरी सोको जानकारी १५ दिन भित्र यस केन्द्रमा समेत पठाउन श्री वराहताल गाउँपालिका, सुर्खेतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ (१) (छ) बमोजिम निर्देशन दिएको । | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| १३० | श्री जनकल्याण सामुदायिक वन उ.स., वराहताल, सुर्खेतको वन क्षेत्रमा वडा अध्यक्ष केशर वहादुर कार्की यसभन्दा पहिले उक्त वन उपभोक्ता समुहका कोषाध्यक्ष भएको समयमा वन तस्करसंग मिली चिरानी काठ तस्करी तथा अतिक्रमण गर्ने गरेका र हालसम्मपनि उक्त कार्यमा संलग्न रहेको, निजले अन्यत्र दर्तावाला जग्गा पाउँदा पाउँदै दमाईडाडा जाने वाटोमा वन क्षेत्र अतिक्रमण गरी उक्त स्थानबाट काठ तस्करी गर्ने प्रयोजनका लागि वडा कार्यालय वनाईरहेका, निजले वन क्षेत्र अतिक्रमण गरी घरकटेरो वनाई पसल चलाई रहेको, हाल उक्त सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष खगेन्द्र वहादुर गौतम (गोठे उपनामका) सँग मिली मिति २०८२ साल पुस देखी २०८२ माघ १७ सम्म वन क्षेत्र भित्र अवैध चिरान गरी तस्करी गरीरहेकोले छानबिन गरी कारबाही गर्नुहुन भन्ने लगायत व्यहोराको उजुरी | वडा नं. ८ का वडाध्यक्ष केशर बहादुर कार्की लगायत | उल्लेखित उजुरीको सम्बन्धमा केन्द्रबाट भएको प्रारम्भिक छानबिनको क्रममा तहाँबाट प्राप्त प्राप्त प्रतिवेदनबाट वडा नं. ८ को कार्यालय भवन बनाएको क्षेत्र वन क्षेत्र रहेको, साथै वन ऐन, २०७६ को दफा ४१ बमोजिम वन क्षेत्रमा भवन वनाउने प्रयोजनका लागि जग्गा प्राप्ति समेत गरेको नपाईएकोले यस सम्बन्धमा आवश्यक कारबाही गरी सोको जानकारी उपलब्ध गराउन भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ (१) (छ) बमोजिम डिभिजन वन कार्यालय सुर्खेतलाई निर्देशन दिईएको। | |
| १३१ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ विपरीत नियुक्ति गरिएका करार कर्मचारीहरूलाई स्थानीय र महँगी भत्ताका नाममा दैलेखका ठाटीकाँध गाउँपालिका, डुङ्गेश्वर गाउँपालिका, गुराँस गाउँपालिका र नारायण नगरपालिकामा स्थानीय सरकारले करोडौं रूपैयाँ खर्च गरेका भन्ने लगायतको व्यहोरा उजुरी। | ठाटीकाँध गाउँपालिका, डुङ्गेश्वर गाउँपालिका, गुराँस गाउँपालिका र नारायण नगरपालिका | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा उल्लेखित प्रावधान विपरीत दरबन्दी नै नभएको समेत करार कर्मचारी नियुक्ति गरेको साथै उक्त ऐनमा प्रावधान नै नभएको अवस्थामा समेत शिक्षकहरूको दरबन्दी सृजना तथा पदपूर्ति गरी विभिन्न समानिकरणबाट प्राप्त भएको विकास निर्माणको बजेटबाट तलब भत्ता लगायत भुक्तानी गरेको, दोहोरो भुक्तानी गरेको देखिएको विषय विधि सम्मत भयो भन्न सक्ने अवस्था नदेखिएकोले कानून विपरीत कर्मचारी नियुक्ति गरी तलब भंत्ता उपलब्ध गराउने जिम्मेवार पदाधिकारीलाई कानून बमोजिम कारबाही गर्न र गैरकानूनी रूपमा भुक्तानी भएको रकम नियुक्ति गर्ने पदाधिकारीबाट नियमानुसार असूल उपर गर्ने ठाटीकाँध गाउँपालिका, डुङ्गेश्वर गाउँपालिका, गुराँस गाउँपालिका र नारायण नगरपालिकालाई निर्देशन दिएको। | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| **सुदूरपश्चिम प्रदेश** | | | | |
| १३२ | सुदूरपश्चिम प्रदेश समाजिक विकास मन्त्रालय अन्तर्गतको प्रादेशिक स्वास्थ्य प्रवर्द्धन केन्द्र, धनगढीका तत्कालिन कार्यालय प्रमुख हेमराज खड्काले सवारी साधन ल्यापटप, कम्पयुटर, ए.सी., प्रोजेक्टर, ब्याट्री, फ्रीज, टेड्रमिल र क्रश टेनर लगायतका अन्य समानहरू खरिद गर्न लगाई स्टोर दाखिला नगरेको र अन्य जिन्सि समानहरू समेत निजि प्रयोगमा लगाएकोले आवश्यक कार्बाही गरियोस भन्ने। | प्रादेशिक स्वास्थ्य प्रवर्द्धन केन्द्र, धनगढीका तत्कालिन प्रमुख हेमराज खड्का। | प्रदेशिक स्वास्थ्य प्रवर्द्धन केन्द्रका तत्कालिन कार्यालय प्रमुख हेमराज खड्काले सवारी साधन र ल्यापटप लगायतका सामानहरू निजबाट स्टोर दाखिला गरेको र निजबाट ल्यापटप १ थान, भाईब्रेटर-१थान, प्रिन्टर -२ थान, कार्यालयको बेवसाईट-१ थान र डिजिटल डिस्प्लेबोर्ड-१ थान सामाग्रीहरू अध्यावधिक तथा बरबुझारथ नगरी नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा (९४) विपरीतको कार्य गरेको हुनाले निजलाई सोही ऐनको दफा(७३) (ग) बमोजिम कारबाही गर्न उक्त केन्द्रलाई निर्देशन दिइएको। | |
| १३३ | डोटी जिल्लाको शिखर नगरपालिका वडा नं. १० स्थित बानेडुंग्रीसैनमा सेती नदीमाथि मोटरेबल पुल निर्माणको लागि २०७२ साल असार २९ गते सडक डिभिजन र निर्माण व्यवसायी पप्पु राजेन्द्र जे.भी. बिचमा २०७४ आसार २८ गते भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा ११ बर्ष बित्दा समेत सो पुलको भौतिक प्रगति २४ % मात्रै भएको। स्थानीयहरूले पटक पटक अनुरोध गर्दा समेत कुनै सुनुवाई नभएकोले उक्त नगरपालिका वडा नं.-११, आदर्श गाउँपालिका लगायतका क्षेत्रका जनतालाई समस्या भएको। | श्री सडक डिभिजन डोटी | उक्त पुल निर्माणको लागि निर्माण व्यवसायी श्री पप्पु राजेन्द्र जे.भि.धनगढी, कैलालीसंग मिति २०७१/०३/२९ मा ३६ महिना अर्थात २०७४/०३/२८ भित्र कार्य सम्पन्न गर्ने गरि सम्झौता भएकोमा पटक पटक म्याद थप गरिएको र हालको कार्य प्रगति समेत सन्तोषजनक नरहेको तर मिति २०८२/०३/०८ को विभागीय निर्णय बमोजिम उक्त पुलको म्याद मिति २०८४/०३/२० सम्म थप भएको देखिएको हुँदा थप तोकिएको समय भित्र प्रतिवद्धता बमोजिम निर्माण कार्यको सन्तोषजनक प्रगति नभएमा सार्वजिनक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, तथा प्रचलित ऐन बमोजिम कारबाही प्रक्रिया अगाडी बढाउनका लागि श्री सडक डिभिजन, कुलपाते, डोटीलाई निर्देशन दिएको। | |

| क्र.सं. | उजुरीको विवरण | विपक्षी | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| १३४ | म निवेदक नन्द बहादुर रावत स्वास्थ्य सेवा हेल्थ ईन्स्पेक्सन समूह अ.हे.व पदमा मिति २०५३/०२/०६ मा स्थायी नियुक्त भई हाल अधिकृत छैठौं तहमा खप्तड छेडेदह गाउँपालिकाको स्वास्थ्य शाखामा संयोजकको पदमा २०७४/०४/०१ देखि कार्यरत रहेको, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ११५८ मिति २०८१/०९/१८ को पत्रले गाउँपालिकको जेष्ठ कर्मचारीको हैसियतले निमित्त प्रमुख प्रशासकीय अधिकृतको रूपमा थप जिम्मेवारी सम्हालेकोमा हाल म भन्दा कनिष्ट कर्मचारीलाई उक्त कार्यालयको स्वास्थ्य शाखा संयोजक जिम्मेवारी दिई मलाई अन्यत्र सरुवा गरी अन्याय गरेको। | प्रमुख प्रशासकीय अधिकृत, खप्तडछेडेदह गाउँपालिका,बाजुरा | यस सम्बन्धमा श्री सुदूरपश्चिम प्रदेश सरकारद्वारा जारी गरिएको सुदूरपश्चिम प्रदेश, स्थानीय सेवा (गठन तथा सञ्चालन)ऐन, २०८१ तथा गाउँपालिकाद्वारा स्वीकृत गाउँ कार्यपालिकाको संगठन संरचना अनुसार कर्मचारीको खटनपटन तथा व्यवस्थापन गर्न गराउन श्री खप्तड छेडेदह गाउँपालिका, बाजुरालाई सुझाव दिइएको। | |
| १३५ | कैलाली जिल्लाको कैलारी गाउँपालिकाका अध्यक्ष राज समझ चौधरीले सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७६ विपरीत सरकारी सामानहरू तीन वटा एयर कन्डिसनर, दुई थान ब्याट्री, चार थान सिलिङ्ग पंखा र इन्भर्टर निजी निवासमा जडान गरेकोमा जेनजी आन्दोलनका क्रममा निजको घरमा आगजनी गरेपछि यी सबै सामाग्रीहरू जलेर नष्ट भएकोले छानबिन गरियोस। | कैलारी गाउँपालिकाका अध्यक्ष राज समझ चौधरी। | गाउँपालिकाले नियम विपरीत अध्यक्षको घरमा अथिति गृह सजञ्चालन गर्ने र सोमा ए.सी. लगायतका मालसामान जडान गरेको विषय सुदुरपश्चमि प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७६ मा निजले पाउने सुविधामा उल्लेख नभएको साथै अतिथि गृह संचालन गर्ने भन्ने कुरा समेत तथ्यमा आधारित भएको नदेखिएको, घुमाउरो तरीकाबाट अतिथि गृहका नाममा कार्यालयको रकमबाट मालसामान खरीद गरी अध्यक्षको घरमा लगी जडान भएको तथा उक्त सामाग्रीहरू नष्ट भएको देखिएकोले यस विषयमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा (५५) को उपदफा (३) बमोजिम सरकारी जिन्सी लगायतका मालसमान प्रयोग गर्न दिने र प्रयोग गर्ने दुवैबाट दामासाहीले असुल उपर गरिने व्यवस्था बमोजिम अतिथि गृहको नाममा प्रयोग भएको सरकारी जिन्सी वा सम्पतिमा हुन गएको सबै प्रकारको क्षति र नोक्सानी प्रयोग गर्न दिने र प्रयोग गर्ने दुवैबाट दामासाहीले असूल उपर गर्न/गराउन श्री कैलारी गाउँपालिका, कैलालीलाई निर्देशन दिईएको। | |

## आ) आ.व २०८२/८३ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाईएका उजुरीको विवरणः

| क्र.स. | उजुरीको विवरण | विरुद्ध | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| **अर्थ मन्त्रालय** | | | | |
| १ | बर्दिया डिस्टिलरी प्रा.लि. ले राजस्व हिनामिना गरेको र राजस्व अनुसन्धान विभागले गलत निर्णय गरेको भन्ने बेहोराको उजुरी प्रधानमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय मार्फत प्राप्त। | बर्दिया डिस्टिलरी | प्राप्त प्रतिवेदन अनुसार उजुरीलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा लेखी पठाइएको। | |
| **शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय** | | | | |
| २ | त्रि.वि. बाट सम्बन्धन प्राप्त काठमाडौं पकनाजोलस्थित पिपल्स क्याम्पसका प्रमुख मनोज बहादुर कुँवरले एस.एल.सि.को शैक्षिक योग्यताको प्रमाणपत्रको आधारमा प्रमाणपत्र तहको शैक्षिक योग्यताको प्रमाणपत्रमा पनि जन्म मिति २०१८/०७/०५ राखेका तर मिति २०८१/०५/०२ मा निजले किर्ते गरी ल्याएको BBS लेखिएको B.Com. को शैक्षिक योग्यताको प्रमाणपत्रमा जन्म मिति २०२०/०३/१४ उल्लेख भएको देखिएकाले प्रमाणपत्र तह र स्नातक तह अध्ययन जनकपुर स्थित रामस्वरूप रामसागर बहुमुखि क्याम्पसले दिएको २ तहको शैक्षिक योग्यताको प्रमाणपत्रमा फरक फरक जन्ममिति कायम हुन गएकाले उक्त गैरकानूनी कार्य गर्ने क्याम्पस प्रमुख मनोज बहादुर कुँवर र जन्ममिति सच्याउन मुख्य भूमिका खेल्ने रामस्वरूप रामसागर बहुमुखि क्याम्पसका पदाधिकारी र कर्मचारीलाई कारबाहीका साथै त्रि.वि. का स्थायी कर्मचारीको अवकाश उमेर हद ६३ वर्ष मात्र भएको तर पिपल्स क्याम्पसको विधान, २०८१ मा क्याम्पस प्रमुखको अवकाश उमेरहद बढाएर ६५ वर्ष कायम गरिएकाले छानबिन गरी कारबाही गरिपाउँ। | पिपल्स क्याम्पस पकनाजोल काठमाडौंका क्याम्पस प्रमुख मनोज बहादुर कुँवर। | छानबिनबाट निज पिपल्स क्याम्पस प्रमुख मनोज बहादुर कुँवरले आफुले प्राप्त गरेको रामस्वरूप रामसागर बहुमुखि क्याम्पसले जारी गरेको शेक्षिक शत्र २०४०/०४२ को शैक्षिक योग्यता प्रमाण्पत्र B.Com. भएकोमा मिति २०८१ सालमा आएर BBS उल्लेख गरि प्रमाणपत्र लिएको देखिएकोमा निजको प्रमाणपत्र एवं जन्ममिति शङ्कास्पद रहेको र उक्त शङ्कास्पद शैक्षिक प्रमाणपत्र जारी गर्ने रामस्वरूप रामसागर बहुमुखि क्याम्पसका चारित्रिक प्रमाणपत्र जारी गर्ने कर्मचारी मु.प्रा.स. सन्तोष सिहं महतो कुशवाहा, रुजु गर्ने प्रा.स. (सहायक क्म्प्युटर) मो. साकिर खाँ र उक्त प्रमाणपत्रमा हस्ताक्षर गर्ने सहायक क्याम्पस प्रमुख डा. विनुल लाल कर्ण र प्रमाणपत्र किर्ते गर्न लागाई प्रमाणपत्र लिने पिपल्स क्याम्पस प्रमुख मनोज बहादुर के.सी समेतलाई प्रचलित कानून बमोजिम थप छानबिन एवं कार्बाही गर्न उक्त प्रमाणपत्रहरूको छायाँप्रति सहित अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाइएको। | |
| **सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय** | | | | |
| ३ | निजामती कर्मचारी अस्पतालमा नियुक्त कार्यकारी निर्देशक प्रा. डा. मोहन चन्द्र रेग्मीको योग्यता नपुगेको विषय। | प्रा.डा. मोहनचन्द्र रेग्मी | थप छानबिनको लागि अ.दु.अ.आ. पठाईएको। | |
| **कृषि तथा पशुपन्छी विकास मन्त्रालय** | | | | |
| ४ | इलेक्ट्रिकल इन्जिनियर इन्द्र भुषण यादवले ८५ लाख बरावरको कञ्जन/याक चिज घोटाला गरी भ्रष्टाचार गरेकोमा हालसम्म कारबाही नगरेको सम्बन्धमा। | दुग्ध विकास संस्थान | उजुरी र सम्बन्धित कागजातहरू थप छानबिनको लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाइएको। | |

| क्र.स. | उजुरीको विवरण | विरुद्ध | केन्द्रबाट भएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ५ | पशु सेवा विभग ललितपुरका बरिष्ठ पशु चिकित्सक डा. नविन उपाध्याय घिमिरे (क.स.नं. १९४४९२) को हाजिरी किर्ते सम्बन्धमा। | पशु सेवा विभाग | थप छानबिनका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाइएको। | |
| **सञ्चार तथा सूचना मन्त्रालय** | | | | |
| ६ | गोरखापत्र संस्थानका अध्यक्ष विष्णु प्रसाद सुवेदीले संस्थानको विनियमावली विपरीत विभिन्न पदमा १२ जना करारमा नियुक्ति गरेको भन्ने लगायत। | विष्णु प्रसाद सुवेदी, अध्यक्ष, गोरखापत्र संस्थान | थप छानबिनका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाइएको। | |

## प्रदेश

| क्र.सं. | उजुरीको विवरण | बिपक्षी | केन्द्रबाट भएको निर्णय | कैपियत |
|---|---|---|---|---|
| **मधेश प्रदेश** | | | | |
| ७ | औरही गाउँपालिका, सिरहा मा क्याम्पस बनाउन आयोजना गरिएको विष्णु महायज्ञमा दानबापत सङ्कलित रकम गाउँपालिकाका अध्यक्ष शिवजी यादव र दिलीप यादवको नाममा निजी खातामा जम्मा गरेको र क्याम्पसको लागि जग्गाको प्रबन्ध नभएको | दिलीप यादव र शिवजी यादव | समितिको नाममा खाता नखोली व्यक्तिहरूको नामको संयुक्त खातामा सरकारी रकम पेश्कीको रूपमा भुक्तानी भएको देखिएको र उक्त पेश्कीसमेत फछ्र्यौट भएको नदेखिएबाट सरकारी स्रोतको प्रयोगमा अनियमितता/दुरूपयोग भएको देखिँदा यस सम्बन्धमा थप अनुसन्धान गरी कारबाही गर्न श्री अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौँमा सक्कलै फाइल थप छानबिनको लागि पठाइएको। | |
| ८ | माथिको सरकार जो भएपनि यहाँको सरकार म हो भन्दै माधवनारायण न.पा.-३ का वडा अध्यक्षले गोप्य तरिकाले उपभोक्ता समिति गठन नगरी, कसैलाई थाहा नदिइ आफ्नो घर अगाडि सडक ढलानको काम शूरु गरेको। करोडौंको भ्रष्टाचार गरी घडेरी खरिद, पक्की घर निर्माण गर्नुका साथै विघा बढी जमिन नाता कुटुम्बको नाममा किनेको छन् भनी प्राप्त गुनासो। | माधवनारायण न.पा.-३,रौतहटका वडा अध्यक्ष | उजुरीका सम्बन्धमा थप अनुसन्धानका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाइएको। | |
| ९ | सङ्घीयता लागू भएदेखि हालसम्म विदेह न.पा. धनुषाको लागि नेपाल सरकारबाट तोकिएर आएका विभिन्न शीर्षकहरू, योजना तथा कार्यक्रमहरू लगायतमा अनियमितता भएको भनि पटक पटक अ.दु.अ.आ. बर्दीबासमा उजुरी गर्दा निज प्रतिवादीहरूसँग लाखौँ, करोडौं रकम असुल गरी सफाई दिइएकोले आयोगका कर्मचारीहरूको सम्पत्ति छानबिन गरी पाऊँ। | अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दीबासका कर्मचारीसमेत | उजुरीका सम्बन्धमा थप अनुसन्धानका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाइएको। | |

| क्र.सं. | उजुरीको विवरण | बिपक्षी | केन्द्रबाट भएको निर्णय | कैपियत |
|---|---|---|---|---|
| १० | कमला नगरपालिकामा कार्यरत एम. आई.एस. अपरेटर (करार) अवहास कुमार यादवले उमेर पुग्नु भन्दा पहिले नै आफ्नो बुवालाई सामाजिक सुरक्षा भत्ता खुवाएकोले आवश्यक कारबाही गरी पाऊँ | एम. आई.एस. अपरेटर (करार) अवहास कुमार यादव | अवधि नपुग्दै सामाजिक सुरक्षा भत्ता दिलाउने उद्देश्यले विवरण सच्याउने कार्यमा संलग्नहरूलाई अनुसन्धान गरी कारबाही गर्न उजुरीसहित आवश्यक कागजात अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाइएको। | |
| ११ | छिपहरमाई गाउँपालिका, पर्साको वडा नं. २ स्थित नवगाँवा मा.वि. का शिक्षक रविन्द्र कुमार चौहान (उजुरीमा रविन्द्र प्रसाद चौहान उल्लेख) को शैक्षिक योग्यताका प्रमाणपत्र नक्कली रहेको सम्बन्धमा। | शिक्षक रविन्द्र प्रसाद चौहान | उजुरीका सम्बन्धमा थप अनुसन्धानका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाइएको। | |
| १२ | प्रसौनी गा.पा, वारा नगर प्रमुखले विगत चार वर्षदेखि पालिकाको बजेट परिचालनको क्रममा आर्थिक अनियमितता, तथा भ्रष्ट्राचार गरी अकुत सम्पत्ति आर्जन गरेको। | नगर प्रमुख | उजुरीका सम्बन्धमा थप अनुसन्धानका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाइएको। | |
| १३ | पचरौता न.पा., वारा भवन निर्माण कार्य अनियमितता गरेको। | ईन्जिनियर, लेखा | थप छानबिन तथा अनुसन्धानको लागि सक्कलै प्रति अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाइएको। | |
| १४ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रलाय, मधेश प्रदेशको मिति २०८३/०२/२९ को सचिवस्तरीय निर्णयबाट रद्द गरिएको पोषण कार्यक्रम सम्बन्धी टेण्डर (MP/HD/NCB/GOODS-४/२०८२-२०८३) लाई उक्त निर्णय विपरीत पुन: स्वास्थ्य निर्देशनालयबाट २०८३/०३/०४ मा आर्थिक प्रस्ताव खोल्ने सूचना प्रकाशन गरेको। | स्वास्थ्य निर्देशनालय, मधेश प्रदेश। | थप छानबिनको लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाइएको। | |
| **कर्णाली प्रदेश** | | | | |
| १५ | हुम्ला जिल्लाको सर्केगाँड गाउँपालिकाले आर्थिक वर्ष २०७९/८० मा रु.७३ लाखभन्दा बढी रकम गैरकानूनी ढंगबाट कागजात नमिलाई भुक्तानी दिएको विषय लगायत। | | थप छानबिनका लागि सक्कलै फाइल अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाइएको। | |
| १६ | डोल्पा जिल्लाको शे-फोक्सुण्डो गाउँपालिकामा आ.व.२०७६ देखि २०७९ सम्म प्र.प्र.अ. विष्णु प्रसाद न्यौपानेको कार्यकालमा करोडौँ अनियमितता भएको भन्ने लगायत | | थप छानबिनका लागि सक्कलै फाइल अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाइएको। | |

## २.२ उजुरी दर्ता भएका क्षेत्र र विषयहरू

आ.व. २०८२/०८३ मा कुल २५६६ उजुरीहरूमध्ये सङ्घीय सरकारसँग सम्बन्धित १२३९, प्रदेश सरकार र स्थानीय तहसँग सम्बन्धित १३२७ रहेका छन । सङ्घीय सरकारसँग सम्बन्धित उजुरीहरूमध्ये सबैभन्दा धेरै उजुरीहरू शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित रहेका छन । प्रदेशगत आधारमा सबैभन्दा धेरै उजुरीहरू मधेश प्रदेशका रहेका छन । स्थानीय तहसँग सम्बन्धित उजुरीहरूमध्ये सबैभन्दा धेरै उजुरी मधेश प्रदेशका स्थानीय तहहरूसँग सम्बन्धित रहेका छन ।

दर्ता भएका उजुरीहरू सार्वजनिक खरिदमा अनियमितता, आर्थिक अनियमितता, सार्वजनिक सेवा प्रवाहमा ढिलासुस्ती तथा अनियमितता, सार्वजनिक पदाधिकारीहरूको स्वार्थको द्धन्द, विकास निर्माण, प्राकृतिक स्रोत साधनको दुरूपयोग, कर्मचारी प्रशासन (नियुक्ति सरुवा, बढुवा, पदपूर्ति र आचरण लगायत), सार्वजनिक सम्पत्तिको दुरूपयोग, राजश्व चुहावट लगायतका विषयसँग सम्बन्धित रहेका छन ।

**स्वास्थ्य क्षेत्र**

१. नयाँ उपकरण खरिद गर्न रुचि राख्ने, हाल भएका उपकरणहरू मर्मत गर्न कम ध्यान दिने ।
२. खरिद भएका उपकरणहरू प्रयोगमा नल्याई थन्क्याएर राख्ने ।
३. स्वास्थ्य संस्थाहरूमा स्वास्थ्यकर्मीलगायत कर्मचारीहरूमा करारमा भर्ना गर्ने प्रवृत्तिमा वृद्धि, प्रतिस्पर्धा गराई राख्नु भन्दा सोझै राख्ने ।
४. स्थायी दरवन्दी समयमै पदपूर्ति नगर्नाले कर्मचारीहरूको वृत्ति विकासमा वाधा पुगेको ।
५. औषधि खरिद गर्दा प्रतिस्पर्धा नगराएको भन्ने उजुरी आउने गरेको ।
६. चिकित्सकहरूलाई माथिल्लो उपाधि अध्ययन मनोनयन गर्दा ऐन, नियमको प्रावधान मिचेको भन्ने उजुरी आउने गरेको ।

**बैङ्क तथा वित्तीय क्षेत्र**

१. बैकिङ र बिमा सम्बन्धी निकायहरूमा ऋण लगानी असुली गर्दा अनियमितता गरेको, कार्यकारी पदमा नियुक्ति गर्दा नियम, कार्यविधि पालना नभएको भन्ने उजुरी आउने गरेको ।
२. नेपाल राष्ट्र बैङ्कमा अनियमितता भएको भन्ने उजुरी एवम् वित्तीय सुशासनका लागि प्रभावकारी नियमन नहुनाले वित्तीय सुशासन कमजोर देखिएको ।

**ग. स्थानीय तहः**

१. अस्थायी तथा करार सेवामा कर्मचारी भर्नामा प्रचलित ऐन नियमको पालना नभएको ।
२. व्यक्तिगत लाभ-हानिका आधारमा योजना छनौट हुने गरेको ।
३. जनप्रतिनिधिहरूसँग नजिक हुने व्यक्तिहरूमध्येबाट उपभोक्ता समिति बनाई सो मार्फत् योजना कार्यान्वयन गर्दा अनियमितता हुने गरेको ।
४. कार्य सम्पन्न प्रतिवेदन दिंदा मिलेमतो गरी गलत प्रतिवेदन दिई अनियमितता गर्ने गरेको ।
५. स्वास्थ्य र शिक्षातर्फका कार्यक्रमहरूमा अनियमितता हुने गरेको ।
६. समग्र रूपमा जनताको घरदैलोको सरकारबाट विकास प्रशासनमा सुशासनको महसुस जनताले गर्न नसकेको ।

## २.३ निगरानी, छड्के, अनुगमन

आ.व. २०८२/०८३ मा केन्द्रबाट ४२ जिल्लाका १५७७ कार्यालयहरूमा निगरानी, छड्के तथा अनुगमन गरिएको थियो। सो क्रममा कार्यालय समय पालना नगर्ने र तोकिएको पोशाक नलगाउने कर्मचारीको विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छः

| क्र.सं. | जिल्ला | कार्यालय संख्या | समय पालना नगर्ने कर्मचारी संख्या | तोकिएको पोशाक नलगाउने कर्मचारी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | काठमाडौं | ५४२ | ६१६६ | ८७९ | |
| २. | ललितपुर | १४४ | ७३१ | ११५ | |
| ३. | भक्तपुर | ९३ | ५०४ | ४७ | |
| ४. | काभ्रेपलाञ्चोक | २३ | ८३ | ६ | |
| ५. | सिन्धुपाल्चोक | २१ | ४९ | ० | |
| ६. | नुवाकोट | १९ | ६५ | १५ | |
| ७. | रसुवा | ११ | ३३ | ४ | |
| ८. | दोलखा | १६ | १९ | ० | |
| ९. | मकवानपुर | २२ | ६३ | ५२ | |
| १०. | ओखलढुङ्गा | ३१ | ११ | १६ | |
| ११. | उदयपुर | २२ | ५८ | ८६ | |
| १२. | ताप्लेजुङ | १६ | ३२ | ० | |
| १३. | पाँचथर | १७ | ३१ | ० | |
| १४. | तेह्रथुम | ३८ | १०३ | ३ | |
| १५. | सोलुखुम्बु | २१ | १७ | २० | |
| १६. | बारा | ४ | १८ | ० | |
| १७. | पर्सा | ५ | १० | ० | |
| १८. | सप्तरी | २४ | ३०७ | २ | |
| १९. | सिराहा | ३२ | ६०१ | १२ | |
| २०. | लमजुङ | १० | ४० | ० | |
| २१. | स्याङ्जा | २३ | ० | ० | |
| २२. | कास्की | ३६ | ० | ० | |
| २३. | बागलुङ | ३४ | ९७ | १३ | |
| २४. | पर्वत | १५ | ५२ | ० | |
| २५. | म्याग्दी | १२ | १५ | ० | |
| २६. | मुस्ताङ | ३० | २२ | २१ | |
| २७. | पाल्पा | ३२ | २३ | १ | |
| २८. | गुल्मी | ३० | ५ | ० | |

| क्र.सं. | जिल्ला | कार्यालय संख्या | समय पालना नगर्ने कर्मचारी संख्या | तोकिएको पोशाक नलगाउने कर्मचारी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| २९. | कपिललस्तु | ६ | २५ | २२ | |
| ३०. | अर्घाखाँची | ६ | ० | ५ | |
| ३१. | रूपन्देही | २५ | ११० | १४ | |
| ३२. | प्यूठान | २६ | ४ | ४ | |
| ३३. | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | ५ | ५३ | ० | |
| ३४. | बाँके | ११ | २० | ० | |
| ३५. | बर्दिया | ३९ | ४९ | ११ | |
| ३६. | सुर्खेत | १५ | १५ | ४३ | |
| ३७. | दैलेख | २१ | ६ | ० | |
| ३८. | सल्यान | ३१ | २१९ | ० | |
| ३९. | रुकुम पश्चिम | १३ | ० | ० | |
| ४०. | डडेल्धुरा | २६ | २० | ७ | |
| ४१. | कैलाली | २० | १८ | ६ | |
| ४२. | कन्चनुपर | १० | ३ | ० | |
| | जम्मा | १५७७ | ९६९७ | १४०४ | |

यस आर्थिक वर्षमा अनुगमन गरिएका १५७७ वटा कार्यालयहरूमा जम्मा ९६९७ जना कर्मचारीले समय पालना नगरेको र १४०४ जना कर्मचारीले तोकिएको पोशाक नलगाएको पाइयो । जिल्ला अन्तर्गतको कार्यलयगत विवरण अनुसूची ४ मा समावेश गरिएको छ ।

यसका साथै आ.व. २०८२/०८३ मा विभिन्न सार्वजनिक संस्थाहरूको सूक्ष्म निगरानी गरिएको थियो । निगरानी गर्दा सार्वजनिक सेवा प्रवाह, सेवा प्रवाहमा रहेका अनियमितताहरू लगायतका विषयहरूमा गरिएको थियो । यस आ.व. सार्वजनिक निकायहरूको फाइल कार्यान्वयन सम्बन्धमा समेत अनुगमन गरिएको थियो । अनुगमनका क्रममा अधिकांश निकायहरूमा कानूनमा तोकिए बमोजिमको अवधिमा फाइल टुङ्गो लाग्ने गरेको नदेखिएकोले आवश्यक कारबाहीको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखि पठाइएको थियो । साथै केन्द्रीयस्तरका निकायहरूमा सवारी साधनहरूको समेत अनुगमन गरिएको थियो ।

कर्मचारीहरूको समयपालना अनुगमनबाट समयपालनामा सुधार आएको देखिएको छ । केन्द्रले समय पालना नगर्ने र तोकिएको पोशाक नलगाउने कर्मचारीहरूलाई नियमानुसार कारबाही गर्न सम्बन्धित कार्यालयहरूलाई पत्राचार गर्ने गरेकोले कार्यालय अनुगमनबाट समयपालना गर्ने, तोकिएको पोसाक लगाउने, कार्यकक्षमा बस्ने लगायतका विषयमा सुधार हुँदै गएको अपेक्षा गरिएको छ ।

## २.४ भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि

### २.४.१ प्रदेश/स्थानीय तहमा सचेतनामूलक (गोष्ठी/अन्तरक्रिया) कार्यक्रम

केन्द्रले विभिन्न जिल्लामा जिल्लास्थित राजनीतिक दल, कार्यालय प्रमुख, नागरिक समाज, पत्रकार, बुद्धिजीवीहरूको सहभागितामा भ्रष्टाचारविरुद्ध जनचेतनामूलक गोष्ठी/अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दै आएको छ। आ.व. २०८२/०८३ मा २१ जिल्लामा सचेतनामूलक तथा सदाचार शिक्षा (गोष्ठी/अन्तरक्रिया) कार्यक्रम सञ्चालन गरिएको छ। सो क्रममा कार्यालय अनुगमन, सेवाग्राही सन्तुष्टि सर्वेक्षण, आयोजना अनुगमन लगायतका कार्य पनि गरिएको थियो।

उक्त कार्यक्रममा भ्रष्टाचार नियन्त्रण हाम्रो साझा दायित्व, भ्रष्टाचार नियन्त्रणमा राष्ट्रिय सतर्कता केन्द्रको भूमिका, नागरिक बडापत्रको सैद्धान्तिक तथा कानूनी व्यवस्था, भ्रष्टाचार सम्बन्धी जानकारी र सोको कारण, समस्या र सुझावहरू, केन्द्रको काम, कर्तव्य, अधिकार र भ्रष्टाचार नियन्त्रणमा जनप्रतिनिधिहरूको भूमिकाका साथै सम्पत्ति विवरण अनुगमन, प्राविधिक परीक्षणको सैद्धान्तिक र व्यवहारिक पक्ष लगायतका विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो।

**सचेतनामूलक तथा सदाचार शिक्षा कार्यक्रम सम्बन्धी विवरण**

| सि.नं. | मिति | जिल्ला | सहभागी संख्या |
|---|---|---|---|
| १. | २०८२/०८/१५ | भक्तपुर | १०२ |
| २. | २०८२/०८/१६ | काठमाण्डौ | ७२ |
| ३. | २०८२/०८/१७ | ललितपुर | १०५ |
| ४. | २०८२/०८/२९ | पाल्पा | १०२ |
| ५. | २०८२/०९/०३ | कास्की | १२० |
| ६. | २०८२/०९/०४ | स्याङ्जा | १०१ |
| ७. | २०८२/०९/०४ | गुल्मी | १०३ |
| ८. | २०८२/०९/११ | ओखलढुंगा | ८७ |
| ९. | २०८२/०९/१७ | उदयपुर | ८९ |
| १०. | २०८२/१२/२९ | मुस्ताङ | ५४ |
| ११. | २०८२/१२/३० | सल्यान | ९४ |
| १२. | २०८२/१२/३० | डडेलधुरा | ९१ |
| १३. | २०८२/१२/३० | प्युठान | ७९ |
| १४. | २०८२/१२/३० | सप्तरी | १०३ |
| १५. | २०८२/१२/३० | मकवानपुर | १०० |
| १६. | २०८२/१२/३० | बर्दिया | १०३ |
| १७. | २०८३/०२/०१ | दैलेख | ७२ |
| १८. | २०८३/०२/०१ | नुवाकोट | ९८ |
| १९. | २०८३/०२/०१ | सिरहा | ११८ |
| २०. | २०८३/०२/१२ | तेह्रथुम | ९२ |
| २१. | २०८३/०२/१२ | बागलुङ | ८६ |
| जम्मा | | | १९७१ |

### २.४.२ विश्वविद्यालय/विद्यालयस्तरीय सदाचार शिक्षा कार्यक्रमः

आ.व. २०८२/०८३ मा लुम्बिनी प्रदेश, मधेश प्रदेश र कोशी प्रदेशका विभिन्न चार जिल्लाका ८ वटा विद्यालय/विश्वविद्यालयहरूमा विद्यालय/विश्वविद्यालयस्तरीय सदाचार शिक्षा कार्यक्रम संचालन गरिएको थियो। उक्त कार्यक्रममा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी, सम्बन्धित पालिकाका प्रमुख तथा उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित वडाका वडा अध्यक्ष, सम्बन्धित विद्यालय/विश्वविद्यालयका शिक्षक र विद्यार्थीहरूको उपस्थिति रहेको थियो। सम्पन्न भएका कार्यक्रमहरूमा १०० जना भन्दा बढी सहभागिहरूको उत्साहजनक उपस्थिति रहेको थियो। कार्यक्रममा सुशासनमा राष्ट्रिय सतर्कता केन्द्रको भूमिका, सदाचारको अवधारणा र आवश्यकता, भ्रष्टाचार नियन्त्रणमा जनप्रतिनिधि र कर्मचारीहरूको भूमिका र सदाचार प्रवर्द्धनमा परिवार, समुदाय र शैक्षिक संस्थाको भूमिका गरी चार ओटा कार्यपत्रहरू राष्ट्रिय सतर्कता केन्द्रको तर्फबाट प्रस्तुत गरिएको थियो। विश्वविद्यालय/विद्यालयस्तरीय सदाचार शिक्षा कार्यक्रमको माध्ययमबाट भ्रष्टाचार न्यूनीकणमा टेवा पुर्याउनु, राष्ट्रिय सतर्कता केन्द्रको काम, कर्तव्य र अधिकारको सम्बन्धमा विश्वविद्यालय/विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई जानकारी गराउनु, सदाचार कायम गर्न परिवार, समाज र शैक्षिक संस्थाको भूमिका बारेमा विद्यार्थीहरूलाई जानकारी प्रदान गर्नु र कार्यक्रमको माध्यमबाट सुशासन प्रवर्द्धनमा टेवा पुर्याउनु यस कार्यक्रमको उद्देश्य रहेको थियो। कार्यक्रम संचालन भएका सबै स्थानमा कार्यक्रम अत्यन्त प्रभावकारी र भव्य रूपमा सम्पन्न भएको थियो। यस्तो किसिमको कार्यक्रम नियमित रूपमा हुनुपर्ने तथा यसको क्षेत्र समेत विस्तार गर्नु पर्ने भन्ने किसिमको प्रतिक्रिया कार्यक्रमा सहभागि हुने विद्यार्थी, शिक्षक तथा जनप्रतिनिधिहरूबाट प्राप्त भएको थियो। कार्यक्रमको माध्यमबाट राष्ट्रिय सतर्कता केन्द्रको काम, कार्तव्य र अधिकार, यसले गर्दै आएका कार्यहरू, सुशासन प्रबर्धनमा खेलेको भूमिका लगायका विषयको जानकारी विद्यार्थी, शिक्षक र जनप्रतिनिधिहरू समक्ष पुर्याइएको थियो। कार्यक्रम संचालन गरिएका सबै स्थानबाट कार्यक्रमको बारेमा सकरात्मक प्रतिक्रिया प्राप्त भएकोले यस्तो किसिमको कार्यक्रमलाई निरन्तरता दिन सकेमा सदाचारी समाजको निर्माण गरी भ्रष्टाचार न्यूनLकरणको माध्ययमबाट सुशासन प्रवर्द्धनमा टेवा पुग्ने देखिन्छ।

**विद्यालय/विश्वविद्यालयस्तरीय सदाचार शिक्षा कार्यक्रमको विवरणः**

| सि.नं. | मिति | स्थान | सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | २०८२/१२/०६ | श्री ज्योति माध्यमिक विद्यालय, शितगंगा, अर्घाखाँची | ११२ | |
| २. | २०८२/१२/०९ | श्री पाणिनि बहुमुखी क्याम्पस, सन्धिखर्क, अर्घाखाँची | १३० | |
| ३. | २०८३/०२/१८ | संकटमोचन देवशरण रामरती माध्यामिक विद्यालय, जनकपुरधाम | १२९ | |
| ४. | २०८३/०२/१९ | रामस्वरूप रामसागर बहुमुखी क्याम्पस, जनकपुरधाम | १३३ | |
| ५. | २०८३/०२/२० | श्री पोखरीया माध्यामिक विद्यालय, विराटनगर | १३८ | |
| ६. | २०८३/०२/२१ | मनमोहन मेमोरियल पोलिटेक्निक, मोरङ | १४० | |
| ७. | २०८३/०२/२२ | श्री आदर्श माध्यामिक विद्यालय, इलाम | ११६ | |
| ८. | २०८३/०२/२५ | महेन्द्र रत्न बहुमुखी क्याम्पस, इलाम | १०७ | |
| जम्मा | | | १००५ | |

### २.४.३ भ्रष्टाचारविरुद्ध/प्राविधिक परीक्षण अन्तर निकाय समन्वय गोष्ठी

सार्वजनिक पूर्वाधार विकास तथा निर्माण कार्यमा देखिने जोखिमहरू न्यूनीकरण गर्ने, अन्तर निकाय समन्वय सुदृढ गर्ने, सार्वजनिक खरिद प्रक्रियामा विद्यमान समस्या, चुनौती तथा सुधारका उपायहरू बारे छलफल गर्ने, विकास निर्माणमा

प्राविधिक परीक्षण (Technical Audit) तथा राष्ट्रिय सतर्कता केन्द्रको भूमिकाबारे जानकारी प्रदान गर्ने तथा संघ, प्रदेश र स्थानीय तह गरी तीनै तह अन्तर्गतका आयोजनाहरूको अनुगमनबाट कार्यान्वयन चरणमा आउन सक्ने चुनौती/समस्याहरू पहिचान गरी त्यसको अनुभव (field Reflection) साझा गरी सुधारात्मक कदमबारे छलफल गर्ने र सोको निचोड निकाल्ने उद्देश्यले यस आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय सतर्कता केन्द्रद्वारा नेपालका सातै प्रदेशमा प्राविधिक परीक्षण सम्बन्धी अन्तरनिकाय समन्वय गोष्ठी सञ्चालन गरिएको थियो।

गोष्ठी सञ्चालनपूर्व यस केन्द्रका प्राविधिक कर्मचारीहरूबाट सम्बन्धित प्रदेशका विकास निर्माणसँग सम्बन्धित आयोजनाहरूको स्थलगत अनुगमन तथा निरीक्षण गरी सोबाट प्राप्त तथ्यका आधारमा स्थलगत अनुगमन सम्बन्धी प्रतिविम्ब प्रस्तुतीकरण (Field Reflection) सहित प्राविधिक परीक्षण सम्बन्धी अन्तरनिकाय समन्वय गोष्ठी सञ्चालन गरिएको थियो। उक्त सामग्री सहित प्राविधिक परीक्षण, सार्वजनिक निर्माण, सार्वजनिक खरिद, गुणस्तर व्यवस्थापन तथा समग्र विकास निर्माण प्रक्रियालाई थप प्रभावकारी बनाउने लक्ष्य सहित विभिन्न कार्यपत्रहरू प्रस्तुत गरी सरोकारवाला निकायका प्रतिनिधिहरूसँग अन्तरक्रियात्मक छलफल सम्पन्न गरिएको थियो।

यस क्रममा सुदूरपश्चिम प्रदेशमा २५ आयोजना, कर्णाली प्रदेशमा ४१ आयोजना, लुम्बिनी प्रदेशमा १६ आयोजना, गण्डकी प्रदेशमा २ आयोजना, बागमती प्रदेशमा ३२ आयोजना, मधेश प्रदेशमा ४२ आयोजना र कोशी प्रदेशमा २६ आयोजना गरी जम्मा १८४ आयोजनाहरूको स्थलगत अनुगमन तथा निरीक्षण सम्पन्न गरिएको थियो।

प्रदेशगत रूपमा सञ्चालन भएका गोष्ठीहरूको विवरण देहाय बमोजिम रहेको छः

| सि.नं. | मिति | प्रदेश (स्थान) | सहभागी सङ्ख्या | स्थलगत अनुगमन तथा निरिक्षण गरिएका आयोजना/ अपरिपालना संख्या |
|---|---|---|---|---|
| १ | २०८२/१०/१३ | वागमती (धुलिखेल) | ७७ | ३२ |
| २ | २०८२/१०/२४ | कर्णाली (सुर्खेत) | १०० | ४१ |
| ३ | २०८२/१२/३० | लुम्बिनी (भैरहवा) | १३५ | १६ |
| ४ | २०८३/०१/२५ | मधेश (जनकपुर) | १५२ | ४२ |
| ५ | २०८३/०१/२८ | कोशी (विराटनगर) | १५० | २६ |
| ६ | २०८३/०२/१३ | सुदूर-पश्चिम (धनगढी) | १०४ | २५ |
| ७ | २०८३/०२/२२ | गण्डकी (पोखरा) | ११० | २ |
| | | | जम्मा आयोजना सङ्ख्या= | १८४ |




Fig: Map of Nepal showing the number of projects inspected in fiscal year 2082/083




गोष्ठीहरूमा संघ, प्रदेश तथा स्थानीय तह अन्तर्गत विकास निर्माणसँग सम्बन्धित कार्यालय प्रमुख, आयोजना प्रमुख, प्राविधिक कर्मचारी तथा अन्य सरोकारवाला निकायका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो । प्रदेशका माननीय मुख्यमन्त्री, प्रमुख सचिव, मन्त्रालयका सचिव, प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समितिका प्रमुख लगायतका विशिष्ट व्यक्तित्वहरूको समेत उपस्थिति रहेको थियो ।

उक्त गोष्ठीहरूमा स्थलगत अनुगमनबाट प्राप्त तथ्यहरू उपर विस्तृत छलफल, टिप्पणी तथा सुझाव आदान–प्रदान गरिएको थियो। छलफलमा सार्वजनिक खरिद प्रक्रियाको प्रभावकारिता, निर्माण कार्यको गुणस्तर सुनिश्चितता, प्राविधिक परीक्षणबाट देखिएका साझा समस्या, आयोजना कार्यान्वयनका चुनौती तथा सुधारका उपायहरूमा विशेष जोड दिइएको थियो। साथै प्राविधिक परीक्षणबाट प्राप्त अनुभव र सिकाइलाई सम्बन्धित निकायहरूबीच साझा गर्दै विकास निर्माण कार्यलाई पारदर्शी, गुणस्तरीय, मितव्ययी तथा उत्तरदायी बनाउन आवश्यक समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउने विषयमा समेत व्यापक छलफल गरिएको थियो।

यस प्रकार आर्थिक वर्ष २०८२/८३ मा सातै प्रदेशमा सम्पन्न प्राविधिक परीक्षण सम्बन्धी अन्तरनिकाय समन्वय गोष्ठीहरूले प्राविधिक परीक्षणबाट प्राप्त निष्कर्षहरू सरोकारवाला निकायसमक्ष प्रभावकारी रूपमा प्रस्तुत गर्नुका साथै सार्वजनिक निर्माण तथा सार्वजनिक खरिद प्रणालीमा सुधार, गुणस्तर अभिवृद्धि, जवाफदेहिता प्रवर्द्धन तथा अन्तरनिकाय समन्वय सुदृढीकरणमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

#### २.४.३.१ प्राविधिक परीक्षण सम्बन्धी अन्तरनिकाय समन्वय गोष्ठी बाट प्राप्त सुझावहरूः

- सार्वजनिक खरिद तथा विकास निर्माण प्रक्रियालाई पारदर्शी, उत्तरदायी र मितव्ययी बनाउन सम्बद्ध निकायहरू बीच संस्थागत अन्तरनिकाय समन्वय संयन्त्रलाई थप क्रियाशील र प्रभावकारी बनाउनुपर्ने।
- पूर्वाधार विकास आयोजनाहरूमा तोकिएको मापदण्ड र विशिष्टता (Specifications) अनुसारको गुणस्तर कायम गर्न गुणस्तर नियन्त्रण प्रणाली *(Quality Assurance / Quality Control)* लाई आयोजना चक्रको प्रत्येक चरणमा कडाइका साथ परिपालना गराउनुपर्ने।
- विकास आयोजनाहरूको योजना, डिजाइन, खरिद तथा कार्यान्वयन चरणमा प्राविधिक परीक्षणलाई अनिवार्य र एकीकृत अङ्गका रूपमा समावेश गरी यसको निष्पक्ष र वस्तुनिष्ठ कार्यान्वयन सुनिश्चित गरिनुपर्ने।
- आयोजना कार्यान्वयनमा संलग्न निकायहरू बीच तथ्याङ्क तथा सूचनाको द्रुत, सहज र पारदर्शी आदान-प्रदानका लागि एकीकृत सूचना व्यवस्थापन प्रणाली बनाउनुपर्ने।
- प्राविधिक जनशक्तिको विषयगत दक्षता र कार्यक्षमता अभिवृद्धिका लागि निरन्तर तालिम, ज्ञान हस्तान्तरण (Knowledge Transfer) तथा समसामयिक सचेतनामूलक कार्यक्रमहरू संस्थागत रूपमा सञ्चालन गरिनुपर्ने।
- आयोजना कार्यान्वयनका क्रममा उत्पन्न हुन सक्ने सरोकारवालाहरूका गुनासो, उजुरी तथा विवादहरूलाई शीघ्र, पारदर्शी र नतिजामुखी ढङ्गले फछ्र्यौट गर्न पहुँचयोग्य गुनासो व्यवस्थापन प्रणाली क्रियाशील बनाइनुपर्ने।

### २.४.४ सेवाग्राही सर्वेक्षण एवम् विश्लेषण

केन्द्रबाट आ.व. २०८२/०८३ मा २१ जिल्लामा १ हजार ५ सय ५० सेवाग्राहीहरूको सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरिएको थियो। सर्वेक्षणमा प्रत्येक जिल्लामा कम्तिमा ५० जना भन्दा बढी विभिन्न सार्वजनिक कार्यालयहरूबाट सेवा प्राप्त गरेका नागरिकहरूलाई समावेश गरिएको थियो। सर्वेक्षणमा १९ वटा परिमाणात्मक तथा गुणात्मक तथ्याङ्क प्राप्त हुने प्रश्नहरू सोधिएका र ती प्रश्नहरू मध्ये परिमाणात्मक जानकारी प्राप्त हुने सात वटा प्रश्नहरूलाई तलको तालिकामा समावेश गरी विश्लेषण गरिएको छ।

| क्र. सं. | सेवाग्राही सर्वेक्षण गरिएको स्थान | प्रश्नहरूमा प्राप्त प्रतिक्रिया (प्रतिशतमा) | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १. तपाईँलाई नागरिक बडापत्रको बारेमा जानकारी छ/छैन ? | | २. तोकीएको समयमा काम भयो/भएन ? | | ३. सम्बन्धित कार्यालयबाट सेवा प्राप्त गर्न तपाईँले बाहिरी व्यक्तिको सहयोग लिनु पर्‍यो/परेन ? | | ४. कार्यालयबाट सेवा प्राप्त गर्न अतिरिक्त रकम (घुस) दिनु पर्‍यो/परेन ? | | ५. सम्बन्धित कार्यालयबाट प्राप्त गरेको सेवाप्रति सन्तुष्ट वा असन्तुष्ट के हुनुहुन्छ ? | | ६. सूचनाको हक सम्बन्धमा जानकारी छ कि छैन ? | | ७. सार्वजनिक सुनुवाईमा सहभागि हुने गर्नुभएको छ/छैन ? | |
| | | जानकारी भएको | नभएको | भयो | भएन | पर्‍यो | परेन | पर्‍यो | परेन | सन्तुष्ट भएको | असन्तुष्ट भएको | जानकारी छ | जानकारी छैन | छ | छैन |
| १. | भक्तपुर | ६६ | ३४ | ८४.५ | १५.५ | ८.३७ | ९१.६३ | २ | ९८ | ९०.२८ | ९.७२ | ५८.८२ | ३७.२ | १८.१३ | ६९.६ |
| २. | काठमाण्डौ | ७३.८२ | २६.१८ | ६३.१८ | ३६.८२ | १९.३३ | ८०.६७ | ६.६२ | ९३.३७ | ६३.५३ | ३६.४७ | ६५.१६ | ३४.८४ | ६०.२३ | ३४.५ |
| ३. | ललितपुर | ६९ | ३१ | ७३ | २७ | ११ | ८९ | १ | ९९ | ७५ | २५ | ६८ | ३२ | २३ | ७६ |
| ४. | पाल्पा | ४९.१ | ५०.९ | ७३.६ | २६.४ | ४३.४ | ४६.६ | ५.६ | ९४.४ | ८३.४ | १६.६ | ४९.०५ | ५०.९५ | ३३ | ५८.५ |
| ५. | कास्की | ७० | ३० | ८४ | १६ | २२ | ७८ | ० | १०० | ३२.२ | ६.२ | ६८ | ३२ | ४० | ५२ |
| ६. | स्याङ्जा | ६८ | ३२ | ७४ | २६ | २६ | ७४ | ० | १०० | ३७.५ | ९.६ | ५६ | ४४ | ३४ | ४६ |
| ७. | गुल्मी | ५६.१ | ४३.९ | ८७.७ | १२.३ | ३१.५ | ६८.५ | ३.५ | ९६.५ | ९४.२ | ५.८ | ४९.१ | ५०.९ | ५४.४ | ४२.१ |
| ८. | ओखलढुंगा | ५६ | ४४ | ८६ | १४ | २० | ८० | ० | १०० | ७३.६ | ५.२ | ४२ | ५८ | ३८ | ५० |
| ९. | उदयपुर | ७० | ३० | ७२ | २८ | ३२ | ६८ | ० | १०० | ५२ | ११.२ | ६२ | ३८ | २८ | ५८ |
| १०. | मुस्ताङ | ४२ | ५८ | ९६ | ४ | १० | ९० | ० | १०० | ९४ | ६ | ३० | ७० | ३८ | ६० |
| ११. | सल्यान | ६० | ४० | ९० | १० | १० | ९० | ० | १०० | ४०.२ | ३.४ | ५८ | ४२ | ४४ | ५० |
| १२. | डडेलधुरा | ६८ | ३२ | | | ३८ | ६२ | १२ | ८८ | ६६.८ | ३३.२ | | | | |
| १३. | प्युठान | ६२ | ३८ | ८० | २० | २२ | ७८ | ४ | ९६ | ५१.६ | १२ | ६२ | ३८ | ५६ | २६ |
| १४. | सप्तरी | ५२ | ४८ | ६० | ४० | ३६ | ६४ | १४ | ८६ | ४७ | १०.२ | ४८ | ५२ | १६ | ६८ |
| १५. | मकवानपुर | ५८.५ | ४१.५ | ७७.३६ | ५५.६४ | १३.२१ | ८६.७९ | ५.६७ | ९४.३३ | ८२ | १८ | ६७.९२ | ३२.०८ | ३७.७४ | ५४.७२ |
| १६. | बर्दिया | ५६ | ४४ | ७६ | २४ | ४८ | ५२ | ४ | ९६ | ११.६ | २१.२ | ५२ | ४८ | ३४ | ५४ |
| १७. | दैलेख | ४५ | ५५ | ८१ | १९ | १८ | ८२ | ४ | ९६ | ७७.२ | | ६८ | ३२ | ४३ | ५५ |
| १८. | नुवाकोट | ५६.६७ | ४३.३३ | ८१.६७ | १८.३३ | १८.३३ | ८१.६७ | ० | १०० | ८८.३३ | ५.८३ | ५० | ५० | ३० | ५३.३३ |
| १९. | सिरहा | ३२ | ६८ | ८० | २० | ६८ | ३२ | २० | ८० | ६७.६ | २०.४ | ८२ | १८ | २४ | ७० |
| २०. | तेह्रथुम | ७० | ३० | ७८ | २२ | २८ | ७२ | ४ | ९६ | ६६.८ | ३.६६ | ६२ | ३८ | ६० | ३२ |
| २१. | बागलुङ | ५० | ५० | ७७.२ | २२.८ | ५६.९ | ४३.१ | ३.४ | ९६.४ | ७४.१ | २५.९ | ३५.१ | ६४.९ | ३४.५ | ६१.८ |
| **औसत** | | **५८.५८** | **४१.४१** | **७५.०१** | **२१.७९** | **२७.६२** | **७१.९** | **४.२७** | **९५.७१** | **६५.१८** | **१३.५९** | **५३.९५** | **४१.०८** | **३५.५२** | **५१.०२** |

माथिको तालिकामा उल्लेख गरिए बमोजिम सर्वेक्षणमा सहभागी औसत ५८ प्रतिशत सहभागीलाई नागरिक बडापत्रकै बारेमा जानकारी नभएको पाइयो। करिब २२ प्रतिशत सहभागीले तोकिएको समयमा सेवा प्राप्त गर्न देखियो भने २८ प्रतिशत सहभागीले कार्यालयबाट सेवा प्राप्त गर्न अन्य व्यक्तिको सहायता लिनु परेको बताएका छन्। त्यसैगरी ४.२७ प्रतिशत सहभागीले अझै पनि कार्यालयबाट सेवा प्राप्त गर्दा अतिरिक्त रकम (घुस) दिनु परेको र १३.५९ प्रतिशत सहभागी कार्यालयबाट प्राप्त सेवा प्रति सन्तुष्ट नभएको देखिएको छ। साथै ४१ प्रतिशत सहभागीलाई सूचनाको हकको बारेमा जानकारी नभएको पाइयो भने ५१ प्रतिशत सहभागी सार्वजनिक सुनुवाईमा सहभागी हुने नगरेको पाइएको छ।

यसरी सर्वेक्षणको नतिजा विश्लेषण गर्दा सेवा प्रवाहका विभिन्न महत्वपूर्ण पक्षहरूमा अझै पनि केही चुनौतीहरू रहेको पाइएकोले सार्वजनिक सेवा प्रवाहलाई स्वच्छ, सरल, सहज, पहुँचयोग्य, पारदर्शी एवम् सेवाग्राहीमैत्री बनाउन थप प्रयास गर्नु पर्ने देखिन्छ।

## २.५ नागरिक बडापत्र, उजुरी पेटिका लगायतका अन्य कार्य

### २.५.१ नागरिक बडापत्र

नागरिक बडापत्र सार्वजनिक संस्थाबाट प्रवाह हुने सेवा सम्बन्धी जानकारी सेवाग्राहीसमक्ष पारदर्शी, स्पष्ट र सहज रूपमा उपलब्ध गराउने औपचारिक प्रतिज्ञापत्र हो। यसमा सम्बन्धित कार्यालयबाट उपलब्ध गराइने सेवा–सुविधा, सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने प्रक्रिया, आवश्यक कागजात, सेवा प्रदान गर्न लाग्ने समय, जिम्मेवार पदाधिकारी तथा निजको कार्यकक्ष, सेवा शुल्क (दस्तुर) लगायत सेवाग्राहीलाई आवश्यक पर्ने सम्पूर्ण विवरण समावेश गरिएको हुन्छ। नागरिक बडापत्रको मूल उद्देश्य सार्वजनिक सेवा प्रवाहलाई सहज, सरल, पारदर्शी, उत्तरदायी तथा सेवाग्राहीमैत्री बनाउँदै अनियमितता तथा भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्नु हो।

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन (संशोधन सहित), २०६४ को दफा २५(१) मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले सबैले देख्ने स्थानमा तोकिएबमोजिम नागरिक बडापत्र राख्नुपर्ने व्यवस्था गरिएको छ। सोही ऐनको दफा २५(५) मा मनासिब कारणबिना सेवाग्राहीलाई हानि–नोक्सानी पुगेमा तोकिएबमोजिम क्षतिपूर्ति दिनुपर्ने कानूनी व्यवस्था रहेको छ। त्यस्तै, सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली (संशोधन सहित), २०६५ को नियम १४ मा नागरिक बडापत्र कार्यालय परिसरभित्र सबैले सहज रूपमा देख्न सक्ने उपयुक्त स्थानमा राख्नुपर्ने प्रावधान राखिएको छ।

यसैगरी, भ्रष्टाचारविरुद्धको रणनीति तथा कार्ययोजना, २०६५ अन्तर्गत तयार गरिएको निकायगत कार्ययोजना, २०६७ ले नागरिक बडापत्रको प्रभावकारी कार्यान्वयन तथा अनुगमन गर्ने जिम्मेवारी राष्ट्रिय सतर्कता केन्द्रलाई प्रदान गरेको छ। साथै, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन (संशोधन सहित), २०६४ को दफा ४५ बमोजिम नेपाल सरकारले क्षतिपूर्ति सहितको नागरिक बडापत्र व्यवस्थापन निर्देशिका, २०६९ जारी गरी नागरिक बडापत्रको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा सेवाग्राहीको अधिकार संरक्षणका सम्बन्धमा आवश्यक व्यवस्था गरेको छ।

उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने उद्देश्यले राष्ट्रिय सतर्कता केन्द्रले आर्थिक वर्ष २०८२/८३ मा विभिन्न सार्वजनिक निकायहरूमा नागरिक बडापत्रको कार्यान्वयन अवस्थाको अनुगमन, मूल्याङ्कन तथा आवश्यक सुझाव प्रदान गर्ने कार्य सम्पन्न गरेको छ। उक्त अवधिमा सम्पन्न अनुगमन सम्बन्धी कार्यहरूको विवरण देहायबमोजिम प्रस्तुत गरिएको छ।

## नागरिक बडापत्र अनुगमन सम्बन्धी विवरण

| सि.नं. | जिल्ला | नागरिक बडापत्र अनुगमन गरिएका कार्यालय सङ्ख्या |
|---|---|---|
| १. | काठमाडौं | ४५७ |
| २. | ललितपुर | १४४ |
| ३. | भक्तपुर | ९३ |
| ४. | काभ्रेपलाञ्चोक | २३ |
| ५. | सिन्धुपाल्चोक | २१ |
| ६. | नुवाकोट | १९ |
| ७. | रसुवा | ११ |
| ८. | दोलखा | १६ |
| ९. | मकवानपुर | २२ |
| १०. | ओखलढुङ्गा | ३१ |
| ११. | उदयपुर | २२ |
| १२. | ताप्लेजुङ | १६ |
| १३. | पाँचथर | १७ |
| १४. | तेह्रथुम | ३८ |
| १५. | सोलुखुम्बु | २१ |
| १६. | बारा | ४ |
| १७. | पर्सा | ५ |
| १८. | सप्तरी | २४ |
| १९. | सिराहा | ३२ |
| २०. | लमजुङ | १० |
| २१. | स्याङ्जा | २३ |
| २२. | कास्की | ३६ |
| २३. | बागलुङ | ३४ |
| २४. | पर्वत | १५ |
| २५. | म्याग्दी | १२ |
| २६. | मुस्ताङ | ३० |
| २७. | पाल्पा | ३२ |
| २८. | गुल्मी | ३० |
| २९. | कपिललस्तु | ६ |
| ३०. | अर्घाखाँची | ६ |
| ३१. | रूपन्देही | २५ |
| ३२. | प्यूठान | २६ |
| ३३. | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | ५ |
| ३४. | बाँके | ११ |

| सि.नं. | जिल्ला | नागरिक बडापत्र अनुगमन गरिएका कार्यालय सङ्ख्या |
|---|---|---|
| ३५. | बर्दिया | ३९ |
| ३६. | सुर्खेत | १५ |
| ३७. | दैलेख | २१ |
| ३८. | सल्यान | ३१ |
| ३९. | रुकुम पश्चिम | १३ |
| ४०. | डडेल्धुरा | २६ |
| ४१. | कैलाली | २० |
| ४२. | कन्चनपुर | १० |
| **जम्मा** | | **१४९२** |

माथिको तालिकामा उल्लिखित ४२ जिल्लाका १,४९२ वटा सार्वजनिक कार्यालयमा केन्द्रले तयार गरेको नागरिक बडापत्र सम्बन्धी चेकलिष्टका आधारमा अनुगमन गरिएको थियो । अनुगमनका क्रममा कतिपय कार्यालयमा नागरिक बडापत्र नै नराखिएको, कतिपय कार्यालयमा राखिएको बडापत्र पुरानो तथा जीर्ण भई स्पष्ट रूपमा पढ्न नसकिने अवस्थामा रहेको, कतिपय कार्यालयमा सेवाग्राहीले सहजै देख्न सक्ने स्थानमा नागरिक बडापत्र नराखिएको तथा कतिपय कार्यालयमा सेवा, प्रक्रिया, समय, दस्तुर, जिम्मेवार पदाधिकारी लगायतका आवश्यक विवरण स्पष्ट रूपमा उल्लेख नगरिएको पाइयो। त्यसैगरी, केही कार्यालयमा नागरिक बडापत्रमा उल्लेख गरिएअनुसार सेवा प्रवाह नभएको तथा कर्मचारीको कार्यकक्ष सम्बन्धी जानकारी स्पष्ट रूपमा समावेश नगरिएको अवस्था समेत देखियो।

उक्त अनुगमनबाट नागरिक बडापत्र सम्बन्धी विद्यमान कानूनी व्यवस्था तथा निर्धारित मापदण्डहरूको पूर्ण रूपमा पालना भएको अवस्था नदेखिएको निष्कर्ष प्राप्त भएको छ । यसले नागरिक बडापत्रलाई सेवाग्राहीको सूचना प्राप्त गर्ने अधिकार तथा सार्वजनिक निकायको उत्तरदायित्व अभिवृद्धि गर्ने प्रभावकारी माध्यमका रूपमा अझ सुदृढ बनाउन आवश्यक रहेको देखाएको छ।

वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधिको व्यापक विकास तथा सार्वजनिक सेवा प्रवाहमा डिजिटल प्रणालीको बढ्दो प्रयोगलाई दृष्टिगत गर्दा परम्परागत ढाँचा र स्थिर (Static) स्वरूपमा आधारित नागरिक बडापत्रले मात्र यसको मूल उद्देश्य प्रभावकारी रूपमा पूरा गर्न पर्याप्त नदेखिएको छ । त्यसैले नागरिक बडापत्र सम्बन्धी विद्यमान व्यवस्थामा समयानुकूल सुधार गरी विद्युतीय (Digital) माध्यममा आधारित, नियमित रूपमा अद्यावधिक गर्न सकिने तथा क्षतिपूर्ति सहितको नागरिकमैत्री नागरिक बडापत्र को कार्यान्वयन सबै सार्वजनिक निकायमा विस्तार गर्नु आवश्यक देखिन्छ । यसका साथै, नागरिक बडापत्रलाई सम्बन्धित निकायको वेबसाइट, क्यूआर कोड, डिजिटल सूचना पाटी तथा अन्य सूचना प्रविधिमा आधारित माध्यमहरूसँग आबद्ध गरी सेवाग्राहीको सहज पहुँच सुनिश्चित गर्ने, नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने र कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने व्यवस्था गर्नुपर्ने आवश्यकता औँल्याइएको छ।

## २.५.२ उजुरी पेटिका (गुनासो/सुझाव पेटिका)

सार्वजनिक संस्थाबाट प्रवाह हुने सेवा तथा सम्पादन गरिने कार्यप्रति सेवाग्राहीलाई परेको मर्का, असन्तुष्टि वा गुनासो अभिव्यक्त गर्ने तथा सुधारका लागि सुझाव दिने अधिकार सुनिश्चित गर्न सार्वजनिक संस्थाहरूमा उजुरी पेटिका राख्ने कानूनी व्यवस्था गरिएको छ । उजुरी पेटिकामार्फत सेवाग्राहीले कार्यालयको नीति निर्माण, सेवा प्रवाह, निर्णय प्रक्रिया, कर्मचारीको

व्यवहार, भ्रष्टाचार, ढिलासुस्ती, अनियमितता तथा अन्य सार्वजनिक सरोकारका विषयमा लिखित रूपमा गुनासो, उजुरी तथा सुझाव पेश गर्न सक्ने व्यवस्था रहेको छ। यस व्यवस्थाको प्रमुख उद्देश्य सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, उत्तरदायित्व, जवाफदेहिता तथा निष्पक्षता अभिवृद्धि गर्नु हो।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८(१)(च) ले सार्वजनिक संस्थाहरूमा उजुरी पेटिकाको व्यवस्था मिलाउने जिम्मेवारी राष्ट्रिय सतर्कता केन्द्रलाई प्रदान गरेको छ। त्यसैगरी, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३१ मा प्रत्येक मन्त्रालय, विभाग तथा अन्य सरकारी निकायले आफूले सम्पादन गरेका कार्यको गुणस्तर, प्रभावकारिता तथा सम्भावित अनियमितता सम्बन्धी गुनासो सुन्न कार्यालय परिसरमा सबैले देख्न सक्ने स्थानमा गुनासो पेटिका राख्नुपर्ने व्यवस्था गरिएको छ। साथै, सोही ऐनबमोजिम प्रत्येक सार्वजनिक संस्थाले सूचना अधिकारी तथा गुनासो सुनुवाइ अधिकारी तोकी प्राप्त गुनासो तथा उजुरीको समयमै सुनुवाइ र सम्बोधन गर्ने व्यवस्था मिलाउनुपर्ने कानूनी दायित्व रहेको छ। गुनासो पेटिका नियमित रूपमा खोल्ने, प्राप्त उजुरी तथा सुझाव सम्बन्धित शाखामा पठाई आवश्यक कारबाही गर्ने तथा समस्या समाधानको प्रक्रिया अघि बढाउने व्यवस्था पनि कानूनले सुनिश्चित गरेको छ।

केन्द्रबाट विभिन्न सार्वजनिक निकायमा गरिएको अनुगमनका क्रममा कतिपय कार्यालयमा उजुरी पेटिका नै नराखिएको, कतिपय कार्यालयमा राखिएको उजुरी पेटिका सेवाग्राहीले सहज रूपमा देख्न सक्ने स्थानमा नराखिएको, नियमित रूपमा नखोलिएको तथा प्राप्त गुनासो, उजुरी र सुझावको अभिलेखीकरण एवं उचित सम्बोधन नगरेको अवस्था पाइयो। केही कार्यालयमा गुनासो सुनुवाइ अधिकारी तोकिए पनि गुनासो व्यवस्थापन प्रणाली प्रभावकारी रूपमा सञ्चालन नभएको तथा प्राप्त गुनासोको नतिजा सेवाग्राहीलाई जानकारी गराउने अभ्यास समेत कमजोर रहेको देखियो।

यसबाट प्रचलित कानूनी व्यवस्थाको पूर्ण कार्यान्वयन हुन नसकेको तथा गुनासो सुनुवाइ र सम्बोधन प्रणाली अपेक्षा अनुरूप प्रभावकारी बन्न नसकेको निष्कर्ष प्राप्त भएको छ। तसर्थ, सेवाग्राहीमैत्री, पारदर्शी तथा उत्तरदायी सार्वजनिक प्रशासनको विकासका लागि परम्परागत उजुरी पेटिकासँगै सूचना तथा सञ्चार प्रविधिमा आधारित विद्युतीय गुनासो व्यवस्थापन प्रणाली (Online Grievance Management System) को विकास तथा विस्तार गर्नु आवश्यक देखिन्छ। प्रत्येक सार्वजनिक संस्थाको वेबसाइट, मोबाइल एप तथा अन्य विद्युतीय माध्यममार्फत गुनासो तथा उजुरी दर्ता गर्ने, त्यसको अनुगमन गर्ने, समयमै सम्बोधन गर्ने तथा सेवाग्राहीलाई सोको जानकारी उपलब्ध गराउने प्रणाली कार्यान्वयन गरिनुका साथै प्राप्त गुनासोको नियमित विश्लेषण गरी सेवा सुधारका लागि उपयोग गर्ने व्यवस्था सुनिश्चित गरिनुपर्ने आवश्यकता देखिएको छ।

### २.५.३ अन्य कार्य

#### हेलो सरकारसँगको समन्वय एवम् सहकार्यमा सेवा सहजीकरण

राष्ट्रिय सतर्कता केन्द्रले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत सञ्चालित हेलो सरकार प्रणालीसँग आवश्यक समन्वय तथा सहकार्य गर्दै सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र सेवाग्राहीमैत्री बनाउन विभिन्न सहजीकरणका कार्यहरू सञ्चालन गर्दै आएको छ। हेलो सरकारमार्फत प्राप्त गुनासा, उजुरी तथा सुझावहरूको प्रकृति अनुसार सम्बन्धित निकायसँग समन्वय गरी सेवा प्रवाहमा देखिएका ढिलासुस्ती, अनावश्यक झन्झट, प्रक्रियागत जटिलता तथा सेवाग्राहीले भोग्नुपरेका व्यावहारिक समस्याको समाधानका लागि आवश्यक पहल गरिने गरेको छ।

यस उद्देश्यका लागि केन्द्रले आवश्यकताअनुसार विषयगत टोली गठन गरी सम्बन्धित सार्वजनिक निकायमा परिचालन गर्ने,

स्थलगत अनुगमन गर्ने, समस्या पहिचान गर्ने तथा सेवा प्रवाहलाई छिटो, सरल, पारदर्शी र प्रभावकारी बनाउन आवश्यक सुझाव, निर्देशन तथा सहजीकरण प्रदान गर्ने कार्य गर्दै आएको छ। यस्ता सहजीकरणका प्रयासबाट सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन, सेवाग्राहीको गुनासोको समयमै सम्बोधन गर्न तथा सार्वजनिक प्रशासनप्रति नागरिकको विश्वास अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुगेको छ।

**प्रचार प्रसार**

सार्वजनिक संस्थाहरूमा हुन सक्ने अनियमितता तथा भ्रष्टाचारजन्य कार्यलाई निरुत्साहित गर्दै सुशासन, पारदर्शिता र सदाचारको प्रवर्द्धन गर्न राष्ट्रिय सतर्कता केन्द्रले विभिन्न जनचेतनामूलक तथा प्रचारप्रसारका कार्यक्रम सञ्चालन गर्दै आएको छ। यस अन्तर्गत भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले सूचना तथा सन्देशमूलक सामग्री तयार गरी सार्वजनिक स्थलहरूमा राख्ने, आमसञ्चारका माध्यम तथा डिजिटल प्लेटफर्ममार्फत प्रचारप्रसार गर्ने, विभिन्न अवसरमा जनचेतनामूलक सामग्री प्रकाशन तथा प्रसारण गर्ने लगायतका कार्यहरू नियमित रूपमा सञ्चालन गरिएका छन्।

यसै क्रममा नागरिकलाई सार्वजनिक निकायमा हुने अनियमितता तथा भ्रष्टाचारजन्य गतिविधिका सम्बन्धमा सूचना दिन, उजुरी गर्न तथा सुशासन प्रवर्द्धनमा सक्रिय सहभागिता जनाउन प्रेरित गर्ने उद्देश्यले सिंहदरबारको दक्षिण प्रवेशद्वार लगायत अन्य उपयुक्त सार्वजनिक स्थानहरूमा सूचना तथा सन्देशमूलक सूचना पाटी राखिएको छ। यस्ता सूचना पाटीमार्फत नागरिकलाई भ्रष्टाचार तथा अनियमितताविरुद्ध सूचना उपलब्ध गराउन, उजुरी दर्ता गर्न तथा सार्वजनिक प्रशासनलाई थप पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउन सहयोग पुऱ्याउने सन्देश प्रवाह गरिएको छ।

यस प्रकारका जनचेतनामूलक कार्यक्रमले भ्रष्टाचार नियन्त्रणमा नागरिकको सहभागिता अभिवृद्धि गर्नुका साथै सार्वजनिक निकायहरूमा सुशासन र सदाचारको संस्कृतिलाई सुदृढ बनाउन सकारात्मक योगदान पुऱ्याएको छ।

**प्रतिवेदन गर्ने**

राष्ट्रिय सतर्कता केन्द्रले प्रत्येक आर्थिक वर्षमा सम्पादन गरेका प्रमुख कार्य, उपलब्धि, सुधारका प्रयास तथा भावी कार्यदिशा समेटिएको वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष पेश गर्ने गरेको छ। सोही क्रममा आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नेपाल सरकारका मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवहरू तथा अन्य सम्बन्धित पदाधिकारीहरूको उपस्थितिमा सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष पेश गरिएको थियो।

वार्षिक प्रतिवेदन ग्रहण गर्दै सम्माननीय प्रधानमन्त्रीज्यूले प्रतिवेदनमा औँल्याइएका सुझाव तथा निष्कर्षहरूको प्रभावकारी कार्यान्वयनमार्फत भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्द्धन, सार्वजनिक सेवा प्रवाहमा सुधार तथा संस्थागत उत्तरदायित्व अभिवृद्धिका लागि आवश्यक पहल गर्न सम्बन्धित निकायहरूलाई निर्देशन प्रदान गर्नुभएको थियो।

यसैगरी, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८(१)(ग) बमोजिम केन्द्रले सार्वजनिक पद धारण गरेका राष्ट्रसेवकहरूको आर्थिक वर्ष २०८१/८२ को सम्पत्ति विवरणको अनुगमन सम्पन्न गरी प्रचलित कानूनबमोजिम सम्पत्ति विवरण पेश नगर्ने राष्ट्रसेवकहरूको विवरण सहितको प्रतिवेदन तयार गरी आवश्यक कारबाहीका लागि सम्मानित अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पेश गरेको छ।

केन्द्रले वार्षिक स्वीकृत कार्यक्रम तथा गतिविधिहरूको कार्यान्वयनको प्रगति नियमित रूपमा अनुगमन गरी मासिक,

त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्दै आएको छ । आवश्यकता अनुसार विशेष प्रतिवेदन तथा विषयगत प्रतिवेदनहरू समेत तयार गरी सम्बन्धित निकायमा पेश गर्ने व्यवस्था अवलम्बन गरिएको छ । साथै, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा अन्य सम्बन्धित निकायहरूबाट समय–समयमा प्राप्त निर्देशन, निर्णय तथा जिम्मेवारीअनुसार आवश्यक कार्य सम्पादन गरी सोको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्ने कार्य नियमित रूपमा सम्पन्न हुँदै आएको छ ।

## २.६ सुझाव एवम् निर्देशन कार्यान्वयनको अवस्था

आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय सतर्कता केन्द्रमा दर्ता भएका उजुरी तथा निवेदनहरूको तथ्यगत छानबिन, अनुसन्धान तथा विश्लेषणपश्चात प्राप्त निष्कर्षका आधारमा सम्बन्धित सार्वजनिक निकायहरूलाई आवश्यक निर्देशन, सुझाव तथा सतर्कता प्रदान गरिएको छ । उजुरीहरूको विषयगत विश्लेषणबाट सार्वजनिक प्रशासन तथा सेवा प्रवाहका विभिन्न क्षेत्रमा सुधार आवश्यक रहेको देखिएको छ ।

यस आर्थिक वर्षमा प्राप्त उजुरीहरूको प्रकृतिका आधारमा केन्द्रबाट जारी गरिएका निर्देशनहरूमध्ये सबैभन्दा बढी सार्वजनिक सेवा प्रवाह सुधारसँग सम्बन्धित रहेका छन् । यसअन्तर्गत सेवा प्रवाहमा हुने ढिलासुस्ती, सेवाग्राहीप्रति असहयोगी वा अस्वाभाविक व्यवहार, सेवाप्रदायक निकायको उत्तरदायित्वहीनता, कानूनबमोजिम सेवा उपलब्ध नगराउने प्रवृत्ति तथा सेवाप्रवाहमा देखिएका प्रक्रियागत जटिलता हटाई सेवा छिटो, सरल, पारदर्शी तथा सेवाग्राहीमैत्री बनाउन सम्बन्धित निकायहरूलाई आवश्यक निर्देशन प्रदान गरिएको छ ।

त्यसैगरी, दोस्रो प्राथमिकतामा सार्वजनिक खरिद व्यवस्थापनसँग सम्बन्धित उजुरीहरू रहेका छन् । सार्वजनिक खरिद प्रक्रियामा देखिएका अनियमितता, अपारदर्शिता, प्रतिस्पर्धा सीमित गर्ने कार्य, प्रचलित कानून तथा खरिद प्रक्रियाको उल्लङ्घनजस्ता विषयमा आवश्यक छानबिन गरी सम्बन्धित निकायलाई सुधारात्मक तथा कानूनबमोजिमका कारबाहीका लागि निर्देशन दिइएको छ ।

तेस्रो प्राथमिकताका रूपमा आर्थिक अनियमितता, सार्वजनिक स्रोत–साधनको दुरूपयोग, भ्रष्टाचारजन्य क्रियाकलाप तथा वित्तीय अनुशासनसँग सम्बन्धित उजुरीहरूमा आवश्यक अनुसन्धान सम्पन्न गरी सम्बन्धित निकायलाई कानूनबमोजिम आवश्यक कारबाही गर्न निर्देशन तथा सिफारिस गरिएको छ । त्यसैगरी, कर्मचारी व्यवस्थापन सम्बन्धी उजुरीहरूमा सरुवा, पदस्थापन, पदोन्नति, अनुशासन, कार्यसम्पादन तथा कर्तव्यपालनमा देखिएका कमजोरीका विषयमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन प्रदान गरिएको छ ।

उजुरीहरूको समग्र विश्लेषणबाट सार्वजनिक सेवा प्रवाह, सार्वजनिक खरिद, आर्थिक अनुशासन तथा कर्मचारी व्यवस्थापनका क्षेत्रमा अझ प्रभावकारी सुधार आवश्यक रहेको देखिएको छ । यस आधारमा राष्ट्रिय सतर्कता केन्द्रले शासन प्रणालीभित्र विद्यमान अनियमितता न्यूनीकरण गर्दै सार्वजनिक प्रशासनमा पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व तथा सुशासन अभिवृद्धि गर्ने उद्देश्यका साथ आफ्नो अनुगमन, छानबिन तथा निर्देशनात्मक भूमिकालाई निरन्तर सुदृढ गर्दै आएको छ ।

तसर्थ, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८(३) बमोजिम राष्ट्रिय सतर्कता केन्द्रले दिएको निर्देशन वा सुझाव कार्यान्वयन नगर्ने अथवा केन्द्रले माग गरेबमोजिमको विवरण वा कागजात उपलब्ध नगराउने सार्वजनिक संस्थाका सम्बन्धित अधिकारीविरुद्ध प्रचलित कानूनबमोजिम आवश्यक कारबाहीका लागि सम्बन्धित अख्तियारवालालाई लेखी पठाउन सक्ने कानूनी व्यवस्था

रहेको छ । साथै, सोही ऐनको दफा ३८(४) अनुसार सम्बन्धित अख्तियारवालाले त्यस्तो अधिकारीउपर आवश्यक कारबाही गरी सोको जानकारी राष्ट्रिय सतर्कता केन्द्रलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यस कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न केन्द्रले आफ्नो निर्देशन तथा सुझावको कार्यान्वयन अवस्था, कारबाहीको प्रगति तथा सम्बन्धित निकायबाट प्राप्त विवरणहरूको नियमित अभिलेखीकरण, अनुगमन तथा विश्लेषण गर्ने कार्यलाई निरन्तरता दिएको छ ।

## २.७ मुख्य मुख्य उपलब्धिहरू

आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय सतर्कता केन्द्रले सञ्चालन गरेका अनुगमन, निरीक्षण, छड्के जाँच, छानबिन, सचेतनामूलक कार्यक्रम तथा सुशासन प्रवर्द्धन सम्बन्धी गतिविधि, प्राविधिक परिक्षण, सम्पत्ति विवरण अनुगमन लगायतका कार्यहरूबाट सार्वजनिक प्रशासनमा सकारात्मक सुधारका संकेतहरू देखिएका छन् । यस अवधिमा प्राप्त प्रमुख उपलब्धिहरू देहायबमोजिम रहेका छन्–

१. **कार्यालय अनुशासनमा सुधार**

सार्वजनिक संस्थाहरूमा गरिएको सघन निगरानी, छड्के जाँच तथा अनुगमनका कारण कर्मचारीहरूको समयपालन, तोकिएको पोशाकको प्रयोग, कार्यस्थलमा नियमित उपस्थित भई जिम्मेवारी निर्वाह गर्ने तथा कार्यालय अनुशासन पालन गर्ने प्रवृत्तिमा उल्लेखनीय सुधार भएको छ । केही सार्वजनिक संस्थाहरूले विद्युतीय हाजिरी प्रणालीको दुरूपयोग हुन नदिन हाजिरी मेसिनलाई सुरक्षित व्यवस्थापन गर्ने जस्ता थप सुधारात्मक उपायहरू अवलम्बन गरेका छन् ।

२. **निर्णय प्रक्रियामा ढिलासुस्ती न्यूनीकरण**

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ (संशोधन सहित) मा व्यवस्था भएबमोजिम सात कार्यदिनभित्र निर्णय सम्पन्न गर्नुपर्ने प्रावधानको कार्यान्वयन अवस्थाको फाइल ट्र्याकिङ तथा अनुगमन गरिएकाले निर्णय प्रक्रियामा हुने अनावश्यक ढिलासुस्ती न्यूनीकरण भई सेवा प्रवाह थप प्रभावकारी बन्दै गएको छ ।

३. **कानूनविपरीत भएका प्रशासनिक कार्यमा नियन्त्रण**

अनुगमन तथा छानबिनका क्रममा कानून तथा स्थापित प्रक्रिया विपरीत गरिएका कर्मचारी नियुक्ति, सरुवा, पदोन्नति तथा सार्वजनिक खरिद सम्बन्धी कतिपय कार्यहरू बदर वा सच्याउने कार्य सम्पन्न भएको छ, जसले सार्वजनिक प्रशासनमा विधिको शासन सुदृढ गर्न योगदान पुऱ्याएको छ ।

४. **सार्वजनिक स्रोत–साधनको दुरूपयोगमा कमी**

पदाधिकारी तथा कर्मचारीबाट हुने सेवा–सुविधा, सरकारी स्रोत–साधन तथा सार्वजनिक सम्पत्तिको दुरूपयोग नियन्त्रण गर्न केन्द्रबाट गरिएको निगरानीका कारण यस्ता प्रवृत्तिमा कमी आएको देखिएको छ ।

५. **विकास आयोजनाको कार्यान्वयनमा सुधार**

विकास आयोजना तथा पूर्वाधार निर्माण सम्बन्धी कार्यहरूको नियमित अनुगमन, प्राविधिक परीक्षण तथा वस्तुस्थितिको यथार्थ प्रस्तुतीकरणका कारण आयोजना कार्यान्वयनमा देखिने कमजोरीहरू क्रमशः सुधार

हुँदै गएका छन् । यसबाट विकास निर्माण कार्यको गुणस्तर, समयबद्धता तथा प्रभावकारितामा सकारात्मक योगदान पुगेको छ ।

**६. सदाचार तथा जनचेतना अभिवृद्धि**

केन्द्रबाट सञ्चालन गरिएका सदाचार शिक्षा, जनचेतनामूलक गोष्ठी, अन्तरक्रिया तथा प्रचारप्रसार कार्यक्रममार्फत सार्वजनिक निकायका कर्मचारी तथा आम नागरिकमा सुशासन, नैतिकता तथा भ्रष्टाचार नियन्त्रण सम्बन्धी चेतनामा वृद्धि भएको छ ।

**७. सेवा प्रवाह सुधारमा सहयोग**

सेवाग्राही सन्तुष्टि सर्वेक्षणमार्फत सार्वजनिक संस्थाहरूको सेवा प्रवाहको वास्तविक अवस्था, सेवाग्राहीका अपेक्षा तथा सुधार गर्नुपर्ने क्षेत्रहरूको पहिचान भएको छ । प्राप्त सुझावका आधारमा सम्बन्धित निकायहरूले सेवा सुधारका पहलहरू अघि बढाएका छन् ।

**८. सम्पत्ति विवरण पेश गर्ने प्रवृत्तिमा सुधार**

सम्पत्ति विवरण अनुगमनलाई प्रभावकारी बनाइएकाले प्रचलित कानूनबमोजिम सम्पत्ति विवरण पेश गर्ने राष्ट्रसेवकहरूको सङ्ख्यामा वृद्धि भएको तथा सम्पत्ति विवरण पेश नगर्नेको सङ्ख्यामा उल्लेखनीय कमी आएको छ । यसले सार्वजनिक पदाधिकारीहरूको उत्तरदायित्व र पारदर्शिता अभिवृद्धि गर्न सहयोग पुगेको छ ।

**९. उजुरी व्यवस्थापनमा प्रभावकारिता**

आर्थिक वर्ष २०८२/८३ मा केन्द्रमा दर्ता भएका उजुरीमध्ये ७२.२५ प्रतिशत उजुरी फछ्र्यौट गरी सार्वजनिक प्रशासनमा देखिएका अनियमितता तथा समस्याको समाधानमा योगदान पुऱ्याइएको छ । यसबाट सुशासन कायम गर्न तथा सेवाग्राहीको विश्वास अभिवृद्धि गर्न महत्वपूर्ण सहयोग पुगेको छ ।

**१०. निर्देशन तथा सुझावको कार्यान्वयनमा वृद्धि**

केन्द्रले सार्वजनिक संस्थाहरूलाई दिएका सुझाव, निर्देशन तथा सतर्कताहरूको कार्यान्वयन अवस्थाको नियमित अनुगमनलाई प्राथमिकता दिइएकाले सम्बन्धित निकायहरूबाट निर्देशन कार्यान्वयन गरी सोको जानकारी उपलब्ध गराउने प्रवृत्तिमा उल्लेखनीय वृद्धि भएको छ । यसले केन्द्रको अनुगमन प्रणालीलाई थप प्रभावकारी तथा परिणाममुखी बनाउन सहयोग पुगेको छ ।

समग्रमा, आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय सतर्कता केन्द्रबाट सम्पादित अनुगमन, निरीक्षण, छानबिन, सचेतनामूलक कार्यक्रम तथा सुधारात्मक पहलहरूले सार्वजनिक प्रशासनमा अनुशासन, पारदर्शिता, उत्तरदायित्व तथा सुशासन अभिवृद्धि गर्न उल्लेखनीय योगदान पुऱ्याएका छन् । साथै, सार्वजनिक सेवा प्रवाहलाई छिटो, सरल, प्रभावकारी र सेवाग्राहीमैत्री बनाउन केन्द्रको भूमिका थप सुदृढ हुँदै गएको देखिएको छ ।

## २.८ सम्पत्ति विवरण

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० अनुसार सार्वजनिक पदमा बहाल रहेका व्यक्तिले शुरू नियुक्तिको साठी दिनभित्र र हरेक आर्थिक वर्ष समाप्त भएको साठी दिन भित्र कानून बमोजिम सम्पत्ति विवरण पेश गर्नुपर्ने व्यवस्था रहेको छ । सो म्याद

भित्र सम्पत्ति विवरण पेश गर्न नसकेको व्यक्तिले मनासिव कारण सहित म्याद थपको लागि अनुरोध गरेमा सम्बन्धित निकाय वा अधिकारीले बढीमा ३० दिनसम्मको म्याद थप दिन सक्ने व्यवस्था समेत उक्त ऐनले गरेको छ। यसरी थप गरिएको म्याद (विशेष परिस्थिति) भित्र पनि सम्पत्ति विवरण पेश नगर्ने सार्वजनिक पद धारण गरेका व्यक्तिलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (३) (पहिलो संशोधन द्वारा संशोधित) बमोजिम रू. १०००० जरिवाना गरी निज र निजको परिवारको नाममा गैर कानूनी सम्पत्ति रहेको अनुमान गरी सम्बन्धित निकाय वा अधिकारीले अनुसन्धान गर्न सक्ने प्रावधान छ।

नेपाल राजपत्रमा मिति २०७५ असार २० गते प्रकाशित सूचना समेतलाई मध्यनजर गर्दा प्रत्येक आर्थिक वर्ष सुरू भएको ६० दिनभित्र सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले तोकिएको ढाँचा बमोजिम आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण तोकिएको निकायमा बुझाउनु पर्ने व्यवस्था गरिएको छ। उक्त सूचनामा सम्बन्धित स्थानीय तहले सम्पत्ति विवरण प्राप्त गर्ने, त्यस पछिको तिस दिन भित्र प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने (सम्पत्ति विवरण बुझाउनेहरूको बन्दी खाम र नबुझाउनेहरूको नामावलीसहित), बन्दी खामहरू सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले व्यवस्थापन गर्ने र सम्पत्ति विवरण बुझाउन तोकिएको म्याद समाप्त भए पश्चात्को दुई महिनाभित्र अनिवार्य रूपमा छिटो साधनद्वारा राष्ट्रिय सतर्कता केन्द्रलाई जानकारी उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ। निर्वाचित वा मनोनित एवं प्रतिस्पर्धात्मक प्रणाली आदि जुनसुकै विधि र प्रक्रियाबाट सार्वजनिक पद धारण गरेका पदाधिकारी एवं कर्मचारी (राजनीतिक नियुक्ति, अस्थायी, करार, ज्यालादारी आदि) हरूले समेत अनिवार्य रूपमा हरेक आर्थिक वर्षमा सम्पत्ति विवरण पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ।

उक्त ऐनको दफा ३७ बमोजिम स्थापना भएको राष्ट्रिय सतर्कता केन्द्रलाई दफा ३८ को उपदफा (१) को खण्ड (ग) बमोजिम सार्वजनिक पद धारण गरेका व्यक्तिले प्रचलित कानून बमोजिम पेश गरेको सम्पत्ति विवरण र आयको अनुगमन गर्ने कार्य समेत तोकिएको छ। यस व्यवस्थालाई प्रभावकारी तुल्याउन राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ९ र १० मा सार्वजनिक पद धारण गरेको व्यक्तिले नियमितरूपमा सम्पत्ति विवरण पेश गरे नगरेको सम्बन्धमा अनुगमन गर्दा कुनै व्यक्तिले प्रचलित कानून अनुरूप सम्पत्ति विवरण पेश नगरेको देखिएमा केन्द्रले त्यस्तो व्यक्ति उपर ऐनको दफा ५०(३) बमोजिम कारबाहीका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोग समक्ष लेखी पठाउन सक्ने व्यवस्था रहेको छ।

उल्लिखित कानूनी व्यवस्थालाई कार्यान्वयन गर्न केन्द्रले सम्पत्ति विवरण सम्बन्धी अनलाइन सफ्टवेयर समेत सञ्चालन गरी कानून बमोजिम सम्पत्ति विवरण बुझाए नबुझाएको सम्बन्धमा विवरण प्राप्त गर्ने, कार्यालय एवं निकायहरूको नियमित रूपमा स्थलगत अनुगमन गरी सम्पत्ति विवरण बुझाए/ नबुझाएको सत्यापन गर्ने, केन्द्रद्वारा सञ्चालित गोष्ठी सेमिनारहरूमा सम्पत्ति विवरण सम्बन्धी कार्यपत्र समेत प्रस्तुत गर्ने, राष्ट्रियस्तरका पत्रिकाहरूमा सार्वजनिक सूचना प्रकाशन गर्ने एवं सम्पत्ति विवरणसँग सम्बन्धित कार्य गर्ने राष्ट्रिय किताबखाना (निजामती, शिक्षक, प्रहरी) र सैनिक अभिलेखालय तथा सम्बन्धित मन्त्रालय लगायतसँग समन्वय तथा सहकार्य गर्दै आइरहेको छ। उल्लिखित विधिबाट सम्पत्ति विवरण सम्बन्धी तथ्याङ्क प्राप्त गरी हरेक वर्ष एकीकृत प्रतिवेदन तयार गर्ने र कार्यान्वयनका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोग समक्ष पठाउँदै आएको छ।

## सम्पत्ति विवरणको समग्र अवस्था

नेपालको संविधानले तीन तहका सरकार मार्फत प्रभावकारी सेवा प्रवाह, भ्रष्टाचार निवारण, सुशासन प्रवर्द्धन एवं पारदर्शी तथा नतिजामूलक कार्य प्रणालीलाई जोड दिएको सन्दर्भमा त्यस्ता निकायहरूमा जिम्मेवार पदमा कार्यरत कुनै पनि राष्ट्रसेवक तथा सार्वजनिक पद धारण गरेका पदाधिकारी तथा कर्मचारीहरूले आफ्नो र आफ्नो परिवारको नाममा भएको आम्दानी र आम्दानीको स्रोत समेत खुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा (५०) बमोजिम तोकिएको म्याद भित्र सम्पत्ति विवरण पेश गर्नु पर्ने व्यवस्था रहेको छ। सो व्यवस्था अनुसार सम्पत्ति विवरण पेश गरे नगरेको सम्बन्धमा उक्त ऐनको दफा ३८ को खण्ड (ग) तथा राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ९ र १० को व्यवस्था बमोजिम अनुगमन गर्ने जिम्मेवारी यस केन्द्रको रहेको छ। यस केन्द्रबाट आ.व. २०८१/८२ को सम्पत्ति विवरण बुझाए/नबुझाएको सम्बन्धमा अनुगमन गरी प्राप्त विवरणलाई आ.व. २०८०/८१ को सम्पत्ति विवरण पेश गरेको र नगरेको विवरणसँग तुलना गरी निम्नानुसार प्रस्तुत गरिएको छ :-

**आ.व.२०८०/८१ र २०८१/८२ को सम्पत्ति विवरणबीचको तुलनात्मक अवस्था**

| निकाय/कर्मचारी | आ.व. २०८०/८१ को सम्पत्ति विवरण | | | | आ.व. २०८१/८२ को सम्पत्ति विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बुझाउने | नबुझाउने | जम्मा | बुझाउने प्रतिशत | बुझाउने | नबुझाउने | जम्मा | बुझाउने प्रतिशत |
| (क) प्रदेश तह | | | | | | | | |
| प्रदेश प्रमुखको कार्यालय, प्रदेशसभा सचिवालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १९३५५ | ४७९ | १९८३४ | ९७.५८ | २३१४८ | ४५८ | २३६०६ | ९८.०५ |
| जम्मा | **१९३५५** | **४७९** | **१९८३४** | **९७.५८** | **२३१४८** | **४५८** | **२३६०६** | **९८.०५** |
| (क) प्रदेश तह | | | | | | | | |
| प्रदेश प्रमुखको कार्यालय, प्रदेशसभा सचिवालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १९३५५ | ४७९ | १९८३४ | ९७.५८ | २३१४८ | ४५८ | २३६०६ | ९८.०५ |
| जम्मा | **१९३५५** | **४७९** | **१९८३४** | **९७.५८** | **२३१४८** | **४५८** | **२३६०६** | **९८.०५** |
| (ख) स्थानीय तह | | | | | | | | |
| जिल्ला समन्वय समिति (७७) | ११२९ | १ | ११२९ | १०० | १११८ | ० | १११८ | १०० |
| नगरपालिका/गाउँपालिका (७५३) | २७१६७८ | ४३२ | २७२११० | ९९.८४ | २७७३१७ | ३७७ | २७७६९४ | ९९.८७ |
| जम्मा | **२७२८०७** | **४३२** | **२७३२३९** | **९९.८४** | **२७८४३५** | **३७७** | **२७८८१२** | **९९.८६** |
| (ग) सङ्घीय तह | | | | | | | | |
| निजामती कर्मचारी | ८२६४७ | २९९४ | ८५६४१ | ९६५० | ६८९८४ | ३२३० | ७२२१४ | ९५.५३ |
| स्थायी शिक्षक | ९८०७५ | ६४० | ९८७१५ | ९९.३५ | १००४२९ | ४५८ | १००८८७ | ९९.५५ |
| नेपाली सेना | ९१५२५ | ० | ९१५२५ | १०० | ९०१९९ | ०० | ९०१९९ | १०० |

| निकाय/कर्मचारी | आ.व. २०८०/८१ को सम्पत्ति विवरण | | | | आ.व. २०८१/८२ को सम्पत्ति विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बुझाउने | नबुझाउने | जम्मा | बुझाउने प्रतिशत | बुझाउने | नबुझाउने | जम्मा | बुझाउने प्रतिशत |
| नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग तर्फ | ११४२१६ | १८० | ११४३९६ | ९९.८४ | ११३७५० | १३३ | ११३८८३ | ९९.९९ |
| अन्य (राजनीतिक नियुक्ति र करार) | ९७२२४ | ७७९ | ९८००३ | ९९.२१ | ९२०८८ | ६०९ | ९२६९७ | ९९.०६ |
| जम्मा | **४८३६८७** | **४५९३** | **४८८२८०** | **९९.०६** | **४६५४५०** | **४४३०** | **४६९८८०** | **९९.०६** |
| **कूल जम्मा (क+ख+ग)** | **७७५८४९** | **५५०४** | **७८१३५३** | **९९.३०** | **७६७०३३** | **५२६५** | **७७२२९८** | **९९.३२** |

प्रस्तुत तालिका विश्लेषण गर्दा गत आ.व. मा ७,८१,३५३ जनाको तथ्याङ्क प्राप्त भएकोमा यस आ.व.मा जम्मा ७,७२,२९८ जनाको तथ्याङ्क प्राप्त भएको छ । गत आ.व. २०८०/८१ को सम्पत्ति विवरण बुझाउनेको सङ्ख्या ९९.३० प्रतिशत अर्थात् ७,७५,८४९ जना रहेकोमा यस आ.व. २०८१/८२ को सम्पत्ति विवरण बुझाउनेको सङ्ख्या ९९.३२ प्रतिशत अर्थात् ७,६७,०३३ जना देखिन्छ। गत आ.व. को तुलनामा यस आ.व. मा सम्पत्ति विवरण बुझाउनेको प्रतिशत केहि मात्रामा बढेको देखिन्छ।

त्यस्तै, गत आ.व.मा निर्धारित समयभित्र आ.व. २०८०/८१ को सम्पत्ति विवरण नबुझाउनेको सङ्ख्या ५,५०४ जना अर्थात ०.७० प्रतिशत रहेकोमा आ.व. २०८१/८२ को सम्पत्ति विवरण नबुझाउनेको सङ्ख्या ५,२६५ जना अर्थात् ०.६८ प्रतिशतमा झरेको छ। तीन तहमध्ये प्रदेश तहमा सम्पत्ति विवरण नबुझाउनेको सङ्ख्या सबभन्दा बढी १.९४ प्रतिशत रहेको छ।

## आ.व. २०८०/८१ र आ.व. २०८१/८२ को तुलनात्मक विवरण (संख्या)



प्रस्तुत रेखाचित्र अध्ययन गर्दा आ.व. २०८०/८१ को तुलनामा आ.व. २०८१/८२ मा सम्पत्ति विवरण बुझाउनुपर्ने दायित्व भएका व्यक्तिहरूको संख्या १.१५ प्रतिशतले घटेको देखिनुको साथै नबुझाउनेको संख्या समेत ४.३४ प्रतिशतले घटेको देखियो।

### जरिवाना तिरेर सम्पत्ति विवरण पेश गर्नेहरूको समग्र अवस्था

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (३) बमोजिम (ऐनको पहिलो संशोधनद्वारा संशोधित) तोकिएको म्यादभित्र तोकिएको निकायमा सम्पत्ति विवरण नबुझाए त्यस्तो सार्वजनिक पद धारण गरेका व्यक्तिलाई जरिवाना गरी निज र निजको परिवारको नाममा गैर कानूनी सम्पत्ति रहेको अनुमान गरी सम्बन्धित निकाय वा अधिकारीले अनुसन्धान गर्न सक्ने व्यवस्था समेत रहेको छ। सो प्रावधान अनुसार आ.व. २०८०/८१ को राष्ट्रिय किताबखाना (निजामती, नेपाल प्रहरी र शिक्षक) बाट प्राप्त विवरण र यस केन्द्रको सफ्टवेयरमा प्रविष्ट गरेको आधारमा सम्पत्ति विवरण नबुझाउनेले आ.व. २०८१/८२ मा रु पाँच हजार जरिवाना तिरी सम्पत्ति विवरण बुझाएको विवरण तपसिल बमोजिम रहेको छ।

| सि.नं. | विवरण | आ.व. २०८०/८१ मा | | कैफियत |
|---|---|---|---|---|
| | | नबुझाउनेको सङ्ख्या | रु पाँच हजार जरिवाना तिरी सम्पत्ति विवरण बुझाउनेको सङ्ख्या | |
| १ | **सङ्घीय तह** | | | |
| | राष्ट्रिय किताबखाना (निजामती) तर्फ | २९९४ | ३५१ | जरिवाना तिर्ने व्यक्ति कुल ३५१ रहेता पनि केही व्यक्तिहरूले आ. व. २०८०।८१ को अतिरिक्त अघिल्ला आ.व. हरूको समेत जरिवाना एकमुष्ट तिरेको प्राप्त विवरणबाट देखिएको। |
| | नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग तर्फ | १८० | - | पटक पटक ताकेता गरेता पनि विवरण प्राप्त हुन नसकेको |
| | राष्ट्रिय किताबखाना (शिक्षक) तर्फ | ६३८ | २१६ | प्रतिवेदनमा नबुझाउनेको ६४० रहेता पनि सत्यापन गर्दा ६३८ रहेको विवरण शिक्षक किताबखानाबाट प्राप्त भएको |
| | अन्य (राजनीतिक नियुक्ति र करार) तर्फ | ७७९ | १८७ | यस केन्द्रको सफ्टवेयरमा प्रविष्ट विवरण |
| २ | **प्रदेश तह** | ४७९ | १४४ | |
| ३ | **स्थानीय तह** | ४३२ | १९६ | |
| **जम्मा** | | **५५०२** | **१०९४** | |

### दश हजार रूपैयाँ जरिवाना समेतका लागि लेखी पठाइएका पदाधिकारी एवं कर्मचारीहरूको सङ्ख्यात्मक विवरण

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम सम्पत्ति विवरण पेश नगर्ने ५,२६५ जना पदाधिकारी एवं कर्मचारीहरूलाई राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम १०(२) बमोजिम रू. १०,०००जरिवाना समेतका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा लेखी पठाइएको पदाधिकारी एवं कर्मचारीको सङ्ख्यात्मक विवरण निम्नानुसार प्रस्तुत गरिएको छ।

| सि. नं. | अनुसूची | नबुझाउनेको सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | **(सङ्घीय तह)** | | |
| | राष्ट्रिय किताबखाना (निजामती) तर्फ | ३२३० | राष्ट्रिय किताबखानाको अभिलेखमा ३२३० जना नबुझाएको देखिएता पनि सम्बन्धित कार्यालय र यस केन्द्रको सफ्टवेयरमा प्रविष्ट भएको डाटालाई भिडाई हेर्दा ९६ जनाले आफू कार्यरत कार्यालयमा समयमा बुझाएको देखिएकोले निजहरूलाई कारबाहीको सूचीबाट हटाउन मनासिव देखिएको। |
| | नेपाल प्रहरी; सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग तर्फ | १३३ | |
| | राष्ट्रिय किताबखाना (शिक्षक) तर्फ | ४५८ | |
| | अन्य (राजनीतिक नियुक्ति र करार) तर्फ | ६०९ | |
| **जम्मा** | | **४४३०** | |
| (२) | **(प्रदेश तह)** | | |
| | प्रदेश सभा तथा सचिलालय र मन्त्रालय तर्फ | ४५८ | |
| **जम्मा** | | **४५८** | |
| (३) | **निकायहरू (स्थानीय तह र जिल्ला समन्वय समिति)** | | |
| | जिल्ला समन्वय समिति र नगरपालिका/पालिका | ३७७ | |
| **जम्मा** | | **३७७** | |
| **कुल जम्मा (संघ, प्रदेश र निकायहरू)** | | **५२६५** | |

## तोकिएको समयभित्र सम्पत्ति विवरण सम्बन्धी तथ्याङ्क सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध नगराएकाले ध्यानाकर्षण गराइएका निकायहरू

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११० एवं खण्ड ६८ अतिरिक्ताङ्क ११ भाग ५ मिति २०७५/३/२० को नेपाल सरकारद्वारा प्रकाशित नेपाल राजपत्रको पुनश्च: (२) मा जिल्ला समन्वय समिति, गाउँपालिका, नगरपालिका र प्रदेश सरकारको मन्त्रालयमा पेश भएका सम्पत्ति विवरणहरूको अभिलेख तत्-तत् निकायले राखी सम्पत्ति विवरण बन्दी खाम तिस दिनभित्र प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिसक्नु पर्नेछ र सम्पत्ति विवरण प्रदेश सरकारले संरक्षण एवं व्यवस्थापन गर्नुपर्नेछ भन्ने प्रावधान छ। साथै, सोही राजपत्रको पुनश्च: (३) मा 'सार्वजनिक पद धारण गरेको पदाधिकारी र कर्मचारीहरूले बुझाउनु पर्ने सम्पत्ति विवरण समयमै बुझाउन लगाउने, बुझाएका सम्पत्ति विवरण तोकिएको निकायमा पठाउने र सम्पत्ति विवरण बुझाउने र नबुझाउने पदाधिकारी र कर्मचारीहरूको विवरण समयमा नै उपलब्ध गराउने जिम्मेवारी र कर्तव्य सम्बन्धित निकायको प्रमुखको हुनेछ।' भन्ने व्यवस्था भए अनुरूप राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम १०(२) अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पत्ति विवरणको बन्दीखाम नबुझाउने ६२ वटा निकायहरूलाई ध्यानाकर्षण गराउनको लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा लेखी पठाइएको छ।

## २.९ प्राविधिक परीक्षण

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ को उपदफा १(ञ) बमोजिम सार्वजनिक संस्थाबाट निर्माण वा सञ्चालन गरिने आयोजनाहरूको प्राविधिक परीक्षण गर्दै आएको छ। संघ, प्रदेश र स्थानीय तहबाट निर्माण एवम् सञ्चालन भएका आयोजाहरूको छनौट गरी तालिम प्राप्त प्राविधिक परीक्षकहरूबाट आयोजनाहरूको प्राविधिक परीक्षण गरिन्छ। यसरी प्राविधिक परीक्षण गर्दा प्राविधिक परीक्षकहरूले आयोजनाहरूको विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कन/अध्ययन लगायत सार्वजनिक खरिदका सम्पूर्ण चरणहरूको परीक्षण एवम् परियोजना कार्यान्वयन तथा गुणस्तर समेतको परीक्षण गरी विस्तृत प्रतिवेदन केन्द्रमा पेश गर्दछन्। उक्त प्रतिवेदनका आधारमा केन्द्रले सम्बन्धित मन्त्रालय/विभाग/कार्यालयलाई प्रतिवेदनमा उल्लिखित अपरिपालना कार्यान्वयन गरी केन्द्रमा जानकारी गराउन लेखी पठाउने गर्दछ। लेखी पठाइएका अपरिपालनाको कार्यान्वयन गरी केन्द्रमा जानकारी गराउनु सम्बन्धित निकायको दायित्व रहेको छ। सो अनुरूप अपरिपालनाहरूको कार्यान्वयन गरी जानकारी नगराउने निकायलाई कानून बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने व्यवस्था रहेको छ।

**आयोजना छनौटका आधारहरू:**

आयोजनाको महत्व, लागत, कार्यान्वयन गर्दा देखिने जोखिम, भौतिक/वित्तीय प्रगति, यस केन्द्रमा प्राप्त हुने उजुरीको प्रकृति एवम् प्रभावकारिता लगायतका विषयहरूलाई आधार मानी राष्ट्रिय गौरवका आयोजना देखि स्थानीय तहबाट सञ्चालन हुने आयोजनाहरू समावेश गरी क्षेत्रगत सन्तुलन र प्रभाव मूल्याङ्कनका आधारमा प्राविधिक परीक्षणका लागि आयोजनाहरू छनोट गरिन्छ। यस आ.व.२०८२/८३ मा प्राविधिक परीक्षणका लागि आयोजना छनोट देहाय बमोजिम गरिएको छः

क. लागत रकम दश करोडभन्दा बढी भएका आयोजनाहरू,

ख. ३०% देखी ८०% भौतिक प्रगति भएका आयोजनाहरू,

ग. विभिन्न सङ्घीय इकाई(संघ, प्रदेश र स्थानीय तह)का आयोजनाहरू,

घ. भौगोलिक क्षेत्र (तराई, पहाडी र हिमाली जिल्ला) का आयोजनाहरू,

ङ. विभिन्न विद्या/विषयका आयोजनाहरू,

च. राष्ट्रिय गौरवको आयोजना, राष्ट्रिय उच्च प्राथमिकताका आयोजनाहरू र रूपान्तरणकारी आयोजनाहरू,

छ. तोकिएको समयमा सम्पन्न हुन नसकेका आयोजनाहरू,

ज. यस अघि प्राविधिक परीक्षण नगरिएका आयोजनाहरू।

आ.व. २०८२/८३ मा ६ वटा आयोजनाहरूको प्राविधिक परीक्षण कार्य सम्पन्न गरिएको छ। आ.व. २०८२/८३ मा प्राविधिक परीक्षण गरिएका आयोजनाहरूको क्षेत्रगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**प्राविधिक परीक्षण गरिएका आयोजनाहरूको क्षेत्रगत विवरण**

| सि.नं. | आयोजनाको प्रकृति वा क्षेत्र | अन्य आयोजनाको सङ्ख्या |
|---|---|---|
| १. | सडक आयोजना | २ |
| २. | सिंचाइ आयोजना | १ |

| सि.नं. | आयोजनाको प्रकृति वा क्षेत्र | अन्य आयोजनाको सङ्ख्या |
|---|---|---|
| ३. | खानेपानी तथा सरसफाइ आयोजना | १ |
| ४. | दूर सञ्चार | १ |
| | कुल | ५ |

**आ.व. २०६१/०६२ देखि आ.व. २०८२/८३ सम्म प्राविधिक परीक्षण गरिएका आयोजनाहरूको विवरण**

| सि.नं. | प्राविधिक परीक्षण गरिएका आयोजनाहरू | आ.व. ०८१/८२ सम्म | आ.व. २०८२/८३ | | | हालसम्म |
|---|---|---|---|---|---|---|
| १. | राष्ट्रिय गौरवका आयोजनाहरू | | | | | |
| क. | सिँचाइ बहुउद्देश्यीय आयोजना | | १ | | | |
| ख. | सडक | | - | | | |
| | जम्मा | १३२ | १ | | | १३३ |
| २ | अन्य आयोजनाहरू | | संघ | प्रदेश | स्थानीय | |
| क. | सडक/ग्रामीण सडक आयोजना | ३७७ | | २ | | ३७९ |
| ख. | पुल आयोजना (झोलुङ्गे पुलसहित) | २४१ | | - | | २४१ |
| ग. | सिँचाइ आयोजना | ७४ | | १ | | ७५ |
| घ. | भवन/हल निर्माण) शहरी विकास मन्त्रालयका समेत | १९० | | - | | १९० |
| ङ. | विमानस्थल आयोजना | ८ | | - | | ८ |
| च. | खानेपानी तथा सरसफाई आयोजना | ४५ | १ | - | | ४६ |
| छ. | बाढीजन्य क्षती नदी/जलउत्पन्न प्रकोप पुनर्निर्माण/ नदी नियन्त्रण आयोजना | २७ | | - | | २७ |
| ज. | जलविद्युत आयोजना | ९ | | - | | ९ |
| झ. | उर्जा/विद्युत प्रसारण तथा वितरण | १२ | - | - | | १२ |
| ञ. | दूरसञ्चार | १४ | १ | | | १५ |
| ट. | जल तथा मौसम विज्ञान विभाग | १ | - | | | १ |
| ठ. | रेलवे सेवा | १ | - | | | १ |
| ड. | संरक्षण (ताल, वन लगायत) | १ | - | | | १ |
| ढ. | अन्य | ८ | - | | | ८ |
| | जम्मा | १००८ | ५ | | | १०१३ |
| | कुल जम्मा (१ र २ को जम्मा) | ११४० | ६ | | | ११४६ |

## २.९.१ आ.व. २०८२/८३ को प्राविधिक परीक्षण

आ.व.२०८२/८३ मा देहायका आयोजनाहरूको प्राविधिक परीक्षण सम्पन्न गरी प्राविधिक परीक्षकले औंल्याएका अपरिपालना सम्बन्धी प्रतिवेदनहरूलाई केन्द्रमा सरोकारवाला तथा विभिन्न निकायका प्रतिनिधिहरू समेतको सहभागितामा छलफल गरी अपरिपालनाको कार्यान्वयन गरी आयोजनाको गुणस्तर कायम गर्न सम्बन्धित निकायहरूलाई निर्देशन दिइएको छ । यस आ.व. मा प्राविधिक परीक्षण गरिएका आयोजनाहरूको विवरण तल प्रस्तुत गरिएको छः

### क. राष्ट्रिय गौरवका आयोजना

कार्यान्वयन चरणमा रहेका राष्ट्रिय गौरवका आयोजनाहरूमध्येबाट एउटा आयोजनाको प्राविधिक परीक्षण कार्य सम्पन्न भई प्राविधिक परीक्षण प्रतिवेदन प्राप्त भएको छ । उक्त प्रतिवेदनमा औंल्याइएका अपरिपालनाहरू सहितको प्रतिवेदन कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको छ । आ.व. २०८२/०८३ मा प्राविधिक परीक्षण सम्पन्न भएको उक्त आयोजनाको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| S.N. | Package No: | Project Name | Technical Auditor | Implementing agency |
|---|---|---|---|---|
| 1 | NVC/TA/ NPP/OP/ IRR/081/082-03 | Technical Audit of "Design, Manufacture, Supply, Transportation, Erection, and Testing of Electro-mechanical Works (Contract No. ICB-EM-01/ TGS/BBDMP/2078/079), Bheri Babai Diversion Multipurpose" | M/S Deflections Engineering Solutions Pvt. Ltd. (TA Deepak Kumar Sah) | Bheri Babai Diversion Multipurpose Project, Surkhet, Karnali Province |

### ख. अन्य आयोजनाहरू

राष्ट्रिय गौरवका आयोजना बाहेकका सडक, पुल, खानेपानी तथा सरसफाइ, उर्जा, सिँचाइ, विद्युत, दूरसञ्चार, भवन निर्माण लगायतका ५ आयोजनाहरूको प्राविधिक परीक्षण कार्य सम्पन्न भई प्रतिवेदन प्राप्त भएको छ । सो प्रतिवेदनमा औंल्याएका अपरिपालनाहरू सहितको प्रतिवेदन कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको छ । उक्त आयोजनाहरूको विवरण देहाय बमोजिम रहेको छः

| S.N. | Package No: | Project Name | Technical Auditor | Implementing agency |
|---|---|---|---|---|
| 1 | NVC/TA/OP/ TELECOM/082/83-02 | Technical Audit of Built, operate, own and maintain district Optical Fiber Network under RTDF Fund along Midhill Highway in Karnali and Sudurpaschim Provinces (NDCL/RTDF/ ICB/MIDhill-07/077-78- Package C: Mangalsen- Kamalbazar-Karnali Bridge, Rakam), Surkhet-Achham. | M/S S.S. Innovative Consultants Pvt. Ltd, Narayan Gopal Chowk, Maharjgunj, Kathmandu (TA Shiv Bhushan Lal) | Nepal Telecom |

| S.N. | Package No: | Project Name | Technical Auditor | Implementing agency |
|---|---|---|---|---|
| 2 | NVC/TA/NPP/OP/ WSS/081/082-03 | Technical Audit of Hewa Khola Lift Water Supply Project, Pachkhappan Muncipality -5, 6, Sankhuwasaba district, Nepal. | M/S Rymes Engineering Consultant Pvt. Ltd, Kathmandu (TA Shambhu Tiwari) | Water Supply and Sewerage Management Office, Dhankuta |
| 3 | NVC/TA/OP/ROAD-BRG/082/83-11 | Technical audit of Upgrading,construction and performance based maintenance work of Dasarathopur-Dandagaun-Jitejuwa-Dharampokhara Road (Dasarathpur-Buragaun Section),Surkhet, Karnali, Contract Package No.NVC/TA/OP/ROAD-BRG/082/83-11 | M/S Engineering and Management Service Pvt. Ltd. (TA Rajendra Poudel) | Rural Connectivity Improvement Project, Karnali |
| 4. | NVC/TA/OP/ROAD-BRG/082/83-12 | Technical Audit of Construction and Upgrading of Seri-Pantadi-Padamghat Jumla Road,Kalikot | M/S Rishikesh Services Pvt Ltd.(TA Bhubneshwar Prasad Deo) | Infrastructure Development Office Kalikot |
| 5 | NVC/TA/OP/ IRR/2082/83-03 | Technical Audit of Saptang Khola Muhanagari Bhalchhe Kahule Phikuri,Manakamana Sichai Aayojana | M/S Tarkheshwor Engineering Consultant Pvt Ltd | Water Resources and Irrigation Development Division (WRIDD), Nuwakot |

### २.९.२ प्राविधिक परीक्षक तालिम

केन्द्रले सरकारी, गैरसरकारी एवम् निजी/व्यावसायिक संस्थामा संलग्न आ.व. २०८२/८३ सम्म कुल ५ सय ११ जना इन्जिनियरहरूलाई तालिम प्रदान गरेको छ । सो क्रममा केन्द्रले विभिन्न आयोजनाहरूको प्राविधिक परीक्षण गराउन इन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण गरी सोही क्षेत्रमा कम्तीमा १० वर्ष सेवा वा व्यवसाय गरेका, नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता भएका र प्रचलित कानूनबमोजिम प्राविधिक परीक्षक हुन अयोग्य नठहरिएका प्राविधिकहरू मध्येबाट सूची तयार गर्ने तथा सूचीमा समावेश भएका प्राविधिकहरूलाई आवधिक तालिमको व्यवस्था गर्ने कार्य अन्तर्गत २१ दिने तालिम सञ्चालन गर्ने गरेको छ ।

केन्द्रबाट प्राविधिक परीक्षण सम्बन्धी तालीम प्राप्त गरी प्राविधिक परीक्षण कार्यमा संलग्न रहेका २५ जना इन्जिनियरहरूलाई प्राविधिक परीक्षणको वर्तमान अभ्यास, प्रयोगमा रहेका प्रविधि, प्रचलित कानूनसँग समञ्जस्य कायम गराउने तथा प्राविधिक परीक्षणलाई अझ प्रभावकारी बनाउने उद्देश्यले यस केन्द्रद्वारा आ.व. २०८२/८३ मा ३ दिने प्राविधिक परीक्षक पुनर्ताजगी (Refresher) तालीम दिइएको छ ।

## २.९.३ प्राविधिक परीक्षण प्रयोगशाला

विकास निर्माणका आयोजनाको गुणस्तर सुनिश्चित गर्ने उद्देश्यले केन्द्रमा प्राविधिक परीक्षण प्रयोगशालाको स्थापना गरिएको छ । राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) निर्देशिका, २०६८ एवम् सार्वजनिक निर्माण गुणस्तर परीक्षण प्रयोगशाला सञ्चालन तथा परीक्षण निर्देशिका, २०७५ बमोजिम आयोजनाहरूमा प्रयोग हुने कुनै वस्तु वा निर्माण सामग्रीको गुणस्तर परीक्षण गर्ने कार्यलाई व्यवस्थित गरिएको छ । हाल प्रयोगशालामा रहेका उपकरणहरूको विवरण देहायबमोजिम रहेको छ:

**तर्फ:**

| S.N | Name of Equipment | Test | Description of Goods/ Specifications | Quantity |
|---|---|---|---|---|
| 1 | California bearing ratio testing machine (CBR) | Soil test | Measure of the strength of sub-grade soil and highway sub base and sub-grade via a penetration test. | 1 |
| 2 | Tri-axial test apparatus | Soil Test | To determine the shear strength properties of the sample | 1 |
| 3 | Unconfined test apparatus | Soil Test | Consistency and sensitivity for estimating the ultimate bearing capacity. | 1 |
| 4 | Universal automatic compactor | Soil Test | All the normal compaction operations required in soil testing laboratories including the CBR tests | 1 |
| 5 | Ductility testing machine | Bituminous Test | To determine the ductility of bituminous materials in a briquette mould by measuring the breaking elongation at a constant speed of 50 mm/min | 1 |
| 6 | Asphalt mixer | Bituminous | Mixing the dry warm aggregate, padding and Asphalt for homogeneous mixture at the required temperature | 1 |
| 8 | Buoyancy balance | Weight machine | Equal to the weight of the displaced water | 2 |
| 9 | Los angles (LA) | Aggregate Test | Measures the degradation of standard grading of aggregates | 1 |

| S.N | Name of Equipment | Test | Description of Goods/ Specifications | Quantity |
|---|---|---|---|---|
| 10 | Curing tank | Curing | Maintaining a stable temperature and preventing loss of moisture from the specimen | 1 |
| 11 | Shaking | Sieve test | Separation of particles from a mixture based on the difference in size of particles | 1 |
| 12 | Vibrating shaker | vibrating | Encouraging fines passage of light materials | 1 |
| 13 | Compressive strength testing machine 500KN/2000KN | cube test | To determine a material's strength under applied crushing loads | 2 |
| 14 | Thin film oven | | To measure the effect of heat and air on a moving film of semi-solid asphaltic material | 1 |
| 15 | Pavement core drilling machine | | Cut cores up to 200 mm diameter from concrete, asphalt and similar hard construction materials. | 1 |
| 16 | Environmental test chamber | | To control conditions in an enclosed space to run controlled tests | 1 |
| 17 | Direct shear apparatus | Soil test | Determine the shear strength of a soil | 1 |
| 18 | Marshall stability machine | | Determination of properties of mix, Marshal stability and flow analysis. | 1 |
| 19 | Universal Testing machine | Re-bar | To test the tensile strength and compressive strength of materials. | 1 |
| 20 | Vibrating table | Vibrate | Vibrations machine is used for vibrating the mix in moulds at a frequency of 12,000 (+_)400 cycles per minutes | 1 |
| 21 | Concrete mixer | Mixer | Preparing concrete mixtures | 1 |
| 22 | Skid resistance tester | | Pendulum tester using a smooth rubber tire measures the skid resistance between a rubber slider | 1 |
| 23 | Asphalt content tester | | To determine the asphalt content of hot mix asphalt (HMA) and pavement samples | 1 |
| 24 | Electronic balance 150gm*0.001gm 600gm -0.1gm (pan size 240*210mm) 120kg *20gm | Weight Machine | Accurate measurement of weight of materials | 1 |

| S.N | Name of Equipment | Test | Description of Goods/ Specifications | Quantity |
|---|---|---|---|---|
| 25 | Vicats Apparatus | Cement test | Consistency, Setting time test of cement | 1 |
| 26 | Sieves | Sieve Analysis | Gradation test, Fineness Test | Sets |

**Non Destructive test तर्फ:**

| S.N | NAME OF EQUIPMENTS | TEST | DESCRIPTION OF GOODS/ SPECIFICATIONS | QUANTITY |
|---|---|---|---|---|
| 1 | Concrete Core Drilling Machine Angle Adjustable Base | NDT | Sampling concrete pavement, slab, & structure lifting and trimming of the concrete<br>Core drilling in concrete for road, dam, and tunnel and bridge construction. | 1 |
| 2 | Sonic Echo/Impulse Response | NDT | Test method (also known as the Pile Integrity Test, or PIT) is designed to determine the length and integrity of foundations when the top or part of the upper side of the foundation is accessible.<br>To determine the length of deep foundation void / honeycomb | 1 |
| 3 | Schmidt Hammer N type (2 nos.) | NDT | To determine the compressive strength of concrete Operational Condition | 2 |
| 4 | Laser Line Plumb Level | NDT | Line, Levelling of concrete horizontally and vertically | 1 |
| 5 | Ultra Sonic Tester | NDT | Check the quality of concrete by passing electronic waves through the concrete. | 1 |
| 6 | Delta Scope | NDT | For the measurement on ferrous base material eg. Paint, lacquer, powder coating, chrome, copper, zinc as well as enamel or plastic coatings on steel and iron | 1 |
| 7 | Rebar Detector | NDT | For Determining the size and spacing of Rebar | 1 |
| 8 | Pull-off Testing Machine | NDT | Bond strength of two layer of concrete. eg (cement plaster, lime wall plaster. | 1 |
| 9 | Laser Tape Distance Meter | NDT | Measuring the distance through Laser Line | 2 |

### २.९.४ प्राविधिक परीक्षण भएका आयोजनाहरूको अपरिपालना सम्बन्धी प्रतिवेदन

आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम जम्मा ६ आयोजनाहरूको प्राविधिक परीक्षण गरिएको थियो । केन्द्रले उक्त आयोजनाहरूको प्राविधिक परीक्षणबाट देखिएका मुख्य-मुख्य उपलब्धि तथा परीक्षणमा भेटिएका अपरिपालनाहरूलाई (Non Conformances) सम्बन्धित आयोजना, सरोकारवाला तथा विभिन्न निकायका प्रतिनिधिहरूको सहभागितामा प्रस्तुतीकरण तथा छलफल गरी सोको आधारमा पेश भएको अन्तिम प्रतिवेदनमा उल्लेख गरिएका त्रुटिहरू (अपरिपालनाहरू) सुधार गर्न सम्बन्धित निकायहरूमा निर्देशन दिएको छ । अपरिपालना प्रतिवेदनको विस्तृत विवरण अनुसूची ४ मा समावेश गरिएको छ ।

### २.९.५ केन्द्रबाट विभिन्न निकायहरूलाई उपलब्ध गराइएको प्राविधिक परीक्षण सम्बन्धी सुझाव/निर्देशनहरू

विकास निर्माणसँग सम्बन्धित आयोजनाहरूको प्राविधिक परीक्षणबाट देखिएका कमी कमजोरीहरू हटाउन तथा सोही प्रकृतिका कमजोरीहरू दोहोरिन नदिन प्राविधिक परीक्षणको क्रममा दिइएका सुझावहरू कार्यान्वयन गर्नु सम्बन्धित निकायको दायित्व हुन्छ । आ.व. २०८२/८३ मा प्राविधिक परीक्षण गरिएका आयोजनाका सम्बन्धमा सरोकारवाला निकायहरूलाई निम्न अनुसारका सुझाव/निर्देशन दिइएको छः

क. आयोजना कार्यान्वयनका क्रममा सिर्जना हुन सक्ने अप्रत्याशित वातावरणीय, स्वास्थ्य तथा सुरक्षा सम्बन्धी प्रभावहरूलाई सम्बोधन गर्न नियमित रूपमा वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना (Environmental and Social Management Plan) अद्यावधिक गरी आवश्यक न्यूनीकरणका उपायहरू समावेश गर्ने/गराउने ।

ख. निर्माण कार्यमा संलग्न सम्पूर्ण श्रमिकहरूलाई हेल्मेट, सुरक्षा जुत्ता, पञ्जा, रिफ्लेक्टिभ ज्याकेट, सुरक्षा चश्मालगायत आवश्यक व्यक्तिगत सुरक्षा सामग्री (Personal Protective Equipment) पर्याप्त मात्रामा उपलब्ध गराई यसको अनिवार्य प्रयोग सुनिश्चित गर्ने/गराउने ।

ग. प्रतिवेदनमा औंल्याइएका सबै अपरिपालनाहरूले तोकिएको विधिअनुसार उपयुक्त मोडेल अपनाई सकेसम्म चाँडो कार्यान्वयन गर्ने/गराउने ।

घ. Lab Test Equipment को Calibration अनिवार्य रूपमा गर्ने ।

ङ. आवश्यकतानुसार निर्माण कार्यसँगै समानान्तर रूपमा Slope Protection Work गर्ने ।

परिच्छेद - ३

# आर्थिक, प्रशासनिक तथा व्यवस्थापकीय कार्य

## ३.१ बजेट तथा खर्च विवरण

केन्द्रलाई आ.व. २०८२/८३ मा कुल रु.१३ करोड ८१ लाख ४१ हजार ९ सय ५ बजेट बिनियोजन भएकोमा रु.१० करोड ३१ लाख १ हजार ७ सय १९ खर्च भई ७४.६० प्रतिशत वित्तीय प्रगति भएको छ। केन्द्रलाई प्राप्त बजेटमध्ये ९४.२८ प्रतिशत चालु खर्चको लागि रहेको र यसको अधिकांश हिस्सा कर्मचारीको तलब भत्ता भुक्तानीमा खर्च हुने गरेको छ। आ.व. २०८२/८३ मा प्राप्त बजेट र खर्चको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ।

| खर्च शीर्षक | विनियोजित बजेट (रु) | खर्च रकम (रु.) | खर्च प्रतिशत |
|---|---|---|---|
| पारिश्रमिक लगायत कर्मचारी खर्च | ९३,३४६,९०५ | ७६,२२७,७२५ | ८१.७ |
| अन्य कार्यालय संचालन सम्बन्धी चालु खर्च | १६,६९५,००० | १३,०६३,०७४ | ७८.२ |
| कार्यक्रम, सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १६,९००,००० | ८,७६६,३३२ | ५१.९ |
| अनुगमन, मूल्यांकन खर्च तथा भ्रमण खर्च | ३,३००,००० | २,५४४,८५१ | ७७.१ |
| जम्मा चालु खर्च | १३०,२४१,९०५ | १००,६०१,९८२ | ७७.२ |
| पूँजीगत खर्च | ७,९००,००० | २,४९९,७३७ | ३१.६ |
| **कूल जम्मा** | १३८,१४१,९०५ | १०३,१०१,७१९ | ७४.६ |

## ३.२ प्रशासनिक एवम् व्यवस्थापकीय कार्य

राष्ट्रिय सतर्कता केन्द्रले प्रचलित संविधान, कानून तथा नेपाल सरकारबाट प्राप्त कार्यादेशबमोजिम तोकिएका जिम्मेवारीहरूको प्रभावकारी सम्पादन गर्दै सुशासन प्रवर्द्धन, सार्वजनिक प्रशासनमा पारदर्शिता, जवाफदेहिता, मितव्ययिता तथा इमान्दारिताको अभिवृद्धिका लागि निरन्तर कार्य गर्दै आएको छ। सार्वजनिक निकायहरूमा हुने अनियमितता तथा भ्रष्टाचारजन्य गतिविधिको रोकथाम, नियन्त्रण र न्यूनीकरणका माध्यमबाट सुशासन कायम गर्न केन्द्रले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

केन्द्रको प्रशासनिक तथा वित्तीय व्यवस्थापनलाई कानूनसम्मत, पारदर्शी, मितव्ययी र उत्तरदायी बनाउँदै उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी केन्द्रको संस्थागत क्षमता अभिवृद्धि गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाइएको छ। यी गतिविधिहरूबाट केन्द्रको कार्यसम्पादन क्षमता अभिवृद्धि हुनुका साथै सुशासन प्रवर्द्धनका लक्ष्य हासिल गर्न आवश्यक संस्थागत आधार थप सुदृढ भएको छ।

### ३.२.१ अन्तरनिकाय समन्वय तथा सहकार्य

राष्ट्रिय सतर्कता केन्द्रले आफ्नो कानूनी कार्यादेश प्रभावकारी रूपमा कार्यान्वयन गर्दै अनियमितता तथा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि विभिन्न सरकारी तथा सार्वजनिक निकायहरूसँग निरन्तर समन्वय र सहकार्य गर्दै आएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, हेलो सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय, सम्बन्धित मन्त्रालय, विभाग तथा अन्य सार्वजनिक संस्थाहरूसँग आवश्यकताअनुसार सूचना आदानप्रदान, समन्वय तथा सहकार्य गरी केन्द्रले आफ्नो कार्यसम्पादनलाई थप प्रभावकारी बनाउँदै आएको छ ।

केन्द्रमा प्राप्त हुने उजुरी तथा सूचनाको अध्ययन, विश्लेषण, छानबिन र फछ्यौंटका क्रममा सम्बन्धित निकायका पदाधिकारी तथा कर्मचारीलाई आवश्यकताअनुसार केन्द्रमा आमन्त्रण गरी छलफल, अन्तरक्रिया तथा तथ्यगत स्पष्टीकरण लिने व्यवस्था रहेको छ । त्यस्तै, प्राविधिक परीक्षण, विशेष अध्ययन तथा जटिल प्रकृतिका विषयहरूको छानबिनका क्रममा सम्बन्धित क्षेत्रका विज्ञ तथा विशेषज्ञहरूको सेवा समेत आवश्यकताअनुसार उपयोग गर्ने गरिएको छ ।

सम्पत्ति विवरण पेश गर्ने दायित्व भएका राष्ट्रसेवक कर्मचारीहरूको सम्पत्ति विवरण पेश भए–नभएको अनुगमनका राष्ट्रिय किताबखानाहरू (निजामती, शिक्षक र नेपाल प्रहरी), सैनिक अभिलेखालय लगायत सम्बन्धित मन्त्रालय तथा प्रतिवेदन पेश गर्नको लागि लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगसँग नियमित समन्वय गरिन्छ । यसका अतिरिक्त, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनका सम्बन्धमा केन्द्रलाई दिइएका निर्देशनहरूको कार्यान्वयन गर्ने तथा अन्य निकायहरूलाई दिइएका निर्देशनहरूको कार्यान्वयन अवस्थाको अनुगमन गरी प्रतिवेदन पेश गर्ने जिम्मेवारीसमेत केन्द्रले निर्वाह गर्दै आएको छ ।

विकास निर्माण तथा पूर्वाधार आयोजनाहरूको प्राविधिक परीक्षणका क्रममा सम्बन्धित मन्त्रालय, विभाग, आयोजना तथा कार्यान्वयन निकायहरूसँग समन्वय गरी निर्माण कार्यको गुणस्तर, मापदण्डको पालना तथा कार्यसम्पादनको अवस्थाको मूल्याङ्कन गरिन्छ । परीक्षणबाट देखिएका कमीकमजोरी तथा सुधार गर्नुपर्ने पक्षहरू सम्बन्धित निकायलाई जानकारी गराई आवश्यक सुझाव तथा निर्देशन प्रदान गरिन्छ । साथै, ती निर्देशनहरूको कार्यान्वयन अवस्थाको नियमित अनुगमनसमेत गरिन्छ ।

छानबिन, अनुगमन तथा प्राविधिक परीक्षणका लागि आवश्यक सूचना, विवरण, अभिलेख तथा कागजात सम्बन्धित सार्वजनिक निकायहरूबाट माग गर्ने, सार्वजनिक सेवा प्रवाहमा देखिएका ढिलासुस्ती, अनियमितता र व्यवस्थापकीय कमजोरीहरूको सुधारका लागि सुझाव प्रदान गर्ने तथा त्यसको कार्यान्वयनको अनुगमन गर्ने कार्यमा समेत अन्तरनिकाय समन्वयलाई प्राथमिकता दिइएको छ ।

भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि तथा सामाजिक सहभागिता विस्तार गर्न केन्द्रले विभिन्न सरकारी निकाय, शैक्षिक संस्था, नागरिक समाज, सञ्चारमाध्यम तथा विकास साझेदारहरूसँग सहकार्य गर्दै आएको छ । भ्रष्टाचार सम्बन्धी सूचना प्राप्त गर्ने वातावरण सिर्जना गर्ने, भ्रष्टाचारका कारण र रोकथामका उपायबारे जनचेतना फैलाउने तथा सुशासन प्रवर्द्धनका अभियानमा नागरिक सहभागिता अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न कार्यक्रम सञ्चालन गरिएका छन् ।

भ्रष्टाचार नियन्त्रण अन्तर्राष्ट्रिय चासो र साझा दायित्वको विषय भएकाले यस क्षेत्रमा अन्तर्राष्ट्रिय अनुभव, असल अभ्यास तथा नवीन रणनीतिहरूको अध्ययन, आदानप्रदान र अवलम्बनमा समेत केन्द्रले जोड दिएको छ । आवश्यकता अनुसार

अन्तर्राष्ट्रिय संस्था तथा विकास साझेदारहरूसँग प्राविधिक सहयोग, क्षमता विकास, अनुभव आदानप्रदान तथा संस्थागत सुदृढीकरणका कार्यक्रमहरूमा सहकार्य गर्दै भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनका प्रयासलाई थप प्रभावकारी बनाउने दिशामा केन्द्रले निरन्तर पहल गरिरहेको छ ।

### ३.२.२ संस्थागत क्षमता विकास

केन्द्रको कार्यसम्पादन प्रभावकारिता, गुणस्तर तथा परिणाममुखी सेवा प्रवाह सुनिश्चित गर्न संस्थागत क्षमता विकासलाई केन्द्रले उच्च प्राथमिकतामा राख्दै आएको छ । सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण तथा अनियमितताको प्रभावकारी रोकथामसँग सम्बन्धित जिम्मेवारीहरू सक्षम, दक्ष र व्यावसायिक जनशक्तिमार्फत सम्पादन गर्न संगठनात्मक तथा मानव स्रोत विकासलाई निरन्तर सुदृढ बनाउने नीति अवलम्बन गरिए अनुसार आर्थिक वर्ष २०८२/८३ मा संस्थागत क्षमता अभिवृद्धिका लागि संगठनात्मक संरचनाको परिमार्जन, कार्यप्रवाह सुधार, भौतिक पूर्वाधार सुदृढीकरण तथा मानव स्रोत विकासका क्षेत्रमा उल्लेखनीय कार्यहरू सम्पन्न गरिएका छन् । केन्द्रको कार्यक्षमता वृद्धि गर्ने उद्देश्यले कार्यालय व्यवस्थापन, सूचना प्रविधिको उपयोग, कार्य वातावरण सुधार तथा आवश्यक भौतिक स्रोत–साधनको व्यवस्थापनमा समेत विशेष जोड दिइएको छ ।

मानव स्रोत विकासतर्फ केन्द्रमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको ज्ञान, सीप र कार्यदक्षता अभिवृद्धि गर्ने उद्देश्यले बाह्य विषयविज्ञहरूको सहजीकरणमा दुई दिने संस्थागत क्षमता विकास तथा व्यावसायिक दक्षता अभिवृद्धि तालिम सञ्चालन गरिएको थियो । उक्त तालिममा सुशासन, भ्रष्टाचार नियन्त्रण, कार्यसम्पादनमा व्यवसायिकता, नैतिकता, नेतृत्व विकास, टोली व्यवस्थापन तथा प्रभावकारी सेवा प्रवाह लगायतका विषयहरू समेटिएका थिए ।

यसका अतिरिक्त, कर्मचारीहरूको व्यावसायिक क्षमता अभिवृद्धिका लागि नेपाल सरकारबाट सञ्चालन हुने सेवाकालीन तालिम, प्राविधिक परीक्षण सम्बन्धी तालिम तथा अन्य छोटो र लामो अवधिका विषयगत तालिमहरूमा कर्मचारीहरूको सहभागिता सुनिश्चित गरिएको छ । यसबाट कर्मचारीहरूको प्राविधिक दक्षता, विश्लेषण क्षमता तथा कार्यसम्पादनको गुणस्तर अभिवृद्धि भएको अपेक्षा गरिएको छ । त्यस्तै अन्तर्राष्ट्रिय अनुभव तथा असल अभ्यासबाट लाभान्वित गराउने उद्देश्यले वैदेशिक तालिम तथा अध्ययन भ्रमणमा समेत कर्मचारीहरूको सहभागिता गराइएको छ । आ.व. २०८२/८३ मा क्षमता विकास कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रममा सहभागी हुने कर्मचारीहरूको नामावली अनुसूची ४ मा राखिएको छ ।

### ३.२.३ नवप्रवर्तनात्मक कार्य

सेवा प्रवाह प्रणालीलाई थप चुस्त, दुरुस्त तथा नागरिकमैत्री बनाउन भ्रष्टाचार तथा अनियमितता हुन सक्ने संस्था, क्षेत्र र सेवाका बिन्दुहरूको पहिचान गरी सूक्ष्म निगरानी, छड्के जाँच तथा अनुगमन कार्यलाई अझ प्रभावकारी बनाइएको छ । यसका लागि प्रचलित अनुगमन फारामहरूको परिमार्जन गर्नुका साथै आवश्यकता अनुसार नयाँ फारामहरू विकास गरी कार्यान्वयनमा ल्याइएको छ ।

सेवा प्रवाहमा सहजीकरण, कर्मचारी व्यवस्थापनको नियमित अनुगमन तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ (संशोधनसहित) का प्रावधानअनुसार सार्वजनिक निकायहरूले तोकिएको समयसीमाभित्र कार्य सम्पन्न गरी फाइलको किनारा लगाए/नलगाएको अवस्थाको फाइल ट्र्याकिङ सम्बन्धी अनुगमन गरी प्राप्त निष्कर्षसहितको प्रतिवेदन दैनिक रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने गरिएको छ ।

पूर्वाधार विकासको क्षेत्रमा सुशासन, पारदर्शिता तथा गुणस्तर अभिवृद्धिलाई प्राथमिकता दिँदै प्रदेश, जिल्ला तथा स्थानीय

तहमा सञ्चालित विकास आयोजनाहरूको सघन अनुगमन गरिएको छ । अनुगमनका क्रममा प्राप्त अपरिपालना तथा सुधारका विषयहरूको स्थलगत पुनःअनुगमन गरी तयार गरिएका प्रतिवेदनका आधारमा सम्बन्धित निकाय तथा प्राविधिक कर्मचारीहरूलाई प्रस्तुतीकरणमार्फत जानकारी गराइएको छ । यसबाट पूर्वाधार निर्माण कार्यमा गुणस्तर सुधार, वित्तीय अनुशासन तथा भ्रष्टाचार न्यूनीकरणमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ।

भ्रष्टाचार न्यूनीकरण तथा सुशासन प्रवर्द्धन सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने क्रममा स्थलगत सूक्ष्म अनुगमन तथा सेवाग्राही सन्तुष्टि सर्वेक्षणसमेत गरिएको छ। प्राप्त निष्कर्षहरू सम्बन्धित कार्यालयका पदाधिकारी, कर्मचारी तथा सरोकारवालाहरूबीच तत्काल प्रस्तुत गरी सेवा प्रवाह र कार्यसम्पादनमा सुधारका लागि आवश्यक सुझाव प्रदान गरिएको छ। त्यस्तै सार्वजनिक संस्थाबाट प्रवाह हुने सेवा छिटो छरितो, पारदर्शी, जवाफदेही एंव जनमुखी बनाई सुशासन प्रवर्द्धन गर्ने वर्तमान सरकारको उद्देश्य अनुसार सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४, को दफा २२ बमोजिम र भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ३८ को उपदफा १ को खण्ड (क) (ख) (घ) (च) र (झ) मा उललेखित अधिकार प्रयोग गरी आफ्नो मन्त्रालय र मातहतका निकायमा भ्रष्टाचार एंव सुशासन प्रवर्द्धन सम्बन्धी कार्य सम्पादन गर्न अधिकार प्रत्यायोजन गरिएको छ।

सार्वजनिक संस्थाहरूमा सदाचार पद्धति कार्यान्वयनको अवस्थाको अनुगमन गर्न आवश्यक मापदण्ड, अवधारणापत्र तथा कार्यविधि तयार गर्ने कार्य प्रारम्भ गरिएको छ, जसबाट सार्वजनिक निकायहरूमा नैतिकता, पारदर्शिता र जवाफदेहिताको संस्थागत विकास हुने अपेक्षा गरिएको छ।

केन्द्रको आन्तरिक व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सामूहिक भावना (Team Spirit) लाई संस्थागत गर्दै उच्च व्यवस्थापन समूह बैठक, महाशाखास्तरीय बैठक, स्टाफ बैठक तथा उजुरी व्यवस्थापन समितिका बैठकहरू नियमित रूपमा सञ्चालन गरिएको छ। साथै उजुरी व्यवस्थापन लागि ड्यासबोर्ड र उजुरीको अवस्थाको रियल टाइम ट्रयाकिङ सहितको वेव वेस एप्लिकेशन तयार गरी सञ्चालनमा ल्याएको छ।

परिच्छेद - ४

# केन्द्रको अवसर, समस्या तथा चुनौती

विश्वव्यापी रूपमा भ्रष्टाचारलाई विकास, सुशासन तथा सार्वजनिक विश्वासको प्रमुख बाधकका रूपमा लिइएको छ। नेपालमा पनि भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन राष्ट्रिय प्राथमिकताको विषय बनेको सन्दर्भमा राष्ट्रिय सतर्कता केन्द्रको संस्थागत क्षमता, कानूनी आधार, कार्यसम्पादन अवस्था, उपलब्ध स्रोत–साधन तथा बाह्य वातावरणको विश्लेषणका आधारमा केन्द्रका सवल पक्ष तथा अवसर र कमजोरी तथा चुनौतीहरू देहायबमोजिम रहेका छन्।

## ४.१ अवसर

क) सम्माननीय प्रधानमन्त्रीज्यूको प्रत्यक्ष नियन्त्रण तथा रेखदेखमा केन्द्र सञ्चालन हुने भएकाले उच्चस्तरीय नीति समर्थन, समन्वय तथा निर्देशन प्राप्त हुनु।

ख) भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधनसहित) ले केन्द्रको काम, कर्तव्य तथा अधिकारलाई थप स्पष्ट, सुदृढ तथा प्रभावकारी हुनु।

ग) संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक संस्था, राष्ट्रसेवक कर्मचारी, निर्वाचित जनप्रतिनिधि तथा सरकारी कार्यमा संलग्न व्यक्तिहरू केन्द्रको कार्यक्षेत्रभित्र समेटिनु।

घ) प्राविधिक परीक्षणलाई कानूनी मान्यता प्राप्त भई विकास निर्माण, सार्वजनिक खरिद तथा पूर्वाधार आयोजनाको गुणस्तर अनुगमनका लागि सुदृढ कानूनी आधार तयार हुनु।

ङ) केन्द्रबाट माग भएमा विवरण तथा कागजात प्राप्त नभएमा सम्बन्धित निकायमार्फत कारबाही अघि बढाउन सक्ने कानूनी व्यवस्था हुनु।

च) भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहमा सुधारप्रति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बढ्दो चासो, प्रतिबद्धता तथा सहयोग प्राप्त हुनु।

छ) नेपाल सरकारका मुख्य सचिवज्यूको नियमित निर्देशन, मार्गदर्शन तथा सचिव बैठकमार्फत रणनीतिक छलफल हुने व्यवस्थाले केन्द्रको कार्यलाई उच्च प्राथमिकता प्राप्त हुनु।

**ज) सूचना प्रविधि, डिजिटल प्रणाली, कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence), डेटा विश्लेषण तथा एकीकृत सूचना प्रणालीको प्रयोगमार्फत सूक्ष्म निगरानी, उजुरी व्यवस्थापन तथा जोखिम विश्लेषणलाई थप प्रभावकारी बनाउने अवसर हुनु।**

झ) संयुक्त राष्ट्रसङ्घीय भ्रष्टाचारविरुद्धको महासन्धि (UNCAC) लगायत अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार अन्तर्राष्ट्रिय अनुभव, प्रविधि, क्षमता विकास तथा असल अभ्यास उपयोग गर्ने अवसर प्राप्त हुनु।

ञ) सार्वजनिक निकायहरूमा सुशासन, पारदर्शिता, सदाचार, उत्तरदायित्व तथा जवाफदेहिताप्रति बढ्दो संस्थागत प्रतिबद्धता देखिनु।

ट) सूक्ष्म निगरानी, प्राविधिक परीक्षण, छड्के जाँच, अनुगमन तथा सेवा प्रवाह सुधार सम्बन्धी केन्द्रका गतिविधिप्रति सरोकारवाला निकाय तथा नागरिकको विश्वास र सकारात्मक धारणा क्रमशः अभिवृद्धि हुनु।

ठ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँगको निकट समन्वयमार्फत सार्वजनिक प्रशासन सुधार तथा सुशासन प्रवर्द्धनका कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने अनुकूल वातावरण रहनु।

ड) डिजिटल नेपाल फ्रेमवर्क, ई–गभर्नेन्स तथा सार्वजनिक सेवाको डिजिटलीकरण विस्तार हुँदै गएकाले सूचना आदान–प्रदान, अनुगमन तथा विश्लेषणलाई प्रविधिमैत्री बनाउने अवसर उपलब्ध हुनु।

ढ) अन्तरसरकारी समन्वय, विकास साझेदार तथा प्राविधिक सहयोगमार्फत संस्थागत क्षमता विकास, जनशक्ति विकास तथा आधुनिक प्रविधिको उपयोग विस्तार गर्ने सम्भावना रहनु।

## ४.२ समस्या तथा चुनौती

राष्ट्रिय सतर्कता केन्द्रको कार्यसम्पादनलाई प्रभावकारी बनाउन निम्न समस्या तथा चुनौतीहरूको सामना गर्नु परेको छ।

क) भ्रष्टाचार नियन्त्रण, अनुचित कार्यको छानबिन तथा कारबाहीलाई थप प्रभावकारी बनाउन आवश्यक कानूनी व्यवस्था अझै पर्याप्त र स्पष्ट हुन नसक्नु।

ख) विस्तारित कार्यक्षेत्र, बढ्दो उजुरी तथा कार्यभारअनुसार संगठनात्मक संरचना, जनशक्ति तथा प्रदेशस्तरीय संरचनाको अभाव हुनु।

ग) भ्रष्टाचार नियन्त्रणमा संलग्न निकायहरूबीच प्रभावकारी समन्वय, सूचना आदान–प्रदान तथा संयुक्त कार्य प्रणालीको कमी रहनु।

घ) संयुक्त राष्ट्रसङ्घीय भ्रष्टाचारविरुद्धको महासन्धिअनुसार निजी क्षेत्रमा हुने भ्रष्टाचारजन्य गतिविधिलाई प्रभावकारी रूपमा कानूनी दायरामा ल्याउन नसक्नु।

ङ) समान प्रकृतिका छानबिन तथा अनुसन्धान कार्य विभिन्न निकायबाट सम्पादन हुँदा अधिकार क्षेत्रको दोहोरोपन तथा समन्वयमा कठिनाइ हुनु।

च) प्राविधिक परीक्षणबाट औँल्याइएका सुझावहरूको अनिवार्य कार्यान्वयन सुनिश्चित गर्ने गरी अनुगमन संयन्त्रको अभाव हुनु।

छ) इन्जिनियरिङ, सूचना प्रविधि, वित्तीय विश्लेषण, सार्वजनिक खरिद, स्वास्थ्य तथा फरेन्सिकलगायत विशिष्टीकृत क्षेत्रमा दक्ष जनशक्तिको कमी हुनु।

ज) सार्वजनिक खरिद सम्बन्धी कानून तथा कार्यान्वयन प्रक्रियामा रहेको अस्पष्टताका कारण छानबिन तथा कारबाहीमा जटिलता आउनु।

झ) विशिष्टकृत क्षेत्रका उजुरीहरूको छानबिन गर्न आवश्यक विशेषज्ञ जनशक्ति तथा प्रयोगशालाको लागि अन्य संस्थासंग भर पर्नु पर्ने अवस्था रहनु ।

ञ) राजस्व चुहावट तथा वित्तीय अनियमितता तथा सार्वजनिक सम्पत्ति दुरूपयोगको विश्लेषण गर्न आवश्यक सूचना प्रणाली तथा प्रविधिको अपर्याप्तता हुनु ।

ट) राष्ट्रसेवक कर्मचारीको आय तथा जीवनशैली अनुगमनका लागि स्पष्ट कानूनी व्यवस्था तथा प्रभावकारी प्रणालीको अभाव हुनु ।

ठ) आफ्नै कार्यालय भवन, आधुनिक प्रयोगशाला तथा भौतिक पूर्वाधारको अभाव हुनु ।

ड) दक्ष कर्मचारीलाई उत्प्रेरित गरी टिकाइराख्न तथा आकर्षित गर्न आवश्यक प्रोत्साहन प्रणालीको कमी हुनु ।

ढ) सूचना प्रविधि, साइबर अपराध, डिजिटल प्रमाण तथा कृत्रिम बुद्धिमतासँग सम्बन्धित विषयमा दक्ष जनशक्ति तथा प्रविधिको अभाव हुनु ।

ण) स्रोत, बजेट, आधुनिक उपकरण तथा सूचना प्रविधिको अपर्याप्तताले प्रभावकारी निगरानी तथा अनुगमनमा सीमितता आउनु ।

त) उजुरी व्यवस्थापन तथा प्रारम्भिक छानबिनको क्रममा सम्बन्धित सरोकारवाला संस्थाहरूबाट जवाफ, राय तथा प्रतिक्रिया समयमा प्राप्त नहुनाले छानबिन कार्यमा विलम्ब हुनु जसले गर्दा उजुरी छानबिन गरी फछ्यौट गर्न अत्याधिक समय लाग्ने गरेको ।

